जनसङ्गीत र जनकलाकार

• केदारनाथ गौतम

जनसङ्गीत र जनकलाकार

प्रगतिशील नेपाली गीतसङ्गीत : सिद्धान्त र सन्देश

केदारनाथ गौतम

प्रकाशक:

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठान

नक्साल, काठमाडौं, नेपाल

कृति	:	**जनसङ्गीत र जनकलाकार**
		प्रगतिशील नेपाली गीतसङ्गीत : सिद्धान्त र सन्देश
लेखक	:	**केदारनाथ गौतम**
		kedarnath.gautam30@gmail.com
आवरण कला	:	देवेन्द्र थुम्केली
		प्रकाश रायमाझी
प्रकाशक	:	**नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा–प्रतिष्ठान**
		काठमाडौं, नेपाल, फोन नं.: ४५२८४०४, ४५२८४०५
प्रकाशन मिति	:	असार, २०८२ (प्रथम संस्करण)
मुद्रक	:	प्रज्ञा आधुनिक छापाखाना
		कमलादी, काठमाडौं
मूल्य	:	**रू. ३००।-**

Janasangeet Ra Janakalakar

By Kedar Nath Gautam

शुभकामना

नेपाली समाजलाई विकास र सभ्यताको अग्रगमनमा लैजान यहाँको रैथाने, सनातन विचार-दर्शनदेखि विविधखाले विचारको प्रयोग हुँदै आएको छ । त्यस्ता विचारहरूमध्ये प्रगतिवादी विचारको छुट्टै प्रभाव र अभ्यास रहेको छ ।

राजनीति, समाज र सांस्कृतिक क्षेत्रमा समेत प्रगतिवादी विचारले गहिरो प्रभाव राख्दै हस्तक्षेपकारी स्थान बनाएकामा दुईमत छैन । कुनै पनि विचार र मतहरू मानवसमाजले थुप्रै सङ्घर्ष र अभ्यासमार्फत आर्जन गरेका सम्पदा हुन् । हाम्रो नेपाली समाजमा विद्यमान रूढीवादी, अन्धविश्वासी, अवैज्ञानिक र यथास्थितिवादी मूल्य-मान्यताविरूद्ध प्रगतिवादी विचारले तिरन्तर प्रतिरोध र हस्तक्षेप गर्दै वैज्ञानिक र सामाजिक न्यायमा आधारित समतामूलक संस्कृति निर्माणमा सक्रिय रहेको अवस्था छ । यस विचारका पछाडि थुप्रै संस्कृतिकर्मीहरू अभियानकारीका रूपमा लामबद्ध छन् । 'प्रगतिशील', 'जनसङ्गीत' आदिजस्ता पदावली र पहिचानका साथ अघि बढेको यस विचारधाराको छुट्टै लोकप्रियता र प्रभाव नेपाली समाजको भुईंतहसम्मै छ । यही विचार अङ्गीकार गरेर थुप्रैले

जीवनको आहुति समेत दिएका छन् भने थुप्रैले जीवन समर्पण गरेका छन् । जनजागरण, जनचेतना, व्यवस्था परिवर्तन र देशभक्तिपूर्ण आन्दोलनमा यस विचारका पक्षपातीहरूको अडान र सङ्घर्षको कथा लोभलाग्दो छ ।

यही परिप्रेक्ष्यलाई उजागर गर्दै दस्तावेजीकरण गर्ने उद्देश्यका साथ लेखक एवम् अनुसन्धाता केदारनाथ गौतमले **जनसङ्गीत र जनकलाकार** शीर्षकमा प्रगतिवादी संस्कृतिको क्षेत्रमा एउटा उल्लेखनीय पाण्डुलिपि तयार पार्नुभएको छ । निकै गहन खोज-अनुसन्धानसहित लेखक गौतमद्वारा तयार पारिएको यस पाण्डुलिपिलाई पुस्तकाकार रूपमा प्रकाशन गर्न यस प्रज्ञा-प्रतिष्ठानले सहर्ष निर्णय गरेकाले लेखकलाई हार्दिक शुभकामना व्यक्त गर्दछु ।

आइतबार, २९ असार, २०८२

निशा शर्मा पोखरेल

कुलपति

शुभकामना

बहुभाषिक, बहुजातीय, बहुधार्मिक र बहुसांस्कृतिक मुलुक नेपालको विविधतालाई राष्ट्रिय एकतामा परिणत गरेर मात्र हामी सबै कोणबाट समृद्ध नेपाल निर्माण गर्न सक्दछौं । यो राष्ट्रिय अभिभारा पूरा गर्न नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठान कति पनि विचलित नभई क्रियाशील रहेको सबैमा अवगत नै छ । बहुरङ्गी इन्द्रेणी झैं सुन्दर हाम्रो मुलुकमा वैचारिक विविधाताबीच सुन्दर एकता कायम रहँदै आएको छ । विचारहरूबीच संवाद, वादविवाद र नयाँ आधारमा राष्ट्रिय एकता कायम गर्दै मुलुकको सार्वभौमिकता र भौगोलिक अखण्डतालाई अक्षुण्ण राख्न नेपाली जनता सदैव एकताबद्ध रहिआएका छन् ।

हाम्रा पूर्खाको पौरख, वीरता र सहिदको वलिदानले आज हामी सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था उपभोग गरिरहेका छौं । यही व्यवस्था नै नेपाली जनताका लागि अहिलेसम्मको उन्नत, समावेशी र लोकतान्त्रिक व्यवस्था हो । यो व्यवस्था प्राप्तिका लागि थुप्रैखाले सङ्घर्ष र विचारको योगदान रहेको तथ्य पानीजत्तिकै सङ्लो विषय हो । त्यसमा पनि लोकतन्त्रवादी र प्रगतिवादी दुई विचारका बीचको सहकार्य र सङ्घर्षको प्रमुख भूमिका रहेको कुरा पनि सर्वस्वीकार्य नै छ ।

म आफैं पनि प्रगतिवादी विचारको अभियानमा गीतसङ्गीतको माध्यमले सहभागी एक स्रष्टा हुँ । प्रगतिवादी गीतसङ्गीतले जहिले पनि उत्पीडित,

शोषित र निम्न वर्गका जनताको मुक्तिको सपनालाई केन्द्रमा राख्दछ । यस अभियानमा समाहित स्रष्टाले व्यक्तिगत लोकप्रियता, स्वार्थ र आर्थिक लाभलाई नभएर सामूहिक स्वार्थ र जनताको जीवनस्तरको उकास अनि राष्ट्रिय राजनीतिक समस्याको निकासलाई प्राथमिकतामा राख्दछ । त्यसैले उनीहरू भोकै-तिर्खै मुलुकका कुना-कुनासम्म जनचेतना विस्तारका लागि गाइरहेका/नाचिरहेका हुन्छन् । मलाई लाग्छ, जनकलाकारहरू वास्तविक सङ्गीतकर्मी हुन् । उनीहरू जनताका दैनन्दिन समस्यासँग परिचित हुन्छन् र तिनै समस्या समाधानको बाटो गीतसङ्गीतमार्फत बताउँछन्; तब जनतालाई महान् राजनीतिक महाअभियानमा लामबद्ध गराउन 'क्याटलिस्ट' को भूमिका पूरा गरिरहेका हुन्छन् । यसबाट स्पष्ट हुन्छ कि समाज परिवर्तनमा जनसङ्गीतकर्मीको कति ठूलो योगदान रहेको हुन्छ ।

यही परिप्रेक्ष्यमा अनुसन्धानकर्मी केदारनाथ गौतमले जनसाङ्गीतिक क्षेत्रमा गहन अनुसन्धान गर्दै **प्रगतिशील नेपाली गीतसङ्गीत : सिद्धान्त र सन्देश** शीर्षकको अनुसन्धानपत्र तयार पार्नुभयो । सोही अनुसन्धानलाई थप विस्तार, परिमार्जन र पुनर्लेखन गरेर उहाँले **जनसङ्गीत र जनकलाकार** शीर्षकको पुस्तक समेत तयार पार्नुभयो । यो पुस्तक यस प्रज्ञा-प्रतिष्ठानद्वारा यसै आर्थिक वर्षमा प्रकाशन गर्ने अवसर जुट्नु ज्यादै खुसी र गौरवको कुरा हो । यस सत्कर्मलाई मैले जनसङ्गीतको क्षेत्रमा लागेर सांस्कृतिक रूपान्तरणको महान् बाटोमा क्रियाशील स्रष्टा र सहिदका योगदानको उच्च मूल्याङ्कन एवम् सही सम्मानका रूपमा बुझेको छु । अतः पुस्तकका लेखक एवम् अनुसन्धाता केदारनाथ गौतमप्रति हार्दिक धन्यवाद प्रकट गर्दै शुभकामना व्यक्त गर्दछु ।

२९ असार, २०८२

शम्भु राई
उपकुलपति

प्रकाशकीय

नेपालको सङ्गीत तथा नाट्य विधाको संरक्षण, सम्बर्द्धन, प्रबर्द्धन एवम् सर्वाङ्गीण विकास गर्न नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा–प्रतिष्ठान स्थापना भएको हो । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा–प्रतिष्ठान ऐन, २०६४ बमोजिम १० वैशाख, २०६७ मा गठन भएको यस प्रज्ञा–प्रतिष्ठानले सङ्गीत, नाट्य र नृत्य क्षेत्रमा विविध कार्यहरु गर्दै आएको छ ।

यस प्रज्ञा–प्रतिष्ठानले सङ्गीत तथा नाट्य विधाका पुस्तकालय, सङ्ग्रहालय, रङ्गमञ्च, नाट्यशाला आदि स्थापना गरी गतिविधि सञ्चालन तथा राष्ट्रिय–अन्तर्राष्ट्रियस्तरका गोष्ठी, कार्यशाला, सम्मेलन, महोत्सव, प्रतियोगिता, प्रशिक्षणको आयोजनाजस्ता प्रदर्शनकारी कार्यहरु गर्दै आएको छ । यसैगरी, नेपालका विभिन्न जातजाति तथा समुदायका मौलिक लोकगीत, लोकनृत्य, लोकबाजा, लोकधुन तथा लोकसङ्गीतको अध्ययन–अनुसन्धान, सम्बर्द्धन र संरक्षण गर्ने कार्यलाई प्राथमिकता दिंदै आएको छ । यस प्रतिष्ठानले नीतिगत रुपमा कलाकार परिचयपत्र वितरण तथा कलाकार रोयल्टी सङ्कलनलाई व्यवस्थित गर्ने एवम् सङ्गीत र नाट्य विधासम्बन्धी पाठ्यक्रम निर्माण गरी सम्बन्धन प्राप्त प्रमाणपत्र वितरण गर्ने कार्यका लागि समेत आवश्यक अग्रसरता लिइरहेको छ । अर्कातिर, नेपाली सङ्गीत र नृत्यमा लामो समयसम्म साधना गरेका

वरिष्ठ कलाकार, प्रतिभा, सर्जक र स्रष्टाहरूलाई सम्मान गर्ने र नयाँ प्रतिभाको पहिचान गरी प्रोत्साहन तथा पुरस्कार प्रदान गर्ने अनि सङ्गीत तथा नाट्य विधाको अध्ययन–अनुसन्धानका आधारमा पुस्तक प्रकाशन तथा बिक्रीवितरण गर्ने कार्यलाई पनि यस प्रज्ञा–प्रतिष्ठानले आफ्नो वार्षिक कार्यनीतिमा समावेश गर्दै आएको छ ।

यसै क्रममा नेपालको प्रगतिवादी संस्कृतिको क्षेत्रलाई आफ्नो अध्ययन–अनुसन्धानको क्षेत्र बनाई श्री केदारनाथ गौतमले तयार पार्नुभएको अनुसन्धानपत्रमा आधारित पुस्तक **जनसङ्गीत र जनकलाकार**लाई प्रतिष्ठानले आर्थिक वर्ष २०८१/८२ को स्वीकृत कार्यक्रमअन्तर्गत प्रकाशन गर्न लागेको हो । सर्वविदितै तथ्य हो कि नेपालको राजनीतिक र सामाजिक परिवर्तनमा जनसङ्गीत र जनकलाकारको ठूलो योगदान रहेको छ । राज्यले तिनका योगदानको उच्च सम्मान गर्नुपर्छ र वलिदानीपूर्ण सङ्घर्षको इतिहासलाई दस्तावेजीकरण गरेर वर्तमान एवम् भावी पुस्तालाई इतिहासबोध गराउने कर्तव्यलाई नजरअन्दाज गर्नु हुँदैन भन्ने मनसायका साथ प्रज्ञा–प्रतिष्ठानले यो पुस्तक प्रकाशन गरेको हो ।

लेखक एवम् अनुसन्धाता गौतमले अत्यन्त मेहनत गरेर तयार पार्नुभएको यस पुस्तकले पाठकवर्गलाई नेपाली प्रगतिवादी विचारधाराका गीतसङ्गीत र यसको इतिहासबारे धेरै तथ्यहरूको जानकारी गराउने तथा विचारमन्थनमा महत्त्वपूर्ण सघाउ पुऱ्याउने विश्वास लिएका छौं ।

२९ असार, २०८१

कुश्मा महरा 'प्रगति'
सदस्य सचिव

लेखकीय

पूर्वपाठ्य ध्यानाकर्षण

निकै लामो एवम् समृद्ध ऐतिहासिक पृष्ठभूमियुक्त नेपाली प्रगतिशील गीतसङ्गीतको क्षेत्रमा थुप्रै स्रष्टा, समीक्षक र अग्रजहरूले खोज-अनुसन्धान, विश्लेषण-विवेचना गर्दै कलम चलाएका छन् र केही उल्लेख्य, ऐतिहासिक र गहन कृतिहरु समेत प्रकाशित भएका छन् । यद्यपि नेपाली प्रगतिशील गीतसङ्गीतले जुन उचाइ चुमिसकेको छ, जे-जस्तो आयाम ग्रहण गरिसकेको छ र जे-जति गर्न बाँकी छ; त्यसलाई स्थापित एवम् संस्थागत गर्ने दृष्टिकोणबाट हेर्दा यस क्षेत्रमा अझै पनि पर्याप्त अध्ययन, अनुसन्धान, विमर्श र कृतिलेखनका प्रयासको जरूरत अनुभूत हुने गरेको छ । बेलाबखत विभिन्न कोण र आयामबाट विमर्श, परिचर्चा र अध्ययन-विश्लेषण हुँदै आए तापनि यसको वैचारिक-सैद्धान्तिक पक्ष र यसबाट प्रवाहित सन्देशको समष्टिगत अध्ययन-अनुसन्धानका क्षेत्रमा अझै पनि धेरै काम गर्न बाँकी छ । यसै अनुभूतिलाई मध्यनजर गरी प्रगतिशील नेपाली गीतसङ्गीतलाई केन्द्रीय तत्त्व बनाएर सङ्क्षिप्त अध्ययन-अनुसन्धानका साथ यो कृति तयार पारिएको हो ।

प्रगतिशील गीतसङ्गीत के हो ? यसले अँगालेको दर्शन, विचार र सिद्धान्त के-कस्तो हो ? नेपाली समाजमा यसले निरन्तर प्रवाहित गर्दै आएको सन्देश, संस्कार र सभ्यताको मार्गदर्शन के हो ? यस आन्दोलन र अभियानका उल्लेख्य संस्था र पात्रहरु को-को, कुन-कुन हुन् ? क-कसको, के-कस्तो भूमिका र योगदान रहँदै आयो ? इत्यादि विषयको खोज एवम् अभिलेखन गर्न सङ्क्षिप्त रूपमा नै भए पनि यस कृतिमार्फत प्रयास गरिएको छ । प्रगतिशील नेपाली गीतसङ्गीतका आधारभूत पक्षहरूमा केन्द्रित रहेर यस कृतिमार्फत मूलतः निम्न प्रश्नहरूको जवाफ खोज्ने प्रयास गरिएको छः

क) नेपाली राजनीतिक इतिहासको विकासक्रमसँगसँगै प्रगतिशील नेपाली गीतसङ्गीत क्षेत्र के–कसरी अन्तर्सम्बन्धित, अन्योन्याश्रित र परिपूरक विषय–क्षेत्रका रूपमा क्रियाशील रहँदै र विकसित हुँदै आयो ?

ख) प्रगतिशील राजनीतिक सिद्धान्त र विचारधारा तथा यसका सांस्कृतिक मान्यताहरूलाई समाजमा प्रचार गर्न तथा नेपाली जनजीवनमा स्थापित, संस्थागत र विकसित गर्न प्रगतिशील नेपाली गीतसङ्गीतले के–कसरी भूमिका निर्वाह गर्‍यो ?

ग) इतिहासदेखि वर्तमानसम्ममा नेपाली प्रगतिशील गीतसङ्गीतको क्षेत्रका प्रतिनिधिमूलक संस्था कुन–कुन हुन् र अविष्मरणीय व्यक्तित्वहरू को–को हुन् ?

घ) प्रगतिशील गीतसङ्गीतको क्षेत्रमा महत्त्वपूर्ण योगदान दिने पात्र को–को हुन् र तिनका साङ्गीतिक–साहित्यिक प्रवृत्तिहरू के–कस्ता छन् ?

ङ) नेपाली जनसांस्कृतिक आन्दोलनअन्तर्गत विशेषतः गीतसङ्गीतको क्षेत्रबाट वलिदान, त्याग र उत्सर्ग गर्ने सहिदहरू को–को हुन् ?

नेपाली प्रगतिशील गीतसङ्गीतको इतिहास र योगदान, यसका प्रवृत्ति र विशेषता, यससँग सम्बन्धित संस्थाहरू र व्यक्तित्व तथा यसका वैचारिक–सैद्धान्तिक पक्षहरूबारे सङ्क्षिप्तमा तर विधिसम्मत र विहङ्गम दृष्टिकोणका साथ खोज गरेर प्राप्त यथार्थहरूलाई चित्रित एवम् प्रस्तुत गर्ने सिलसिलामा यो पुस्तक तयार भएको छ । मूलतः निम्न उद्देश्यहरूलाई केन्द्रमा राखेर यो पुस्तक तयार पारिएको छः

क) नेपाली राजनीतिक विकासक्रमसँगसँगै प्रगतिशील नेपाली गीतसङ्गीतको अन्तर्सम्बद्धता, अन्योन्याश्रितता र परिपूरकताबारे तथ्यहरूको खोजी गर्दै यथार्थताको प्रस्तुतीकरण गर्नु ।

ख) प्रगतिशील राजनीतिक सिद्धान्त र विचारधारा तथा यसका सांस्कृतिक मान्यताहरूलाई समाजमा प्रचार गर्न, सन्देश प्रवाह गर्न तथा तिनलाई नेपाली समाज र जनजीवनमा स्थापित, संस्थागत एवम् विकसित तुल्याउन प्रगतिशील नेपाली गीतसङ्गीतले निर्वाह गरेको भूमिसम्बन्धी यथार्थताको खोजी गर्दै तिनको चित्रण एवम् प्रस्तुतीकरण गर्नु ।

ग) इतिहासदेखि वर्तमानसम्ममा नेपाली प्रगतिशील गीतसङ्गीतको क्षेत्रमा भूमिका निर्वाह गरेका र योगदान पुर्‍याएका प्रतिनिधिमूलक संस्था र यस क्षेत्रका अविष्मरणीय व्यक्तित्वहरूबारे तथ्यहरूको खोजी, चित्रण र प्रस्तुतीकरण गर्नु ।

घ) प्रगतिशील गीतसङ्गीतको क्षेत्रमा महत्त्वपूर्ण योगदान दिने पात्र र तिनका प्रवृत्तिहरूको विश्लेषण, व्याख्या र स्थापना गर्नु ।

ङ) नेपाली जनसांस्कृतिक आन्दोलनअन्तर्गत विशेषतः गीतसङ्गीतको क्षेत्रबाट त्याग, वलिदान, वीरता र साहसका साथ जनमुक्ति–वर्गीय मुक्तिका लागि जीवनोत्सर्ग गर्ने सांस्कृतिक सहिदहरूका योगदानको संरक्षण गर्दै तिनका वलिदानको मूल्य स्थापित गर्न योगदान गर्नु ।

प्रगतिशील एवम् क्रान्तिकारी गीतसङ्गीतबारे इतिहासदेखि वर्तमानसम्मको सङ्क्षिप्त एवम् प्रतिनिधिमूलक सिंहावलोकन नै यस पुस्तकको आधारभूत विषयवस्तु हो । प्रगतिशील तथा जनवादी संस्कृतिकर्मीहरूका त्याग र वलिदानको मूल्य

प्रस्तुत एवम् स्थापित गर्न सांस्कृतिक सहिदहरू र जनयोद्धाहरूबारे खोज–अनुसन्धान गरेर यो कृति तयार पारिएको छ । सवैखाले आग्रह-पूर्वाग्रहबाट मुक्त रहँदै जुनसुकै राजनीतिक घटकसँग सम्बद्ध संस्था/व्यक्तित्व भए तापनि गीतसङ्गीतको क्षेत्रबाट समाजमा तिनले पुऱ्याएको योगदानका आधारमा वस्तुनिष्ठ खोज, विश्लेषण, प्रस्तुतीकरण र अभिलेखीकरणमा योगदान गर्नुलाई नै यस कृतिको मुख्य विषयवस्तु बनाइएको छ । यो पुस्तक तयार पार्ने सिलसिलामा निर्धारित योजना, सोच, समयावधि र प्रयोजनका आधारमा यसको दायरा केही सीमित नै छ । अतः अध्ययन र लेखन एवम् प्रस्तुति सोही अनुरूप सीमाबद्ध गरिएको छ । यो कृति मूलतः निम्न आधारहरूभित्र सीमाबद्ध छः

क) प्रगतिशील नेपाली गीतसङ्गीतको इतिहास र परम्परा निकै लामो भए तापनि राल्फाकालदेखि हालसम्मका जनसांस्कृतिक गतिविधिमा सीमित रहेर यो पुस्तक तयार पारिएको छ । ऐतिहासिक विकासक्रमको चर्चा र विश्लेषणका सन्दर्भमा भने त्यसअघिका घटना, पात्र, कर्म र सन्दर्भबारे समेत चर्चा गरिएको छ ।

ख) अध्ययनको सिलसिलामा प्रगतिशील नेपाली गीतसङ्गीतको रचना, सङ्गीतसंयोजन, गायन र प्रस्तुतिमा भूमिका निर्वाह तथा योगदान गरेका सांस्कृतिक/साङ्गीतिक संस्था/सङ्गठनहरूबारे र यस क्षेत्रमा उल्लेख्य योगदान पुऱ्याएका केही प्रतिनिधिमूलक दिवङ्गत पात्रहरूबारे खोज गरी सामग्री प्रस्तुत गरिएको छ । साथै, प्रगतिशील गीतसङ्गीत क्षेत्रमा काम गर्दागर्दै सहादत प्राप्त योद्धाहरूको सङ्क्षिप्त विवरण सङ्कलन र प्रस्तुति तथा केही प्रतिनिधिमूलक जीवित स्रष्टाहरूको परिचय झल्कने सामग्री समेत यसमा समावेश गरिएको छ । यस क्षेत्रसँग सम्बन्धित दस्तावेज, सैद्धान्तिक र अवधारणागत विषय उठान भएका अग्रजहरूका लेखन र प्रगतिशील गीतसङ्गीतको सिद्धान्त र सन्देशमाथि प्रकाश पार्ने सामग्रीहरूको उद्धरण र टिप्पणी समावेश गरी तिनको विश्लेषण गरिएको छ ।

ग) व्यक्ति, सङ्गठन, कृति र घटनाविशेषमा भन्दा वैचारिक प्रवृत्ति र सैद्धान्तिक योगदानको आयामलाई केन्द्रमा राखेर यो पुस्तक तयार पारिएको छ । यस क्रममा दिवङ्गत, प्रौढ, बयष्क र युवा गरी सवै पुस्ताको प्रतिनिधिमूलक प्रतिनिधित्व गराउन प्रयास गरिएको छ । प्रतिनिधिमूलक गीति समीक्षाका क्रममा गीतिशब्दले बोकेको भावार्थ र सन्देशलाई प्राथमिकता दिइँदा प्रायः रचनाकारहरूबारे मात्रै चर्चा भई सम्बन्धित गीतका सङ्गीतकार, गायक र अभिनयलगायतका भूमिकाका कलाकारहरू ओझेलमा परेजस्तो हुन गएको छ ।

घ) विभिन्न राजनीतिक घटक वा दलविशेषमा विभाजित प्रगतिशील गीतसङ्गीतसम्बद्ध सवै संस्था, पात्र र कर्मको यथासम्भव प्रतिनिधित्व हुने गरी यथासम्भव सवैलाई समेट्न प्रयास गरिएको छ । यसो गर्दा निकै सिर्जना र कर्म तथा योगदान भएका थुप्रै पात्रहरूबारे चर्चा नहुने तर कम मात्रै सिर्जना, कर्म र योगदान भएका पात्रहरूबारे चाहिँ चर्चा हुने अवस्था समेत यदाकदा सिर्जना भएको छ ।

ङ) न्यूनतम रूपले स्थलगत र अधिकतम रूपले टेबल कार्य (कृति समीक्षा, सिर्जना समीक्षा, फोनवार्ता, भर्चुअल सम्पर्क र सूचना सङ्कलन इत्यादि) का आधारमा तथ्य-जानकारी सङ्कलन गरी यो पुस्तक तयार पारिएकाले यस कृतिमा सोही प्रवृत्तिका सीमा विद्यमान छन् ।

प्राज्ञिक अध्ययनका प्रमुख दुई शैली- मात्रात्मक (क्वान्टिटेटिभ) र गुणात्मक (क्वालिटेटिभ) मध्ये गुणात्मक शैलीलाई प्राथमिकता दिइए तापनि यो पुस्तक तयार गर्ने सिलसिलामा दुवै विधिको यथोचित संयोजन हुन पुगेको छ । यसअन्तर्गत निम्न विधि र माध्यमहरूको उपयोग गरिएको छः

क) दस्तावेज, कृति र पूर्वकार्यहरूको समीक्षा

ख) प्रगतिशील गीतसङ्गीत र सम्बद्ध लेखनहरूको अन्तर्वस्तु विश्लेषण

ग) सङ्क्षिप्त अन्तर्वार्ता/सूचक-वार्ता

घ) अभिमत सङ्कलन ।

प्रस्तुत कृति लेखनको सिलसिलामा महत्त्वपूर्ण दस्तावेजहरू, पुस्तक-पत्रिकाहरू, सूचना-जानकारीहरू उपलब्ध गराएर तथा अटुट मार्गदर्शन, सल्लाह-सुझाव एवम् उत्प्रेरणा प्रदान गरेर अमूल्य सहयोग पुऱ्याउनुहुने मणि थापा, निनु चापागाईं, माधव प्रधान, उदय श्रेष्ठ, डा. ऋषिराज बराल, डा. गोपाल ठाकुर, मातृका पोखरेल, प्रा.डा. जगदीशचन्द्र भण्डारी, ईश्वरचन्द्र ज्ञवाली, माइला लामा, पूर्ण घर्ती, खेम थपलिया, हिरामणि दुःखी, चिरन पुन, वीरप्रसाद भन्सारीलगायतप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । त्यसैगरी दिनानाथ गौतम 'प्रयास', कृष्णप्रसाद सापकोटा 'देशबन्धु', महेश्वर दाहाल, युवराज चौलागाईं, बलराम थापा, ईन्द्र राउत, नहेन्द्र खड्का, डीपी ढकाल, शिवराम यादव, एनके दाहाल, सङ्गीता खड्का, आस्था केसी, रेणुका चौलागाईं 'एन्जिला', तेजविलाश अधिकारी, लक्ष्मी गुरूङ 'नीर पवन', मोहित श्रेष्ठ, सुशीलसिंह ठकुरी, सुबोध गौतम, केशर कालीकोटे, रूबी श्रेष्ठ, कुशल बोगटी, कुस्मिता दर्लामी, प्रेमसागर लामा, विदुरप्रसाद ढुङ्गेल, अम्बिकाप्रसाद गजुरेल 'अनुप', पेशल दाहाल, बोधबहादुर चौलागाईं, आलोक भावुक, सानु राय (गौतम), कान्छी रायलगायतप्रति हार्दिक आभार प्रकट गर्दछु ।

अध्ययन, लेखन, सम्पादन र प्रकाशनको वातावरण सिर्जना गर्नुका साथै प्रस्तुत पुस्तक र यसमा समाविष्ट सामग्रीहरूलाई संस्थागत आधिकारिकता प्रदान गर्ने नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानप्रति कृतज्ञ छु । प्रतिष्ठानका कुलपति निशा शर्मा पोखरेल, उपकुलपति शम्भु राई, सदस्य सचिव कुश्मा महरा 'प्रगति' एवम् प्रज्ञा परिषद सदस्यहरू कर्णबहादुर गौतम 'विद्रोही', बखतबहादुर हमाल, हिसन समाल, डक्टर किरात, टीका पुन, चेतन सापकोटासहित प्रशासकीय अधिकृत प्रदीपकुमार गुरागाईं र कर्मचारी सनमान चेम्जोङलगायतका व्यक्तित्वहरूप्रति आभारी छु ।

३० असार, २०८२

केदारनाथ गौतम

सुनापति- १, गुन्सीभदौरे, रामेछाप

हाल, काठमाडौं

विषयसूची

अध्याय- १

प्रगतिशील गीतसङ्गीत : सङ्क्षिप्त सिंहावलोकन १

विषयोठान १

विधागत अर्थापन ३

प्रवृत्तिगत सिंहावलोकन ५

उपलब्धिगत सिंहावलोकन ८

विचार र वर्गीयता ११

रूप र सारको द्वन्द्वात्मकता १३

समाज, राजनीति र गीतसङ्गीत १५

अध्याय- २

जनसांस्कृतिक परिवार र जनकलाकारहरू १७

राल्फा अभियान १८

वैचारिक-साङ्गठनिक पहल २१

रक्तिम सांस्कृतिक अभियान २२

राष्ट्रिय जनसांस्कृतिक महासङ्घ २५

इन्द्रेणी सांस्कृतिक समाज २७

सामना परिवार ३०

सामनाको विकेन्द्रीकरण र केन्द्रीकरण ३२

माओवादीअघि नै विभाजित सामना ३४

जनसङ्गीत मञ्च (एस) ३५

समाजवादी सांस्कृतिक महासङ्घ ३६

क्षेत्रीय र स्थानीय सांस्कृतिक परिवारहरू ३७

उपत्यका सामना ३८

सांस्कृतिक क्लब, प्रतिभा र जनचेतना ३८

प्रतिरोध परिवार ३९

सेन-च्याङ परिवार ४०

चुनु-शिल्पा परिवार ४१

क्षितिज परिवार ४१

सुखानी-चोमोलुङ्मा ४१

सांस्कृतिक सङ्गम र इच्छुक परिवार ४२
ताम्सालिङ परिवार ४३
कञ्चनजङ्घा परिवार ४३
विसु परिवार ४३
शैलुङ परिवार ४४
रामेछापका क्षितिज, इन्द्रेणी र योद्धा ४५
सिन्धुलीको ज्वालामुखी ४६
भक्तपुरमा पुष्पजनजागरण ४६
जनयुद्ध र जनसङ्गीत : संश्लिष्ट अवलोकन ४७

अध्याय– ३

जसको योगदान छ, ती अब छैनन्... ५२
हरिहर यादव ५२
गोकुल जोशी ५५
केवलपुरे किसान ५७
जेबी टुहुरे ६०
खुसीराम पाख्रिन ६३
प्रमोद हमाल ६७
लक्ष्मी गुरूङ ७१

अध्याय– ४

साङ्गीतिककर्मसँगै वीरतापूर्ण सहादत ७३
नेतृत्वसहितका साङ्गीतिक व्यक्तित्व ७३
भावाङ हत्याकाण्ड : एकैसाथ गुमे एघार जनकलाकार ७६
अनेकोट हत्याकाण्ड : एकैसाथ गुमे सात जनकलाकार ७७
दर्जनौं हत्याकाण्ड : सयौं साङ्गीतिक सहिदहरू ७९

अध्याय– ५

प्रतिनिधिमूलक जनगीत र गीतकारहरू ९६
मातृभाषा–राष्ट्रभाषामा जनवादी गीतसङ्गीत ९६
केही प्रतिनिधिमूलक जनगीत र गीतकारहरू ९७
आशा नेपालीको 'काँडाहरूको बीचमा' ९८
उदय श्रेष्ठको 'के ढल्छ र ऊ गोलीले' ९८

कर्ण विद्रोहीको 'टुटफुट खण्डित कुरा नगर' ९९
कर्णबहादुर पुन 'पुनित' को 'मान्छे-मान्छे एउटै हो' १००
कुलानन्द गिरीको 'आँखाबाट आँसु झरे' १००
कृष्ण सेन 'इच्छुक' को 'प्रतिबन्ध' १०१
केशर कालीकोटेको 'बन्दुकको कलम' १०१
खुसीराम पाखिनको 'रक्तक्रान्तिको बेला' १०२
गोपाल ठाकुरको 'कसइन उँचा बा' १०३
चन्द्र भण्डारीको 'यो माटोभरि हाम्रै रगत-पसिना' १०४
चन्द्रप्रकाश खनाल 'बलदेव' को 'यो शरीर ढल्यो साथी हो' १०४
चिरन पुनको 'चमचम गर्ने खुकुरी' १०५
चुनु गुरूङको 'तिम्रै निम्ति बरू यो ज्यान' १०६
चेतनारायण राईको 'वैशाखी मुना' १०६
छविलाल कोपिलाको 'विद्रोहके जोंजा बोक्के उठेर परल' १०७
जीवन शर्माको 'सिमली छायाँ' १०८
जेबी टुहुरेको 'बसाइँ हिंड्नेको ताँतीले' १०९
झन्कार बुढा मगरको 'कहिले हामी पूर्व' १०९
नेत्रविक्रम चन्द 'विप्लव' को 'कदममा कदम' ११०
पवित्रा घर्ती मगरको 'उत्तरमा हिमाल-पहाड' १११
पूर्ण घर्तीको 'यात्रा हाम्रो लामो छ' १११
प्रज्वल खड्काको 'सिस्नेको चुचुरोमा रातो झन्डा' ११२
बलराम तिमल्सिनाको 'झुपडीकी नारी भन्छे' ११२
भीम कुमाखीको 'मैले लडेर हो' ११३
भूमिका सुब्बाको 'देश जल्दा' ११४
मञ्जु बमको 'बिर्स्यौ कि त' ११४
मञ्जुलको 'कार्यशील जिन्दगी' ११५
मणि थापाको 'आऊ है साथी' ११५
मणिकुमार साम्पाङ 'विजय' को 'जितेर संसार' ११६
मधु गुरूङको 'यो आकास, यो धर्ती' ११७
महेश नेपाली 'आरोह' को 'ए साथीहरू हो' ११८
माइला लामाको 'आँधीको बेगसरि' ११८
माधव प्रधानको 'हामी कलाकार' ११९
मानबहादुर दोङको 'चरी मैना' १२०

मोदनाथ प्रश्रितको 'सुन कामी साइँला दाइ' १२१
मोहलाल चन्द 'आधार' को 'हिमालपारि क्षितिज' १२२
मोहित श्रेष्ठको 'तिम्रो एउटा औंला उठे' १२२
राजन राईको 'शिरैमा मेरो' १२३
राजेन्द्र थापाको 'युद्धसङ्ग्राम चर्काउँदै' १२३
रामकृष्ण दुवालको 'सिर्साया हेकु' १२४
रामेश श्रेष्ठको 'गाई त बाँध्यो ढुङ्ग्रोमा मोही छैन' १२५
रायन श्रेष्ठको 'निलाकासमा कावा खाँदै' १२६
रोशन जनकपुरीको 'जीतब त हम दुनियाँ साथी' १२७
रोहित कोइरालाको 'हजार माइलको लामो बाटो' १२८
लेकाली खड्काको 'बहादुरहरूका निम्ति जेल' १२९
विक्रम सुब्बाको 'धेरै नै टाढा छ' १२९
विजय सुब्बाको 'मेरै त हो महाकाली' १३०
श्याम तमोटको 'गाउँगाउँबाट उठ' १३१
सत्या पहाडीको 'भेरी नदी सुसाउँदा' १३२
सिन्धु जलेसाको 'जनतामा अदम्य' १३२
सीता आचार्यको 'कहिले हिउँचुलीको हिउँसँग' १३३
सुशीलसिंह ठकुरीको 'पिएर गोली सहिद हुने वीर' १३४
हितमान शाक्यको 'उर्लियो गाउँगाउँमा' १३५
हिमशिखरको 'रगतका मसीहरू' १३५
हिसन समालको 'जब यो धर्ती' १३६
हेमराज आश्रमको 'हामी एक बनौं' १३७

अध्याय– ६

समावलोकन र संश्लेषण १३८
समावलोकन १३८
असङ्गति, अपर्याप्तता र सीमा १३९
अब अघि यसरी बढौं १४१
समष्टिगत संश्लेषण १४३

सन्दर्भ सामग्री सूची १४६
सूचक-वार्ता विवरण १४९

जनसाङ्गीतिक सहिद सूची

नेतृत्वसहितका साङ्गीतिक व्यक्तित्व

ऋषिराज देवकोटा 'आजाद' ७३
कृष्ण सेन 'इच्छुक' ७३
चुनु गुरूङ ७४
भीमदत्त पन्त ७४
यानप्रसाद गौतम 'आलोक' ७५
रामवृक्ष यादव 'मास्टर साहेब' ७५
सुरेश वाग्ले 'बासु' ७५

भावाङ हत्याकाण्ड : एकैसाथ गुमे एघार जनकलाकार

कुमारी घर्ती मगर ७६
गोविन्द घर्ती 'विशाल' ७६
दिपेन्द्र घर्ती मगर 'सुजन' ७६
दिलकुमार बुढा मगर 'माइन्ड' ७६
दुर्गाबहादुर घर्ती मगर 'विकास' ७६
दुर्गी बाँठा 'धनु' ७६
देउमती विश्वकर्मा ७६
मङ्गल बुढा 'झारण' ७७
लालबहादुर सार्की 'बलदेव' ७७
सुकबहादुर घर्ती मगर 'झन्कार' ७७
सुन्दर घर्ती 'कपिल' ७७

अनेकोट हत्याकाण्ड : एकैसाथ गुमे सात जनकलाकार

गुम्बासिंह तामाङ ७८
चिनीमाया लामा ७८
च्याङ्बा लामा 'पर्वत' ७८
डम्बर श्रेष्ठ ७८
निर्मला देवकोटा 'प्रतिभा' ७९
मञ्जु कुँवर 'समीक्षा' ७९
सुभद्रा सापकोटा ७९

दर्जनौं हत्याकाण्ड : सयौं साङ्गीतिक सहिदहरू

अन्जान विरही ७९
अमर पाखिन 'दोर्जे' ८०
अम्मलाल पाण्डे 'विवेक' ८०
ईन्द्रकला राई 'उषा' ८०
उतिचन राय यादव ८०
एकबहादुर सुनार ८०
कञ्चन प्रियदर्शी ८०
कमल पुन 'पवन' ८०
कमल भुजेल ८१
कमलप्रसाद देवकोटा 'पीके शर्मा' ८१
कर्णबहादुर पुन 'पुनित' ८१
कल्पना बन्जारा 'अपेक्षा' ८१
कविता शाही 'अञ्जु' ८१
कृष्णप्रसाद पौडेल ८२
कोपिला कुमाल 'दीपा' ८२
कोपिला कुमाल 'सरला' ८२
कौशिला तमु 'शिल्पा' ८२
गङ्गालाल केसी ८२
गणेश शर्मा 'सन्देश' ८२
चञ्चला आले मगर ९५
चित्रबहादुर घर्ती मगर 'चिरण' ८२
छत्रबहादुर नेपाली 'सुन्दर' ८३
जनकबहादुर शाही 'रवीन्द्र' ८३
जनम बराल 'सङ्ग्राम' ८३
जयधन रोका ८३
जयन्ता घर्ती मगर 'रमा' ८३
जया दाहाल 'सृष्टि' ८३
जीवन विश्वकर्मा ८४
ठूलकुमार श्रेष्ठ 'आकाश' ८४
डीबी लामा ८४
तारा काफ्ले ८४
दलबहादुर बोहरा 'विशाल यात्री' ८४

दिलमाया लामा (बम्जन) ८४
देउरूपा सलामी 'चुनौती' ९५
देवीप्रसाद दाहाल ८४
देवीबहादुर थापा मगर ८५
धनकुमारी विश्वकर्मा 'समीक्षा' ८५
नवराज केसी 'अमृत' ८५
नारायण घिमिरे 'आक्रोश बिहानी' ८५
नीलराज लामा ८५
पुष्पराज चौधरी ८६
प्रगति राई 'शोभा' ८६
प्रतिभा ८६
प्रीतकुमार मोक्तान 'हिम' ८६
प्रेमप्रसाद सापकोटा 'सौरभ' ८६
प्रेमबहादुर रोक्का ८६
बालीश्वर घर्ती मगर 'बालकृष्ण' ८६
बेनोज अधिकारी 'प्रशान्त' ८७
भीमबहादुर घर्ती 'दारूण' ८७
भीमनारायण श्रेष्ठ ८७
भोगट राय भर ८७
भुवन बुढा ८७
मनोज जोशी 'सर्मेन्द्र' ८७
मस्तबहादुर विष्ट 'संसार' ८७
महेन्द्र मरहट्टा ८८
मातृका धिताल 'रश्मि' ८८
माया नेपाली 'अनु' ८८
मीना मरहट्टा 'ज्योति' ८८
मीना सापकोटा ८८
मैती प्रजा 'सविता' ८८
रनदीप विश्वकर्मा ८९
राजविक्रम भुर्त्याल 'इन्द्रजित' ८९
रामचन्द्र श्रेष्ठ 'गर्जन' ८९
रामनाथ दाहाल ८९
रामबहादुर विश्वकर्मा 'सागर' ८९
राममणि भट्टराई 'प्रकाश' ८९
रामश्री तामाङ 'जुना' ९०
रीता बन्जारा 'सुस्मिता'/'उषा' ९०
रीता लामिछाने 'रूषा' ९०
रीता श्रेष्ठ 'विविषा' ९०
रूपचन्द्र नेपाली 'साहस' ९०
रूपलाल बोहरा 'आकाश' ९०
रोहित कोइराला ९१
लालबहादुर बुढा 'अभियान' ९१
लीला विश्वकर्मा 'ललिता' ९१
लीलानाथ दाहाल ९१
विकास अधिकारी 'गोकुल' ९१
विजय खनाल 'चट्टान' ९१
विदुर भगत ९५
विना राई 'करूणा' ९१
विनोदलाल विश्वकर्मा ९२
विमला पोखरेल 'सविता' ९२
विमला भट्ट 'सरू' ९२
सुमित्रा घिमिरे ९५
शङ्कर तमु 'सिजन' ९२
शारदा श्रेष्ठ ९२
शिव श्रेष्ठ 'रक्तिम' ९२
शीला वली ९३
श्रीराम खनाल 'सन्देश' ९३
सनबहादुर घर्ती मगर 'मनोज' ९३
सन्तबहादुर घर्ती 'क्रान्ति' ९३
सरोज कोइराला 'प्रज्वलित' ९३
सीता आचार्य 'कविता' ९३
सीमा राई 'प्रगति' ९३
सूर्य नेपाली 'प्रभात' ९४
सूर्यप्रकाश पुन 'सुन्दर' ९४
सूर्यबहादुर भण्डारी 'उत्तम' ९४
हरिकला पौडेल 'भूमिका' ९४
हरिबहादुर सुर्खेती 'पृथ्वी' ९४
हर्कबहादुर थापा 'रोशन' ९४
हर्षबहादुर शाही 'प्रभात' ९४
हिराराम राई 'सङ्कल्प' ९५
हिरालाल विश्वकर्मा ९५
हेमराज केसी ९५

अध्याय- १

प्रगतिशील गीतसङ्गीत : सङ्क्षिप्त सिंहावलोकन

विषयोठान

नेपाली समाज सङ्घर्ष, वलिदान र परिवर्तनका अनेकौं शृङ्खलाहरु पार गरेर आजको अवस्थासम्म आइपुगेको छ । एकसय चारवर्षे राणा शासनयता बहुदलीय व्यवस्था, निर्दलीय पञ्चायती व्यवस्था, फेरि बहुदलीय व्यवस्था, दसवर्षे जनयुद्धको अवधि, शान्ति प्रक्रिया र सङ्क्रमणकालीन अवधि, संविधानसभाबाट संविधानलेखन तथा घोषणा र सङ्घीय लोकतान्त्रिक गणतान्त्रिक व्यवस्था संस्थागतको अभ्यास हुँदै संवैधानिक रुपमै मात्र भए पनि समाजवादउन्मुख दिशातर्फ गतिमान् छ । यसबीच नेपालमा विभिन्न नाम, स्वरुप, शैली र उद्देश्यका अनेकौं जनसङ्घर्ष र जनआन्दोलन, जनयुद्ध एवम् विविध खाले विद्रोहहरु भए । यी र यस्ता सवै राजनीतिक घटनाक्रम, आन्दोलन, सङ्घर्ष र विद्रोहहरुलाई विभिन्न राजनीतिक दर्शन, सिद्धान्त, मान्यता र दृष्टिकोणले अगुवाइ एवम् नेतृत्व गर्दै आए । यी सवै आन्दोलन र सङ्घर्षमा सचेत, सिद्धान्तनिष्ठ र आदर्शयुक्त सांस्कृतिक, साहित्यिक र साङ्गीतिक आन्दोलन

तथा अभियानहरूले मेरूदण्डकै रूपमा पृष्ठपोषण गर्दै आए । मुख्यतः आमूल परिवर्तनकारी अग्रगामी राजनीतिक यात्रामा प्रगतिशील गीतसङ्गीतको क्षेत्रले राजनीतिक नेतृत्वकै अभिन्न, सशक्त र सबल अङ्गका रूपमा भूमिका र दायित्व निर्वाह गर्दै आयो ।

प्रगतिशील गीतहरूलाई जागरण गीत, परिवर्तनका गीत, क्रान्तिकारी गीत, रूपान्तरणकारी गीत, प्रगतिवादी गीत, प्रगतिशील गीत, जनवादी गीत आदि पनि भन्ने गरिएको छ । सामान्यतया व्यावसायिक एवम् कला–औद्योगिक प्रयोजनका दृष्टिले नभई आयआर्जनको अपेक्षाविना नै सामाजिक, सांस्कृतिक एवम् राजनीतिक जागरणको उद्देश्यका साथ स्वयमसेवी कलाकार वा कला–संस्था या सङ्गठनमार्फत सिर्जित, प्रस्तुत र प्रकाशित-प्रसारित गीतहरूलाई प्रगतिशील गीतका रूपमा चिन्ने, बुझ्ने र व्यवहार गर्ने गरिएको छ । व्यावसायिक उद्देश्यविना सवैखाले अन्याय-अत्याचार, शोषण–दोहन, असमानता, भेदभाव, उत्पीडन र व्यभिचार–दुराचारका विरूद्ध जनचेतना अभिवृद्धि गर्दै समतामूलक, सुसभ्य, सुसंस्कृत, समुन्नत एवम् शोषणरहीत समाजको स्थापना गर्ने उद्देश्यका साथ स्पष्ट सैद्धान्तिक एवम् वैचारिक मान्यतामा आधारित भई सचेत ढङ्गबाट रचना, सङ्गीत संयोजन, गायन, रेकर्डिङ, सार्वजनिक प्रस्तुति, अभिनय, छायाङ्कन र प्रकाशन-प्रसारण भएका गीतहरु नै प्रगतिशील एवम् क्रान्तिकारी गीत हुन् । सिद्धान्ततः आदर्शवादी अर्थात् अध्यात्मवादी विश्वदृष्टिकोणका विरूद्ध समाजवादी यथार्थवादी विश्वदृष्टिकोणलाई आत्मसात् गरेर सिर्जना एवम् प्रस्तुत गरिएका/गरिने गीतसङ्गीत नै आधारभूत रूपले प्रगतिशील एवम् क्रान्तिकारी गीतसङ्गीत हुन् ।

नेपालको सन्दर्भमा कुनै न कुनै कम्युनिस्ट घटकसँग निकट वा आबद्ध भएर गठन गरिएका सांस्कृतिक परिवार वा सांस्कृतिक टोली या कलाकर्मीले प्रायः यस धारा वा प्रवृत्तिका गीतहरूको रचना, सङ्गीत, गायन र प्रवर्द्धन गर्दै आएको पाइन्छ । यस अर्थमा प्रगतिशील गीतहरूलाई 'कम्युनिस्टका गीत' वा 'कम्युनिस्ट गीत' का रूपमा समेत बुझ्ने र व्यवहार गर्ने गरेको पाइन्छ । यथार्थतः प्रगतिशील गीत सम्पूर्ण नागरिक र सिङ्गै समाजका साझा सम्पत्ति हुन्; कुनै राजनीतिक घटक वा पक्षका एकलौटी 'साधन' या 'राजनीतिक औजार' वा 'हतियार' मात्र होइनन् किनकि कला र राजनीति एउटै होइनन् र राजनीतिले कलाको ठाउँ लिन सक्दैन (पाण्डेय, २०५३, पृ. १) ।

विधागत अर्थापन

वास्तवमा गीत भनेको साहित्यका चार मुख्य विधा- काव्य, आख्यान, नाटक र निबन्धमध्येको पहिलो विधा काव्यकै उपविधा हो । पूर्वीय संस्कृत साहित्यमा साहित्यलाई चिनाउन काव्य शब्दको प्रयोग गरिएको थियो । यही कविता वा काव्यले पहिले साहित्यका सवै विधालाई चिनाउने गर्दथ्यो । पछि यस शब्दले कवितारचनालाई चिनाउन थाल्यो । कविता साहित्यको जेठो र धेरै पुरानो विधा हो । समाजमा प्रचलित लोकगीत, गाथा, भजन आदिबाट कविता विधा विकसित भएको हो (न्यौपाने, २०६७, पृ. १) । गीत, बाद्य तथा नृत्यको सम्मिश्रणलाई सङ्गीत भनिन्छ । सङ्गीत एक व्यापक शब्द हो । यो शब्द 'सं' उपसर्ग लागेको 'गे' धातुबाट बनेको छ । 'म' सौन्दर्यपूर्ण ढङ्गबाट गीत भनेको अन्य कलासहितको गायन हो । उत्तम साहित्य, स्वर, ताल र हाउभाउ समेत प्रयोग गरिएको गीत नै सङ्गीत हुन आउँछ (उपाध्याय, २०४०, पृ. १) ।

पाश्चात्य दर्शन र गीत-सङ्गीतसम्बन्धी विधागत विकास हुनुअघि नै पूर्वीय दर्शन अर्थात् वैदिक दर्शन र सभ्यताको स्रोतबाट गीत-सङ्गीतका क्षेत्रमा निकै ठूलो र महत्त्वपूर्ण विकास भइसकेको देखिन्छ । पूर्वीय दर्शनको आदिग्रन्थ अर्थात् प्रशिद्ध भारतवर्षीय कृति नाट्यशास्त्रले गीत-सङ्गीतलगायतका समग्र कला, साहित्य र संस्कृतिका आधारभूत सिद्धान्त, मान्यता, उद्देश्य, विधागत संरचना र विधि-प्रक्रियाको जग खडा गरेको देखिन्छ । तर, यसले सैद्धान्तिक-वैचारिक रूपमा भने मूलतः आदर्शवादी दर्शनलाई आधार बनाएको देखिन्छ । वैचारिक दृष्टिले यो प्रगतिवादको बाधकजस्तो देखिए तापनि विधागत, कलागत र प्राविधिक दृष्टिकोणबाट चाहिँ नाट्यशास्त्र विशेषतः पूर्वीय क्षेत्रका स्रष्टा-सर्जकका लागि निकै उपयोगी ग्रन्थ मान्न सकिन्छ ।

गीत मूलतः कण्ठस्वरको जादुका आधारमा सञ्चार गर्ने विधा हो । कण्ठस्वरको शक्ति र सामर्थ्यका सन्दर्भमा पूर्वीय दर्शनका अनेकौं ग्रन्थहरूमा विहङ्गम चर्चा भएको पाइन्छ । शब्द एवम् वाक् अर्थात् मानव कण्ठस्वरको शक्तिका सम्बन्धमा भारतवर्षमा जस्तो गम्भीर पाण्डित्यपूर्ण गवेषण भएको थियो, त्यस्तो अन्यत्र कहीं भएन, आफ्नो अनुसन्धानात्मक आलेखमा परमहङ्श योगानन्दका यी उद्धरण उल्लेख गरिसकेपछि पण्डित रामसुरेश त्रिपाठीलाई समेत उद्धृत गर्दै अधिकारी (सन् २०१४) ले लेखेका छन्- वाक्को विषयमा उपनिषद्हरूमा मधुर उद्गार तथा युक्तिपूर्ण विचार भरिभराउ रहेका छन्

–जसलाई देखेर आजको भाषा विज्ञानको विद्यार्थी पनि एकपल्ट चकित हुन पुग्छ (पृ. १०४) ।

गीतसङ्गीत सौन्दर्यका क्षेत्रको महत्त्वपूर्ण विधा हो । सौन्दर्यको महत्त्व र गरिमामाथि प्रकाश पार्दै कम्युनिस्ट दर्शनका प्रतिपादक कार्ल मार्क्स र फ्रेडरिक एङ्गेल्सले लेखेका छन्– पशुले केवल आफूसँग सम्बन्धित जातिको आवश्यकता र मापदण्ड अनुसार वस्तुको रचना गर्दछ, जबकि मानिसले हरेक जातिको मापदण्ड अनुसार कसरी उत्पादन गर्ने र वस्तुको आफ्नै मापदण्डलाई हरेक स्थानमा कसरी प्रयोग गर्ने भन्ने कुरा जानेको हुन्छ । त्यसैले मानिसले सौन्दर्यको नियमअनुसार पनि वस्तुको रचना गर्दछ (मार्क्स–एङ्गेल्स, सन् १९७५, पृ. २७७) ।

> कलामा विद्यमान सौन्दर्यलाई कलाकार, कलाकृति, कलाग्राही र कलासमीक्षक गरी चार कोणका आधारमा प्रस्तुत गर्ने काम हुँदै आएको छ । कलाकार सौन्दर्यको नियम अनुसार कलाकृति रचना गर्ने स्रष्टा हो । कला रचनाको प्रक्रियासँग सम्बन्धित नियम यहींनेर क्रियाशील रहेको हुन्छ । यो नियम यथार्थको कलात्मक प्रतिबिम्बन, प्रास्रूपीकरण तथा कलाकारको शिल्पचेतनासँग सम्बन्धित छ । कलाकृति एक सुन्दर वस्तु हो र यसलाई रचनात्मक प्रक्रियाको प्रतिफलका रूपमा लिनु पर्दछ । कलाकृतिमा सङ्ज्ञानात्मक, विचारधारात्मक तथा सौन्दर्यात्मक मूल्यहरु सन्निहित रहेका हुन्छन् । यहाँ सौन्दर्य मूल्यको नियम क्रियाशील रहेको हुन्छ । कलाग्राही भनेको कलाको रसपान गर्ने सहृदयी मानिस हो र कलाग्राहीको सम्बन्ध सौन्दर्यानुभूतिसित छ । यहाँ सौन्दर्यानुभूति वा सौन्दर्यबोधसँग सम्बन्धित नियमहरु क्रियाशील रहेका हुन्छन् । समीक्षक कलाको मूल्याङ्कनकर्ता हो र त्यसले कलामा विद्यमान मूल्यहरूको ऐतिहासिक तथा सौन्दर्यपरक मापदण्डका आधारमा मूल्याङ्कन गर्दछ । यहाँ सौन्दर्यमूल्य र मापदण्डका नियमहरूले काम गर्दछन् । (चैतन्य, २०६७, पृ. ५७)

गीत साहित्य–कलाको सवैभन्दा पुरानो र असाध्यै प्रभावकारी विधा भएकोतर्फ इङ्गित गर्दै ज्ञवाली (२०७९) ले उल्लेख गरेका छन्– गीत सिर्जनाको सवैभन्दा प्राचीन विधा हो, सम्भवतः कविताभन्दा पनि प्राचीन । गीत अनुभूतिको गुनगुनाइ वा भावनाको सुसेली हो । त्यही गुनगुनाइ वा सुसेलीबाट गीतमा लयतत्त्व अन्तर्घुलित भएको मानिन्छ । मानवजातिले सवैभन्दा पहिले श्रमप्रक्रियामा

कथेका पीडाहरू वा गाथाहरू प्राचीन गीत बनेका छन् (पृ. २८७) । गीतिविधा सुरूआतको जग खोतल्दै र यसको इतिहास केलाउँदै ज्ञवाली (२०७९) ले चर्चा गरेका छन्- सामवेदका संहितालाई गीतको स्रोत भनिएकाले पनि गीतको प्राचीनता स्वतः झल्किन्छ । गीत रागात्मक, सम्वेगपूर्ण, लयात्मक, गेय र कर्णप्रिय विधा भएका कारण श्रुति-स्मृति परम्परामा अग्रज गायकहरूको उत्तरदेनका रूपमा पछि पनि गाइँदै आयो (पृ. २८७) ।

गीतमा पाइने जीवनतत्त्व र हृदयस्पर्शी शक्तिका कारण यो बढी लोकप्रिय र सहज स्मृतिशील हुनु स्वाभाविक हो । गाथा, कोरस, लहरी, चैत, भरतजस्ता अतीतमा प्रचलित गीतहरूले यसको त्यो प्राचीन गेय परम्परालाई सम्झाउँछन् । गीतसङ्गीतको विधागत विशेषता र चरित्रबारे प्रकाश पार्दै ज्ञवाली (२०७९) लेख्छन्- शब्दलाई सङ्गीतमा आबद्ध गरी आवश्यकताअनुरूप स्वरको आरोह, अवरोह, आघात, सङ्घात, तनाव, झन्कार, मधुरता र तीखोपनमा लवजको लय भएकाले गीत लोकप्रिय विधा बन्न पुगेको पाइन्छ । गीतमा व्यक्तिको भावना, अनुभूति र सम्वेगको प्राधान्य भए पनि त्यो जीवनका घटना र यथार्थको नै बिम्ब हुन्छ । श्रम र सङ्घर्षको परिणाम गीत उत्पन्न भएको हो (पृ. २८७) ।

विषयवस्तु र विचार-सन्देश राम्रो भए पनि त्यसलाई प्रकट गर्ने रूप वा संरचना राम्रो नभए सुन्दर कुरा पनि विकर्षक र अस्वीकृत बन्छ । एउटा श्रोता रूपका माध्यमबाट मात्रै सारमा पुग्छ । रूप अन्तर्यमा पुग्ने मुख्य माध्यम हो, जसलाई देख्नेवित्तिकै भावक त्यो वस्तुप्रति आकर्षित हुनु पर्दछ । गीतसङ्गीतको सामर्थ्य सन्निहित रहने यसका अनेकौं पक्षहरूमाथि प्रकाश पार्दै ज्ञवाली (२०७९) ले प्रष्ट्याएका छन्- गीतमा बिम्ब, अलङ्कार, प्रतीकहरूको समायोजन पनि आवश्यक हुन्छ । गीतमा गेयता भर्न अलङ्कारको ठूलो भूमिका हुन्छ । त्यस्तै, श्रुतिमधुर बन्न पनि अनुप्रास, उपमा, रूपकजस्ता अलङ्कार बढी ग्राह्‍य हुन्छन् । अनुप्रासले त लयात्मक गेयतालाई उच्च बनाउँछ । उस्तै ध्वनि, वर्ण र मात्राहरूको नियमित आवृत्तिले नै त्यस्तो अनुप्रास बनाउँछ (पृ. २९१) ।

प्रवृत्तिगत सिंहावलोकन

कलासाहित्यका अरू सिद्धान्त (मूलतः आदर्शवाद) मा कला पक्ष प्रधान र विचार पक्ष अर्थात् त्यसले अँगाल्ने दर्शनलाई सहायक मान्ने गरिन्छ । तर, समाजवादी यथार्थवादी धाराको मान्यताअनुसार भने कलासाहित्यका कुनै पनि

सिर्जनाको अन्तर्वस्तु अर्थात् त्यसको विचार पक्षलाई प्रधान मानिन्छ र कला पक्षलाई चाहिँ सहायक मान्ने गरिन्छ । समाजवादी यथार्थवादी समीक्षकहरूले कला पक्षलाई 'रूप' र त्यसको अन्तर्वस्तु अर्थात् वैचारिक या दार्शनिक पक्षलाई 'सार' का रूपमा व्याख्या गर्दै आएको पाइन्छ । समाजवादी यथार्थवादी चिन्तकहरूका अनुसार साहित्यकलाका कुनै पनि विधाको सिर्जनामा 'सार' पक्ष प्रधान हो भने 'रूप' पक्षचाहिँ सहायक हो ।

सौन्दर्यको घनीभूत अभिव्यक्ति कलामा हुन्छ । कला मूलतः दुई प्रकारका हुन्छन्- उपयोगी कला र ललित कला । उपयोगी र ललित दुवै कलामा सौन्दर्य हुन्छ । तर, उपयोगी कला मुख्यतः भौतिक उपयोग र ललित कला सांस्कृतिक उपयोगमा आधारित हुन्छ (चैतन्य, २०६७, पृ. ४८) । समाजवादी यथार्थवाद कला सिर्जना गर्ने विधि र दृष्टि हो; यथार्थवाद यसको मेरूदण्ड हो । कलात्मक यथार्थ भनेको प्रतिनिधि यथार्थको समुच्चय हो, समाजवादी यथार्थवादलाई अर्थ्याउँदै सौन्दर्यचिन्तक घनश्याम ढकाल लेख्छन्- यथार्थबोध एउटा अनन्त प्रक्रिया हो । यथार्थबोधको प्रतिबिम्बन सिद्धान्तमा आधारित हुन्छ । यथार्थवादमा यथार्थको पुनःसिर्जन हुन्छ; फोटोकपी होइन । कलामा यथार्थवाद भनेको जीवन-जगत्कै प्रतिबिम्बन हो (ढकाल, २०६६, पृ. १९) । कला स्वतः प्रगतिशील हुँदैन, यो प्रतिक्रियावादी पनि हुन्छ । यथार्थवादी कला जहिले पनि प्रगतिशील हुन्छ । प्रगतिशील कलाले यथास्थितिको विरोध गर्दछ, कलासाहित्यको प्रगतिशीलताको अर्थ, मर्म र चरित्रबारे ढकाल (२०६६) ले उल्लेख गरेका छन्- सामन्तवाद, साम्राज्यवाद तथा विस्तारवाद विरोधी आन्दोलनमा प्रगतिशील कलासाहित्यको ठूलो महत्त्व हुन्छ । प्रगतिशील कला देशभक्त र जनवादी हुन्छ । प्रगतिशील कलाले अन्धविश्वास, कुरीति, जातपात, छुवाछुत, रूढी र सवै किसिमका कुसंस्कारको विरोध गर्दछ (पृ. २५) ।

कलासाहित्य र राजनीतिबीच एकापसमा अन्योन्याश्रित सम्बन्ध भए तापनि यी दुईबीच स्पष्ट भेद, विधागत विशिष्टता र दायित्व एवम् भूमिकागत भिन्नता रहेको तथ्यलाई प्रष्ट्याउँदै पाण्डेय (२०५३) लेख्छन्:

> कलाले सामाजिक रूपान्तरणका क्रममा मूलतः भावनात्मक रूपान्तरणकै भूमिका खेल्दछ । र, त्यो कार्य न केवल कलाको सौन्दर्यात्मक गुणबाट सम्भव छ न त केवल त्यसको विचारधारात्मक गुणबाट । सौन्दर्यात्मक भूमिकाको उपेक्षा गरेर त्यसको अभावमा भावनात्मक रूपान्तरणको भूमिका

> कलाले पूरा गर्न सक्दैन । तर, सौन्दर्यात्मक गुण पर्याप्त भएर पनि त्यसले विचारधारात्मक तत्त्व-निर्मित उपयोगी एवम् सुन्दर अन्तर्वस्तु प्राप्त गर्न नसक्दा झनै त्यो भूमिका पूरा हुँदैन । ...राजनीतिक मापदण्डले कलाको विशिष्ट प्रकृतिका समग्र पक्षको हल गर्छ भन्ने होइन । कलात्मक मापदण्डसँग नजोडिई मूल्याङ्कनको प्रक्रिया पूर्ण हुँदैन । यी दुवैलाई नछुट्याई एवम् समग्रतामा र संश्लिष्ट रूपमा ग्रहण नगरी प्रगतिवादी मापदण्डको मर्मबोध हुन सक्दैन । (पृ. ३-४)

निश्चित दर्शन, ज्ञान र बौद्धिकताबाट नै समग्र सौन्दर्यशास्त्र, कलासाहित्य र यसको एउटा तत्त्व अर्थात् गीतसङ्गीतको उत्पत्ति र अस्तित्व हुन्छ । दर्शन आखिर बौद्धिक ज्ञान हो । त्यसैले सौन्दर्यशास्त्र बौद्धिक छ, केही जटिल छ र संश्लिष्ट पनि छ । दर्शन श्रम, उत्पादन-प्रक्रिया र सामाजिक गतिविधिसिद्ध मान्छेको व्यवहारको उपज हो; सौन्दर्यशास्त्रका आधारभूत पक्षहरू, यसका प्रकृति तथा प्रवृत्तिबारे चर्चा गर्दै बराल (२०६३) लेख्छन्- समाज विज्ञानको हरेक क्षेत्र दर्शनद्वारा निर्देशित छ । व्यवहारबाट दर्शन र सिद्धान्त, सिद्धान्तबाट व्यवहार- यही नै व्यवहार र ज्ञानको सिद्धान्त हो । विषयवस्तुलाई थप प्रष्ट्याउँदै बराल (२०६३) अझ अगाडि लेख्छन्- सौन्दर्यशास्त्रको सम्बन्ध पनि व्यवहार र ज्ञान, पदार्थ, चेतना र प्रतिबिम्बनसित गाँसिएको छ । यो मान्छेको सामाजिक चेतनाभन्दा परको कुरा होइन (पृ. १) ।

प्रगतिशील गीतहरूले श्रमचोर, अल्छी, निष्कृय र ठग प्रवृत्तिको विरोध गर्दै सक्रियता एवम् श्रम-संस्कृतिको पक्षपोषण गर्दछन् । यस प्रवृत्तिका गीतिलेखनको मर्म र कठिनाइबारे चर्चा गर्दै वरिष्ठ प्रगतिशील गीतिलेखक, सङ्गीतकार एवम् गायक खुसीराम पाख्रिन लेख्दछन्- जो चेतनामूलक, विचारमूलक चिज हुन्छ, त्यो श्रमसँग गाँसिएको हुन्छ; अग्रगामी विचार र दृष्टिकोणसँग गाँसिएको हुन्छ । ...त्यसैले साँच्चै समाजलाई नयाँ चेतना र अग्रगामी विचार दिन सक्ने गीत लेख्न त्यति सजिलो छैन (पाख्रिन, २०६३, पृ. ज) । प्रगतिशील कला-साहित्यको श्रमसँगको सम्बन्धमा बराल (२०६३) ले पनि उत्तिकै जोड दिएका छन्- स्वभावैले श्रम र सौन्दर्य एकार्कासित घनिष्ठ रूपमा गाँसिएका हुन्छन् । मानव श्रमद्वारा निर्मित वस्तुमा सुन्दरताका गुणहरू समाविष्ट हुनु स्वाभाविकै हो (पृ. २) ।

प्रगतिशील गीतसङ्गीतका आधारभूत प्रवृत्ति र सौन्दर्यीय मूल्य छन् । ती र त्यस्ता मूल्यविनाका रचना प्रगतिशील वा क्रान्तिकारी गीतसङ्गीत हुनै

सक्दैनन् । गीतसङ्गीत कसका लागि भन्ने प्रश्न त्यस्ता रचनाका उद्देश्यको प्रथम प्रश्न हो । किन गीतसङ्गीत निर्माण गर्ने ? जीवन बुझ्न र त्यसलाई बदल्नका लागि, गलत पक्षको आलोचना गर्न र सही पक्षको प्रशङ्शा गर्न, अनि 'सत्यम्-शिवम्-सुन्दरम्' का पक्षमा उभिन नै गीतसङ्गीतको रचना आवश्यक हुन्छ । सारतः विचार, चेतना र सन्देश प्रवाहित गर्नु नै प्रगतिशील गीतसङ्गीतको उद्देश्य हो (ज्ञवाली, २०७९, पृ. २८७) ।

कतिपय सन्दर्भमा बुर्जवा अथवा व्यावसायिक सर्जक, स्रष्टा र कलाकारहरूले पनि प्रगतिशील सन्देश र भावका गीत सिर्जना गर्ने र गाउने गरेको पाइन्छ तर त्यति कामकै भरमा न ती स्रष्टा र सर्जक प्रगतिवादी ठहरिन्छन् न त तिनका गीतसङ्गीत नै प्रगतिवादी भइहाल्छन् । आधारभूत सैद्धान्तिक जगबाटै समाजवादी यथार्थवादी भावधारामा उभिएर शब्द र कर्मका बीचमा तादात्म्यतासहित सिर्जना गरिएका गीतसङ्गीत मात्रै प्रगतिवादी गीतसङ्गीत हुन्छन् अनि तिनका स्रष्टा तथा सर्जक पनि प्रगतिवादी ठहरिन्छन् (घर्ती, २०८२, असार २८) ।

उपलब्धिगत सिंहावलोकन

प्रगतिशील गीतसङ्गीतको इतिहासदेखि वर्तमानसम्मका अनेकौं पक्षहरूबारे चर्चा गर्दै थपलिया (२०६७) मा प्रगतिशील गीतसङ्गीत एवम् सांस्कृतिक संस्था र सङ्गठनहरूका सम्बन्धमा सयौं प्राप्ति र उपलब्धिहरूको समीक्षाका साथ विस्तृत रूपले प्रकाश पारिएको छ । उक्त आलेखमा चर्चित र महत्त्वपूर्ण गीतिपुस्तिकाहरू, देशभर क्रियाशील प्रगतिशील सांस्कृतिक टोलीहरू, दशक अघिसम्म प्रकाशित प्रगतिशील गीतका क्यासेटहरू, तिनमा समाविष्ट गीतहरू इत्यादिको सूक्ष्म विश्लेषण र परिचर्चा समेत गरिएको छ । प्रगतिशील गीतसङ्गीतको क्षेत्रमा चार दशकभन्दा लामो समयदेखि निरन्तर क्रियाशील राष्ट्रियस्तरको एउटा अग्रणी सांस्कृतिक टोली सामना सांस्कृतिक परिवारका गीतहरूको चर्चा गर्दै थपलिया (२०६७) मा उल्लेख गरिएको छ- सामना परिवारको केन्द्रीय टोलीका गीति क्यासेटहरू *'हुरी चल्दै छ, आँधी आउँदै छ'* (भाग- १), *'जलजला'* (भाग- २), *'अभिवादन'* (भाग- ३), *'रातो घाम'* (भाग- ४), *'नयाँ नेपाल'* (भाग- ५) र भीसीडी *'राता मान्छेहरू'* दशकौंअघि प्रकाशित भइसकेका छन् । यसैगरी पश्चिम सामनाले *'परिवर्तित युगसँगै'* र पूर्वी सामनाले *'रणमैदान'* शीर्षकका गीति क्यासेट प्रकाशित गरेका छन् (पृ. ८२०) । सामना

गठन हुनुअघि नै यही टोलीसँग सम्बद्ध जनकलाकारहरूद्वारा *'जनताका भाकाहरू'* शीर्षकको गीतिक्यासेट प्रकाशित भइसकेको थियो (ज्ञवाली, २०८१, असार ४) ।

प्रगतिशील गीत-सङ्गीतका शीर्ष साधक खुसीराम पाख्रिनको व्यक्तित्व र कृतित्वबारे चर्चा गर्दै थपलिया (२०६७) लेख्छन्- लामो समयको अथक, अविचल सङ्गीतयात्रा पार गरेका खुसीराम पाख्रिन नेपाली जनवादी साङ्गीतिक आन्दोलनका धरोहर हुन् । उनले सांस्कृतिक आन्दोलनलाई आफ्ना स्वर, कला र गीतले ऊर्जा मात्र दिएनन्; आफ्नो पसिना र रगतले शक्ति र नवीन गति समेत प्रदान गरेका छन् (पृ. ८५६) ।

थपलियाले आफ्नो आलेखमा सामना, सेनच्याङ, प्रतिरोध, चुनुशिल्पा, क्षितिज, कोचिला/किराँतका सुखानी र चोमोलुङ्मा, भेरी–कर्णालीका भेरी–कर्णाली सांस्कृतिक सङ्गम, हिमाली, रारा, काञ्जिरोवा, नौमुले, अवल्चिङ्ग र चुली सांस्कृतिक परिवार आदिको विवेचना गरेका छन् । ताम्सालिङ, कञ्चनजङ्घा, मिराक, श्रीअन्तु, छिन्ताङ, पूर्वी क्षितिज, पूर्वी खबर, कञ्चनजङ्घा, विसु, सैपाल, रामारोशन, त्रिवेणी, बलिदान, छेडा, विशाल, विनी, सङ्गम, अपिसैपाल, शैलुङ, मिथिला, रामवृक्ष, थान्का सांस्कृतिक, वेदना, जुनेली, मङ्का दबु, इन्द्रेणी, रक्तिम, शारदा–मिर्मिरे–झिम्रुक, तामाङ, धौलागिरि लगायत दर्जनौं सांस्कृतिक परिवारहरूका सन्दर्भमा उनले चर्चा गरेका छन् ।

आफ्नो खोजमूलक आलेखको निष्कर्ष निकाल्दै थपलियाले लेखेका छन्– गीतले जनसमूहको ठूलो हिस्सालाई एकैचोटि प्रभाव पार्न सक्छ । यस अर्थमा गीतको प्रभावकारिता प्रष्ट हुन्छ । तर, यतापट्टि हाम्रा गीतसङ्गीतहरू जति गम्भीर हुनुपर्ने हो, त्यति भएका देखिँदैनन् । स्वरमा परिमार्जनको आवश्यकता छ । कतिपय गीतहरूमा रचनाकार, सङ्गीतकार, गायक र प्रकाशन मिति समेत देखिँदैन, जसले इतिहासको मापन गर्न कठिनाइ पैदा गरिदिएको छ । यी गीतसङ्गीतहरूले प्रतिध्रुवीय गीतसङ्गीतका विरूद्ध लड्ने क्षमताको विकास गर्न अझै निकै मेहनत गर्नुपर्ने देखिन्छ (थपलिया, २०६७, पृ. ८६३) ।

नेपाली प्रगतिशील गीतसङ्गीतको आरम्भ, विकासक्रम र दसवर्षे सशस्त्र माओवादी जनयुद्ध हुँदै त्यसको शान्तिपूर्ण रूपान्तरणकालसम्मको गहन विश्लेषण गरिएको सौन्दर्यचिन्तक डा. ऋषिराज बरालको कृतिले यससम्बन्धी धेरै तथ्य र तथ्याङ्क प्रस्तुत गरेको छ । यस कृतिले प्रगतिशील नेपाली गीतसङ्गीतका विचार, दर्शन र सन्देशलाई समेत निकै राम्ररी उजागर गरेको छ । नेपाली

प्रगतिशील गीतसङ्गीतको इतिहासमाथि प्रकाश पार्दै उनी लेख्छन्- २००७ सालदेखि २०१७ सालसम्मको अवधि जनवादी गीतको आरम्भकाल हो । ऐतिहासिक क्रमका दृष्टिले १९९० सालपछिको अवधिलाई पनि कतिपय प्रसङ्गमा आरम्भकाल भन्न सकिन्छ तापनि योजनाबद्ध र सङ्गठित रूपबाट गीत र जनवादलाई गाँस्ने काम यसै बेलादेखि भएकाले जनवादी गीत लेखनकार्य सही अर्थमा यसै बेलादेखि भएको ठान्नु उचित हुन्छ (बराल, २०६३, पृ. २६) ।

सुरुमा देखापरेका कतिपय गीतकारहरु धर्मराज थापा, भूपि शेरचनलगायतले पलायनको बाटो समाते पनि देवीप्रसाद (केवलपुरे किसान) र गोकुल जोशीजस्ता जनगायकहरूले गीतलाई वैचारिक र व्यावहारिक निरन्तरता प्रदान गर्दछन् । वास्तवमा देवीप्रसाद किसान र गोकुल जोशी यस अवधिका केन्द्रीय व्यक्तित्व हुन् र जनताका सच्चा गीतकार पनि हुन् (बराल, उही, पृ. २६) ।

सामन्तवाद तथा साम्राज्यवाद विरोधी गोकुल जोशीका गीतहरु यसै अवधिमा लेखिएका हुन् र ती गीतहरु धेरैजसो *'सीमानाको दीप'* मा सङ्ग्रहित छन् । *'बाघ आयो'* (२००९), *'नेपाल नछो'* (२०१०), *'समातेर पछार'* (२०१२), *'छिःछिः'* (२०१५), *'सङ्घर्षको ठीक गर'* (२०१६) जस्ता केवलपुरे किसानका गीतिकविताहरु यस अवधिका आर्थिक, सामाजिक र सांस्कृतिक विसङ्गति विरूद्धका उपज हुन् (बराल, उही, पृ. २६) ।

२०३९ सालदेखि (प्रगतिशील गीतको) विकासकालले पनि अर्को चरणमा फड्को मार्दछ । -युद्धप्रसाद मिश्र, रामप्रसाद प्रदीप, मोदनाथ प्रश्रित, रामचन्द्र भट्टराई, दर्शन राई, रायन, रामेश, मञ्जुल यस अवधिका महत्त्वपूर्ण गीतकारहरु हुन् । *सुस्केरा, वेदना, सङ्कल्प*जस्ता पत्रिकाले पनि गीतलेखन र प्रकाशनकार्यमा महत्त्वपूर्ण भूमिका खेलेका छन (बराल, उही, पृ. २७) ।

डा. बरालले नेपाली प्रगतिशील गीतको आधुनिककाललाई दुई चरणमा बुझ्नुपर्ने उल्लेख गरेका छन् । २०३७ देखि २०४६ सम्म प्रथम मोड र २०४७ देखि वर्तमानसम्म द्वितीय मोडमा विभाजन गर्न सकिन्छ; उनी लेख्छन्- जनवादी सांस्कृतिक आन्दोलनको प्रमुख प्रवाह बनेर यस अवधिका गीतले राजनीतिक आन्दोलनलाई महत्त्वपूर्ण किसिमले सघाउ पुऱ्याएका छन् । लेखन र गायन, चिन्तन र प्रतिबद्धता यस अवधिका महत्त्वपूर्ण प्राप्ति हुन् (बराल, उही, पृ. २७) । सही अर्थमा जनवादी गीत-सङ्गीत र संस्कृतिको क्षेत्रमा 'सांस्कृतिक पल्टन' यसै अवधिमा देखापरेको हो, नेपाली प्रगतिशील गीतको

आधुनिककालको दोस्रो मोडका प्रतिनिधि पात्रहरूको चर्चा गर्दै बराल (२०६३) लेख्छन्- पुरानो पुस्ताका केवलपुरे किसान, युद्धप्रसाद मिश्रका साथसाथै नयाँ पुस्ताका रायन, जेबी टुहुरे, खुसीराम पाख्रिन, श्याम तमोट, विजय सुब्बा, मणि थापा, जीवन शर्मा, अग्निशिखा, ध्रुव ज्ञवाली, हितमान शाक्य, गिरिष पुन, धनकाजी गुरूङ, चुनु गुरूङलगायतका गीतकारहरू यसै अवधिमा देखापरेका हुन् (बराल, उही, पृ. २७-२८) ।

यो काल जनवादी गीतहरूको चक्का (क्यासेट) प्रकाशनको काल हो । ...प्रकाशनका दृष्टिले पनि यो अवधि महत्त्वपूर्ण अवधि हो, बराल (२०६३) लेख्छन्- यस अवधिमा गीतिसङ्ग्रहहरू र प्रशस्तै क्यासेटहरू पनि प्रकाशित भएका छन् । *'वेदना जनगीतिमाला'* (भाग १-२), *'जनताका गीतहरू'* (भाग १-५), *'हाम्रा गीतहरू'*, *'सङ्घर्षका गीतहरू'*, *'जनताका गीतहरू'* (विराटनगर), *'सङ्घर्षका गीतहरू'* (डेकफो, बाँके), *'कोरस जनगीति सँगालो'*, *'इसास गीति सङ्ग्रह'*, *'सङ्घर्षको आँसु'*, *'जनताका भाकाहरू'* लगायत प्रशस्त गीतिसङ्ग्रहहरू प्रकाशित भएका पाइन्छन् । ...वास्तवमा यो अवधि जनगीत र जनराजनीति सँगसँगै हिँडेको अवधि हो (बराल, उही, पृ. २८) ।

विचार र वर्गीयता

सिर्जनाका अरू जुनसुकै विधाजस्तै गीतसङ्गीतको पनि वर्ग र विचार हुन्छ । केवल 'कलाका लागि कला' वा 'मनोरञ्जनका लागि कला' भनिने र वर्गीय पक्षधरताविनाका सिर्जना एवम् गीतसङ्गीत वस्तुतः जनपक्षीय र प्रगतिशील हुँदैनन्/हुन सक्तैनन् । ती र त्यस्ता रचना वा सिर्जना जनताका, लोकप्रिय, अमर र चीरस्मरणीय पनि हुँदैनन्; तिनले जनता, समाज र राष्ट्रको हितमा योगदान गर्दैनन्/गर्न सक्तैनन् । सङ्गीतमा पनि वर्ग र विचार हुन्छ । सङ्गीत बिल्कुल अमूर्त हुन्छ भन्ने कुरा बुर्जवा विचार हो । ..बाजामा पनि विचार हुन्छ । नृत्यमा पनि विचार हुन्छ । अभिनय विशुद्ध अभिनय मात्र हुँदैन (चैतन्य, २०६३, पृ. ११) । कलासाहित्यमा वर्गीय पक्षधरताको महत्त्वका सम्बन्धमा सबैजसो प्रगतिवादी स्रष्टा, समीक्षक, समालोचक एवम् सौन्दर्यचिन्तकबीच मतैक्यता देखिन्छ । गीतसङ्गीतको पनि वर्ग हुन्छ । हरेक कलासाहित्यले आफ्नो वर्गको पक्षपोषण र हित गर्दछन् । गीतसङ्गीतको रचना पनि वर्गको स्वार्थलाई हेरेर नै गर्न सकिन्छ (ज्ञवाली, २०७९, पृ. २९२) ।

वस्तुतः गीतले बोकेको सन्देश वा भाव, त्यसको लय वा भाका र सङ्गीत संरचनाको संयोजनबाट नै गीत तयार हुन्छ । यी तत्त्वमध्ये प्रधान वा मुख्य पक्ष भनेको भाव नै हो । तर, भाव मात्र सुन्दर, सबल तथा जनपक्षीय र राष्ट्रप्रेमी हुँदैमा पनि त्यो गीत प्रभावकारी बनिहाल्दैन । भाव, सङ्गीत र भाकाबीचमा पनि घनिष्ठ सम्बन्ध छ । एकको अर्कोसँग तालमेल वा तादात्म्य नभए राम्रो गीत बन्दैन । राम्रो भाकामा, राम्रो सङ्गीत हालेर, राम्रो भाव व्यक्त गरे मात्र सुन्दर गीत बन्छ । यीमध्ये कुनै एक पक्ष कमजोर भएमा सिङ्गो गीत नै कमजोर बन्छ (ज्ञवाली, २०७९, पृ. २९०) । गीतसङ्गीतका आधारभूत तत्त्व एवम् यसका भावगत/रूपगत र अन्तर्वस्तुगत/सारगत पक्षबीच समुचित तालमेल र सन्तुलन अपरिहार्य हुन्छ । वास्तवमा सङ्गीत भनेको आरोह, अवरोह, उतार, चढाव, घुम्ती, मोडहरू हुँदै अत्यन्त सावधानी र अनुशासित ढङ्गले गीतको शब्दलाई डोऱ्याउने अथवा स्वर शब्दलाई एउटा गतिमा दौडाउने बाटो हो । त्यही बाटो सरल, सुगम, कलात्मक र भावात्मक भयो भने मात्रै गीत सुन्दर, कर्णप्रिय, मनमोहक, समवेदनायुक्त र मर्मशील हुन पुग्दछ; सङ्गीत भनेको यही हो (पाख्रिन, २०६३, पृ. ५४) ।

मानवजाति र मानवसमाजको हितसाधना र अग्रगामी सामाजिक रूपान्तरण नै जनवादी एवम् प्रगतिशील गीतसङ्गीतको मुख्य चरित्र र प्रवृत्ति हो । त्यसैकारण नेपाली प्रगतिशील गीतसङ्गीतको इतिहास निकै समृद्ध छ; अन्योलग्रस्तजस्तो देखिए पनि वर्तमान पनि जीवन्त नै छ र भविष्य पनि समुज्वल छ । नेपालको समाज रूपान्तरण र परिवर्तनको आन्दोलनमा जनवादी गीतसङ्गीतको अहम् भूमिका छ । कयौं मानेमा यो राजनीतिक आन्दोलनभन्दा पनि जेठो छ । र, कम्युनिस्ट पार्टीको नीति निर्माणमा समेत पनि गीतसङ्गीतको अहम् भूमिका छ । जनतालाई जागरूक बनाउन, चेतना फैलाउन, पार्टी–सङ्गठनमा क्रियाशीलताका लागि अभिप्रेरित गर्न र दुःखमा समेत गीतसङ्गीत एउटा सशक्त माध्यम हो (थापा, २०७९, पृ. ९) ।

आदर्शवाद वा अध्यात्मवादमा विश्वास गर्नेहरूले चेतनालाई प्राथमिक र पदार्थलाई चेतनाद्वारा निःसृत द्वितीयक पक्ष मान्दछन् । यसको ठीक विपरीत भौतिकवाद वा ऐतिहासिक तथा द्वन्द्वात्मक भौतिकवादमा विश्वास गर्नेहरूले भने पदार्थलाई प्राथमिक र चेतनालाई पदार्थ वा वस्तुगत यथार्थद्वारा निःसृत हुने द्वितीयक पक्ष मान्दछन् । यिनै परस्पर विपरीत विश्वदृष्टिकोणको कसीबाट जाँचेर नै कुनै पनि रचना वा सिर्जना प्रगतिवादी हो कि यथास्थितिवादी या

प्रतिगामी हो भनेर ठम्याउन सकिन्छ । अतः गीतसङ्गीतको वर्गीयता निरूपण गर्ने मुख्य सैद्धान्तिक आधार भनेकै यही वर्गदृष्टिकोण हो । मानिस पदार्थबाट चेतना र वस्तुबाट विचार प्राप्त गरेर यहाँसम्म आएको प्राणी भएका कारणले हवाइकल्पनामा केही पनि सिर्जना गर्न सम्भव छैन । वाद्ययन्त्रले त त्यही आत्मिक तरङ्गहरूलाई लिपिबद्ध गरेर आकर्षक ढङ्गले संयोजन गर्ने हो (पाख्रिन, २०६३, पृ. ५४) ।

ऐतिहासिक तथा द्वन्द्वात्मक भौतिकवादी वर्गदृष्टिकोणबाट सिर्जित हुँदैमा कुनै गीतसङ्गीत चर्चित, लोकप्रिय र जनहितकारी बनिहाल्दैन । सफल र सबल गीतसङ्गीत र कलासाहित्यका निम्ति तिनका विधागत र शिल्पगत पक्षहरूको पनि निकै ठूलो महत्त्व र भूमिका हुन्छ । सही उद्देश्य नै पनि सही तरिकाबाट नै सिद्ध गरिनु क्रान्तिकारिता हो । त्यही तरिका सही ढङ्गले प्रयोग गर्न गीतका तत्त्वहरु वा संरचक अवयवहरूबारे सही जानकारी हुनु आवश्यक हुन्छ । गीतका ती घटकतत्त्व हुन्- भाव, सङ्गीत, लय, भाषा, शैली र स्वर (ज्ञवाली, २०७९, पृ. २८९) । लय र भाका हालेर गाइँदैमा अनि वाद्ययन्त्रको सुरतालमा मानिसलाई जुरूक-जुरूक पार्दैमा तथा केही क्षण वा निश्चित अवधिका लागि सबै पीरमर्का र दुःखदर्द बिर्साएर मनोरञ्जन दिलाउँदैमा गीतसङ्गीतले आफ्नो भूमिका र दायित्व निर्वाह गरेको मान्न सकिँदैन । मानिस, समाज, राष्ट्र र मानवजातिलाई सुसभ्य, सुसंस्कृत, समतायुक्त, समृद्ध र उन्मुक्त तुल्याउनमा योगदान गर्न सक्नु नै प्रगतिशील गीतसङ्गीतको प्रमुख दायित्व हुन्छ । यसर्थ, गीतसङ्गीतमा प्रविधि, औजार-उपकरण र वाद्ययन्त्रभन्दा तिनलाई चलाउने, प्रयोग गर्ने र तीमार्फत सही विचार प्रवाहित गर्ने मानिस चाहिँ प्रमुख पक्ष हुन् । वाद्ययन्त्रको महत्त्व छैन भन्न खोजिएको होइन । सङ्गीत निर्माणदेखि प्रस्तुतिमा समेत भरपूर आकर्षण बढाउने काम वाद्ययन्त्रले नै गर्छ र पनि वाद्ययन्त्र मानवचेतनाले चलाएर चल्ने निर्जीव वस्तु भएकाले मानिसले जहाँ भन्छ, त्यहीं गइदिनु उसको 'धर्म' हो । यन्त्रले चेतनालाई चलाउँदैन, चेतनाले यन्त्रलाई चलाउने हो । त्यसकारण साङ्गीतिक भाव अथवा सङ्गीतको अन्तर्वस्तु (मूलतत्त्व) वाद्ययन्त्रबाट होइन, वस्तुगत यथार्थबाट प्रभावित मानव आत्माबाट सिर्जित भावमा निहीत छ (पाख्रिन, २०६३, पृ. ५४) ।

रूप र सारको द्वन्द्वात्मकता

कलासाहित्यका अन्य विधाको तुलनामा गीतसङ्गीत बढी नै जटिल, परिश्रमयुक्त, प्रविधिनिर्भर र सामूहिक प्रवृत्तिको विधा हो । अतः गीतसङ्गीतको

विधिगत पक्ष समृद्ध र सशक्त हुन नसक्दा त्यसको भाव वा सार जति नै राम्रो भए तापनि अपेक्षित परिणाम हासिल हुन सक्दैन । विधि भनेको विज्ञान हो र त्यो पद्धति पनि हो, जसलाई सही ढङ्गले आत्मसात् गर्ने हो भने मात्रै सुन्दर भावलाई सुन्दर रूपमा र सुन्दर विचारलाई सुन्दर विधिमा फेर्न सकिन्छ । ...यथार्थतः विधि मुख्य होइन, विचार नै मुख्य हो; फेरि पनि सुन्दर विचारले सुन्दर रूपको खोजी गर्छ (ज्ञवाली, २०७९, पृ. २८९) । सुन्दर रचना सिर्जना गर्न तथा त्यस्तो रचनालाई सुन्दर ढङ्गले सङ्गीतबद्ध गरेर आकर्षक एवम् प्रभावकारी तरिकाले प्रस्तुत गर्न सही दृष्टिकोणयुक्त सुन्दर पात्र अर्थात् कलाकारहरूकै जरूरत हुन्छ । खराब कलाकारहरूद्वारा सुन्दर कलाको अपेक्षा गर्नु सङ्गतिपूर्ण हुँदैन । अन्तर्वस्तु जतिसुकै महान् भए पनि सङ्गीतकारको दृष्टिकोण अनुरूप सङ्गीत निर्मित हुने भएकाले खराब सङ्गीतकारद्वारा राम्रो सङ्गीत बन्न सक्दैन । सङ्गीतमा अन्तर्वस्तु र रूप धेरै किसिमले अन्तरप्रवेशी (जेलिएको) भएकाले एकार्काबाट छुट्याउन निकै गाह्रो हुन्छ र रूपात्मक तत्त्व प्रबल हुने भएकाले पनि सङ्गीतमा बढी रूपवाद जन्मने खतरा रहन्छ (पाख्रिन, २०६३, पृ. ५६) । सवै गीतसङ्गीतले सधैं र सवै सन्दर्भमा सकारात्मक भूमिका मात्र निभाउँदैनन्, कतिपय गीतसङ्गीत असाध्यै विषालु, हानिकारक र मानवद्वेषी समेत छन्/हुन्छन् । सुमधुर एवम् सुन्दर सङ्गीतलाई मानिस, समाज, राष्ट्र र मानवजातिलाई नै क्षति पुऱ्याउने दुष्कर्मका निम्ति दुरूपयोग समेत गरिरहेको पाइन्छ । सङ्गीतको अन्तर्वस्तु साहित्य वा दृश्यकलाको जस्तो सुस्पष्ट नहुने भएर मानिसको चेतनालाई भुत्ते बनाउने साधनका रूपमा सङ्गीतको दुरूपयोग पनि भइरहेको छ (पाख्रिन, २०६३, पृ. ५६) ।

गीतसङ्गीतको मर्म वा सारलाई जनजनको मनमस्तिष्कसम्म पुऱ्याउन र त्यसको अमिट छाप स्थापित गराउन कलागत पक्षको निकै महत्त्वपूर्ण भूमिका हुन्छ । अर्थ र मर्म अथवा सार जतिसुकै सुन्दर भए तापनि कलात्मक र विधागत दृष्टिकोणले समेत गीतचाहिँ गीत नै हुन सक्नुपर्छ । सारको आस्वादन रूपले मात्रै गराउन सक्ने भएकाले रूपको सौन्दर्यमा ध्यान नदिनु सारलाई निकम्मा बनाउनु हो र वास्तवमा त्यसको सारतत्त्वबाट भावकलाई वञ्चित नै गराउनु हो । तसर्थ गीतको रूप पक्षलाई भव्य र उदात्त बनाउन त्यसको विधि पक्षलाई ध्यान दिनु गीतकारको दायित्व हो (ज्ञवाली, २०७९, पृ. २८८-२८९) ।

रूपगत दृष्टिले हेर्दा गीतद्वारा सम्प्रेषित रस र लयबाटै उक्त गीतमार्फत प्रवाहित हुने भावको छनक मिल्छ/मिल्नुपर्छ । वाद्ययन्त्रको ताल र साङ्गीतिक

धुनबाटै कस्तो भाव र शब्दसहितको गीत बज्दैछ भन्ने कुराको पूर्वानुमान गर्न सकिन्छ । लय गीतको पहिचान हो । लोकलय, आधुनिक लय, शास्त्रीय लय, क्रान्तिकारी लय, समग्रमा मौलिक लय आदि लयका प्रकार हुन सक्छन्; अर्थात्, लय गीतको भाका हो । प्रत्येक गीतको आफ्नो मौलिक भाका हुन्छ । प्रगतिवादी गीत क्रान्तिकारी उत्साह, साहस, जोश र आशा भर्ने आफ्नै उत्साहपूर्ण क्रान्तिकारी भाकामा निर्मित हुन्छन् । यस्तो भाका गम्भीर, जोशिलो, साहसिलो वा अन्य भाव व्यक्त गर्ने खालको हुन्छ (ज्ञवाली, २०७९, पृ. २९०) ।

समाज, राजनीति र गीतसङ्गीत

नेपालका वामपन्थीहरूले राजनीतिक आन्दोलनको अभिन्न सहयात्रीका रूपमा गीतसङ्गीतलाई महत्त्व दिँदै आइरहेका छन् । राजनीतिमा गीतसङ्गीतको भूमिका यतिमा मात्र सीमित छैन; यथास्थितिवादी र प्रतिगामी तत्त्वहरूले समेत आफ्नो राजनीतिक स्वार्थसिद्धिमा गीतसङ्गीतको दुरूपयोग गर्ने गरेका छन् । नेपालको राजनीतिक आन्दोलनमा गीतसङ्गीतको महत्त्वपूर्ण भूमिका रहिआएको छ । अझ जनवादी गीतसङ्गीत नेपाली कम्युनिस्ट आन्दोलनको त अभिन्न अङ्ग नै बनेको छ । जनवादी गीतसङ्गीत कहिले कम्युनिस्ट आन्दोलनको सहयोगी, कहिले प्रतिस्पर्धी त कहिले स्वतन्त्र रहेर पनि चलेको छ । कयौँ पात्र र प्रवृत्तिहरू कम्युनिस्ट आन्दोलनबाट बाहिर रहेर पनि गतिशील, क्रियाशील र अस्तित्ववान् रहन सक्छन् भन्ने मापदण्ड पनि स्थापित छ । जनवादी सांस्कृतिक आन्दोलनलाई पार्टी आन्दोलनकै फोटोकपीका रूपमा बुझ्ने 'वाम' दृष्टिकोण पनि छ र अर्कातिर वाम आन्दोलनबाट पृथक् हुँदा मात्र यसको सिर्जनात्मक अस्तित्व रहन्छ भन्ने 'कलावादीहरू' पनि छन्; यी दुवै दृष्टिकोण सही होइनन् (थापा, २०७१) ।

श्रमजीवी किसान, मजदूर र क्रान्तिकारी जनसमुदायको वास्तविक जीवन, उसले गरेको सचेत सङ्घर्षसँगै उठेको विचार र भावलाई कति अभिव्यक्त गर्न सकिन्छ, त्यसैमा भावी साङ्गीतिक कार्यदिशा निहीत हुन्छ (पाख्रिन, २०६३, पृ. ५६) । जनसंस्कृति, गीतसङ्गीत र जनवादी-प्रगतिशील कलाकर्मको अवस्था र स्थिति सामाजिक अवस्थितिसँग अभिन्न रूपले अन्योन्याश्रित हुन्छन् । कलाकारले आफ्नो प्रतिभाको प्रस्तुतिका लागि बाह्य वातावरण पनि महत्त्वपूर्ण पक्ष हुन्छ । बाह्य वातावरण सौन्दर्यशास्त्रका तीन 'स' का सैद्धान्तिक प्रश्नसँग सम्बन्धित

छन् । (१) सौन्दर्यात्मक आदर्श (२) सांस्कृतिक स्वरूप (३) सामाजिक अवस्था (जसमा कलानुरागी र साहित्यानुरागी पाठक वा श्रोता-दर्शक पर्दछन्, तिनले ताली बजाई कार्यक्रमलाई उत्साहका साथ हेरिदिन्छन्) । दर्शकको अभावमा जति राम्रा सर्जक वा कलाकार भए पनि ती महत्त्वहीन बन्न पुग्दछन् (राना, २०७८) । यसर्थ, कुनै आन्दोलन, सङ्घर्ष वा युद्ध/जनयुद्धको धक्काद्वारा राज्य व्यवस्था वा प्रणाली अकस्मात र एकाएक परिवर्तित हुन सक्दछन् तर जनसङ्गीत र जनसंस्कृति त्यसरी अकस्मात परिवर्तित हुँदैनन्, परिवर्तनका निम्ति यसले एउटा सामाजिक प्रक्रिया वा चक्र पूरा गर्नु पर्दछ । सङ्गीत संस्कृतिसँग सम्बद्ध पक्ष भएकाले आर्थिक आधारको परिवर्तनसँगै एकाएक परिवर्तन हुन निकै गाह्रो हुन्छ । यसको रूपान्तरण मन्दतामा हुन्छ, तीव्रतामा होइन (पाख्रिन, २०६३, पृ. ५६) ।

रूढीवाद, कुरीति, कुसंस्कार, विभ्रम, कुण्ठा, निराशा इत्यादिलाई चिर्दै प्रगतिपथ, यथार्थवाद, वैज्ञानिकता, उज्यालोपन र आशावादी भविष्यतर्फ मानवजातिलाई डोऱ्याउने सशक्त माध्यमका रूपमा गीतसङ्गीतको निकै ठूलो महत्त्व छ । देशको वर्तमान सांस्कृतिक अवस्थालाई हेर्ने हो भने एकातिर सामन्ती राज्य व्यवस्थालाई मद्दत पुग्ने खालको सामन्ती संस्कृति (जसमा रूढीवाद, अन्धविश्वास, जातपात, देवीदेवता, धामीझाँक्री, भूतप्रेत-पिचास, बोक्सी, छाउपडी प्रथाजस्ता कयौं कुरीतिहरू) विद्यमान छन् भने अर्कातिर पश्चिमेली छाडा संस्कृतिको बिगबिगी, मद्यपान, धूमपान, नशालु पदार्थको सेवन, उत्तरआधुनिकतावादी अराजक संस्कृति इत्यादिको तीव्र विस्तारको असर विशेषतः युवाहरूमा परेको छ । यी र यस्ता कुरीति र विकृतिका कारण भोलिको नेपाल के होला भन्ने अत्यन्तै चिन्ताजनक स्थितिको चित्र हाम्रा अगाडि विद्यमान छ (राना, २०७८) । प्रगतिशील-क्रान्तिकारी गीतसङ्गीतको अभियानलाई अझै समृद्ध र सशक्त तुल्याएर मात्रै यी र यस्ता विकृति-विसङ्गतिबाट जनता, समाज र राष्ट्रलाई मुक्त गर्न सकिन्छ ।

अध्याय- २

जनसांस्कृतिक परिवार र जनकलाकारहरू

कम्युनिस्ट पार्टीका कुनै घटकसँग सम्बद्ध रहेर जनवर्गीय सङ्गठनमार्फत पार्टी अभियानका रूपमा जनसांस्कृतिक गतिविधि सञ्चालन गर्ने क्रम थालनी हुनुअघि नै कयौं व्यक्तित्व र समूहहरूले प्रगतिशील गीतसङ्गीत सिर्जना गर्ने, गाउने र स्थानीयस्तरमा सांस्कृतिक कार्यक्रम सञ्चालन गर्ने काम हुँदै आएको पाइन्छ । प्रगतिशील एवम् जनवादी गीतसङ्गीतको इतिहास केलाउँदा लुम्बिनी अञ्चलमा रहेका गीतकारहरू, नृत्य-कलाकारहरू र गायकहरूले २०२४ मा रेलीमाई सांस्कृतिक मण्डल गठन गरेर लोकगीतमा नाच्दै-गाउँदै र नाटक देखाउँदै गाउँ-गाउँ जाने प्रचलन चलाएको देखिन्छ । रेलीमाई सांस्कृतिक मण्डलका प्रथम अध्यक्ष जीवराज आश्रित थिए भने सदस्यहरूमा मोदनाथ प्रश्रित, प्रचण्डबहादुर बुढाथोकीलगायत थिए (प्रधान, २०८२, जेठ २३) । रेलीमाई मण्डलले 'पचास रूपैयाँको तमसुक' शीर्षकको नाटक प्रदर्शन गरेर नेपालको सामन्ती व्यवस्था उन्मुलन गर्न शोषित-पीडित जनता एक भएर उठौं भन्ने सन्देश प्रवाहित गर्दै नेपालको वामपन्थी आन्दोलन माथि उठाउन प्रेरित गरेको थियो (आत्रेय, २०८०, पृ. ८८) । २०२३ देखि नै प्रगतिशील गीत लेख्दै, गाउँदै

जनताको दुःख–सुखमा सँगसँगै हिँडेका रेलीमाई सांस्कृतिक मण्डलका कलाकारहरूले २०२४ मा संस्था दर्ता गरेको पाइन्छ ।

कुनै खास राजनीतिक विचारधारा वा सिद्धान्तका आधारमा, कुनै राजनीतिक दलको निकट रहेर वा भ्रातृसङ्गठनका रूपमा क्रियाशील हुँदै प्रगतिशील–क्रान्तिकारी गीतसङ्गीतको सिर्जना गर्ने र गाउने क्रम तीसको दशकदेखि मात्रै सुरु भए तापनि तत्कालीन तानाशाही शासन व्यवस्थाका विरूद्ध विद्रोहचेतयुक्त गीतसङ्गीतका क्षेत्रमा २०२१ देखि नै काम हुँदै आएको तथ्य अनेकौं दस्तावेजहरूबाट पुष्टि हुन आउँछ (प्रधान, २०८१, पुस १६) । भूपि शेरचन, गोकुल जोशी, गोपालप्रसाद रिमाल लगायतका रचनामा बुटवलमा रेलीमाई सांस्कृतिक परिवारका माध्यमबाट मोदनाथ प्रश्रित, प्रचण्डबहादुर बुढाथोकी, लेखनाथ ज्ञवाली, रामप्रसाद प्रदीप आदिले जनपक्षीय गीतसङ्गीत गाउँदै विविध सांस्कृतिक अभियान सञ्चालन गरे (श्रेष्ठ, २०८१, पुस १८; पोखरेल, २०८१, असार ४) । रेलीमाई सांस्कृतिक परिवार र अभियानको तिथिमिति तथा त्यसका अगुवाहरूबारे अग्रज जनसंस्कृतिकर्मीहरूबीच मतैक्यता देखिँदैन । पोखरेल (२०८१, असार ४) का अनुसार भने राल्फा अभियानपछि २०२९ तिर मात्रै रेलीमाई सांस्कृतिक मण्डल गठन भएको हो । बुद्धिबहादुर थकालीको नेतृत्वमा रामप्रसाद प्रदीप, मोदनाथ प्रश्रित, दिल साहनीलगायतले रेलीमाईको अगुवाइ गरेका थिए (पोखरेल, २०८१, असार ४) । बीसको दशकपछि, तीसको दशकअघिकै अवधिमा रेलीमाई सांस्कृतिक मण्डल क्रियाशील रहेकामा भने मतैक्यता देखिन्छ । जनसांस्कृतिक सङ्घ–संस्थाहरूको इतिहास सुरू हुनुअघि नै केवलपुर किसान, भीमदत्त पन्त, ऋषि देवकोटा 'आजाद' आदि व्यक्तित्वहरूले पनि देशका विभिन्न भेगमा जनपक्षीय एवम् प्रगतिशील गीत गाउँदै र विभिन्न स्तरका कार्यक्रमहरु गर्दै क्रान्ति र परिवर्तनका पक्षमा जनचेतना जागृत गराएको देखिन्छ ।

राल्फा अभियान

नेपाली साङ्गीतिकजगत्मै जनस्तरबाट सवैभन्दा पहिले अस्तित्वमा देखिएको जनपक्षीय साङ्गीतिक समूह अर्थात् 'म्युजिकल ब्यान्ड' हो राल्फा समूह अर्थात् राल्फा अभियान । यो अभियान केवल गीतसङ्गीतमा मात्र सीमित छैन; नेपाली समाजले भोगिरहेको अन्याय, अत्याचार, असमानता र दुराचारका विरूद्धको स्पष्ट सन्देश, शिक्षा र आह्वान समेत हो राल्फा अभियान ।

कुशासन र तमाम विकृति-विसङ्गतिविरूद्ध विद्रोह बोल्ने र अत्याचारी शासकवर्गका विरूद्ध नयाँ तथा भिन्न विकल्पमा अघि बढ्न आह्वान गर्ने सचेत, जीवन्त र साहसिक आन्दोलन थियो राल्फा अभियान ।

शब्दकोशमा राल्फाको कुनै अर्थ थिएन । २०२३ देखि २०२९ सम्म देशका गाउँपाखा र कुनाकन्दरासम्म गीतसङ्गीतिको माध्यमबाट सशक्त जनसचेतना अभियान चलाएको त्यस आन्दोलनको नाम अर्थात् 'राल्फा' शब्दको अर्थ के हो भन्ने कुरा अहिलेसम्म आधिकारिक रूपमा खुलेको/खुलाइएको पाइँदैन । इन्टरनेट-विश्वकोश 'विकिपेडिया' मा 'राजा लाई फालौँ' वाक्याङ्शको छोटकरी रूप नै 'राल्फा' भएको उल्लेख छ । तर, अहिले पनि जीवित रहेका राल्फा अभियानका संस्थापक र अभियन्ताहरूसहित सरोकारवाला कसैले पनि यसको अर्थ यही भनेर कहींकतै पुष्टि गरेको देखिँदैन । मूलतः राल्फा समूह राजासहित तत्कालीन सरकारका विरूद्ध विद्रोह बोल्दै गीतसङ्गीत र साहित्य उत्पादन गर्ने नेपालको सामन्ती सत्ताविरोधी सांस्कृतिक समूह थियो भन्ने आम बुझाइ छ । राल्फाले त्यसबेला लक्ष्मीप्रसाद देवकोटाको रचना 'सुनको दिन एक उदाउँछ रे' लाई सङ्गीतबद्ध गरी व्यापक रूपले गाउँदै हिँडेपछि राल्फा समूह त राजतन्त्र विरोधी कम्युनिस्ट संस्था पो हो कि भनेर शासकहरूले निगरानी बढाए (प्रधान, २०८१, पुस १६) ।

२०२१ देखि २०२३ सम्म रामेश र रायन रेडियो नेपालमा गाउँथे । साहित्यकार मञ्जुल पनि रेडियो नेपालकै कार्यक्रममा कविता वाचन गर्थे । कविता पढेवापत समेत थोरै पारिश्रमिक पाइन्थ्यो; गीतसङ्गीतको त झन् पाइने नै भयो । तर, रेडियो नेपालभित्रकै कसैले कीर्ते सही गरेर रामेश र रायनले गीत गाएवापत र मञ्जुलले कवितावाचन गरेवापत पाउनुपर्ने पारिश्रमिक अरू नै कसैले खाइदिएछन् । "पछि मिलाउँला" भन्दै रेडियो नेपालको व्यवस्थापनले टारिरहेको थियो । अति नै भइसकेपछि कीर्ते गर्नेहरूका विरूद्ध मुद्दा हाल्नुपर्ने अवस्थामा पुगे रामेश, रायन र मञ्जुलहरु । त्यस प्रकरणले गर्दा एक प्रकारले रेडियो नेपालसँग उनीहरूको झगडा नै भयो । त्यहाँका 'ठूलाबडा' रिसाएको अवस्थामा त्यहीं रहेर काम गरिरहने स्थिति भएन । त्यसपछि "अब आफ्नै एउटा समूह बनाएर गीतसङ्गीत र साहित्यका क्षेत्रमा काम गर्दै जनता र राष्ट्रका निम्ति योगदान गरौँ" भन्ने निष्कर्षमा पुगेका उनीहरूले राल्फा समूह गठन गरे ।

राल्फा अभियानको नामकरणको दिन सम्झँदै त्यस अभियानका एक सदस्य गणेश रसिक भन्छन्– मञ्जुलले 'राल्फा' शब्द जन्माएका थिए । सम्झँदासम्झँदै जे–जे शब्द मनमा आउँछ, त्यसैलाई भन्ने गर्थे । त्यसै क्रममा मञ्जुलले निकालेको नामलाई स्वीकारेर समूहले आफ्नो न्वारन गऱ्यो । राल्फा शब्दको खास अर्थ छैन; मञ्जुलले सिर्जना गरेको शब्द हो (भट्टराई, २०७५) । राजनीतिक रूपमा तटस्थ समूहका रूपमा सुरू भएको राल्फा अभियान क्रमशः सांस्कृतिक आन्दोलनमा परिणत भयो । उनीहरूले पञ्चायती व्यवस्थाविरूद्ध गीत, कविता र उपन्यासहरु प्रस्तुत गरे । रसिकलाई उद्धृत गर्दै भट्टराई (२०७५) ले उल्लेख गरेका छन्– राल्फा २०२३–२४ सालतिर जन्मिएको हो, ठ्याक्कै यति नै साल हो भनेर मलाई याद छैन । सुरूआतमा त्यस समूहमा मञ्जुल, रामेश, रायन, अरिम, नोरेम र मलगायत अन्य केही साथीहरु आबद्ध थियौं ।

निरन्तर सम्पर्क, छलफल र सहकार्यपछि पारिजातले केही गरौं भन्ने ती राल्फाली युवकहरूको परम्परागत नाम परिवर्तन गरिदिइन्– रामेश्वर श्रेष्ठबाट 'रामेश', नारायणभक्त श्रेष्ठबाट 'रायन', मेघराज शर्मा नेपालबाट 'मञ्जुल' र हरिबहादुर श्रेष्ठबाट 'नोरेम', गणेशकुमार राईबाट 'रसिक' तथा अरूण–ऋषि–मनोज 'अरिम', निनु चापागाईं 'निनु', 'निरन' आदि । यसअघि नै आफ्नै नाम समेत विष्णुकुमारी वाइबाबाट 'पारिजात' बनाएकी थिइन् उनले । आफ्नै प्रोत्साहन, सङ्लग्नता र सक्रियतासहित उनले एउटा साङ्गीतिक–साहित्यिक आन्दोलनको उठानमा भूमिका निर्वाह गरिन् । त्यसको नाम पनि त चाहियो । मञ्जुलको रचना 'गितारमा सल्बलाउँदो धुन : राल्फा' बाटै उक्त समूहको न्वारन गर्न प्रस्ताव गरे रामेशले (बानियाँ, २०७५) ।

'सुतेकालाई उठाइदिन्छु, मरेकालाई ब्युँझाइदिन्छु, आगोलाई सल्काइदिन्छु...' आदि गीत थिए राल्फाका । नेपाली समाजमा हलचल नै ल्याइदियो त्यसले । यिनलाई गाउँवस्तीमा सुनाउन उकासे वामबुद्धिजीवीले । देशभरि ०२३ देखि ०२९ सम्म डुल्यो, राल्फा । वास्तवमै स्वप्निल गीत थिए, 'गाउँगाउँबाट उठ,' 'एक लस्कर भरियाहरू...,' 'नीलो जून...,' 'बालुवा, किथ्रा, मरूभूमि...,' आदि पनि । गीत गाउँदा गरिबगुरूवा नजिकिन्थे, धनीमानी परपर हुन्थे (बानियाँ, २०७५) ।

सामाजिक न्यायका लागि अराजक पनि हुनुपर्छ तर हानिकारक हुनुहुन्न भन्ने राल्फालीहरूको मान्यता थियो । तैपनि प्रश्न उठिरह्यो– आखिर के हुन् तिमीहरूका गीतहरु ? गीतबाटै जवाफ दिए उनीहरूले–

भोकै मर्ने महाकविका पेटका सारङ्गीहरू,
हाम्रा गीतहरू
नाङ्गै हिँड्ने गाइनेदाइका झुत्रा लुगाहरू,
हाम्रा गीतहरू...

चे ग्वेभारा, लेनिन, हो ची मिन्ह उनीहरूका आदर्श थिए । रामेश–मञ्जुलको बहुचर्चित जोडी एक समय गएर टुट्यो । त्यसपछि राल्फाको यात्रा सकियो । रामेश साम्यवाद ल्याउने भनेर होमिए । प्रयोगवादी गीत, प्रगतिवादतर्फ ढल्किए । त्यसैको उत्कर्ष थियो– 'गाउँगाउँबाट उठ...' (बानियाँ, २०७५) ।

'एक जुगमा एक दिन...', 'आऊ मिलाऊँ हाम्रा हातहरू...', 'सङ्घर्ष हो जीवन...', 'देश जनताको नाम हो...', 'रोक्ने को हो दूरदर्शी विचारका धारा...', 'सुनको बिहान...', 'गाई त बाँध्यो ढुङ्ग्रोमा मोही छैन...', 'कोही त भने जहाजमा सरर... ।' आदि गीत पनि रामेशकै सिर्जना हुन् । राल्फाका गीत सुनेर कम्युनिस्ट हुने धेरै भेटिन्छन् । २०४४ तिरै पार्टी–सम्बन्ध टुटाएका रामेश अहिले पनि जनताकै सेवामा हाजिर छन् (बानियाँ, २०७५) ।

वैचारिक-साङ्गठनिक पहल

पुष्पलाल श्रेष्ठको पहलमा २०२७ मा 'जनवादी सांस्कृतिक मोर्चा' गठन भयो । युद्धप्रसाद मिश्रको अध्यक्षतामा गठित उक्त मोर्चामा मदनकुमार भण्डारी, मोदनाथ प्रश्रित, दिल साहनीलगायत आबद्ध थिए । २०२९ मा 'रेलीमाई सांस्कृतिक परिवार' गठन भयो । बुद्धिबहादुर थकालीको नेतृत्वमा रामप्रसाद प्रदीप, मोदनाथ प्रश्रित, दिल साहनीलगायतले अगुवाइ गरेको 'रेलीमाई' ले त्यसबेला प्रदर्शन गरेको 'पचास रूपियाँको तमसुक' नाटक निकै चर्चित रह्यो (पोखरेल, २०८१, असार ४) । जनपक्षीय लेखक–साहित्यकार र कलाकारको नेतृत्व गर्दै २९ माघ, २०३८ मा पारिजातको अध्यक्षतामा सुवास श्रेष्ठ सचिव तथा शक्ति लम्साल, डीआर पोखरेल, नारायण शर्मालगायत सदस्य रहेको 'अखिल नेपाल जनसांस्कृतिक सङ्घ' गठन भयो ।

नेपाली कम्युनिस्ट आन्दोलन चौथो महाधिवेशन (चौम) र मार्क्सवादी–लेनिनवादी (माले) का रूपमा दुई ध्रुवमा ध्रवीकृत भएसँगै प्रगतिशील सांस्कृतिक आन्दोलन पनि प्रमुख दुई धारामा ध्रवीकृत भयो । २०३५ तिर 'वेदना' सांस्कृतिक परिवार गठन गरेर रायन, पारिजात, वदन शर्मा, दिल वरदान, सुवास श्रेष्ठ

हुँदै खुसीराम पाख्रिन, मणि थापा, जीवन शर्माहरूसम्मका जनसंस्कृतिकर्मी नेकपा (चौम) सँग निकट रहँदै एउटा ध्रुवबाट क्रियाशील रहे । सोही समयताका 'सङ्कल्प' सांस्कृतिक परिवार गठन गरेर रामेश, मञ्जुल, श्याम तमोट, कुन्ता शर्मा, शम्भु राई, प्रमोद हमाल, उदय श्रेष्ठ, राजु तुलाधर, प्रतिमा तुलाधर, रामकृष्ण दुवाल, सन्तोष श्रेष्ठ, किरण श्रेष्ठ लगायतका जनसंस्कृतिकर्मीहरू नेकपा (माले) सँग निकट रहँदै अर्को ध्रुवबाट क्रियाशील बने । सोही समयमा 'विद्यार्थी सांस्कृतिक को-अर्डिनेशन' को नेतृत्व गर्दै माधव प्रधानले यसै धाराको विद्यार्थी क्षेत्रबाट सांस्कृतिक मोर्चाको नेतृत्व गरिरहेका थिए ।

'वाम' ध्रुवका यी दुवै धारामा विभक्त भई प्रगतिशील लेखन, साहित्य तथा कलाकारिता क्षेत्रमा क्रियाशील स्रष्टा-सर्जक र कलाकारहरूको प्रतिनिधित्व गर्ने साझा संस्थाका रूपमा २०३६ मा रघु पन्तको संयोजकत्वमा 'प्रगतिशील लेखक-कलाकार सङ्घ' (प्रलेकस) गठन भयो । २०४४ मा आएर 'प्रलेकस' लेखक-साहित्यकारहरूको मात्र संस्थामा सीमित भई 'प्रगतिशील लेखक सङ्घ' (प्रलेस) मा रूपान्तरित भयो (पोखरेल, २०८१, असार ४) । २०४४ देखि नै तत्कालीन नेकपा (माले) को भ्रातृसङ्गठनकै रूपमा साहित्यकार-कलाकारहरूको संस्था 'राष्ट्रिय जनसांस्कृतिक मञ्च' गठन भयो, जो अहिलेसम्म पनि निरन्तर क्रियाशील छ । त्यसबेला उक्त मञ्चमा मोदनाथ प्रश्रित अध्यक्ष र रघु पन्त महासचिव थिए (प्रधान, २०८१, पुस १६) ।

रक्तिम सांस्कृतिक अभियान

नेपाली प्रगतिवादी सांस्कृतिक आन्दोलनको एउटा धरोहर हो रक्तिम सांस्कृतिक अभियान । जनमानसले 'रक्तिम परिवार' का नामले असाध्यै आदरका साथ चिनेको 'रक्तिम सांस्कृतिक अभियान' २६ चैत, २०४३ मा राजधानीको घन्टाघरमा सम्पन्न जनकलाकारहरूको भेलामार्फत सुपरिचित जनसांस्कृतिक योद्धा जीवन शर्माको नेतृत्वमा गठन भएको हो । रक्तिमको स्थापनाकालका अन्य सदस्यहरूमा झोकेन्द्र थापा, सुजाता गुरूङ, कृष्ण अर्याल, राधा बुढाथोकी आदि थिए । त्यसपछि यसले कहिले भूमिगत र कहिले खुला रूपमा देश-विदेशका कयौं स्थानमा जनसांस्कृतिक कार्यक्रमहरू प्रस्तुत गर्दै गयो । २०४६ को जनआन्दोलनमा यसले हजारौं जनताका बीचमा साङ्गीतिक प्रस्तुति दिंदै हिंड्यो । उक्त जनआन्दोलनयता दर्जनौं गीतिएल्बम, अनेकौं श्रब्यदृश्य सामग्री

र सयौं सांस्कृतिक कार्यक्रम तथा अभियानहरूमार्फत रक्तिम परिवार नेपालको क्रान्तिकारी, प्रगतिशील एवम् जनपक्षीय गीतसङ्गीतका क्षेत्रको एउटा अग्रणी राष्ट्रिय संस्थाका रूपमा स्थापित देखिन्छ ।

पहिलोचोटि, २०४८ मा अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (छैटौं) को एघारौं राष्ट्रिय सम्मेलनका दौरान सोही सङ्गठनको लगानीमा काठमाडौंको छाउनीस्थित रविन दर्शनधारीको अल्फा रेकर्डिङ स्टुडियोबाट रक्तिमका भाग १ र २ गरी दुईवटा अडियो क्यासेट दुई दिनमै रेकर्डिङ भएका थिए, रक्तिम अभियानकै एक सक्रिय अभियन्ता राना (२०७८) ले उल्लेख गरेका छन्– रक्तिम स्थापनाको तीन दशक पार हुँदासम्म सङ्गठनको निर्णयअनुसार १२ भागसम्म गीतिएल्बम प्रकाशित भइसकेका छन् । रक्तिमका जिल्ला, अन्य मोर्चा र व्यक्तिगत लगानीमा दर्जनौं गीतिक्यासेट तथा श्रब्यदृश्यात्मक गीतिनाटकहरू हाम्रो साथमा विद्यमान छन् । जीवन शर्माद्वारा रचित गीतिनाटक 'ठूली', 'पूजा', 'जवाफ' आदि प्रदर्शन गरेर प्रगतिशील–जनपक्षीय नाटकको क्षेत्रमा पनि रक्तिमले ठूलो योगदान पुऱ्याएको छ ।

रक्तिमका प्रायः सिर्जना र प्राप्तिमा जीवन शर्मा नै अग्रपङ्क्तिमा रहेका देखिन्छन् । यो तथ्यलाई स्वीकार्दै र रक्तिम अभियानका अनेकौं योगदानकर्ताहरूबारे प्रकाश पार्दै राना (२०७८) ले उल्लेख गरेका छन्– आजसम्म गरिएको गीति–साङ्गीतिक प्रकाशनमा जीवन शर्माजीको बाहुल्यता रहे पनि रचना, सङ्गीत र गायनको क्षेत्रमा रेम राना, दलबहादुर विश्वकर्मा, नारायण योगी, पुष्पा श्रीस, झोकेन्द्र थापा, नामबहादुर थापा, ध्रुव ज्ञवाली, नविन सुब्बा, धनकाजी गुरूङ, सचित्र केसी, नारायण शर्मा, चिरन पुन, सीता शर्मा, मणि थापा, निलिमा पुन, जगदीश श्रीस, भैरव रेग्मी, लक्ष्मी गुरूङ, छविलाल गिरी, डिलाराम आचार्य, लेखराज रेग्मी, एम प्रधान, धनराज सुब्बा, दिलमाया पुन, विष्णु पुनजस्ता दर्जनौं कलाकर्मीहरूले आफ्नो शब्द, सङ्गीत र स्वर दिएर रक्तिमको इतिहासलाई उचाई प्रदान गर्दै निरन्तर गति दिएका छन् ।

"त्यति मात्र होइन नाम नजोडिएको नृत्य–नाट्य क्षेत्रका तेजेन्द्र थापा, मीना बुढाथोकी, कमला केसी, नविना केसी, जुना परियार, नारायण परियार, दुर्गा ढकाल, रञ्जु भुसाल, रामचन्द्र भुसाल, सुमन रोका, ज्योति फौजा, धनबहादुर थापा, दुरीसा थापा, हेम पुन, सुप्रभा थापा, नन्दु गुरूङ, खेम पुन, कुन्दन राई, नेत्र राना, नरमाया राना, गीता थापा, विष्णु शर्मा, सचित्र केसी,

सुस्मा तरामु, प्रतिभा शर्माजस्ता कलाकार–नृत्यकारहरूले रक्तिमका गीत र सङ्गीतलाई थप उचाईमा पुऱ्याएका छन्" (राना, २०७८) ।

केही समययता नेपालका कम्युनिस्ट घटकहरूमा विभाजन, एकता र ध्रुवीकरणको क्रम तीव्र भएको छ । यस क्रममा रक्तिम सांस्कृतिक अभियानले मातृसंस्था मान्ने नेकपा (मसाल) भित्र अन्तर्सङ्घर्ष, किचलो र विभाजन देखापऱ्यो । आन्तरिक किचलोकै कारण केही वर्ष अघिदेखि नै रक्तिमको सुरूआतदेखि करिव चार दशकसम्मका नेतृत्वकर्ता तथा प्रमुख हस्ती जीवन शर्मा रक्तिमको नेतृत्वबाट अलग भए । उनी अहिले आफ्नै किसिमले जनसांस्कृतिक गतिविधिमा क्रियाशील रहेका देखिन्छन् ।

पछिल्लो समय सन्तबहादुर नेपालीलगायतको नेतृत्वमा मसाल विभाजित भयो । उक्त विभाजनसँगै रक्तिमका धेरै, पुराना र बहुसङ्ख्यक कलाकाररू नारायण शर्माको नेतृत्वमा मसालबाट अलग हुन पुगे । सन्तबहादुर नेतृत्वको नेकपा (मशाल) र मोहन वैद्य 'किरण' नेतृत्वको क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालबीच एकता भएसँगै शर्मा नेतृत्वको 'रक्तिम' र किरण नेतृत्वको पार्टीसम्बद्ध 'सामना' बीच एकता प्रक्रिया अघि बढेको छ (शर्मा, २०८१ वैशाख १५; दुःखी, २०८१ असार ४) ।

आफ्नो नेतृत्वमा रक्तिमको पुराना पुस्ताका धेरै जनकलाकारहरू मसालबाट अलग्गिएको शर्मा (२०८१) को दावी छ । शर्माको नेतृत्वमा रक्तिमका धेरै जनकलाकार बाहिरिएसँगै मोहनविक्रम सिंह महामन्त्री रहेको मसालले आफूसम्बद्ध रक्तिम परिवारको पुनर्गठन गरेको छ । मसालसम्बद्ध रक्तिम सुरूमा रेम रानाको अध्यक्षतामा हेमराज आश्रम महासचिव रहने गरी पुनर्गठित भएको देखिन्छ । हाल गिरिप्रसाद बुढाको अध्यक्षतामा क्रियाशील रक्तिमको उपाध्यक्षमा जीवन शाही, महासचिवमा हेमराज आश्रम र सचिवमा सविन अर्गेजा रहेका छन् ।

शर्मा (२०७८, वैशाख १५) का अनुसार उनी नेतृत्वको रक्तिम सांस्कृतिक अभियानमा दलबहादुर विश्वकर्मा, मानबहादुर भण्डारी र निलिमा पुन उपाध्यक्ष रहेका छन् । उदय रिजाल महासचिव रहेको रक्तिमको उक्त कमिटीमा धर्मदेव पन्त र शरद लामिछाने सचिव तथा डम्मर भण्डारी कोषाध्यक्ष रहेका छन् । उक्त समितिका सदस्यहरूमा शङ्कर पुन, धनबहादुर थापा, समिर विश्वकर्मा, पूर्ण राई 'सर्वहारा', खिमा पुन, ज्योति फौजा, पम्फा बन्जाडे, माधव भाट क्षेत्री,

विमा पुन, नरेश झुकाल, प्रतिभा शर्मा, हिक्मत शाही, राकेश बस्याल, सुमन भण्डारी 'संसार', कमला क्षेत्री, सुजन थापा, ईश्वर पाण्डे र कृति पुन रहेका छन् । शर्मा नेतृत्वको रक्तिममा नारायण योगी, सुरेन्द्र भण्डारी र नविना केसी सल्लाहकार रहेका छन् ।

राष्ट्रिय जनसांस्कृतिक महासङ्घ

प्रगतिशील-जनवादी सांस्कृतिक आन्दोलनमा क्रियाशील देशभरका स्रष्टाहरूलाई जम्मा पारेर पुष्पलाल श्रेष्ठको सक्रियतामा २०२८ मा राष्ट्रियस्तरको भेला गराइयो । उक्त भेलामा जनवादी संस्कृतिको दिशाबारे गहन छलफल गरियो र 'नेपाली जनवादी क्रान्तिकारी सांस्कृतिक सङ्घ' समेतको स्थापना गरियो । त्यसपछि सम्पन्न भएको प्रथम राष्ट्रिय भेलाले युद्धप्रसाद मिश्रको अध्यक्षतामा मोदनाथ प्रश्रित महासचिव रहेको 'जनवादी सांस्कृतिक सङ्घ' स्थापना गरेको पाइन्छ (मानवी, २०६७, पृ. १७७) । मानवी (२०६७) का अनुसार त्यस भेलामा जीवराज आश्रित र गोविन्द ज्ञवालीहरू पनि सहभागी थिए ।

२०४४ मा तत्कालीन नेकपा (माले) को भ्रातृसङ्गठनका रूपमा राष्ट्रिय जनसांस्कृतिक मञ्चको तदर्थ समिति गठन गरियो । नेपालको जनसांस्कृतिक आन्दोलनलाई तत्कालीन नेकपा (माले) मा आबद्ध भएका कलाकार-साहित्यकारहरू र सङ्कल्प गीतिअभियानका अभियन्ताहरूलाई एकै सङ्गठनमा आबद्ध गराउँदै उक्त तदर्थ समितिलाई मोदनाथ प्रश्रित संयोजक र रघुजी पन्त महासचिव भएर नेतृत्व प्रदान गरे । उक्त तदर्थ समितिले २३-२४ कात्तिक, २०४७ मा काठमाडौंमा प्रथम राष्ट्रिय सम्मेलन गऱ्यो । सम्मेलनबाट मोदनाथ प्रश्रित अध्यक्ष, जेबी टुहुरे उपाध्यक्ष, रामचन्द्र भट्टराई महासचिव, शोभा गौतम सचिव, गङ्गाप्रसाद उप्रेती कोषाध्यक्ष तथा माधव प्रधान, श्याम तमोट, रामकरण महतो, विजय सुब्बा, हरिदेवी कोइराला, गोविन्द विकल, साम्दे शेर्पा, पुन्यप्रसाद खरेल, धर्मप्रसाद यादव, महेश्वर राय, जगतराज पौडेल, जनकप्रसाद हुमागाईं, रविलाल अधिकारी, यमबहादुर गुरूङ, वामदेव शर्मा, रामकुमार बस्नेत, राजेन्द्रकुमार आचार्य र प्रेमसिंह धामी सदस्य रहेको कार्यसमिति गठन गऱ्यो । त्यसबेला गठन भएको यही राष्ट्रिय जनसांस्कृतिक मञ्च नै नेकपा (एमाले) को सांस्कृतिक मोर्चाका रूपमा हालसम्म निरन्तर क्रियाशील छ (प्रधान, २०८१, जेठ २३) ।

२०३६ तिरैदेखि माधव प्रधान, ओम श्रेष्ठ, याम सुब्बा, निलिमा राई, सुनील श्रेष्ठ, पूर्ण कार्की, देवी बाराकोटीलगायत आबद्ध रही 'उपत्यका सांस्कृतिक

परिवार, अनेरास्ववियु' पनि एमाले सम्बद्ध जनकलाकारहरूको संस्थाकै रूपमा क्रियाशील थियो । २०६२ पछि भने अनेरास्ववियुले यो परिवार विघटन गऱ्यो । २०४० तिर सानु मिश्र, यम पयाङ्गु, पेम्बा लामा, डम्बर ढकाललगायत आबद्ध रही काठमाडौंको बौद्धमा 'शिखर सांस्कृतिक परिवार' गठन भएको थियो । २०४६ तिर मजदूर सङ्गठनका सदस्यहरु नारायण परिश्रमी, शुभमाया, केशरा सापकोटा, कविता सापकोटा, उषा सुब्बा, विनय वर्मालगायत आबद्ध रही 'श्रमिक सांस्कृतिक परिवार' गठन गरिएको थियो । २०३६ मा सङ्कल्प गीति परिवारका तर्फबाट रघु पन्त, कुन्ता शर्मा, मञ्जुल, रामेश, अरिमलगायतले राजधानी काठमाडौं र विराटनगरमा ठूलठुला सांस्कृतिक कार्यक्रमहरु सम्पन्न गरेका थिए । २०४७ तिर 'कोरस परिवार' का तर्फबाट साम्दे शेर्पा, राजन राई, वेदना थुलुङ, अशोक राईलगायतको समूह स्वतन्त्र रूपमा तर नेकपा (एमाले) कै निकट रहेर सांस्कृतिक गतिविधिमा क्रियाशील थियो । त्यतिबेला राष्ट्रिय जनसांस्कृतिक मञ्च (राजसा मञ्च) अन्तर्गतको 'जनसांस्कृतिक परिवार (जसाप)' मा एक प्रकाको फुट समेत आएको र केही समयपछि पुनः एकीकरण भएको देखिन्छः

> २०४७ सालको मङ्सिरदेखि फागुनसम्म जनसांस्कृतिक परिवारको टोलीले जेबी टुहुरेको नेतृत्वमा पहिलो पटक मेची–महाकाली सांस्कृतिक अभियान सञ्चालन गऱ्यो । यो अभियान सम्पन्न भएपश्चात मञ्चका केन्द्रीय सदस्य साम्दे शेर्पालगायत छ जना जसापका सदस्य कलाकारहरु संस्थाबाट अलग भई 'कोरस परिवार' गठन भयो र यसले आफू स्वतन्त्र रूपमा अघि बढ्ने घोषणा गऱ्यो । यस घटनाले जसापमा समस्या उत्पन्न भयो । तत्काल जसापको भेलाले जगन्नाथ खतिवडाको अध्यक्षतामा पुनर्गठन गऱ्यो । यसको सचिवमा खगेन्द्र राई र सदस्यहरूमा अमृत राई, बलबहादुर आचार्य, गोविन्द चौधरी, डम्बर पहाडी, सविता मालाकार आदि हुनुहुन्थ्यो । पुनर्गठित जसापले राजसा मञ्चसँगको सहकार्यलाई नियमित गऱ्यो । (राई, २०६९, पृ. १७)

यतिबेला राष्ट्रिय जनसांस्कृतिक मञ्चमार्फत माधव प्रधान, उदय श्रेष्ठ, मधु गुरूङ, राजेश थापा, आकाश थापा, भरत नेपाली, अशोक राई, भूमिका सुब्बा, नारायण जर्घा मगर, माया थापा, गीता थापा, सङ्गीत सुब्बा, रूपक चौधरी, भागिरथ सुस्लिङ, जितेन्द्र चौधरी, अमृत खाती, बैकुन्ठ महत, रानु थापा, निशा लिम्बू, लिला पौडेल, डम्बर पहाडी, शारदा थापा, मेघराज

लुङ्गेली, साजन राई, किशोर थुलुङ, ओम श्रेष्ठ, कृष्णभक्त महर्जन, वसन्त केसी, वसन्ती लामा, नारायण परिश्रमी, शुभमाया, होम सुवेदी, मनोज साङ्सोङ राई, सञ्जय तुम्रुक, वन्दना मैनाली, श्रेयसी चोङ्बाङलगायतका कलाकारहरु जनसांस्कृतिक अभियानमा क्रियाशील देखिन्छन् । पुराना जनकलाकारहरु रामकृष्ण दुवाल, श्याम तमोट, मञ्जुललगायत पनि एमालेमै आबद्ध रहेर जनसांस्कृतिक महासङ्घ मार्फत नै सक्रिय छन् ।

नेकपा (एमाले) को भ्रातृसङ्गठनका रुपमा क्रियाशील जनसांस्कृतिक महासङ्घले कला–साहित्य र सांस्कृतिक गतिविधिसम्बन्धी नीति निर्माण गर्ने गरेको पाइन्छ । एमालेको पक्षमा जनमतसिर्जनाका लागि राष्ट्रिय जनसांस्कृतिक महासङ्घले मुलुकका सात प्रदेश, सतहत्तर जिल्ला र सवै पालिकामा महिला, दलित, जनजातिहरुलाई सङ्गठित गरेर प्रगतिशील भावका साङ्गीतिक कार्यक्रम र अभियानहरु निरन्तर सञ्चालन गर्दै आइरहेको राष्ट्रिय जनसांस्कृतिक महासङ्घ नेपाल, प्राज्ञिक परामर्श समितिका अध्यक्ष समेत रहेका प्रधान (२०८१, पुस १६) को भनाइ छ ।

१६ वैशाख, २०८२ मा काठमाडौंमा सम्पन्न नवौं राष्ट्रिय अधिवेशनले भूमिका सुब्बाको अध्यक्षतामा राष्ट्रिय जनसांस्कृतिक महासङ्घ, नेपालको नयाँ कार्यसमिति गठन गरेको छ । अशोककुमार राई र नमूना शर्मा उपाध्यक्ष रहेको उक्त कार्यसमितिको महासचिवमा रामचन्द्र (आरसी) न्यौपाने, उपमहासचिवमा होमराज श्रेष्ठ तथा सचिवहरुमा अशोकप्यासी राई (आर्थिक), अमृत खाती (सङ्गठन), पदम रोकाया (प्रचार) र सुवास मल्ल (विदेश) रहेका छन् । अनुशासन आयोगको अध्यमा माधव प्रधान रहेको जनसांस्कृतिक महासङ्घअन्तर्गत दर्जनौ पुराना र पाका कलाकारहरुका अतिरिक्त वर्तमान पदाधिकारीहरुसहित प्रौढ र युवा कलाकारहरु क्रियाशील छन् ।

इन्द्रेणी सांस्कृतिक समाज

पारिजात मानार्थ अध्यक्ष रही २० चैत, २०४४ मा रायनको अध्यक्षतामा 'इन्द्रेणी सांस्कृतिक समाज' (इसास) गठन भयो । रायनको नेतृत्वमा २०३५ देखि क्रियाशील 'वेदना सांस्कृतिक परिवार', वदन शर्मा, शम्भु अमात्यलगायतले नेतृत्व गरेको 'जुनेली सांस्कृतिक परिवार' र मानबहादुर दोङलगायतले नेतृत्व गरेको 'थान्का सांस्कृतिक परिवार' बीच एकता भई इन्द्रेणी सांस्कृतिक समाज

गठन भएको हो (पोखरेल, २०८१, असार ४) । इसास गीत सङ्कलन (तेस्रो संस्करण) मा उल्लेख गरिएअनुसार सामन्तवादी, हैकमवादी व्यवस्थालाई ढाल्न र वैज्ञानिक संस्कृतिको विकास गर्न सुरूदेखि नै सङ्घर्षशील संस्कृतिकर्मीहरू लाग्दै आएका थिए । सोही सिलसिलामा जुनेली परिवार, सहारा परिवार, जन-सांस्कृतिक सङ्घ, जनसंस्कृति दबु, प्रतिज्ञा, क्षितिज, वेदना, सिम्मा आदि परिवारहरू जनताको संस्कृति निर्माणमा प्रयत्नशील थिए । लामो समयदेखि क्रियाशील उपरोक्त सांस्कृतिक परिवारहरूले २०४४ सालमा आएर एकगठ भएर अघि बढ्नुपर्छ भन्ने महसुस गरे र यी सवै परिवारहरू मिलेर जन्मेको संस्थाको नाम हो- इन्द्रेणी सांस्कृतिक समाज ।

स्थापनाकालीन इसासको अध्यक्षमा रायन, उपाध्यक्षमा निनु चापागाईं, महासचिवमा हरिगोविन्द लुइँटेल र कोषाध्यक्षमा वदन शर्मा तथा सदस्यहरूमा शरद पौडेल, ईश्वर जोशी, वीरप्रसाद भन्सारी, गुजय मालाकार, मोहन घिसिङ, मोहन खड्का (हाल दिवङ्गत), शान्तकुमार राई (हाल दिवङ्गत), स्नेह शायमि, राजेन्द्र महर्जन, राजेन्द्र अधिकारी, शम्भु अमात्य लगायत रहेका देखिन्छन् । २०५३ मा सम्पन्न इसासको प्रथम राष्ट्रिय सम्मेलनले अध्यक्षमा निनु चापागाईं, उपाध्यक्षमा हरि दर्शनधारी, महासचिवमा वदन शर्मा, सचिवमा आहुति र कोषाध्यक्षमा मातृका पोखरेललाई चयन गरेको थियो (जनसंस्कृति, २०८१, पृ. १७३) । वेदनाकालमै सिर्जना भएर प्रस्तुत गरिएको 'सिम्मा' गीतिनाटकको प्रस्तुतिलाई इसासले निरन्तरता दिँदै चर्चित र स्थापित बनायो । देशभर विभिन्न स्थानमा जनसांस्कृतिक अभियान र प्रस्तुतिहरूलाई निरन्तरता दिँदै इसासले डेढ दर्जनजति गीतिक्यासेटहरू प्रकाशित गऱ्यो । पञ्चायती व्यवस्थाको अन्त्य भएर बहुदलीय व्यवस्थाको पुनर्स्थापनालगत्तै २०४७ तिर इसासको नेतृत्वमा राजधानीको खुलामञ्च (टुँडिखेल) मा विशाल सांस्कृतिक कार्यक्रम सम्पन्न भयो । सवै वाम खेमामा आबद्ध जनकलाकारहरूले उक्त कार्यक्रममा सहभागिता जनाए । २०४८ मा इसासले राजधानी काठमाडौंमा लगातार पच्चीस शो र पोखरामा तीन शो वृहत् जनसांस्कृतिक कार्यक्रम (टिकट शो) सञ्चालन गरेको थियो । इसासले २०४९ मा रायनको रचना र सङ्गीत रहेको 'कहाली' र २०५३ मा शरद पौडेलको रचनामा 'बुहारी' गीति नाटक समेत प्रस्तुत गरेको थियो (भन्सारी, २०८१, पुस २) ।

इन्द्रेणी सांस्कृतिक समाजमार्फत थुप्रै जनकलाकारहरूले जनसांस्कृतिक अभियानहरूमा योगदान दिए । टेकबहादुर बलम्पाकी, मानबहादुर दोङ,

मोहन घिसिङ, हिराकुमारी दर्लामी 'कुस्मिता', शिशिर, सुमन देवकोटा, विकास लुङ्गेली, नरेन्द्र श्रेष्ठ, सुमित्रा सिंजाली, रमा राना, शान्ति बलम्पाकी, ज्योति बलम्पाकी, शशी दर्लामी, कसम लामा, टुना आले, जयलाल थापा, शुक्र थापा, नारायण जर्घा लगायतका जनकलाकारहरूले इसासमार्फत आ–आफ्ना रचना, सङ्गीत, कला र गलाका माध्यमबाट जनसांस्कृतिक आन्दोलनका विभिन्न कालखण्डमा भूमिका निर्वाह गरे ।

२०५७ मा 'इन्द्रेणी सांस्कृतिक समाज' र 'रक्तिम सांस्कृतिक अभियान' बीच एकता भई एकीकृत जनसांस्कृतिक संस्थाका रूपमा 'प्रगतिशील सांस्कृतिक समाज' (प्रसास) बन्यो । प्रसासको अध्यक्षमा निनु चापागाईं, उपाध्यक्षमा जीवन शर्मा र महासचिवमा केशव नेपाल रहेका थिए । २०६० मा सम्पन्न प्रसासको प्रथम राष्ट्रिय सम्मेलनले अध्यक्षमा निनु चापागाईं, उपाध्यक्षमा वदन शर्मा, महासचिवमा मातृका पोखरेल र सचिवमा सुमन देवकोटालाई चयन गरेको थियो । प्रसासले 'गणतन्त्रका स्वरहरू' शीर्षक गीतिक्यासेट र 'जनसंस्कृति' नामक पत्रिका प्रकाशित गऱ्यो ।

यसरी इन्द्रेणी–रक्तिमबीच एकीकरण भई प्रसास बने तापनि कीर्तिपुरस्थित इन्द्रेणी सांस्कृतिक समाजको एक टुकडी भने त्यसमा सामेल भएन र इसासलाई नै निरन्तरता दिइरह्यो । कीर्तिपुर इसासको त्यो निरन्तरता अहिलेसम्म पनि कायमै छ । प्रसासमा नबसेका वीरप्रसाद भन्सारीको अध्यक्षतामा रहेको इसास कीर्तिपुरमा दिलिप महर्जन उपाध्यक्ष, रामकृष्ण महर्जन (हाल दिवङ्गत) सचिव र रानीशोभा महर्जन कोषाध्यक्ष थिए भने सदस्यहरूमा गुजय मालाकार, मीना महर्जन र दीपा महर्जन थिए । उक्त कार्यसमिति सहितको इन्द्रेणी सांस्कृतिक समाज, कीर्तिपुर २३ असोज, २०७४ मा जिल्ला प्रशासन कार्यालय काठमाडौंमा दर्ता गरिएको थियो । इसास कीर्तिपुरको कार्यसमिति अहिले पनि भन्सारीकै अध्यक्षतामा क्रियाशील छ । हाल गुजय मालाकार उपाध्यक्ष, राजेन्द्रकुमार महर्जन 'पुता' सचिव, रानीशोभा महर्जन कोषाध्यक्ष तथा मीना महर्जन, शिलकुमारी महर्जन र न्हुच्छेबहादुर दर्शनधारी सदस्य रहेका छन् । २०४६ को जनआन्दोलनमा कीर्तिपुरबाट सहादत प्राप्त चार सहिदहरू राजेन्द्र महर्जन, राजमान माली, हिराकाजी महर्जन र लनबहादुर महर्जनको स्मृतिमा इसास कीर्तिपुरले प्रत्येक वर्ष सांस्कृतिक कार्यक्रम गर्दै आएको छ । इसास कीर्तिपुरले साना–ठूला गरी हरेक वर्ष चार-पाँच वटा जनसांस्कृतिक कार्यक्रम गर्दै आइरहेको छ (भन्सारी, २०८१, पुस २) ।

सामना परिवार

माओवादी विचार अँगाल्ने जनकलाकारहरूको औपचारिक सङ्गठन सामना परिवारको गठन २०४८ मा आएर मात्रै भए तापनि यस धारका जनकलाकारहरु र तिनका विभिन्न सङ्गठनहरु लामो समय अघिदेखि नै क्रियाशील थिए । तत्कालीन नेकपा (चौथो महाधिवेशन) विभाजित भएर नेकपा (चौम) र नेकपा (मशाल) अस्तित्वमा आएका बेला एकीकृत चौमकालको वेदना परिवारमा क्रियाशील योद्धाहरूमध्येको एउटा खेमा संस्थागतरूपले वेदना परिवार नै समालेर निर्मल लामालगायतले नेतृत्व गरेको नेकपा (चौम) सँग आबद्ध रहिरह्यो । वेदनामा क्रियाशील खुसीराम पाख्रिन, मणि थापा, जीवन शर्मालगायतका जनकलाकारहरु भने वेदना परिवारबाट अलग्गिए र जनसांस्कृतिक सङ्घमार्फत काम गर्न थाले । चालीसको दसकको सुरूआतसँगै मशाल पनि विभाजित भएर नेकपा (मशाल) र नेकपा (मसाल) अस्तित्वमा आए । त्यसपछि जीवन शर्माहरु मशाल आबद्ध सांस्कृतिक मोर्चाबाट अलग्गिएर मसाल निकट रही काम गदै अघि बढे र २०४३ मा रक्तिम परिवार गठन गरे । २०३८ देखि सामना परिवारको गठन अघिसम्म मशाल निकट जनकलाकारहरूमध्येका खुसीराम पाख्रिनको नेतृत्वमा 'पाख्रिन परिवार' का रूपमा चिनिने चितवन सांस्कृतिक परिवार क्रियाशील रह्यो र त्यसले नेपाल–भारतका विभिन्न क्षेत्रमा जनसाङ्गीतिक अभियानहरु अघि बढायो । सोही अवधिमा कीर्तिपुर क्षेत्रमा प्रतिज्ञा सांस्कृतिक परिवार क्रियाशील रह्यो भने काठमाडौं उपत्यकामा मणि थापा, चिरञ्जीवी बराल, शिव श्रेष्ठ, हितमान शाक्य, ऋषि देवकोटा, मर्जीमान महर्जनलगायत पाँगाका कलाकारहरूसहितका थुप्रै जनसांस्कृतिककर्मीहरु झ्याली सांस्कृतिक सङ्गम गठन गरेर क्रियाशील रहे । २०४८ मा नेकपा (मशाल), नेकपा (चौम), सर्वहारावादी श्रमिक सङ्गठन र विद्रोही मसालबीच एकता भई नेकपा (एकताकेन्द्र) बनेसँगै यी सवै सांस्कृतिक परिवारहरु तथा आहुतिलगायतको नेतृत्वका तत्कालीन सर्वहारा श्रमिक सङ्गठनसम्बद्ध कलाकारहरूको टोलीसहित मिलेर एकताकेन्द्र सम्बद्ध जनसंस्कृतिकर्मीहरूको केन्द्रीय टोलीका रूपमा सामना परिवार गठन भयो (थापा, २०८२, जेठ २१) ।

२०४६ को राजनीतिक परिवर्तनपछि कम्युनिस्ट घटकहरूबीच एकता र ध्रुवीकरणको लहर चल्यो । सोही क्रममा नेकपा (मशाल), नेकपा (चौम), सर्वहारा श्रमिक सङ्गठन, विद्रोही मसालबीच एकता भएर नेकपा (एकताकेन्द्र) बन्यो । यही परिवेशमा नेकपा (माले) र नेकपा (मार्क्सवादी) बीच एकता भएर

नेकपा (एमाले) बन्यो । राल्फा हुँदै वेदना परिवारको पृष्ठभूमिबाट अघि बढेका माओवाद/माओविचारधाराप्रति आस्थावान् जनसंस्कृतिकर्मीहरूले सशस्त्र सङ्घर्षको पक्षपोषण गर्ने कम्युनिस्ट धारनिकट रहेर सांस्कृतिक सङ्गठन र अभियान अघि बढाए । राल्फा हुँदै सङ्कल्प परिवारको पृष्ठभूमिबाट आएकामध्ये मालेप्रति आस्थावान् जनसंस्कृतिकर्मीहरूले शान्तिपूर्ण राजनीति अँगाल्ने वामपन्थी धारको सांस्कृतिक सङ्गठन र अभियान अघि बढाए ।

नेकपा (एकताकेन्द्र) सम्बद्ध (पछि नेकपा (माओवादी) मा रूपान्तरित भएको) धारले साहित्य-कला क्षेत्रलाई सङ्गठित एवम् नेतृत्व गर्न 'अखिल नेपाल जनसांस्कृतिक सङ्घ' लाई सक्रिय तुल्यायो । सोही सङ्घअन्तर्गत साहित्यकारहरूको पङ्क्ति साहित्यका क्षेत्रमा काम गर्दै अघि बढ्यो भने कलाकारहरूको पङ्क्तिले विभिन्न सांस्कृतिक परिवारहरू गठन गरी जनसांस्कृतिक क्षेत्रका काम अघि बढायो । पारिजातको अध्यक्षतामा २०३८ मै गठन भएको 'अखिल नेपाल जनसांस्कृतिक सङ्घ' लाई २०४८ मा सम्पन्न पहिलो राष्ट्रिय भेलामार्फत पुनर्गठन गरियो । उक्त भेलाद्वारा कृष्ण सेन 'इच्छुक' को नेतृत्वमा शक्ति लम्साल, खुसीराम पाख्रिन, मणि थापा, ऋषिराज बराल, पूर्ण घर्ती, घनश्याम ढकाल, अमर गिरी, आहुति, घनश्याम शर्मा पौड्याल, शारदारमण नेपाल, ताराकान्त पाण्डेय, ईश्वरचन्द्र ज्ञवाली, नवीन राईलगायत सम्मिलित एक्काईस सदस्यीय केन्द्रीय संयोजन समिति निर्माण गरियो (ज्ञवाली, २०८१ असार ४; जनसंस्कृति, २०८१, पृ. १७०) ।

कला क्षेत्रमा काम गर्ने जनसांस्कृतिक सङ्घकै मातहत केन्द्रमा 'सामना' परिवार र देशका विभिन्न क्षेत्रमा अनेकौं नामका सांस्कृतिक परिवारहरू बने । तत्कालीन नेकपा (एकताकेन्द्र) को राजनीतिप्रति सहमत जनसंस्कृतिकर्मीहरूको कला क्षेत्रको केन्द्रीय संस्थाका रूपमा मणि थापाको नेतृत्वमा २०४८ मा सामना परिवार जन्मियो । २०४९ मा सामना परिवारलाई खुसीराम पाख्रिनको संयोजकत्वमा पुनर्गठन गरी सदस्यहरूमा मणि थापा, ध्रुव ज्ञवाली, चुनु गुरूङ, अञ्जना गुरूङ, धनकाजी गुरूङ, पूर्ण घर्ती र कन्हैयासिंह परियार रहने गरी विस्तार गरियो (जनसंस्कृति, २०८१, पृ. १७०) । सामना गठन भई त्यसले आफ्नो जनसांस्कृतिक गतिविधि अघि बढाइहँदा चार वर्षअघि नै गठन भएर क्रियाशील इन्द्रेणी सांस्कृतिक समाज (इसास) पनि एकताकेन्द्रकै निकट रहेर पूर्ववत् सङ्गठनात्मक संरचना र शैलीबाट निरन्तर अघि बढिरह्यो ।

जनयुद्धको थालनीअघि सामना परिवारमा खुसीराम पाख्रिन, मणि थापा, ध्रुव ज्ञवाली, धनकाजी गुरूङ, चुनु गुरूङ, पूर्ण घर्ती, सीता आचार्य, माइला

लामा, अञ्जना गुरूङ, टेकबहादुर बलम्पाकी, कन्हैयासिंह परियार, बद्रीभक्त श्रेष्ठलगायतका स्रष्टा, सर्जक र कलाकारहरु सक्रिय रहेका देखिन्छन् । हितमान शाक्य, ईश्वरचन्द्र ज्ञवाली, बाबु घिसिङ (तामाङ), कृष्णप्रसाद पौडेल, प्रकाश खनाल, जोगेन्द्र केसीलगायतको पनि सामनाको स्थापनाकालदेखि नै सक्रियता देखिन्छ । यीमध्ये शाक्य गीतकार हुन् भने ज्ञवाली प्रखर उद्घोषक, समीक्षक र समालोचक हुन्; पौडेल, खनाल र केसी नृत्यकार हुन् भने घिसिङचाहिँ गीतसङ्गीतका अतिरिक्त ललितकला, चित्रकला र सांस्कृतिक सङ्गठन एवम् कार्यक्रमको व्यवस्थापनमा सक्रिय थिए । यस अवधिमा सामनाले 'हुरी चल्दैछ, आँधी आउँदैछ', 'जलजला' र 'अभिवादन' एल्बम प्रकाशित गऱ्यो । यसबेला राजधानीसहित मुलुकका विभिन्न स्थानमा विशाल सांस्कृतिक कार्यक्रम (टिकट शो) हरु भए र सामना परिवारकै योजना र सक्रियतामा ठाउँठाउँमा विभिन्न स्तरका सांस्कृतिक/साङ्गीतिक प्रशिक्षणहरु पनि सञ्चालन गरिए ।

यी जनकलाकारहरुमध्येकी चुनु गुरूङले जनयुद्धकै क्रममा १२ वैशाख, २०५८ मा सहादत प्राप्त गरिन् । ध्रुव ज्ञवाली, धनकाजी गुरूङ र बद्रीभक्त श्रेष्ठको भने २०५३ पछि वर्गयुद्धकै बीचमा निधन भयो । अञ्जना गुरूङ, कन्हैयासिंह परियार, कृष्णप्रसाद पौडेल, जोगेन्द्र केसीलगायतचाहिँ व्यावसायिक गीतसङ्गीत र नृत्य–अभिनयतिर लागे । अरू स्रष्टा, सर्जक र कलाकारहरु क्रान्तिकारी एवम् प्रगतिशील गीतसङ्गीत र साहित्यको क्षेत्रमा क्रियाशील रहेका छन् ।

सामनाको विकेन्द्रीकरण र केन्द्रीकरण

स्थापनाकालदेखि मूलतः केन्द्रीकृत रुपमा क्रियाशील सामना परिवार जनयुद्धको थालनीदेखि २०६१ सम्म विकेन्द्रित अवस्थामा क्रियाशील रह्यो । २०६२ पछिदेखि भने सामना फेरि केन्द्रीकृत अभियान र कार्यक्रमका साथ नै अघि बढ्यो (थपलिया, २०६७, पृ. ८२०) ।

> असार, २०६० मा जाउलाखेल (ललितपुर) मा सम्पन्न जनसांस्कृतिक सङ्घको दोस्रो राष्ट्रिय सम्मेलनले मणि थापाको अध्यक्षतामा एक्काईस सदस्यीय केन्द्रीय समिति निर्माण गर्नुका साथै करिव विघटित अवस्थामा रहेको सामना परिवारलाई पूर्ण घर्तीको संयोजकत्वमा पुनर्गठन गऱ्यो । माइला लामा सहसंयोजक रहेको सामनाको उक्त कमिटीका सदस्यहरुमा सीता आचार्य, योगिता मोक्तान, राजन बम, मोहित श्रेष्ठ र प्रदीप देवान

रहे । सोही टिमले 'रातो घाम' शीर्षकमा सामना गीतिएल्बम भाग- ४ भारतबाट प्रकाशित गऱ्यो । २०६१ मा रोल्पामा सम्पन्न भेलाले डा. ऋषिराज बरालको नेतृत्वमा जनसांस्कृतिक सङ्घको राष्ट्रिय सम्मेलन आयोजक समिति गठन गर्नुका साथै खुसीराम पाख्रिनको नेतृत्वमा आधारइलाकामा जनसांस्कृतिक अभियान अघि बढाउने निर्णय गऱ्यो । ५ भदौ, २०६३ मा कीर्तिपुरमा सम्पन्न तेस्रो राष्ट्रिय सम्मेलनले ईश्वरचन्द्र ज्ञवालीको नेतृत्वमा जनसांस्कृतिक महासङ्घको उनान्तीस सदस्यीय केन्द्रीय समिति निर्माण गर्नुका साथै माइला लामाको संयोजकत्व र सीता आचार्यको सहसंयोजकत्वमा सामना परिवार पुनर्गठन गरी त्रिचालीस सदस्यीय कमिटी गठन गऱ्यो । सोही सम्मेलनको निर्णयअनुसार केन्द्रमा माइला लामा, पश्चिममा सीता आचार्य, मध्य क्षेत्रमा मोहलाल चन्द 'आधार' र पूर्वमा विजय साम्पाङ राईको नेतृत्वमा देशव्यापी अभियान अघि बढ्यो । (घर्ती, २०८२, असार २८)

सामनाकै मातहत मोहलाल चन्द 'आधार' को नेतृत्वमा पश्चिम सामना, ईन्द्रबहादुर थिङ 'छिन्ताङ' र सन्ध्या नेपाललगायतको नेतृत्वमा मध्य सामना तथा विजय साम्पाङ राईको नेतृत्वमा पूर्वी सामना गठन गरिए । २०६४ मा माइला लामा संयोजक र मोहलाल चन्द सहसंयोजक रहने गरी सामनाको पुनर्गठन भयो । २०६६ मा सामना परिवारको फेरि पुनर्गठन भई विजय साम्पाङ राई संयोजक र किशोर विश्वकर्मा सहसंयोजक बने (जनसंस्कृति, २०८१, पृ. १७२) ।

२०६४ पछि सामनाको केन्द्रीय टोलीमा माइला लामा, सीता आचार्य, लक्ष्मी गुरूङ, मोहित श्रेष्ठ, कर्णबहादुर गौतम 'विद्रोही', दिलमाया रोका 'दीपा', काशिराम बुढा 'झन्कार', केशरी घर्ती मगर 'एलिना', अनुषा साम्पाङ, आदर्श राई, कविता माझी, निशान राई, भावुक मगर, कोपिला बीएम, चन्द्रा बस्नेत, साजन थामी, सुजन तामाङ, रश्मि चाम्लिङ राई, अनिशा तामाङ, असल पाख्रिन, बखतबहादुर हमाल 'सूवर्ण', वसन्त राई, रोहित गुरूङ, सुशीलसिंह ठकुरी, सुजन लामा, पाल्मो लामा, रचना मगर, उषा बीसी, विश्वास धानुक, सङ्घर्ष मगर, भीषण, सरगम, मनोज सुवेदी 'रवि', भावना पाख्रिन, अजय तामाङलगायतका जनसंस्कृतिकर्मीहरू आबद्ध रहे (गुरूङ, २०८१, जेठ ८; श्रेष्ठ, ०८१, जेठ ८) ।

माओवादीअघि नै विभाजित सामना

वरिष्ठ माओवादी नेता मोहन वैद्य 'किरण' को नेतृत्वमा ३-५ जेठ, २०६९ मा राजधानीको बौद्धमा भएको 'राष्ट्रिय भेला' सँगै तत्कालीन एकीकृत नेकपा (माओवादी) विभाजित भयो । पार्टी विभाजनसँगै माओवादीको जनसांस्कृतिक मोर्चाका रूपमा क्रियाशील एकीकृत अखिल नेपाल जनसांस्कृतिक महासङ्घ पनि विभाजित भयोर माओवादीकै जनसाङ्गीतिक संस्था सामना परिवार भने माओवादीको औपचारिक विभाजन हुनुभन्दा केही महिनाअघि नै विभाजित भइसकेको थियो । खुसीराम पाख्रिन, माइला लामा, मोहलाल चन्द, झन्कार बुढा, असल पाख्रिन, आदर्श राई, अनिश योञ्जन, सुशीलसिंह ठकुरीलगायत सामनाका नेतृत्वकर्ता धेरैजसो जनसंस्कृतिकर्मीहरू सहित युवापुस्ताका जनकलाकारहरू किरण नेतृत्वको तत्कालीन नेकपा-माओवादी सम्बद्ध महासङ्घ र सामनातिर आबद्ध भए ।

माओवादीसम्बद्ध जनसङ्गीतकर्मीहरू विभाजित भएपछि बलराम तिमल्सिना, बखतबहादुर हमाल, गणेश भण्डारीलगायतको पहलमा भीम कुमाखीको नेतृत्वमा सामना परिवारको पुनर्गठन भयो । अनुषा साम्पाङ, सामना चौधरी, भूमिका नेपाली, सुरत विष्ट 'सुमन', निशान राई, मनिष परियार, धनु ग्याङ्मी, सरला पुन, श्रीजल लामा, भरत सारू मगर, डम्बर रोकाया, शारदा लिम्बू, विकास वाइबा, प्रगति हिङमाङलगायतका जनकलाकारहरू उक्त टोलीमा कायम रहे (तिमल्सिना, २०८२, जेठ ३१; हमाल, २०८२, असार २२) ।

किरण नेतृत्वको पार्टी पनि ८ मङ्सिर, २०७१ मा विभाजित भयो; किरणहरूसँगबाट विप्लवहरू अलग्गिए । त्यसपछि फेरि त्यताको महासङ्घ र सामना पनि विभाजित भए । माओवादी विभाजनको केही वर्षपछि पाख्रिन, झन्कारलगायत केही जनकलाकारहरू प्रचण्ड नेतृत्वकै माओवादीतिर फर्किए भने धेरै जनकलाकारहरू विभाजित घटकहरूतिरै क्रियाशील रहे । पछिल्लो पुस्ताका आरोह नेपाली, असल पाख्रिन, केशर कालीकोटे, निर्मला घिसिङ, रमण थामी, बबिता पाख्रिनलगायतका जनकलाकारहरू विभिन्न सांस्कृतिक परिवार हुँदै जनसांस्कृतिक महासङ्घ र सामना लगायतका टिमहरूमा गोलबन्द भएर जनवादी सांस्कृतिक आन्दोलनमा क्रियाशील भए । चर्चित हास्यकलाकार सुबोध गौतम पनि सामनाकै स्कुलिङबाट कलाजगत्मा उदाएका हुन् । यीमध्ये कोही माओवादी केन्द्र त कोही किरण नेतृत्वको क्रान्तिकारी कम्युनिस्ट पार्टी

र कोहीचाहिँ विप्लव नेतृत्वको नेकपा निकटका अलग–अलग सामना र विभिन्न जनसांस्कृतिक परिवारमा विभाजित रहेर क्रियाशील छन् ।

२०७० यता बखतबहादुर हमालको नेतृत्वमा सामनाको पुनर्गठन भएपछि कुश्मा महरा 'प्रगति', कर्ण विद्रोही, मोहित श्रेष्ठ, हिसन समाल, भीम कुमाखी, झन्कार बुढा, शारदा लिम्बू, केशरी घर्ती मगर 'एलिना', डम्बर रोकाया, सुशीलसिंह ठकुरी, निशान राई, मनिष परियार 'पीएम', धनु ग्याङ्मी, सरला पुन, चन्द्रा बस्नेत, श्रीजल लामा, भरत सारू मगर, सन्तोष गुरूङ, केशर कालीकोटे, टेकबहादुर बलम्पाकी, कुस्मिता दर्लामी, शान्ति कठायत, निर्मला घिसिङ, प्रगति हिङमाङ, बिहानी विक लगायतका जनकलाकारहरू माओवादी केन्द्र निकट रहेर क्रियाशील देखिन्छन् ।

आदर्श राई, असल पाख्रिन, अनिश योञ्जन, सफल सोडारी, रूषा जिम्बा, असल वाइबा, अमिट योञ्जन, सुशीला थापा, प्रतीक लामा लगायतका जनकलाकारहरू क्रान्तिकारी कम्युनिस्ट पार्टी निकट रहेर क्रियाशील देखिन्छन् । माइला लामा, चिरन पुन, आरोह नेपाली, सरल माझी, कविता पुन, प्रस्तुति, ईन्द्र विश्वकर्मा 'किशोर' लगायतका जनकलाकारहरू विप्लव नेतृत्वको नेकपा निकट रहेर जनसांस्कृतिककर्ममा क्रियाशील देखिन्छन् । लक्ष्मी गुरूङ, छिरिङ पाख्रिन, रमण थामी, अजय नक्कललगायतका जनकलाकारहरू पछिल्लो समय माओवादी आन्दोलनबाट बाहिरिए पनि जनसाङ्गीतिक गतिविधिमै क्रियाशील रहेका देखिन्छन् । चर्चित एरेन्जर नारायण दङ्गालले पनि प्रगतिशील गीतसङ्गीतको क्षेत्रमा महत्त्वपूर्ण योगदान दिइरहेको पाइन्छ ।

जनसङ्गीत मञ्च (एस)

एमालेबाट विभाजित भई माधवकुमार नेपालको नेतृत्वमा गठन भएको नेकपा (एकीकृत समाजवादी) ले ९ भदौ, २०७८ मा निर्वाचन आयोगबाट दल दर्ताको प्रमाणपत्र पायो । र, त्यसको केही समयपछि एमाले सम्बद्ध साहित्यकार–कलाकारहरूको संस्था समेत विभाजित भई एउटा हिस्सा एकीकृत समाजवादी निकट रहेर क्रियाशील भयो । 'राष्ट्रिय जनसांस्कृतिक महासङ्घ नेपाल समाजवादी' नामक उक्त संस्थाअन्तर्गत जनसाहित्य मञ्च, जनसङ्गीत मञ्च, चलचित्रकर्मी सङ्घ, ललितकला सङ्घ, जननाट्य मञ्च, सामाजिक–सांस्कृतिक

अध्ययन मञ्च र लोकसाहित्य सम्बन्धी मञ्च गरी सातवटा घटक संस्था क्रियाशील छन् (श्रेष्ठ, २०८१, पुस १८) । यस आधारमा हेर्दा एकीकृत समाजवादी सम्बद्ध जनकलाकारहरूको टोली वा संस्थाका रूपमा 'राष्ट्रिय जनसांस्कृतिक महासङ्घ नेपाल समाजवादी' अन्तर्गतको 'जनसङ्गीत मञ्च' ले नेतृत्वदायी भूमिका निर्वाह गरिरहेको देखिन्छ ।

१६ असार, २०८१ मा एकीकृत समाजवादीले दसौं राष्ट्रिय महाधिवेशन सुरु गर्‍यो । उक्त महाधिवेशन अघिसम्म पुराना एवम् वरिष्ठ जनकलाकार उदय श्रेष्ठले राष्ट्रिय जनसांस्कृतिक महासङ्घ नेपाल समाजवादी' को इन्चार्जसीप गर्दै आएका थिए भने संयोजकमा कृपाराम शर्मा (धमला) र महासचिवमा ऋषि अधिकारी क्रियाशील रहे । नेकपा (एस) को महाधिवेशनयता उक्त महासङ्घको इन्चार्जमा रामकुमार ज्ञवाली र सहइन्चार्जमा पवित्रा घर्ती मगर क्रियाशील देखिन्छन्; संयोजक र महासचिव भने पूर्ववत कायमै छन् ।

जनसङ्गीत मञ्चमा हाल ऋषि अधिकारी, ऋतु भट्टराई, पवित्रा घर्ती मगर, मीनाश्री लुङ्गेली मगर, भद्र ओली, अष्ट लामा, सूर्य साउद, अमर लामा (हाल निधन), सिर्जना घर्ती मगर, गुरुप्रसाद घर्ती मगर, भुवन बडु, सिम्रन दुलाल, पहलसिंह परियार, कृष्ण आँसु, रमेश कार्की, रीता बुढाथोकी, देवी वली, मनकुमारी सुनार, सुष्मा तिमल्सिना, ऋतिका भट्टराईलगायतका कलाकारहरु क्रियाशील छन् (घर्ती मगर, २०८२, जेठ ९) ।

समाजवादी सांस्कृतिक महासङ्घ

अधिकाङ्श माओवादी पृष्ठभूमिका र केही थप व्यक्तित्वहरु समेत समावेश भई पूर्वमाओवादी नेता डा. बाबुराम भट्टराईको नेतृत्वमा गठन भएको नेपाल समाजवादी पार्टी (नयाँ शक्ति) सँग आबद्ध रहेर जनपक्षीय लेखक तथा साहित्यकार र कलाकारहरूको एउटा टोली क्रियाशील छ । नयाँ शक्ति पार्टीले समाजवादी सांस्कृतिक महासङ्घ गठन गरी त्यसको नेतृत्व गर्ने जिम्मा रमेश खड्कालाई दिने गरी ३ पुस, २०७९ मा निर्णय गरेअनुरूप ९ माघ, २०७९ मा लेखक–साहित्यकार तथा कलाकारहरूको राष्ट्रिय भेला सम्पन्न भयो । भेलाले खड्काको अध्यक्षतामा ९ पदाधिकारी सहितको ७५ सदस्यीय कार्यसमिति गठन गर्‍यो ।

१९ पुस, २०८१ मा सम्पन्न दोस्रो राष्ट्रिय भेलाले खड्काकै अध्यक्षतामा सात पदाधिकारीसहित एकतीस सदस्यीय कार्यसमिति रहने गरी समाजवादी

सांस्कृतिक महासङ्घको पुनर्गठन गर्‍यो । स्थापनाकालमा सङ्गीत, साहित्य, नाट्य, चलचित्र, ललितकला, भाषा तथा लोकसाहित्य र सामाजिक-सांस्कृतिक अध्ययन गरी सातवटा घटक सङ्घहरूको महासङ्घका रूपमा गठन भएको समाजवादी सांस्कृतिक महासङ्घ दोस्रो राष्ट्रिय भेलापछि भने सङ्गीत, लेखक, चलचित्र, ललितकला र भाषा तथा लोकसाहित्य गरी पाँचवटा विभागको नेतृत्व गर्ने सङ्गठनमा रूपान्तरित भयो ।

समाजवादी सांस्कृतिक महासङ्घमा रमेश खड्काको अध्यक्षतामा सरस्वती पाण्डे र मनरा प्रजापति उपाध्यक्ष, भरत केसी महासचिव, दुर्गाबहादुर तामाङ कोषाध्यक्ष र तुलसा लिम्बू सचिव छन् । उक्त सङ्गठनमा कृष्णप्रसाद भट्ट, शिव अनुराग, सचिन राई, अटल राई, यस्तर तामाङ, अजय तामाङ, सोना लामा, रचना खड्का, मेरी लामा, सुजन गुरूङ, पुनम चौधरी, निशा श्रेष्ठ, प्रियता सरदार, ज्ञानबहादुर विश्वकर्मा, ममता गुरूङ, इन्द्र विशुङ्खे, विवेक खड्का, धनबहादुर गुरूङलगायत कार्यसमिति सदस्यका रूपमा क्रियाशील छन् (खड्का, २०८२, जेठ ८) ।

क्षेत्रीय र स्थानीय सांस्कृतिक परिवारहरू

बहुदलीय व्यवस्थाको पुनर्स्थापनासँगै नेपालमा विभिन्न वाम घटकहरूको सङ्गठन विस्तार तथा विभिन्न प्रकारका सङ्घर्षहरूको क्रम निकै बढेर गयो । सवै घटकहरूले जनतालाई आ–आफ्नो पार्टीतिर आकर्षित गर्ने सशक्त माध्यमका रूपमा गीतसङ्गीत र सांस्कृतिक मोर्चाहरूलाई प्राथमिकताका साथ अघि बढाए । सवैजसो पार्टीका केन्द्रीयस्तरका सांस्कृतिक परिवार बने; सङ्गठनात्मक प्रभावअनुसार क्षेत्रीय र स्थानीयस्तरमा पनि सांस्कृतिक टोलीहरु गठन भई क्रियाशील रहे । निकट भविष्यमै सशस्त्र जनयुद्धको थालनी गर्ने निर्णयका साथ तयारीमा जुटिरहेको तत्कालीन एकताकेन्द्र वा माओवादी पार्टीले पनि सांस्कृतिक मोर्चाको कामलाई प्रथामिकताका साथ अघि बढायो । २०४८–५१ को अवधिमा बागलुङमा 'विश्वास सांस्कृतिक परिवार', कैलालीमा 'जनवादी सांस्कृतिक सङ्गम', कञ्चनपुरमा 'कञ्चनजङ्घा सांस्कृतिक परिवार', नेपालगञ्जमा 'जनवादी सांस्कृतिक मञ्च', काठमाडौंमा 'भ्याली सांस्कृतिक सङ्गम', 'सूर्योदय नाट्य मञ्च' (सुनाम), 'प्रतिभाप्रवाह कलायात्रा' जस्ता समूह र संस्थाले निरङ्कुश राजतन्त्रको अन्त्य र आमूल परिवर्तनकामी क्रान्तिका पक्षमा साहित्यिक–सांस्कृतिक आन्दोलन अघि बढाए (जनसंस्कृति, २०८१, पृ. १७०) ।

जनयुद्धको क्रमसँगै आधार क्षेत्रमा 'प्रतिरोध सांस्कृतिक परिवार', 'मगर सांस्कृतिक परिवार' र 'धौलागिरी परिवार' ले क्षेत्रीय रूपबाट आफ्ना गतिविधि सञ्चालन गरे । यस क्षेत्रमा 'जलजला' (रोल्पा), 'सिस्ने' (रूकुम), 'वलिदान' (सल्यान), 'मिर्मिरे/रक्तविज' (दाङ), 'झिमरूक' (प्युठान), 'रेसुङ्गा' (गुल्मी), 'श्रीनगर' (पाल्पा), 'कालीगण्डकी' (बागलुङ), 'शिखर' (म्याग्दी), 'अर्घा' (अर्घाखाँची) लगायतका जनसांस्कृतिक परिवारहरू समेतले जनसांस्कृतिक गतिविधिहरूमाफर्त समाजको यथार्थ चित्रण गर्दै जनताको मन जित्न सफल भए (दुःखी, २०६७, पृ. ९९२) ।

उपत्यका सामना

राजधानी उपत्यकास्तरमा सांस्कृतिक अभियान सञ्चालनार्थ केन्द्रीय सामनाबाट प्रशिक्षण प्राप्त जनकलाकारहरू समावेश गरी २०५१ को अन्त्यतिर उपत्यका सामना परिवार पनि गठन भएको थियो । दिलिपकुमार प्रजापतिको साङ्गठनिक एवम् बुद्ध लामाको साङ्गीतिक नेतृत्वमा क्रियाशील उक्त टोलीमा प्रेमसागर लामा, राजकाजी महर्जन, दिनेश महर्जन, केदार गौतम, नारायणी श्रेष्ठ, रूबी श्रेष्ठ, गङ्गा श्रेष्ठ, राजकुमार श्रेष्ठ, सूवर्ण श्रेष्ठ, रामेश श्रेष्ठ, सुष्मा श्रेष्ठ, दीपक महर्जन, गौतम महर्जनलगायतका कलाकारहरू सक्रिय थिए ।

१ फागुन, २०५२ मा जनयुद्ध सुरू हुनुअघि माओवादी पार्टीको वैधानिक मञ्च 'संयुक्त जनमोर्चा, नेपाल' मार्फत देशव्यापी रूपमा आयोजित ठूलठूला जनसभा र सांस्कृतिक कार्यक्रमहरूमा केन्द्रीय सामनासँगै उपत्यका सामनाका कलाकारहरू समेतले महत्त्वपूर्ण योगदान गरे । जनयुद्धको सुरूआतअघि उपत्यकामा चलाइएको 'भलका अभियान' र विभिन्न जनवर्गीय सङ्गठनका भेला–सम्मेलनहरूमा क्रियाशील रहेको उपत्यका सामनाको क्रियाशीलता र निरन्तरता २०५४ पछि भने देखिएन ।

सांस्कृतिक क्लब, प्रतिभा र जनचेतना

केन्द्रीय सांस्कृतिक टोलीका रूपमा सामना परिवारको गठन हुनुभन्दा निकै अघिदेखि नै माओवादी आन्दोलनको आधार क्षेत्रमा विभिन्न सांस्कृतिक परिवारको गठन र सांस्कृतिक अभियान सञ्चालन भइसकेका थिए । २०३६ मा रोल्पा र रूकुममा पहिलो पटक सांस्कृतिक गतिविधि सञ्चालन भएको हो । रोल्पामा सन्तोष बुढा र रूकुममा पदम पुनको नेतृत्वमा सांस्कृतिक टोलीहरू परिचालित भए ।

२०४२ मा रूकुमको चुनबाङमा टेकबहादुर बुढाको नेतृत्वमा युवा सांस्कृतिक क्लब स्थापना भएको थियो । यसले प्रगतिवादी गीत, नृत्य र नाटकका साथसाथै खेलकुदको माध्यमद्वारा समेत युवाहरूलाई सङ्गठित गर्ने काम गऱ्यो । २०४५ मा चुनबाङमै पूर्ण घर्तीको नेतृत्वमा जिल्लास्तरीय सांस्कृतिक टोली प्रतिभा सांस्कृतिक परिवार गठन भयो । २०४२ मा गठित युवा सांस्कृतिक क्लब २०४७ को राजनीतिक परिवर्तनपछि संयुक्त जनमोर्चामा रूपान्तरित भयो (घर्ती, २०८२, असार २८) । २०४५ मा रोल्पामा कुलानन्द गिरीको नेतृत्वमा जनचेतना सांस्कृतिक परिवार क्रियाशील थियो (थपलिया, २०६७, पृ. ८३०) ।

रोल्पा–रूकुमका अतिरिक्त सल्यान र धौलागिरी क्षेत्रका सांस्कृतिक परिवारहरूको जनसांस्कृतिक आन्दोलनमा महत्त्वपूर्ण भूमिका छ । २०४७ मा सहिद सन्देशको संयोजकत्वमा सल्यानमा सिर्जना सांस्कृतिक परिवार क्रियाशील थियो । धौलागिरी क्षेत्रमा पनि विश्वास सांस्कृतिक परिवार २०४७ मा स्थापना भएको थियो (थपलिया, २०६७, पृ. ८३०) ।

प्रतिरोध परिवार

नेपालको मध्यपश्चिम क्षेत्रको चर्चित जनसांस्कृतिक परिवार हो 'प्रतिरोध सांस्कृतिक परिवार' । ...२०५७ साल मङ्सिर २२ गते प्रतिरोध सांस्कृतिक परिवार गठन भयो । यसका संस्थापक संयोजक कुलमान बुढा हुन् (थपलिया, २०६७, पृ. ८३०) । स्थापनाकालको प्रतिरोध परिवारमा बलदेव विश्वकर्मा, मोहित श्रेष्ठ, राजु, वसन्ता, दीपा रोका, सागर पुन, दर्शनालगायतका कलाकारहरू क्रियाशील थिए (श्रेष्ठ, २०८१ असार ८) । अलि पछि कर्णबहादुर गौतम 'विद्रोही', कुश्मा महरा 'प्रगति', केशरी घर्ती मगर 'एलिना' लगायतका जनकलाकारहरू पनि प्रतिरोध परिवारमा जोडिए र पश्चिम सामना हुँदै कोही जनसांस्कृतिक महासङ्घको केन्द्र त कोही केन्द्रीय सामनामा क्रियाशील हुन पुगे । प्रतिरोध परिवारको इतिहास र त्यसका प्राप्ति तथा उपलब्धिहरूबारे प्रकाश पार्दै थपलिया (२०६७) मा उल्लेख गरिएको छः

> ...२०६० भदौमा पुनर्गठित प्रतिरोध सांस्कृतिक परिवारको संयोजक मोहलाल चन्द 'आधार' र सहसंयोजक सूर्यकुमारी रामदाम रहेको यो परिवारले सम्पन्न गरेका प्रतिनिधिमूलक अभियानहरू हुन्– एकीकृत जनप्रतिरोध अभियान (२०६०), विशेष जनसैन्य अभियान (२०६१), इच्छुक स्मृति सांस्कृतिक अभियान (२०६१), शारदा–हर्ष सांस्कृतिक अभियान (२०६२),

दीर्घस्मृति सांस्कृतिक अभियान (२०६२), मेची-महाकाली सांस्कृतिक अभियान, जनएकता तथा रूपान्तरण अभियान (गण्डक क्षेत्र, २०६२/६३) तथा गणतान्त्रिक संस्कृतिका लागि प्रतिरोध अभियान (२०६३, भारत), गणतान्त्रिक जनचेतना सांस्कृतिक अभियान (२०६३), विशेष साङ्गीतिक अभियान (२०६४), संविधानसभा निर्वाचन अभियान (२०६४), प्रतिरोध जनसङ्गीत अभियान (२०६५) आदि । (पृ. ८३०)

प्रतिरोध सांस्कृतिक परिवारद्वारा प्रकाशित श्रब्यदृश्य सामग्रीबारे चर्चा गर्दै थपलिया (२०६७) ले उल्लेख गरेका छन्- "'एकै रातमा धर्ती हल्लियो' (भाग १, २०५८), 'अब छिट्टै हाम्रो आधारक्षेत्र बन्दै छ' (भाग २, २०५८), 'विद्रोहको युग' (भाग ३, २०६०), 'जनविद्रोह' (भाग ४, २०६३), 'जनएकता' (भीसीडी, भाग १, २०६५), 'रगतको इतिहास' (भीसीडी, भाग २, २०६५) आदि" (पृ. ८३०) ।

सेन-च्याङ परिवार

सांस्कृतिक सहिदहरू कृष्ण सेन 'इच्छुक' र च्याङ्बा लामाको नाम जोडेर गठन भएको मध्य नेपालको एउटा सांस्कृतिक टोली हो सेन-च्याङ सांस्कृतिक परिवार । २०५९ मा माइला लामा संयोजक रहेको सेन-च्याङ परिवारमा २०६० पछि ईन्द्रबहादुर थिङ 'छिन्ताङ' संयोजक बने । २०६१ मा शैलुङ सांस्कृतिक परिवार पनि सेन-च्याङ परिवारमै संयोजित भएपछि सेन-च्याङ-शैलुङ परिवार नामकरण गरियो र सन्ध्या नेपाल त्यसको संयोजक बनिन् । २०६२ मा यसैलाई सेन-च्याङ सांस्कृतिक कम्पनीमा रूपान्तरण गरियो र त्यसको कमिसारमा सन्ध्या, सहकमिसारमा सुशील, कमान्डरमा एकता र सहकमान्डरमा राजन बम तोकिए ।

२०६२ को अन्त्यतिर मध्यकमान्ड अन्तर्गत कलाकार टिमको बटालियन बनाइयो र सन्ध्या त्यसको संयोजक बनिन् । त्यसको मातहत सेन-च्याङसहित अनेकोट स्मृति कम्पनी, शिव-शारदा स्मृति कम्पनी र चुनु-शिल्पा स्मृति कम्पनी क्रियाशील गराइए । त्यसबेला सेन-च्याङ परिवारको कार्यक्षेत्र राजधानी उपत्यका तोकिएको थियो । उक्त परिवारले 'एक्काईसौं शताब्दीको जनयुद्ध', 'युद्धला मैदानरी रेजिङा', 'आस्थाका स्वरहरू', 'युद्धरी विना ए कोलादा', 'मर्दैन वलिदान कहिल्यै', 'लालसलाम गणतन्त्र नेपाललाई' (भीसीडी) र 'राता मान्छेहरू' (गीतिसँगालो) प्रकाशित गरेको छ (थपलिया, २०६७, पृ. ८२६) ।

चुनु-शिल्पा परिवार

दसवर्षे जनयुद्धको सिलसिलामा सहादत प्राप्त जनसंस्कृतिकर्मीहरू चुनु गुरूङ र शिल्पा तमुको नाम जोडेर १६ पुस, २०६२ मा चितवनमा चुनु-शिल्पा सांस्कृतिक परिवार गठन भएको हो । क्षितिज परिवार, नवचेतना परिवार, लापाली बिरिम परिवार, अभियान परिवार र चितवनको जिल्ला सांस्कृतिक परिवारलाई मिलाएर चुनु-शिल्पा सांस्कृतिक कम्पनी बनाइयो । उक्त कम्पनीको कमिसारमा सुशीलसिंह ठकुरी, सहकमिसारमा लक्ष्मी घलान, कमान्डरमा असल पाख्रिन र सहकमान्डरमा बिमा चयन भए ।

१७ माघ, २०६३ मा चुनुशिल्पा परिवार पुनर्गठन भयो । मणिचन्द्र कँडेल संयोजक र राजु न्यौपाने सहसंयोजक रहेर गठित उक्त परिवार २३ सदस्यीय थियो । असोज, २०६४ पछि चुनु-शिल्पा परिवारको संयोजकमा पूर्णजित पुन र सहसंयोजकमा मणिचन्द्र कँडेल चयन भए । यस परिवारले गोरखामा ठूलठूला छवटा कार्यक्रम र 'यही हो हाम्रो प्यारो भूमि देश नेपाल' शीर्षकको टिकट सो कार्यक्रम सम्पन्न गऱ्यो । चुनु-शिल्पा परिवारले 'जनसन्देश' नामक गीतिएल्बम पनि निकाल्यो (थपलिया, २०६७, पृ. ८३८) ।

क्षितिज परिवार

चिरन बराल संस्थापक संयोजक रहेको क्षितिज सांस्कृतिक परिवार २०४८ मा गठन भएको हो । २०५१ मा डीबी थापाको संयोजनमा पुनर्गठन भएको यो परिवारले २०५५ मा दोस्रो कलाकार भेला सम्पन्न गऱ्यो । २०६० मा तेस्रो कलाकार भेलाद्वारा इन्द्र विश्वकर्माको नेतृत्वमा ११ सदस्यीय गण्डक क्षेत्रस्तरीय कमिटी बनाइयो । त्यसपछि दुई टोलीमा विभाजित क्षितिज परिवारका टोलीमध्ये उत्तरी टोलीको नेतृत्व सुशीला थापा र दक्षिणी टोलीको नेतृत्व दिलिप श्रेष्ठले गरे ।

क्षितिज परिवारले गण्डक क्षेत्रमा आठवटा ठूलठूला सांस्कृतिक अभियान चलायो । यसले 'क्षितिज अभियान' नामक गीतिसङ्ग्रह तथा 'युगको आह्वान', 'युद्धको मैदान', 'जनताको सुनौलो राज आउँदैछ' र 'मार्क्सवाद पुरानो छैन' शीर्षकका गीतिएल्बम प्रकाशित गरेको छ (थपलिया, २०६७, पृ. ८३९) ।

सुखानी-चोमोलुङ्मा

३० भदौ, २०६४ मा मणिकुमार साम्पाङ 'विजय' को नेतृत्वमा कोचिला-किराँत क्षेत्रमा अखिल नेपाल जनसांस्कृतिक महासङ्घअन्तर्गत सुखानी

जनसांस्कृतिक परिवार गठन भयो । १७ जेठ, २०६५ मा अनिता खालिङको संयोजकत्वमा अखिल नेपाल जनकलाकार सङ्घको कोचिलास्तरीय तदर्थ समिति समेत गठन भयो । फागुन, २०६५ मा अनिता खालिङको संयोजकत्वमा १८ सदस्यीय कमिटी गठन गर्दै सुखानी परिवार पुनर्गठित भयो । जेहान किराँतीलाई सुनसरी, विक्रम ओलीलाई झापा र मातृका बराललाई मोरङमा कार्यक्षेत्र तोकी राज्यस्तरीय सांस्कृतिक आन्दोलन अघि बढाइयो ।

सोही क्षेत्रमा शैलेसको संयोजकत्व र रोशन देवकोटाको सहसंयोजकत्वमा मणिकुमार साम्पाङले नै पार्टीबाट हेर्ने गरी चोमोलुङ्मा सांस्कृतिक परिवार पनि क्रियाशील थियो । चोमोलुङ्मा परिवारले 'नयाँ युगका आवाजहरू' शीर्षकको गीतिएल्बम समेत प्रकाशित गर्‍यो (थपलिया, २०६७, पृ. ८४२-८४३) ।

सांस्कृतिक सङ्गम र इच्छुक परिवार

यस क्षेत्रमा कालीबहादुर मल्लको नेतृत्वमा २०३८ देखि जनसांस्कृतिक गतिविधिहरू सञ्चालन हुन थालेको देखिन्छ । जाजरकोटबाट जनसांस्कृतिक गतिविधि सुरू भएको यस क्षेत्रको कालीकोटमा २०५५ मा 'चुली सांस्कृतिक परिवार' गठन भएको देखिन्छ । साउन, २०५८ मा हर्षबहादुर शाही संयोजक र उषाकिरण सहसंयोजक रहेर 'भेरी-कर्णाली सांस्कृतिक सङ्गम' गठन भयो । शाहीको सहादतपछि पूर्वराज चौधरी 'विशाल' को नेतृत्वमा यो परिवार पुनर्गठन भएपछि जनसांस्कृतिक अभियान सुरू गरेलगत्तै ४ पुस, २०५९ मा विशालको पनि सहादत भयो । त्यसपछि सीता आचार्य 'लिमा' को नेतृत्वमा अभियान अघि बढ्यो । २०६० मा बालाराम विश्वकर्माको नेतृत्वमा पुनर्गठन भएसँगै यस परिवारको नाम परिवर्तन गरी 'इच्छुक सांस्कृतिक परिवार' नामकरण गरियो । त्यसपछि २०६१ मा झलक राना, २०६३ मा दानसिंह विश्वकर्मा, २०६४ मा खड्गविवश बास्पानेले यस परिवारको नेतृत्व गरेको देखिन्छ । २०६५ मा शक्ति विश्वकर्माले कर्णाली र किरण शाहीले भेरीको संयोजक बनेर यो परिवारको नेतृत्व समाले ।

भेरी-कर्णाली क्षेत्रमा 'हिमाली सांस्कृतिक परिवार' (हुम्ला), 'रारा सांस्कृतिक परिवार' (मुगु), 'कान्जिरोवा सांस्कृतिक परिवार' (जुम्ला), 'शे-फोक्सुन्डो सांस्कृतिक परिवार' (डोल्पा), 'जुनी सांस्कृतिक परिवार' (जाजरकोट), 'नौमुले सांस्कृतिक परिवार' (दैलेख), 'अवल्चिङ सांस्कृतिक परिवार (सुर्खेत) 'चुली सांस्कृतिक परिवार' (कालीकोट) आदि क्रियाशील भएका देखिन्छन् । यस क्षेत्रबाट 'सांस्कृतिक क्रान्तिका यात्रीहरू' गीतिएल्बम प्रकाशित भयो (थपलिया, २०६७, पृ. ८४४-८४५) ।

ताम्सालिङ परिवार

माघ, २०६२ मा दोलखामा अनेकोट सांस्कृतिक कम्पनी गठन भएको थियो । ३०६३ मा 'अनेकोट परिवार' र 'शिव-शारदा सांस्कृतिक कम्पनी' लाई समायोजन गरी 'अनेकोट सांस्कृतिक परिवार' गठन भयो । त्यसपछि मङ्सिर, २०६४ मा विगुल थामीको अध्यक्षतामा १९ सदस्यीय अखिल नेपाल जनकलाकार सङ्घको ताम्सालिङ राज्य समिति गठन भयो ।

अन्त्यमा 'तामाङ ह्विमठिम थेवे' र 'अनेकोट सांस्कृतिक परिवार' लाई समायोजन गरी 'ताम्सालिङ सांस्कृतिक परिवार' गठन गरियो । यस परिवारले 'लक्ष्य' नामक गीतिएल्बमका साथै 'राई गाउँ सहिद गेट' शीर्षकमा कर्साङसिंह पाख्रिनको एकल गीतिएल्बम र भीसीडी समेत प्रकाशित गरेको छ (थपलिया, २०६७, पृ. ८४६) ।

कञ्चनजङ्घा परिवार

लिम्बुवान क्षेत्रमा असङ्गठित रूपमै भए पनि २०५८ देखि जनसांस्कृतिक गतिविधि अघि बढेको थियो । २०५९ मा शर्मिलाको नेतृत्वमा १५ सदस्यीय जनकलाकार परिवार गठन भएपछि यस क्षेत्रको सांस्कृतिक गतिविधिले सङ्गठनात्मक स्वरूप ग्रहण गर्‍यो । भदौ, २०६० मा फुङनिमा लिम्बूको नेतृत्वमा १५ सदस्यीय क्षेत्रीय सांस्कृतिक टोली गठन भयो भने २०६१ मा दर्पणको संयोजकत्वमा 'गर्जन सांस्कृतिक परिवार' गठन भयो ।

यस क्षेत्रमा 'मिराक सांस्कृतिक परिवार' (पाँचथर), 'श्रीअन्तु सांस्कृतिक परिवार' (इलाम), 'छिन्ताङ सांस्कृतिक परिवार' (धनकुटा), 'पूर्वी क्षितिज सांस्कृतिक परिवार' (तेह्रथुम-सङ्खुवासभा), 'पूर्वीखबर सांस्कृतिक परिवार' (ताप्लेजुङ) लगायत क्रियाशील भएका देखिन्छन् । यस क्षेत्रबाट 'कञ्चनजङ्घा सांस्कृतिक परिवार' ले 'एउटा कथा' नामक गीतिएल्बम प्रकाशित गरेको छ (थपलिया, २०६७, पृ. ८४६-८४७) ।

विसु परिवार

सेती-महाकाली क्षेत्रीयस्तरमा २०५७ मा जयराज भट्टको नेतृत्वमा 'सैपाल सांस्कृतिक परिवार' (बझाङ) गठन भयो । २०५७ मा 'रामारोशन सांस्कृतिक परिवार' (अछाम), 'त्रिवेणी सांस्कृतिक परिवार' (बाजुरा), 'वलिदान सांस्कृतिक परिवार' (डडेल्धुरा), 'छेडा सांस्कृतिक परिवार' (डोटी), 'विशाल सांस्कृतिक

परिवार' (बैतडी), 'विनी सांस्कृतिक परिवार' (दार्चुला) गठन भए । २०५८ मा प्रभातको नेतृत्वमा 'सङ्गम सांस्कृतिक परिवार' र असार, २०५९ मा उषाकिरणको नेतृत्वमा 'विसु सांस्कृतिक परिवार' गठन भए ।

कमिसारमा प्रभात र कमान्डरमा वसन्त रहेर यस क्षेत्रमा माघ, २०५९ मा एक सय दस सदस्यीय विसु सांस्कृतिक कम्पनी गठन भयो । चैत, २०६० मा उषाकिरणको नेतृत्वमा चुली कम्पनी र मङ्सिर, २०६१ मा डम्बर रोकायाको नेतृत्वमा अपिसैपाल कम्पनी गठन भए । विसु सांस्कृतिक परिवारले 'अपिसैपालका गर्जनहरू' नामक गीतिएल्बम समेत प्रकाशित गरेको छ (थपलिया, २०६७, पृ. ८४८-८४९) ।

शैलुङ परिवार

२०५७ मा सम्पन्न जनकलाकारहरूको भेलाले राजकिशोर मण्डलको संयोजकत्वमा निर्मला साह, ज्योति चौधरी, कुसुमलाल चौधरी र दशरथ ठाकुर सदस्य रहेको पाँच सदस्यीय 'मिथिला जनसांस्कृतिक परिवार' को गठन गऱ्यो । २०५९ मा मधेस र पहाडका जनकलाकारहरूलाई सहभागी गराएर 'शैलुङ सांस्कृतिक परिवार' गठन गरियो । शैलुङ परिवारले बारा, पर्सा, सिन्धुली, सोलुखुम्बु, खोटाङ, उदयपुर, भोजपुर, सिरहा, सप्तरी, सर्लाही, रौतहट, धनुषालगायतका जिल्लाहरूमा सांस्कृतिक कार्यक्रम, प्रशिक्षण शिविर र अभियानहरू सञ्चालन गऱ्यो । किराँत वर्कर्स पार्टीबाट आएका कलाकारहरू र शैलुङ सांस्कृतिक परिवारलाई समायोजन गरेर २०६० मा ४५ सदस्यीय चोमोलुङमा सांस्कृतिक कम्पनी गठन गरियो ।

सोही क्षेत्रमा २०६३ मा मातृकाप्रसाद यादव संयोजक र सत्यनारायण भगत इन्चार्ज रहेर 'रामवृक्ष सांस्कृतिक परिवार' गठन गरियो । २०६३ मै उक्त परिवार पुनर्गठन गरी इजाज अन्सारी संयोजक र सत्यनारायण भगत इन्चार्ज कायम गरियो । २०६४ मा जनसांस्कृतिक महासङ्घ, मधेसको इन्चार्जमा रोशन जनकपुरी र मिथिलाको संयोजकमा ज्योति चौधरी चयन भए । मिथिलाको एकता भेलापछि हरिदेव ठाकुर इन्चार्ज र दयानन्द सदा 'अभिजित' संयोजक चुनिए । मधेसमा जनसांस्कृतिक क्षेत्रबाट उचितन राय यादव, विदुर भगत र रामेश्वर चौधरीले सहादत प्राप्त गरे । शैलुङ सांस्कृतिक परिवारका तर्फबाट 'मुक्तियुद्धका धुनहरू' नामक गीतिएल्बम समेत प्रकाशित भयो (थपलिया, २०६७, पृ. ८४८-८४९) ।

रामेछापका क्षितिज, इन्द्रेणी र योद्धा

जनयुद्धको पहिलो सफल फौजी कारबाहीमा सहादत प्राप्त गरेकी जनकलाकार दिलकुमारी बम्जनको परिवारका धेरै सदस्य जनकलाकार थिए । दिलमायाकी दिदी यानकुमारी, दाइ प्रेमसागर, फुपू देउकुमारी र मामाहरू पाल्देन, शिवराज, कमल, नीलराज, तोयराज लामा, उत्सव लामासहित अम्बिकाप्रसाद गजुरेललगायतले स्थानीयस्तरमा **क्षितिज सांस्कृतिक परिवार** गठन गरेर जनसांस्कृतिक अभियानहरूमा महत्त्वपूर्ण योगदान पु¥याए ।

दिलमायाका मामा नीलराज लामाले पनि जनयुद्धमै सहादत प्राप्त गरे । क्षितिज परिवारका यी गतिविधिमा पूर्वी नेपालका तत्कालीन शीर्ष माओवादी नेता यानप्रसाद गौतम 'आलोक' र बेथान मोर्चाको कमान्ड समालिरहेकै बेला सहादत प्राप्त गरेका तिर्थबहादुर गौतमलगायत पनि सक्रिय रूपमा सहभागी रहँदै नेतृत्वदायी भूमिका निर्वाह गरेका थिए ।

यसै सेरोफेरोमा **इन्द्रेणी सांस्कृतिक समाज, रामेछाप**मार्फत गर्जराम तामाङ (दोङ), नेत्र तामाङ, रोशनसिंह तामाङ, अम्बरध्वज तामाङ, कुमार घिसिङ, सीता लामा, सुनिता लामा, शशीकला दोङ, कर्मध्वज तामाङ, धावा लामा, सूर्यराम लामा, शम्भु लामा, पेमा लामा, अमृत लामा, अर्थमान घिसिङ, चिनिमाया बललगायत दर्जनौं जनकलाकारहरू सङ्लग्न टोलीले पनि निरन्तर जनसांस्कृतिक कार्यक्रमहरू सञ्चालन गर्दै आएको थियो ।

नेपालमा जनयुद्ध सुरू गर्ने कि नगर्ने भन्ने विवाद उत्कर्षमा पुगेपछि २०५१ मा तत्कालीन नेकपा (एकताकेन्द्र) र त्यस पार्टीको वैधानिक मोर्चा संयुक्त जनमोर्चा नेपाल विभाजित भए । जनयुद्ध सुरू गर्नुपर्छ भन्ने धारका लागि एकताकेन्द्र विभाजनका कारण सम्भवतः देशभरमै सवैभन्दा ठूलो साङ्गठनिक क्षति रामेछापमा नै भयो । जिल्लामा विभाजनअघिको पार्टीका धेरैजसो नेता–कार्यकर्ता जनयुद्ध गर्नु हुँदैन भन्ने पक्षतिर लागेपछि जनयुद्ध गर्नुपर्छ भन्ने पक्षका राजधानी उपत्यका बस्ने रामेछापेली युवाहरूले संयुक्त जनमोर्चाको सम्पर्क समिति र त्यसको मातहत **योद्धा परिवार** नामक सांस्कृतिक सङ्गठन गठन गरी आक्रामक ढङ्गले काम गरे । केदार गौतम, शङ्कर (प्रकाश) खड्का, मानध्वज लामा, नवराज केसी, प्रेमसागर लामा, रमेश ढुङ्गेल, साइँला लामा, मदन नगरकोटी, इन्द्रकुमार श्रेष्ठ, कमान लामा, काजीबाबु खड्का, बाबु तामाङ, पुष्कर लामा, अनिल दोङ, हर्क लामा, वस्तीराम थिङ, राधिका नगरकोटी, लक्ष्मी श्रेष्ठ, विदुर ढुङ्गेललगायतका युवाहरू उक्त टोलीमा सक्रिय थिए ।

पार्टी केन्द्रबाट असारे काका र मणि थापाले रामेछापेली युवाहरूको अभियानलाई सघाए र समन्वय गरिरहे । उक्त सङ्गठनका नेता–कार्यकर्तालाई सूर्यविनायक, भक्तपुरमा धनकाजी गुरूङले गायन र वाद्यवादनमा अनि कृष्णप्रसाद पौडेलले नृत्यमा महिनौं लामो प्रशिक्षण दिए । वरिष्ठ जनगायक एवम् सङ्गीतकार ध्रुव ज्ञवाली तथा नृत्य प्रशिक्षक जोगेन्द्र केसी र प्रकाश खनालले पनि केही समय यो टोलीलाई प्रशिक्षण दिए ।

उक्त टोलीले २०५२ को दसैंतिहार अवधिभर रामेछापका गुन्सीभदौरे, बेथान, खनियापानी, लखनपुरलगायतका स्थानहरूमा विशाल सांस्कृतिक कार्यक्रमहरू सम्पन्न गऱ्यो । केन्द्रीयस्तरका वरिष्ठ सर्जक, गायक एवम् सङ्गीतकार धनकाजी गुरूङ स्वयम् सहभागी भएर ती कार्यक्रमहरूलाई भव्य तुल्याइदिए । जनयुद्ध सुरू हुनुअघि २०५२ माघ ७ देखि २६ सम्म जिल्लाव्यापी रूपमा चलाइएका अन्तिम खुला सभा र सांस्कृतिक कार्यक्रमहरूमा समेत उक्त टोलीका प्रायः युवानेता र कलाकारहरू सक्रिय रहे । १९ पुस, २०५३ मा राज्यको सशस्त्र शक्तिमाथि जनयुद्धकै पहिलो सफल फौजी कारबाही रामेछापकै बेथानमा सफल हुनुले समेत त्यहाँका युवा माओवादी कार्यकर्ताहरूको यसखाले परिश्रम निकै फलदायी बन्न पुगेको तथ्य प्रमाणित भयो ।

सिन्धुलीको ज्वालामुखी

जनयुद्धको सुरूआतअघि सिन्धुलीका क्रान्तिकारी युवाहरूले ज्वालामुखी सांस्कृतिक परिवार गठन गरेर स्थानीयस्तरमा प्रभावकारी ढङ्गबाट जनसांस्कृतिक गतिविधि अगाडि बढाए । भीष्मराज श्रेष्ठ, ईश्वर गजुरेल, ईश्वरा गुरूङ, रञ्जना श्रेष्ठ, सुचित्रा श्रेष्ठलगायतका जनकलाकारहरू उक्त टोलीमा सक्रिय थिए । मणि थापालगायतका केन्द्रीय कलाकार तथा पार्टीका नेताहरू पटक–पटक सिन्धुली पुगेर ज्वालामुखी परिवारका कलाकारहरूलाई प्रशिक्षण दिनुका साथै कार्यक्रमहरूको नेतृत्व गरे ।

भक्तपुरमा पुष्पजनजागरण

भक्तपुरमा अस्थायी बसोवास गर्ने रामेछाप, मकवानपुर, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक र दोलखाका श्रमिकहरू तथा भक्तपुरकै स्थानीयवासी समेत सहभागी भएर १९ पुस, २०६६ मा सूर्यविनायकमा पुष्पजनजागरण सांस्कृतिक परिवार गठन भयो । विश्वमै चर्चित बन्न पुगेको दोरम्बा हत्याकाण्डमा सहादत प्राप्त गरेका बाबुराम लामा (योञ्जन) 'पुष्प' को नाममा यस जनसांस्कृतिक परिवारको नामकरण भएको हो यो ।

मिङ्मा योञ्जनको अध्यक्षतामा उपाध्यक्ष बाबुलाल तामाङ, सचिव चम्पा योञ्जन, सहसचिव अनिता दोङ र कोषाध्यक्ष सिर्जना मोक्तान रही गठन भएको यस परिवारका सदस्यहरूमा रत्न दोङ, निरोज दोङ, बाबुलाल स्याङ्तान, देव दोङ, सुनिल योञ्जन, निर्मल योञ्जन, दीपक योञ्जन र माया दोङ थिए । पुष्पजनजागरण गठन भएको केही महिनापछि नै माओवादी विभाजित भयो;

एमाओवादी सम्बद्ध उक्त टोलीका अध्यक्षसहित धेरै सदस्य तथा कलाकारहरु किरण नेतृत्वको नेकपा–माओवादीतिर लागे । त्यसपछि चम्पा योञ्जनको अध्यक्षतामा पुष्पजनजागरण परिवारको पुनर्गठन भयो ।

यस परिवारमा सोम ब्लोन, कार्साङ थोकर, विशाल थिङ, थाइमान दोङ, लालकुमार मोक्तान, पूजा सुनुवार, मीना वाइबा, सविना दोङ, अमन तामाङ, अर्विन तामाङ, प्रविण तामाङ, जय दोङ, सुशीला खड्का, जस्मिन मगर, अष्टमान तामाङ, सपना तामाङ, ज्ञमदन योञ्जन, रोज थिङ, लक्ष्मी घिसिङ, रश्मि घिसिङ, निरू दोङ, सागर मोक्तान, डोल्मा तामाङ, विष्णुमाया दोङलगायतका कलाकार आबद्ध रहे । यीमध्ये धेरैजसो अहिले पनि क्रियाशील छन् भने कतिपयचाहिँ व्यक्तिगत एवम् पारिवारिक कारणले लाखापाखा लागिसकेका छन् । हाल विजय दोङको अध्यक्षतामा रहेको यस परिवारले केही गीतहरु रेकर्ड गरिसकेको छ भने दोरम्बा हत्याकाण्डकै सन्दर्भ समेटेर *'पुष्पसन्देश'* नामक श्रब्यदृश्य गीतिएल्बम प्रकाशन गर्ने तयारी गरिरहेको छ ।

जनयुद्ध र जनसङ्गीत : संश्लिष्ट अवलोकन

तत्कालीन नेकपा (माओवादी) को आह्वान र नेतृत्वमा १ फागुन, २०५२ देखि दस वर्षसम्म चलेको सशस्त्र जनयुद्ध नेपाली राजनीतिक इतिहासको उल्लेखनीय एवम् अविष्मरणीय परिघटना हो । समग्र युद्धको अवधारणाअनुरूप सञ्चालित जनयुद्धले राजनीतिक, आर्थिक र सामाजिकका साथसाथै कलासाहित्यको क्षेत्रलाई समेत व्यापक रूपले प्रभावित तुल्यायो । प्रगतिशील, जनवादी एवम् क्रान्तिकारी गीतसङ्गीतको दृष्टिले त जनयुद्धको अवधिलाई स्वर्णीम अवधि नै मान्न सकिन्छ । जनयुद्धको थालनीअघि माओवादीसम्बद्ध केन्द्रीय टोली सामना परिवारले तीनवटा गीतिक्यासेट प्रकाशित गरेको थियो । २०५१–५२ मा *'हुरी चल्दैछ, आँधी आउँदैछ'*, *'जलजला'* *'अभिवादन'* शीर्षकमा एल्बम प्रकाशित गरेको सामनाले जनयुद्धको थालनीपछि *'रातो घाम'* र *'नयाँ नेपाल'* शीर्षकका गीतिएल्बम तथा शान्ति प्रक्रियाको समयमा *'राता मान्छेहरु'* शीर्षकको श्रब्यदृश्य भीसीडी प्रकाशित गर्‍यो । शान्ति प्रक्रिया अघि बढेपछि पश्चिम सामनाले *'परिवर्तित युगसँगै'* गीतिएल्बम प्रकाशित गर्‍यो ।

जनयुद्धको अवधिमा केन्द्र, क्षेत्र, जिल्ला हुँदै स्थानीयस्तरसम्म दर्जनौ जनसांस्कृतिक परिवार र टोलीहरु गठन भई क्रियाशील रहे; हजारौंको

सङ्ख्यामा जनपक्षीय, प्रगतिशील एवम् क्रान्तिकारी गीतसङ्गीत सिर्जना भए, गाइए अनि थुप्रै गीतसङ्गीत रेकर्ड गरिए । पूर्वउपशीर्षकहरूमा समेत उल्लेख गरिसकिए अनुरूप जनयुद्धकालीन जनसाङ्गीतिक संङ्गठनहरू, अभियानहरू, एल्बमहरू तथा गीतसङ्गीतबारे थपलिया (२०६७) मा सविस्तार चर्चा गरिएको छ । पश्चिम सामनाले *'परिवर्तित युगसँगै'* र पूर्वी सामनाले *'रणमैदान'* शीर्षकका गीतिएल्बम प्रकाशित गरे । २०५४ मा पूर्ण घर्तीको नेतृत्वमा रूकुममा प्रतिभा सांस्कृतिक परिवार गठन भएको थियो । २०४९ मा मस्तबहादुर विष्टको नेतृत्वमा पुनर्गठित भएको उक्त परिवारलाई सिस्ने जनवादी सांस्कृतिक समूह नामकरण गरियो । सोही समयताका कुलानन्द गिरीको नेतृत्वमा रोल्पामा जनचेतना सांस्कृतिक परिवार गठन भयो । यसअघि २०४७ मै सन्देश (पछि सहादत) को नेतृत्वमा सल्यानमा सिर्जना सांस्कृतिक परिवार गठन भएको थियो । २२ मङ्सिर, २०५७ मा कुलमान बुढाको संयोजकत्वमा प्रतिरोध सांस्कृतिक परिवार गठन भयो । पश्चिम कमान्डस्तरमा क्रियाशील प्रतिरोध परिवार २०६० मा पुनर्गठित भएपछि मोहलाल चन्द 'आधार' संयोजक र सूर्य सहसंयोजक बने । प्रतिरोध परिवारले जनयुद्धको अवधिभर *'एकै रातमा धर्ती हल्लियो'*, *'अब छिट्टै हाम्रो आधारक्षेत्र बन्दै छ'*, *'विद्रोहको युग'* र *'जनविद्रोह'* शीर्षकका गीतिएल्बम तथा *'जनएकता'* र *'रगतको इतिहास'* शीर्षकका भीसीडी प्रकाशित गर्‍यो ।

महान् सहिदहरू कृष्ण सेन 'इच्छुक' र च्याङ्बा लामाको नामबाट २०५९ मा मध्य कमान्डमा माइला लामाको संयोजकत्वमा सेन–च्याङ सांस्कृतिक परिवार गठन भएको थियो । २०६० मा पुनर्गठित सेन–च्याङ परिवारमा छिन्ताङ संयोजक र सुशीलसिंह ठकुरी सहसंयोजक बने । सोही क्षेत्रमा क्रियाशील सैलुङ सांस्कृतिक परिवार र सेन–च्याङ २०६१ मा समायोजित भएपछि सन्ध्या नेपाल संयोजक बनिन् । २०६२ मा सेन–च्याङ सांस्कृतिक कम्पनी बन्यो । यस कम्पनीमा सन्ध्या नेपाल कमिसार, सुशीलसिंह ठकुरी सहकमिसार, एकता कमान्डर र राजन बम सहकमान्डर बने । पछि यो कम्पनी बटालियनमा रूपान्तरित भयो र यसअन्तर्गत २०६२ मा अनेकोट स्मृति, शिवशारदा स्मृति र चुनशिल्पा स्मृति गरी तीनवटा सांस्कृतिक कम्पनीहरू बने । २०६३ को अन्त्यतिर छिरिङ लामा सेन–च्याङको कमिसार बने । सेन–च्याङ परिवारले यस अवधिमा *'एक्काईसौं शताब्दीको जनयुद्ध'*, *'युद्धला मैदानरी रेजीङ'*, *'आस्थाका स्वरहरू*,

'युद्धरी निबा ए कोलादा' र *'मर्दैन वलिदान कहिल्यै'* शीर्षकका गीतिएल्बम तथा *'लालसलाम गणतन्त्र नेपाललाई'* शीर्षकको भीसीडी प्रकाशित गऱ्यो ।

रोल्पाको जलजला सांस्कृतिक परिवारद्वारा *'निरन्तर यात्रा'* र तमुवानमा क्रियाशील चुनशिल्पा सांस्कृतिक परिवारद्वारा *'जनसन्देश'* शीर्षकका गीतिएल्बम पनि जनयुद्धकै अवधिमा प्रकाशित भएका छन् । २०४८ मा चिरन बरालको संयोजकत्वमा गठन भई २०५१ मा डीबी थापाको संयोजकत्वमा पुनर्गठित भएको क्षितिज सांस्कृतिक परिवारद्वारा *'क्षितिज अभियान'* शीर्षकका गीतिसङ्ग्रहका साथै *'युगको आह्वान'*, *'युद्धको मैदान'*, *'जनताको सुनौलो राज आउँदैछ'* र *'मार्क्सवाद पुरानो छैन'* शीर्षकका गीतिएल्बम यसै अवधिमा प्रकाशित भए । कोचिला र किराँत क्षेत्रमा कार्यरत सुखानी जनसांस्कृतिक परिवार र चोमोलुङ्मा परिवार जनयुद्धकालमा पूर्वी नेपालका चर्चित जनसांस्कृतिक टोली हुन् । विजय साम्पाङ नामले चर्चित मणिकुमार साम्पाङको संयोजकत्वमा ३० भदौ, २०६४ मा २३ सदस्यीय सुखानी सांस्कृतिक परिवार गठन भएको थियो । उक्त परिवार फागुन, २०६५ मा पुनर्गठित भई अनिता खालिङको संयोजकत्वमा १८ सदस्यीय कमिटी बनेको थियो । चोमोलुङ्मा सांस्कृतिक परिवारको संयोजक शैलेश र सहसंयोजक रोशन देवकोटा थिए भने उक्त परिवारलाई संयोजन गर्ने पार्टी कमिटीको संयोजकमा विजय साम्पाङ थिए । यस परिवारद्वारा *'नयाँ युगका आवाजहरू'* शीर्षकको गीतिएल्बम प्रकाशित छ ।

कालीबहादुर मल्लको नेतृत्वमा २०३८ देखि नै जनसांस्कृतिक गतिविधिहरू अगाडि बढाइएको भेरीकर्णाली क्षेत्रको कालीकोटमा २०५५ मा चुली सांस्कृतिक परिवार गठन भयो । हर्षबहादुर शाही (पछि सहादत) चुली परिवारको संयोजक भए । यसै परिवारलाई विस्तार गरेर २०५८ मा हर्षबहादुर शाही संयोजक तथा उषाकिरण सहसंयोजक रहेको भेरी-कर्णाली सांस्कृतिक सङ्गम गठन गरियो । २०५९ मा भेरी-कर्णाली सांस्कृतिक सङ्गम इच्छुक सांस्कृतिक परिवारमा रूपान्तरित भयो । २०५९ मा बालाराम विश्वकर्मा 'हिमाल', २०६१ मा झलक राना 'राजु', २०६३ मा दानसिंह विश्वकर्मा 'शङ्कर' र २०६४ मा खड्गविवश बास्पाने इच्छुक परिवारको संयोजक बने । २०६५ पछि कर्णालीमा शक्ति विश्वकर्मा र भेरीमा किरण शाहीले संयोजकका रूपमा इच्छुक सांस्कृतिक परिवारको नेतृत्व गरे । यस परिवारले *'सांस्कृतिक क्रान्तिका योद्धाहरू'* शीर्षकको गीतिएल्बम प्रकाशित गऱ्यो ।

माघ, २०६२ मा दोलखामा अनेकोट सांस्कृतिक कम्पनी गठन भएको थियो । २०६३ मा अनेकोट परिवार र शिवशारदा सांस्कृतिक कम्पनी समाजित भई अनेकोट सांस्कृतिक परिवार बन्यो । २०६४ पछि तामाङ रिमठिम थेबे र अनेकोट परिवार संयोजित भई ताम्सालिङ सांस्कृतिक परिवार बन्यो । यस परिवारले *'लक्ष्य'* शीर्षकको गीतिएल्बम तथा *'राईगाउँ सहिदगेट'* शीर्षकको भीसीडी प्रकाशित गर्‍यो । लिम्बूवान क्षेत्रमा २०५९ मा शर्मिलाको नेतृत्वमा १५ सदस्यीय कलाकार टोली बन्यो । यस क्षेत्रमा भदौ, २०६० मा फुङ्निमा लिम्बूको नेतृत्वमा १५ सदस्यीय क्षेत्रीय सांस्कृतिक परिवार तथा २०६१ मा दर्पणको संयोजकत्वमा गर्जन सांस्कृतिक परिवार गठन भयो । यस क्षेत्रको पाँचथरमा मिराक सांस्कृतिक परिवार, इलाममा श्रीअन्तु सांस्कृतिक परिवार, धनकुटामा छिन्ताङ सांस्कृतिक परिवार, तेह्रथुम–सङ्खुवासभामा पूर्वी क्षितिज सांस्कृतिक परिवार र ताप्लेजुङमा पूर्वी खबर सांस्कृतिक परिवार क्रियाशील रहे । भदौ, २०६२ मा गर्जन सांस्कृतिक परिवारको नाम परिवर्तन गरी कञ्चनजङ्घा सांस्कृतिक परिवार बनाइयो । २०६४ पछि कञ्चनजङ्घा सांस्कृतिक परिवारको संयोजक वसन्त बान्तवा र सहसंयोजक शरद लिम्बू रहे । यस परिवारले *'एउटा कथा'* शीर्षकको अडियो सीडी प्रकाशित गर्‍यो ।

सेती–महाकाली क्षेत्रको बझाङमा २०५७ मा सैपाल सांस्कृतिक परिवार गठन भयो । २०५७ मै अछाममा रामारोशन सांस्कृतिक परिवार, बाजुरामा त्रिवेणी सांस्कृतिक परिवार, डडेलधुरामा वलिदान सांस्कृतिक परिवार, डोटीमा छेडा सांस्कृतिक परिवार, वैतडीमा विशाल सांस्कृतिक परिवार र दार्चुलामा विनी सांस्कृतिक परिवार गठन भए । यस क्षेत्रमा २०५८ मा प्रभातको नेतृत्वमा भेरीकर्णाली उपक्षेत्रीय टोली सङ्गम सांस्कृतिक परिवार र असार, २०५९ मा उषाकिरणको नेतृत्वमा विसु सांस्कृतिक परिवार गठन भए । विसु परिवारले *'अपिसैपालका गर्जनहरू'* शीर्षकको गीतिएल्बम प्रकाशित गर्‍यो ।

२०५७ मा सप्तरीमा राजकिशोर मण्डलको नेतृत्वमा निर्मल साह, ज्योति चौधरी, कुसुमलाल चौधरी र दशरथ ठाकुर सदस्य रहेको मिथिला जनसांस्कृतिक परिवार गठन भयो । मधेस र पहाडका जनकलाकारहरू समावेश गराएर २०५९ मा क्षेत्रीयस्तरको शैलुङ सांस्कृतिक परिवार गठन भयो । सोही क्षेत्रमा २०६३ मा रामवृक्ष सांस्कृतिक परिवार गठन भयो । शैलुङ परिवारले २०६० मा *'मुक्तियुद्धका धुनहरू'* शीर्षकको गीतिक्यासेट प्रकाशित गर्‍यो ।

थान्का सांस्कृतिक परिवार, वेदना सांस्कृतिक परिवार, जुनेली सांस्कृतिक परिवार तथा मङ्का दबु एकापसमा समायोजित भएर २० चैत, २०४४ मा इन्द्रेणी सांस्कृतिक समाज (इसास) गठन भयो । त्यसताका पारिजात मानार्थ अध्यक्ष रहेको इसासमा रायन श्रेष्ठ र अध्यक्ष थिए । २०५९ मा इन्द्रेणी सांस्कृतिक समाज र रक्तिम सांस्कृतिक अभियानबीच एकता भई प्रगतिशील सांस्कृतिक सङ्गठन (प्रसास) गठन भयो । यद्यपि इसासका कतिपय अगुवाहरूले भने प्रसासमा समावेश नभई इसासलाई नै निरन्तरता दिइरहे । प्रसासले *'गणतन्त्रका स्वरहरू'* शीर्षकको गीतिएल्बम प्रकाशित गऱ्यो । *रक्तिमका एक्काई भागसम्मका गीतिएल्बमहरू* र इन्द्रेणीका *'सिम्मा'*, *'बुहारी'* लगायतका गीतिनाटकहरूको अतिरिक्त आधा दर्जनजति गीतिएल्बमहरू समेत निकै जनप्रिय छन् ।

थामी राष्ट्रिय मुक्तिमोर्चाद्वारा प्रकाशित *'नाका वाछिन्टे'*, जनमुक्ति सेना नेपालद्वारा प्रकाशित *'जनमुक्ति यात्रा'*, सामना परिवारद्वारा प्रकाशित माइला लामाको एकल प्रस्तुति *'नयाँ सङ्कल्प'*, खुसीराम पाख्रिनको एकल प्रस्तुति *'रक्तक्रान्तिका गीतहरू'*, झन्कार बुढामगरको एकल प्रस्तुति *'सारङ्गीको कथा'*, मोहित श्रेष्ठ र कर्ण विद्रोहीको प्रस्तुति *'साक्षी'*, मगर भाषाको गीतिएल्बम *'उज्यालताके'*, प्रदीप देवानको एकल प्रस्तुति *'अभियान'*, कर्ण विद्रोहीको एकल प्रस्तुति *'कमरेड'*, पर्वत विश्वकर्माको एकल प्रस्तुति *'रामारोशन ताल'* लगायतका थुप्रै प्रगतिशील एवम् क्रान्तिकारी गीतिकोसेलीहरूले महान् जनयुद्धको उदात्तीकरण र नेपाली समाजको आमूल परिवर्तनका पक्षमा महत्त्वपूर्ण योगदान गरेका छन् ।

अध्याय- ३

जसको योगदान छ, ती अब छैनन्...

हरिहर यादव (१९८५-२०६१)

प्रगतिशील नेपाली गीतसङ्गीतको इतिहास र वर्तमान क्रियाशीलता नेपाली भाषामा मात्र सीमित छैन । देशभर बोलिने र लेखिने सवैजसो मातृभाषाका अनेकौं ऐतिहासिक स्रष्टा-सर्जकहरूले यसको निकै लामो इतिहास रचना गरेका छन् र वर्तमानसम्मका स्रष्टा-सर्जकरूले त्यो इतिहासलाई निरन्तरता दिँदै समृद्ध तुल्याइरहेका छन् ।

भोजपुरी भाषामा प्रगतिशील नेपाली गीतसङ्गीतको इतिहास केलाउँदा बिर्सनै नमिल्ने दुईजना व्यक्तित्व देखा पर्दछन्- **रामदेव द्विवेदी 'अलमस्त'** (१९२१-१९८७ ई.) र **हरिहर यादव** (१९८५-२०६१) । नेपालमा भोजपुरी भाषाको जनपक्षीय गीत गाउने परम्परा भारतबाट आएका प्राध्यापकबाट सुरू भएको विद्वान्हरूको भनाइ छ । अझ स्मरणीय कुरा त के छ भने नेपालमा भोजपुरी गीत-कविताको सुरूआत नै प्रगतिशील एवम् रूपान्तरणकारी गीत-कविताबाट भएको देखिन्छ ।

ठाकुरराम कलेजको स्थापनासँगै त्यहाँ हिन्दी प्राध्यापनका लागि भारतबाट रामदेव द्विवेदी 'अलमस्त' को आगमन हुन्छ । अलमस्तले हिन्दी प्राध्यापनसँगै भोजपुरी कवि सम्मेलनहरू गराउन सुरू गर्छन् र ती अवसरहरूमा भोजपुरी गीत-कविताको वाचन सुरू गर्छन् । वास्तवमा नेपालमा भोजपुरी नाम पनि त्यहींबाट स्थापित भएको देखिन्छ । उनी विद्रोही स्वभावका थिए र सामन्तवाद विरोधी थिए । यस अर्थमा उनको यो गीत नेपालमा पहिलो भोजपुरी गीत हो भन्दा अत्युक्ति नहोला (ठाकुर, २०८२, पृ. १३):

देखऽ दुनिआ बदलल जाले, नया दिन आवता
निसभेद रात गइल, फरीछ बिहान भइल
फुटले किरिनिआ भोरे सोनवा लुटावता ॥ देखऽ ॥
जाग जाई लोग अब, भाग जाई सोग सब
निअरे बा दिन उहो काग उचरावता ॥ देखऽ ॥
नान्ही चानी छौंड़ा अब के, तनिको ना बोले दबके
उड़े चिलगड़िआ से कनखी चलावता ॥ देखऽ ॥
बड़का-बड़का बाबू लोग, त्यागी राज, सुख भोग
नेताजी कहावे खातिर टोकड़ी चलावता ॥ देखऽ ॥
पहिले के रवइआ काज, छोड़ऽ 'अलमस्त' आज
गावऽ गीत जइसन जुगवा, बँसिआ बजावता ॥ देखऽ ॥

सिम्रौनगढ- ८, कचोर्वा, बारामा वि.सं. १९८५ मा जन्मेका हरिहर यादव भोजपुरी प्रगतिशील गीतसङ्गीत क्षेत्र तथा क्रान्तिकारी किसान सङ्घर्षका एक अग्रज, प्रतिष्ठित एवम् लोकप्रिय नेता हुन् । नेपाली काङ्ग्रेसको सिपाही (मुक्तिसेना) का रूपमा २००७ को सशस्त्र विद्रोहमा सहभागी हरिहरले तत्कालीन शासकवर्गद्वारा राजा-राणा-काङ्ग्रेसबीच भारतले गराएको त्रिपक्षीय दिल्ली सम्झौतालाई सहन सकेनन् र त्यसको विरोधमा कम्युनिस्ट राजनीति अँगाले ।

कम्युनिस्ट राजनीतिसँग आबद्ध रहेर २००९ देखि किसान आन्दोलनमा लागेका उनी जीवनपर्यन्त त्यसैमा समर्पित रहे । २००९, २०११ र २०१३ मा बारा-रौतहट-सर्लाहीका किसान आन्दोलनमा हरिहर यादवले रचना गरेका जनगीतहरू व्यापक रूपमा लोकप्रिय बने (ठाकुर, २०८२, पृ. १३) । 'मेला के बहार' (२०१०) जनगीतसङ्ग्रह समेत प्रकाशित गरेका यादवले किसानमाथिको शोषण-उत्पीडनबाट मुक्तिका लागि आन्दोलनमा लाग्न एउटी गृहिणीमार्फत आह्वान गर्दै रचना गरेको एउटा गीतका यी पङ्क्ति हेरौं:

हमरी कहल करऽ हर खोली घरे चलऽ,
चलिके तु बनऽ ना किसान हो बलमुआ
दिनरात काम करी मालिक महाजन कही,
तइओ नाही जाए कलगुजारी हो बलमुआ
कटनी–दउनी जब करी महाजन लेके आवे गडी,
कहे अब देइदऽ लगान हो बलमुआ
पहिले दू–चार लफ धरले पसेरिआ पर,
उहो बा पसेरी के पुजाई हो बलमुआ

२०३५/०३६ को संयुक्त विद्यार्थी आन्दोलनबाट पञ्चायती व्यवस्थाले एक धक्का खाएपछि राजा वीरेन्द्रले घोषणा गरेको जनमतसङ्ग्रहदेखि २०४६ को संयुक्त जनआन्दोलनको पृष्ठभूमिसम्मको अवधिमा समेत भोजपुरी भाषीहरूले गीतसङ्गीतमार्फत योगदान पुऱ्याएको देखिन्छ (ठाकुर, २०८२, पृ. १६) । यस अवधिमा पनि हरिहर यादवले उल्लेख्य भूमिका निर्वाह गरे । 'ब्राह्मण' र 'शूद्र हली' बीचको वादविवादमार्फत वर्गसङ्घर्षको भाव उद्बोधित गरेको उनको एउटा गीतका यी पङ्क्ति हेरौँः

ई त हउअन गहुँआ देवता शूद्र का घरे ना जइहेन
कि रहिहन त विप्र का घरे, ना त कोठी मुना जइहेन
हर त हउअन साक्षात महादेव, शूद्र का कान्ना ना चढ़िहेन
कि चढ़िहेन त विप्र का कान्ना, ना त चुल्ही में जर जइहेन

सामाजिक–राजनीतिक अधिकारका लागि मधेसी महिलाहरू घरबाहिर ननिस्कने तर 'बोलबम' भन्दै खुला रूपमा वैद्यनाथ धामलगायतका शिवालयहरूमा गङ्गाजल अर्पण गर्ने कार्यप्रति व्यङ्ग्यवाण प्रहार गर्दै हरिहर यादवले यी पङ्क्ति लेखेः

नचाले जनिआ रे कँवरथुआ बनाइके
आउर समय में घरे में घोग ताने
बोले त धीरे कोई जाने भा न जाने
काँवर में भइली नचनिआ रे कँवरथुआ०...
का जानी लोग सयान कि नादान बा
अधिकार में पछाडी जलढरी में शान बा
कइसन दुमुहाँ बचनिआ रे कँवरथुआ०...

केहू काँवर में जाए केहू जाए भाँवर में
भेद नइखे बूढ-जवान गोर चाहे साँवर में
भइले सब जनिआ नचनिआ रे कँवरथुआ०...

पूरा पञ्चायती कालभर निर्वासन र भूमिगत जीवनमा रहेका जनकवि एवम् किसान नेता यादव आफ्नो जन्मस्थल कचोर्वामा आएर खुला जीवन बिताउन सुरू गरे । सक्रिय राजनीतिसँगै उनको गीति-साङ्गीतिक यात्रा पनि जारी नै रह्यो । तर, उनी सख्त बिरामी भएपछि २०६० मा मातृका यादव, डा. गोपाल ठाकुर, बतहु यादव र विन्देश्वर यादवको पहलमा काठमाडौंस्थित नेपाल मेडिकल कलेजमा डा. रामकेवल साहको विशेष रेखदेखमा उनको स्वास्थ्योपचार गराइयो । आठ महिनाको उपचारपछि उनी घर त फर्किए तर ८ कात्तिक, २०६१ मा आफ्नै निवासमा उनको निधन भयो ।

गोकुल जोशी (१९८७-२०१८)

राईपुर, खोलाखेत, तनहुँमा ८ जेठ, १९८७ (वि.सं.) मा जन्मिएका गोकुल जोशी 'जनकवि जुरेली' का नामले समेत चर्चित रहे । ४ असार, २०१८ मा धैलाडुब्बा झापामा उनको निधन भयो । ३१ वर्षको उमेरमै निधन भएका उनले लक्ष्मीप्रसाद देवकोटा, श्यामप्रसाद शर्मा, बालकृष्ण पोखरेल, चक्रपाणि चालिसे चर्चित भारतीय साहित्यकार राहुल सांकृत्यायनजस्ता व्यक्तित्वहरूसँग सम्पर्क, सम्बन्ध र धेरथोर सहकार्य समेत गर्न भ्याए । जनताका पक्षमा गीत, कविता र कथाहरु लेख्दै जुरेली चराझैं देश–विदेशमा डुलिरहने भएकाले उनलाई 'जनकवि जुरेली' भन्ने गरिएको पाइन्छ । कवि भूपि शेरचनले उनलाई 'सच्चा जनकवि' का रूपमा उल्लेख गरेको देखिन्छ ।

सामन्तवादी व्यवस्थाका विरूद्ध जनताको आवाजलाई कतै कोमल, कतै आगाको फिलुङ्गा कविता लेखेर तथा गाएर हिँड्ने मात्र होइन आन्दोलनहरूमा भागसम्म लिने र आफूलाई एउटा सर्वाहारामा परिणत गरी घर–गृहस्थी त्यागेर हिँड्ने जनकवि गोकुल जोशीको नेपाली प्रगतिशील साहित्यमा रहेको भूमिका अविष्मरणीय साथै अनुकरणीय छ (पारिजात, २०५७, पृ. ३) । २००३ सालतिरै प्रवास (सिलाङ) पुगेका गोगुल जोशीले त्यहाँ होटलमा काम गरेको, त्यसपछि औषधि बनाउने कारखानामा काम गरेको र अन्ततः भारतीय सेनाको पियन पदमा भर्ना भएर कलकत्ताबाट मद्रास पुगेको देखिन्छ । त्यहीं केही पढ्ने–लेख्ने

मौका पाएका जोशीको क्रान्तिकारी रवाफका कारण उनले कोर्टमार्शलसम्म भोगेको र भारतीय सेनाको नोकरीबाटै हटाइएको देखिन्छ । नेपालमा २००७ को राजनीतिक परिवर्तन भएपछि त अब स्वदेशमै केही होला भन्ठानेर २००८ तिर नेपाल फर्केका उनी नेपालमा २००७ को परिवर्तन केवल व्यक्ति सटाइ मात्र रहेछ भन्ने बुझेर साह्रै निराश भएको प्रसङ्ग परिश्रमी (२०५७) ले उल्लेख गरेका छन् । डुल्दै, फिर्दै हिँड्दा नेपाल प्रजापरिषद्का तत्कालीन महामन्त्रीसँग उहाँको भेट भयो । कविता-गीत तुरून्तै रचना गरेर मिठो र मधुर स्वरले गाउन सक्ने र तर्कपूर्ण अभिव्यक्तिद्वारा मानिसलाई तत्कालै प्रभावित पार्न सक्ने खुबी भएको बुझेर उहाँलाई नेपाल प्रजापरिषद्मा प्रवेश दिइयो (परिश्रमी, २०५७, पृ. ९) ।

देश, काल, परिस्थिति बुझेर देशभर डुल्दै स्थानीय माटोको सुगन्धअनुसार सुहाउँदो जनसाहित्य लेख्ने गोकुल जोशीले स्थानीय जनबोलीलाई नै टिपेर जनजिब्रोमा झुन्डिने किसिमका गीतहरूको सिर्जना गरेका छन् । 'नवप्रभात' (जुन, १९९५), 'नेपालको भविष्य' (जुलाई, १९९५), 'डा. केआई सिंहलाई नेपाल आउन देऊ' (२०१२), 'सीमानाको दीप' (२०१५), 'एसियाको फूलबारी नेपाल', 'दुर्घटना' (कथासङ्ग्रह) इत्यादिका स्रष्टा जोशी नेपाली साहित्यमा प्रगतिपथका सुरूआती कविहरूमध्येका एक मानिन्छन् । तानाशाही शासकको विरोध गर्दै गीत र कविता लेख्ने जोशीको 'शारदा' मा प्रकाशित एउटा गीतिकविताङ्श यस्तो हेरौँः

विवश भए मनुष्य झुक्ला, भावना झुक्दैन
सहिदका लाश लुकाए पनि, दुष्टता लुक्दैन...

आमजनता मात्र नभई लेखक-साहित्यकारहरू समेतको पक्षमा आवाज उठाएर, तिनको दुरूह अवस्था चित्रण गर्दै काव्यरचना गरेका उनले लेखेका केही पङ्क्ति हेरौँः

भोकभोकै मर्न लागे कवि-कलाकार
तड्पाएर नमारिदेऊ झुन्ड्याएर मार...

'नेपालको भविष्य' गीतिसङ्ग्रहमा सङ्गृहित र रामेश श्रेष्ठको सङ्गीत र आवाजमा निकै चर्चित एवम् लोकप्रिय बनेको गोकुल जोशीको एउटा गीतका यी पङ्क्ति यस्ता छन्ः

नेपालको टाकुरामा दिन उदाएन
अझै हाम्रो पर्वतमा भाले कराएन ।
वनवनै सुसेलीमा रूनु कति पर्ला
नेपालीले कहिलेसम्म दास हुनुपर्ला ?
भोकभोकै तड्पिएर दिन कति टारौं
नौलो युग ल्याउने भए नौलो बाटो लागौं ।
को हो रोक्ने दूरदर्शी विचारका धारा ?
अग्रगामी नेपालको बोक्ने अभिभारा...

गोकुल जोशीका यति नै कृति र रचनाहरू प्रकाशित भए भनेर कुनै आधिकारिक र प्रमाणिक सूची पाइएको छैन । डा. के.आई. सिंहलाई नेपाल आउन देऊ (२०१२, वीरगञ्ज), नेपालको भविष्य (२०१३, विराटनगर), बाँच र बाँच्न देऊ (१०१४, देहरादून), नव प्रभात (२०१४, भाक्सु), एसियाको फूलबारी (२०१४, देहरादून) र सीमानाको दूत (२०१५ र २०३८, काठमाडौं) प्रकाशित भएका छन् (परिश्रमी, २०५७, पृ. २२) । त्यसैगरी, नेपाल भ्रमणका कविता (दृश्य वर्णन कविता), भागेको कमारो (ऐतिहासिक काव्य) र यात्रा अनुभव (आर्थिक, सामाजिक, सांस्कृतिक, भौगोलिक लोकगीत समेत बहुविषयको सम्मिश्रण) २०१५ मा प्रकाशित 'सीमानाको दीप' को अन्तिम पृष्ठमा नाम उल्लेख गरिएका तर हालसम्म नभेटिएको परिश्रमी (२०५७) ले उल्लेख गरेका छन् । त्यस्तै, नववेग (क्रान्तिकारी जनगीत सङ्ग्रह), निशाना (कविता सङ्ग्रह), पूर्वी नेपाल (भौगोलिक काव्य), पूर्वी नेपालको लोकगीत र संस्कृति, पूर्वी नेपालको परिचय (भूगोलसम्बन्धी) २०१४ मा छापिएको 'एसियाको फूलबारी नेपाल' को मुख पृष्ठमा उल्लेख गरिएका तर हालसम्म नभेटिएका भनी परिश्रमी (२०५७) ले उल्लेख गरेका छन् ।

केवलपुरे किसान (१९९३-२०६८)

प्रगतिशील लेखक सङ्घ (प्रलेस) का संस्थापक कोषाध्यक्ष समेत रहिसकेका केवलपुरे किसान नेपाली प्रगतिशील गीतिकविताका क्षेत्रमा अग्रपङ्क्तिका व्यक्तित्व हुन् । साधारण किसान परिवारमा २९ चैत, १९८३ वि.सं. मा धादिङ जिल्लाको केवलपुर भन्ने स्थान (हालको थाक्रे गाउँपालिका) मा जन्मेका केवलपुरे किसानको औपचारिक नाम देवीप्रसाद पौडेल हो । २१ असोज, २०६८ मा उनको निधन भयो ।

सरल जीवनशैलीका जनवादी स्रष्टा किसानको बोलीचाली र व्यवहार पनि असाध्यै विनम्र थियो । उनले संस्कृत पढे र पूर्वमध्यमासम्मको शिक्षा हासिल गरे । केवलपुरे किसानले अरूहरूझैं सिद्धान्त र वादका ठूलठूला ठेलीको अध्ययन गर्दै तीमाथि विमर्श, छलफल र वादविवाद गर्नेतिर खासै अभिरूचि देखाएनन् । उनको व्यक्तित्व जति सरल र सहज थियो, त्यस्तै सरल, सहज र सरस गीतिकविताहरू उनले लेखे अनि जनजिब्रोमा झुन्डिने किसिमबाट लोक तथा झ्याउरे भाकामा गाए ।

जनभाका र जनलयलाई नै आफ्नो प्रमुख विशेषता बनाएका उनी मूलतः नेपाली ग्रामीण जनता र किसान समुदायका निम्ति लेख्ने- ग ा उ न ` प्रतिनिधिमूलक कवि, गीतकार र जनगायक हुन् । पद्यशैली, भाषिक सरलता र स्पष्टतः जनपक्षधरता उनका सिर्जनागत विशेषता हुन् । उनले अग्रज जनकविहरू गोकुल जोशी, युद्धप्रसाद मिश्रलगायतका सिर्जनपरम्परालाई निरन्तरता दिएको देखिन्छ । जनविरोधी विचारधारा अँगाल्नेहरूले कवि किसानलाई 'गँवार र चरम नारावादी कवि' भनेर आलोचना गरेको देखिन्छ । साहित्य-कलामा रूपगत सौन्दर्य मात्रैको वकालगत गर्नेहरूले किसानका गीतिकविताहरू 'शुष्क खहरेजस्तो मात्र' रहेको टिप्पणी गरेको पाइन्छ । आफ्नो वर्गपक्षधरता दर्शाउँदै उनले लेखेका छन्:

बोल्न पाए निकै बोल्छु मकै पड्केजस्तो
लेख्नचाहिँ थोरै लेख्छु दालमा घिउ जस्तो ।
अब यस्तो परम्परा दोहोरिनु हुन्न
चुसाहाका स्तुति भा'का कविता म छुन्नँ ।

जनस्तरबाट प्रेम र आदरपूर्वक 'जनकवि' को उपाधि पाउन थालेपछि उनले भनेका छन्- "घरेलु सामन्तवाद, साम्राज्यवाद, पुँजीवाद, यथास्थितिवाद, शोषण तथा थिचोमिचोविरूद्धमा युवावस्थादेखि नै निरन्तर रूपमा कलम चलाइरहेको हुनाले मलाई प्रगतिशील साहित्यकार भनेका होलान् भन्ने लाग्छ । म आजीवन जनताको पक्षमा कलम चलाएको व्यक्ति हुँ । सरल भाषामा जनताको भावना लेख्ने व्यक्ति भएकाले प्रगतिशील साहित्यकार शब्दले चिनिनु मेरा लागि सन्तोषको कुरा हो ।"

केवलपुरे किसानका छोरा हङकङवासी कमल पौडेलको सक्रियतामा हङकङमै स्थापित 'केवलपुरे किसान पुस्तकालय' ले नरनाथ लुइँटेल, डा.

मुकेश चालिसे र मोहन दुवालको संयुक्त सम्पादनमा 'केवलपुरे किसान स्मृति ग्रन्थ' प्रकाशित गरेको छ । यस पुस्तकले जनकवि किसानको व्यक्तित्व र कृतित्वलाई समग्ररूपले परिचित र स्थापित गराउन महत्त्वपूर्ण योगदान गरेको छ । केवलपुरे किसानका आधा दर्जनभन्दा बढी गीतिकवितासङ्ग्रह प्रकाशित भएका छन् । उनको पहिलो गीतिकविता 'आह्वान' २००५ वैशाखमा र अन्तिम कविता 'बूढाका कुरा' १५ असोज, २०६८ मा प्रकाशित भएका थिए । उनका 'शिक्षा–प्रचार', 'केको डर', 'जागरणप्रति', 'हाम्रो संयुक्त मोर्चा', 'यो के हो ?' आदि गीतिकविताहरू चर्चित रहे ।

बाल्यकालमा वस्तुभाउ चराउने गोठालाका रूपमा काम गरेको, अलि पछि घरबाट भागेर कान्तिपुर (काठमाडौं) प्रवेश गरी पाकशालामा भान्सेका रूपमा काम गर्दै पढाइ अगाडि बढाएको, राणाविरोधी आन्दोलनमा सक्रिय रहँदा झन्डै पक्राउ परेको र त्यसपछि भागेर बनारस पुगेको, रेलमा पुस्तक बेच्दै जीविकोपार्जन गरेको, बनारसमै लक्ष्मीप्रसाद देवकोटा, श्यामप्रसाद शर्मा र गोकुल जोशीहरूसित भेटेको, अलि पछि पुष्पलाल श्रेष्ठहरूलाई समेत भेटेको, फेरि नेपाल फर्केर पुर्ख्यौली थलो केवलपुरमै गएर हलो जोत्ने अभियानको थालनी गरेको, केही वर्ष मास्टरी गरेको आदिजस्ता केवलपुरे किसानका जीवनचर्याका पाटा–पक्षहरूलाई 'केवलपुरे किसान स्मृति ग्रन्थ' ले समेटेको छ (सौर्य अनलाइनमा प्रकाशित सामग्रीको आधारमा) ।

केवलपुरे किसानको व्यक्तित्व, कृतित्व र सांस्कृतिक योगदानबारे चर्चा गर्दै प्रगतिवादी साहित्यिक–सांस्कृतिक चिन्तक एवम् लेखक डा. ऋषिराज बरालले उल्लेख गरेका छन्– "'बाघ आयो' (२००९), 'नेपाल नछो' (२०१०), 'समातेर पछार' (२०१२), 'छिःछिः' (२०१५), 'सङ्घर्षको ठीक गर' (२०१६) जस्ता केवलपुरे किसानका गीति–कवितासङ्ग्रहहरू यस अवधिका आर्थिक, सामाजिक र सांस्कृतिक विसङ्गति विरूद्धका उपज हुन्" (बराल, २०६३, पृ. २६) । यी कृतिपछि २०४० को दशकमा 'बोको खस्यो' र 'शङ्कैशङ्का' शीर्षकमा केवलपुरे किसानका दुई गीतिकवितासङ्ग्रह तथा 'आँसुको पोखरी' (२०५८) शोककाव्य प्रकाशित भएका देखिन्छन् ।

केवलपुरे किसानसँगको अन्तिम साक्षात्कारपछि प्रगतिवादी साहित्यिक–सांस्कृतिक चिन्तक एवम् लेखक मातृका पोखरेलले लेखेका छन्– "साँच्चैको जनबोलीमा उहाँले आफ्ना रचनाहरू सिर्जना गर्नुहुन्थ्यो र अरूसँग पनि त्यस्तै

आग्रह गर्नुहुन्थ्यो । ‥केवलपुरे किसानकै शब्दमा उहाँ कुनै पनि कम्युनिस्ट पार्टीको सदस्य हुनुहुन्नथ्यो । तर, विचार र क्रान्तिप्रतिको प्रतिबद्धता धेरै माथिल्लो थियो उहाँको । केवलपुरे किसान साँच्चै जनताका कवि हुनुहुन्थ्यो । उहाँका समकालीनहरू थुप्रैले आफूलाई बेचे र महलको सुखसयलमा डुबे तर उहाँले त्यसो गर्नु भएन; उहाँलाई पनि त्यो अवसर प्राप्त थियो । आफ्नो विवेक र इमानदारितालाई नबेचिकन प्रतिबद्ध जीवन बाँचेर उहाँले नयाँ पुस्तालाई सुन्दर बाटो देखाइदिनुभएको छ । केवलपुरे किसानबाट नयाँ पुस्ताले सिक्ने महत्त्वपूर्ण कुरा यही हो; विचारको प्रवाहमा उहाँ कहिल्यै पनि विचलित हुनुभएन" (पोखरेल, २०७६) ।

जेबी टुहुरे (२००१-२०७८)

...आँखाबाट आँसु होइन, माया बग्दोरै'छ
मृत्यु पनि मान्छेपिच्छे फरक हुँदोरै'छ
देशभक्त छोरो मर्दा देशै रूँदोरै'छ
आँखाबाट आँसु होइन, माया बग्दोरै'छ
शोकसँगै वेदनाको हुरी चल्दोरै'छ...

३ जेठ, २०५० मा चितवनको दासढुङ्गामा नेकपा (एमाले) का तत्कालीन महासचिव मदनकुमार भण्डारी र सङ्गठन विभागका प्रमुख जीवराज आश्रितको 'रहस्यमय' निधन भएलगत्तै चर्चित बनेको गीतका पङ्क्ति हुन् यी । मदन–आश्रितकै सम्मान र सम्झनास्वरूप अनिल पौडेलको शब्दरचना र जेबी टुहुरेको सङ्गीतसिर्जना एवम् गायनमा चर्चित बनेको गीत हो यो । उनै टुहुरेको १० भदौ, २०७८ मा काठमाडौंमा निधन भएपछि यो गीत उनकै सम्झना र सम्मानमा फेरि चर्चाको शिखरमा पुग्यो । १५ कात्तिक, २००१ मा धरानको मधुमल्लामा जन्मिएका हुन् टुहुरे ।

अघिल्लो सन्तानको बाल्यकालमै निधन भयो भने त्यसपछि जन्मेको सन्तानलाई जन्मनासाथ जुठो चखाइदिँदा वा जुठोमा फालिदिँदा उसको मृत्यु हुँदैन भन्ने मान्यता थियो, परम्परागत ग्रामीण नेपाली समाजमा । टुहुरेभन्दा अघिका शिशुको निधन भएकाले उनी जन्मनासाथ जुठो चखाइयो र नाम नै 'जुठबहादुर खड्गी' राखियो । जुठबहादुर दस वर्षका हुँदा (२०११ सालमा) उनका बुबा कृष्णबहादुरको निधन भएपछि आफू टुहुरो भएको महसुस गरी

उनले आफ्नो उपनाम 'टुहुरे' राखे । 'जुठबहादुर' को अङ्ग्रेजी-छोटकरीमा 'जेबी' अनि उपनाम 'टुहुरे' जोडिएर बनेको 'जेबी टुहुरे' नै उनको ऐतिहासिक परिचय बन्न पुग्यो । अन्ततः यो नाम नेपाली प्रगतिशील आन्दोलन र गीत-सङ्गीतको क्षेत्रमा अत्यन्तै सुपरिचित, स्थापित र सम्मानित व्यक्तित्वका रूपमा स्थापित भयो ।

साहित्य-कलाका चार विधा- 'काव्य, आख्यान, नाटक र निबन्ध' मध्ये 'काव्य' विधाअन्तर्गतको सर्वाधिक लोकप्रिय उपविधा हो 'गीत' । लयात्मक एवम् गेयात्मक यस उपविधाअन्तर्गत पनि शब्दरचना, सङ्गीतसिर्जना, बाद्यवादन, गायन, नृत्य र अभिनयजस्ता विभिन्न तत्त्व एवम् चरणहरू हुन्छन् । टुहुरे यीमध्येका सबैजसो तत्त्वमा निपूण भए तापनि उनी मुख्यतः गायक, रचनाकार एवम् सङ्गीतकार थिए । उनले सयौं कालजयी गीतहरू रचना एवम् सङ्गीतसिर्जना गरेका छन्; गाएका छन् । टुहुले देश-विदेशका गाउँवस्ती र सहर-गल्ली घुमेर जनताका बीचमा दशकौंसम्म गाए; सयौं स्टेजमा प्रस्तुति दिए र आफ्नो आवाजमा करिव दुई सय गीतहरू रेकर्ड गराए ।

सैद्धान्तिकरूपले गीतहरूलाई मूलतः दुई किसिमले वर्गीकरण गर्न सकिन्छ- सचेतनामूलक र व्यवसायमूलक । सचेतनामूलक गीतहरूलाई नेपालमा 'जनवादी गीत', 'क्रान्तिकारी गीत', 'प्रगतिशील गीत', 'जागरण गीत' आदिका रूपमा चिन्ने/बुझ्ने गरिएको छ । यी गीत अर्थोपार्जनको उद्देश्यले सिर्जना गरिँदैनन्, गाइँदैनन् र उत्पादन गरिँदैनन् । जनचेतना फैलाउनु, जनजागरण पैदा गर्नु वा नागरिकलाई सुसूचित गर्नु नै यी गीतहरूको एक मात्र उद्देश्य हुन्छ । जेबी टुहुरेकै सर्वाधिक चर्चित एवम् लोकप्रिय गीतका यी पङ्क्ति हेरौंः

आमा, दिदी-बहिनी हो,
कति बस्छौ दासी भई,
सुखको सधैं प्यासी बनेर...
आफ्नै पौरख खान्छन्,
आफ्नै सीपमा बाँच्छन्,
दुःख-कष्ट सहेर सृष्टि यिनले धान्छन्,
असल-महान् व्यक्तिहरू यिनैले जन्माउँछन्,
ज्ञानगुन-बुद्धिहरू यिनैले सिकाउँछन्,
तर पनि अँध्यारोमा जीवन बिताउँछन्...

पछिल्लो समय क्यासेट, सीडी, युट्युब आदिजस्ता माध्यमबाट प्रचारक–प्रवर्द्धकहरूले यी गीतहरूलाई समेत धेरथोर मात्रामा व्यवसायको माध्यम बनाएका छन्, यो अर्कै पक्ष हो । तर, प्रगतिशील गीतका सर्जक, गायक र मुख्य उत्पादकले यी गीतलाई आय–आर्जनको माध्यम ठान्दैनन्/बनाउँदैनन् । शिक्षा, स्वास्थ्य, सामाजिक सूचना आदिजस्ता विषयमा नागरिकलाई सूचित एवम् जागृत गराउने उद्देश्यका साथ तयार पारिएका गीति–सन्देशहरूलाई पनि अन्तर्वस्तुका हिसाबले यसै श्रेणीमा राख्न सकिन्छ । तर, त्यस्ता गीति–सन्देशको उत्पादन एवम् प्रशारणको सिलसिलामा खर्चिइने धनराशि, त्यसको स्रोत र त्यसमा हुने 'चलखेल' तथा 'खेलो' का कारण ती 'सन्देश' हरूलाई 'जनवादी' या 'प्रगतिशील' गीत मानिँदैन/मान्न सकिँदैन ।

द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी सिद्धान्तमा आधारित रहनु, शोषित–उत्पीडितको पक्षपोषण गर्नु, नारी–पुरूषबीच समानताको वकालत गर्नु, जातीय–क्षेत्रीय उत्पीडनको विरोध गर्दै समानता/समभावको सन्देश फैलाउनु, राजनीतिक–सामाजिक विकृति–विसङ्गति, भ्रष्टाचार–व्यभिचार, दूराचार–रूढीवाद र कुशासनविरूद्ध कठोर एवम् सम्झौताहीन सङ्घर्ष गर्नु नै 'जनवादी' वा 'प्रगतिशील' गीतहरूको मुख्य प्रवृत्ति हो । खुसीराम पाख्रिन, जेबी टुहुरे, जीवन शर्मालगायतले यही प्रवृत्ति अँगालेका छन् । टुहुरेकै अर्को गीतका यी पङ्क्ति हेरौंः

छोराहरू हो, छोरीहरू हो
वीर छोराछोरी हो, वीर छोराछोरी हो...
आमाले साथ माग्दछिन्, माटोले रगत माग्दछ
शान्तिका सन्तान हामी हौं, बुद्धले ब्युँझ भन्दछ...
झगडा हामी चाहन्नौं, इतिहास हाम्रो यही भन्छ
हेपेको फेरि सहँदैनौं, सहिदको रगतले यही भन्छ...
सत्यको लागि नझुक्ने, हिमालको गाथाले यही भन्छ
बेलामा रगत बगाउने, युगको पुरूष त्यही बन्छ...
आमाको आँसु नकुल्च, निद्रामा पीर त नपरोस्
आगोले परीक्षा लिँदैछ, सुकेको पात नबनोस्...
सत्रुले कहीं हाँक दिए, ढुङ्गाको धार बनिदेऊ
वीरको पहाड तिमी हौ, आमाको आधार बनिदेऊ...

कला–साहित्य, गीत–सङ्गीत र मनोरञ्जनका नाममा पुँजीपतिहरूका नक्कली मालवस्तु र सेवाहरूको बिक्री बढाउने, गरिब जनता र श्रमिकहरूको हुर्मत लिने, नारी अस्मिताको धज्जी उडाएर महिलाहरूलाई व्यापारका माध्यम मात्र होइन, 'वस्तु' कै रूपमा बिक्री गर्ने, अशक्तहरूमाथि मजाक उडाउनेजस्ता दुष्कर्म नेपालमा र संसारभर नै जारी छन् । माथि चर्चा गरिएअनुरूपका 'व्यवसायमूलक' गीत भनेका यिनै हुन् । र, मुख्यतः सरकारी एवम् सबैजसो व्यावसायिक टेलिभिजन, रेडियो, अनलाइन एवम् पत्रपत्रिकाहरूले यस्तै/यिनै गीतहरूलाई मात्र स्थान र महत्त्व दिँदै आएका छन् । राज्य र समाज 'प्रगतिशील' वा 'जनवादी' छैन भन्ने सबभन्दा ठूलो प्रमाण नै यही हो ।

पञ्चायती कालरात्रिको अँध्यारो युगभर जनताका घरदैलो चहारेर प्रगतिशील गीत गाउँदै 'प्रजातन्त्र', 'लोकतन्त्र' र 'गणतन्त्र' आइसक्दा समेत यस्तै स्थिति/परिवेश कायम रहँदा अविराम रूपले र अविचलित ढङ्गले जनताका गीत रच्ने र गाउने जेबी टुहुरेको निधनको घडीमा उनले दशकौं घन्काएका यी आवाजलाई राष्ट्र र जनताले दोहोऱ्याएर नघन्काउने हो भने त अज्ञानता, पूर्वाग्रह र कृतघ्नताबाहेक के नै पो हुन्छ र !

आँखाबाट आँसु होइन, माया बग्दोरै'छ
शोकसँगै वेदनाको हुरी चल्दोरै'छ
देशभक्त छोरो मर्दा देशै रूँदोरै'छ...

खुसीराम पाख्रिन (२००९-२०७४)

वि.सं. २००८ को पहिलो राष्ट्रिय सम्मेलन लगत्तैदेखि विभाजनको रेखा कोरिएको नेपाल कम्युनिस्ट पार्टी २०१९ मा सम्पन्न तेस्रो राष्ट्रिय महाधिवेशन पछिको फुटसँगै दुई धारमा विभाजित भयो । 'माले स्कुलिङ' का रूपमा चिनिने एउटा धार 'को–अर्डिनेसन केन्द्र', 'माले', 'मार्क्सवादी' हुँदै एमालेका रूपमा अगाडि आयो; 'चौम स्कुलिङ' का रूपमा चिनिने अर्को धार 'चौम', 'मसाल', 'मशाल', 'एकताकेन्द्र' हुँदै माओवादीका रूपमा अगाडि आयो । नेपाली कम्युनिस्ट आन्दोलनको विकासक्रमसँगसँगै यसको अभिन्न अङ्ग र निरन्तर अभियानका रूपमा प्रगतिशील एवम् जनवादी साहित्य–कला–संस्कृति पनि विकसित हुँदै आयो । जनवादी या प्रगतिशील गीत–सङ्गीतका क्षेत्रमा रामेश श्रेष्ठ, रायन श्रेष्ठ, जेबी टुहुरे, खुसीराम पाख्रिन, जीवन शर्मा, मणि थापा, शम्भु राईलगायतको

निकै ठूलो योगदान छ । यीमध्ये रामेश र जेबी 'माले स्कुलिङ' तर्फका सांस्कृतिक हस्ती हुन् भने रायन, खुसीराम, जीवन र मणिहरू 'चौम स्कुलिङ' तर्फका सांस्कृतिक हस्ती हुन् ।

नेपाली कम्युनिस्ट आन्दोलनको क्रान्तिकारी (र्‍याडिकल) धारतर्फका अग्रणी स्रष्टा, सर्जक, गायक एवम् सङ्गीतकार खुसीराम पाख्रिको जन्म ९ कात्तिक, २००९ मा गोरखामा भएको थियो । पछि उनको परिवार चितवन बसाइँ सरेको थियो । चितनवनको एक कार्यक्रममा गीत गाउँदागाउँदै ५ मङ्सिर, २०७४ मा (६४ वर्षको उमेरमा) उनको निधन भयो । साढे तीन दशक अनवरतरूपमा गरिब, दुःखी र निमुखाको पक्षमा गीत लेखेका, सङ्गीतसिर्जना गरेका अनि गाएका पाख्रिनको निधनसँगै नेपाली प्रगतिशील-जनवादी सांस्कृतिक आन्दोलनको एउटा धरोहर गुम्यो, वस्तुतः एउटा पुस्ता नै ढल्यो ।

चौमकालदेखि कम्युनिस्ट पार्टीमा आबद्ध खुसीराम नेकपा (मशाल) को गठनसँगै थप सक्रिय भए । नेकपा (एकताकेन्द्र) कालदेखि नयाँ ढङ्गबाट क्रियाशील रहँदै आएको सो पार्टीसम्बद्ध 'अखिल नेपाल जनसांस्कृतिक महासङ्घ' मा आबद्ध रहेका खुसीराम सोही मोर्चा अन्तर्गतको जनसांस्कृतिक टोली 'सामना परिवार' का मुख्य हस्ती थिए । नेपालमा नयाँ जनवादी गणतन्त्रको स्थापना गर्दै वैज्ञानिक समाजवादको स्थापना गरेर अन्ततः विश्व साम्यवादसम्म पुग्ने लक्ष्यका साथ दस वर्षसम्म चलेको सशस्त्र माओवादी जनयुद्धका एक सक्रिय नेता, जनसांस्कृतिक अगुवा र प्रेरणा-ऊर्जाका पुञ्ज थिए खुसीराम ।

दसवर्षे जनयुद्धकै सिलसिलामा खुसीरामका छोरा अमर पाख्रिन 'दोर्जे' लाई लमजुङको नाल्मा भन्ने ठाउँमा सेनाले गोली हानी २०५८ मा हत्या गर्‍यो । माओवादी जनमुक्ति सेनाका साथसाथै जनकलाकारका रूपमा समेत क्रियाशील खुसीरामका एक मात्र छोरा दोर्जे सहिद बन्न पुगे । पहिलो संविधानसभा (२०६४) मा माओवादीबाट समानुपातिक सभासद् बनेका पाख्रिनले अरू कुनै राजकीय ओहोदा र 'लाभका पद' हासिल गरेनन् ।

पाख्रिनले पञ्चायतकालको उत्तरार्द्धतिरै आफ्ना सयवटा गीतहरू सङ्ग्रह गरी 'आँसुको भाका' शीर्षकको कृति (गीतिसङ्ग्रह) प्रकाशित गरेका थिए । बहुचर्चित चुनबाङ बैठकपछि सोही स्थानमा प्रदर्शित माओवादीका शीर्ष नेताहरूलाई धरधरी रूवाएको सांस्कृतिक कार्यक्रममा 'युद्धभूमिबाट फर्कंदा' शीर्षक गीतिनाटक (अपेरा) पाख्रिनकै रचना, सङ्गीत, गायन र निर्देशनमा प्रस्तुत भएको थियो ।

उक्त प्रस्तुति निकै पछिसम्म चर्चित रह्यो; क्रान्तिकारी सांस्कृतिक आन्दोलनको एउटा महत्त्वपूर्ण कोसेढुङ्गा बन्न पुग्यो ।

नेपालका सबैजसो गाउँवस्ती र झुपडीसम्म डुलेर जनताका गीत गाएका पाख्रिनले श्रम गरेर नेपालीहरू बसेका कयौं भारतीय गाउँ, सहर र गल्लीसम्म पनि पुगेर क्रान्तिकारी गीत घन्काए; जागरणको सन्देश फैलाए । 'सामना' का श्रृङ्खलाबद्ध एल्बमहरू र अरू अनेकौं सङ्ग्रहहरूमा उनको रचना, सङ्गीत र स्वरमा दर्जनौं गीत रेकर्डेड छन् । रेकर्ड नगरिएका पनि अरू सयौं जनवादी गीत पाख्रिनले सिर्जेका छन्; गाएका छन् । पाख्रिनका गीत सुनेरै आफू माओवादी बनेको बताउने दर्जनौं केन्द्रीय र विभिन्न स्तरका सयौं नेता–कार्यकर्ता नेपालको वामपन्थी राजनीतिमा सक्रिय भेटिन्छन् ।

पाख्रिनको वर्गचेत र वर्गपक्षधरता पुष्टि गर्ने निकै पुरानो र सर्वाधिक लोकप्रिय उनको एउटा गीतका पङ्क्ति यस्ता छन्ः

गैंती-बेल्चा उचालेर
पहरालाई छिचोलेर
डाँडाकाँडा बाटो बनायो
के पायो नि कुल्ली दाइले
के खायो नि कुल्ली भाइले
अर्कैले ट्याक्सी गुडायो...

पाख्रिनका गीतहरूले कि त गरिब-दुःखी जनताका दुःख-कष्ट, पीर–मर्का र वेदना ओकल्छन् नत्र यथास्थितिवादी राज्यव्यवस्थालाई विस्थापित गरेर जनताको राज्य व्यवस्था स्थापनाको आन्दोलनमा डट्न खुला आह्वान गर्दछन् । उनको अर्को लोकप्रिय र अझ पुरानो गीतका यी पङ्क्तिलाई हेरौं–

कालो वनको बीचैमा खेतालाको गाउँ
साना-साना झुपडी छैनन् आमा-बाउ
साना-साना नानीहरू खेलिरहने ठाउँ
हाम्रो देशको अवस्था हेर्न त्यहाँ जाऊँ...

आफूले जीवनभर गरेको सङ्घर्ष र त्यागबाट अपेक्षित उपलब्धि भने हासिल नभएको पाख्रिनको बुझाइ थियो । "अझै पनि अरूभन्दा त अहिलेकै भए पनि माओवादी पार्टी नै असल छ," जीवनकालको अत्यतिर यस पङ्क्तिकारसँग कुरा गर्दै पाख्रिनले भनेका थिए– "तर, नयाँ जनवाद स्थापना गरेर समाजवाद

हुँदै साम्यवादसम्म पुग्नु हाम्रो मुख्य आदर्श हो, हाम्रो जीवनकालमा त्योचाहिँ सम्भव हुने छाँट देखिएन ।" पाख्रिनको यो गीतका निम्न पङ्क्तिले पनि उनका यिनै भनाइको पुनर्पुष्टि गर्दछन्ः

यो मुक्तियात्रामा धेरै काट्यौं उकालो,
अझै काट्नु छ
आइपुग्यौं नेटोमा,
शिखर पुग्न अझै बाँकी छ
हजार बाधा अप्ठ्यारालाई पन्छाएर आयौं
हजार घुम्ती मोडहरू पार गरेर आयौं
कति तऱ्यौं रगतका राता नदीहरू
कति ढले हाम्रा असल प्यारा साथीहरू
यो मुक्तियात्रामा...
हिँड्दाहिँड्दै थला बसे बीचमै थाक्नेहरू
बाटो छोडी पाखा लागे गोडा काँप्नेहरू
थोरैबाट सुरु गऱ्यौं, धेरै भयौं हामी
लड्दालड्दै लड्न सिक्यौं, सिक्दै आयौं हामी...

"केन्द्रीकृत सामन्ती राजतन्त्रको त अन्त्य भयो तर छोटे राजाहरू अझै पनि छ्यापछ्याप्ती बाँकी नै छन्," सोही भेटमा पाख्रिनले भनेका थिए– "हामी आफैं पनि बरालियौं र बिग्रियौं, कता हरायौं–हरायौं ।"

खुसीरामद्वारा सिर्जित गीतिकविताहरूको सङ्ग्रह 'आँसुको भाका' माथि समीक्षा गर्दै वरिष्ठ सौन्दर्यचिन्तक चैतन्यले लेखेका छन्– यहाँ (उक्त कृतिभित्र) प्रतिक्रियावादी, अवसरवादी र क्रान्तिकारी तीनैथरी छन् । उनीहरूबीच चलिरहेको वर्गसङ्घर्षको धारालाई यहाँ सशक्त रूपमा अभिव्यक्त गर्ने प्रयत्न गरिएको छ । जनताको दुःख–दर्दको अन्तर्यमा पस्नु र त्यसलाई मार्मिक ढङ्गले अभिव्यक्त गर्नु पाख्रिनको एक मूल विशेषता हो (चैतन्य, २०६४, पृ. १५७) । 'आँसुको भाका' को साङ्गोपाङ्ग निष्कर्ष निकाल्दै चैतन्यले उल्लेख गरेका छन्– आँसुको भाकाभित्रका आँसुहरूलाई त्यसै सुकेर वा जमेर खेर जाने आँसु नभई सङ्ग्लिएर, वेदनाको पोखरी बनेर वाष्पित हुँदै वीरता र साहसमा फेरिने शक्तिपुञ्ज ठान्नु पर्दछ । वास्तवमा 'आँसुको भाका' को सौन्दर्यबोधीय मूल्यको सारतत्त्व यही हो (उही, पृ. १६९–७०) ।

प्रमोद हमाल (२०१८-२०५९)

नेपाली प्रगतिशील एवम् जनवादी गीत–सङ्गीतका क्षेत्रको एउटा सुपरिचित नाम हो- प्रमोद हमाल । उनी गीतरचना, सङ्गीतसिर्जना र गायनका अतिरिक्त पत्रकारिता, साहित्यलेखन र सङ्गठनका क्षेत्रमा समेत सक्रियतापूर्वक क्रियाशील थिए । पढाइलेखाइमा विलक्षण तीक्ष्णता भएका उनले इतिहास विषयमा विद्यावारिधि (पीएचडी) सम्मको अध्ययन गरेका थिए । योगबहादुर र नयनकुमारी हमालको कान्छा छोराका रूपमा २७ जेठ, २०१८ मा राजधानी काठमाडौंको रक्तकालीमा जन्मेका प्रमोद मधुमेह, बीचमा क्षयरोग तथा पछि दुवै मिर्गौलाको खराबी जस्ता गम्भीर स्वास्थ्य समस्याका कारण लामो समयदेखि उपचाररत थिए । अन्ततः २० भदौ, २०५९ मा भारतको नयाँदिल्लीस्थित अल इन्डिया मेडिकल इन्स्टिच्युटमा प्रमोदको निधन भयो; चालीस वर्षको अल्पायुमै उनले संसारबाट बिदा लिए ।

सात–आठ वर्षको उमेरदेखि नै गीतसङ्गीतमा क्रियाशील हुन थालेका प्रमोदले रेडियो नेपाल हुँदै सांस्कृतिक यात्रा अघि बढाए । २०३२ देखि प्रगतिवादी सांस्कृतिक आन्दोलनमा समर्पित उनले सङ्कल्प परिवारमा आबद्ध भएर आफ्नो सांस्कृतिक कौशल प्रस्तुत गरे । २०३५ मा सम्पन्न अनेरास्ववियुको पाँचौं राष्ट्रिय सम्मेलनदेखि सक्रिय राजनीतिमा होमिएका उनले जापान र हङकङमा बसेर तत्कालीन नेकपा (माले) को अन्तर्राष्ट्रिय सम्पर्क विस्तार गर्न र भूमिगतकालमा मालेलाई अन्तर्राष्ट्रिय रूपमा चिनाउन समेत महत्त्वपूर्ण भूमिका खेले । *छलफल* साप्ताहिकको संस्थापक र एमालेको अङ्ग्रेजी मुखपत्र *न्यु एरा*को पहिलो सम्पादक समेत रहेका प्रमोद हिन्दी, नेपाल भाषा (नेवारी), फ्रेन्च, स्पेनिस र जर्मन भाषाको समेत ज्ञाता थिए । मनमोहन अधिकारी नेतृत्वको सरकारका बेला खेलकुद तथा संस्कृति मन्त्रालयको सल्लाहकारका रूपमा समेत प्रमोदले जिम्मेवारी बहन गरे (तमोट, श्रेष्ठ र पौडेल, २०७०, पृ. ११७–११८) ।

निकै चर्चित एवम् दशकौंदेखि लोकप्रिय रहिआएको 'तिमी देऊ तिम्रा हातहरू' गीतको रचना र सङ्गीतसिर्जना प्रमोद हमालले नै गरेका हुन् । 'जीवन सङ्घर्ष' एल्बममा समेटिएको उक्त गीतान रामेश, रायन, रामकृष्ण दुवाल र ओम श्रेष्ठले आवाज दिएका छन् । रामेश र ओम श्रेष्ठको स्वरमा सजिएको सोही एल्बमको अर्को गीत 'बिहानीको आभासमा' को रचना र सङ्गीत पनि प्रमोदले नै गरेका हुन् । 'उज्यालो' एल्बममा समाविष्ट उदय

श्रेष्ठको स्वरमा सजिएको गीत 'बिहानीको बेला थियो' का रचनाकार र सङ्गीतकार पनि प्रमोद नै हुन् भने यस एल्बममा समाविष्ट 'सेतै हिउँले छोपेका' गीतको सङ्गीतसिर्जना प्रमोद हमालले गरेका हुन् । सुन्दर जोशीको शब्दरचना रहेको यस गीतमा उदय श्रेष्ठ र लोचनले स्वर दिएका छन् ।

'हाम्रा स्वरलहरी' एल्बममा रेकर्ड गरिएका गीतहरूमध्ये माधव प्रधानको स्वरमा सजिएको 'आकाश डम्मै ढाकेर', मधु गुरूङको स्वरमा सजिएको 'अँधेरो राति', आकाश थापा, दिवस श्रेष्ठ र साथीहरूको स्वरमा सजिएको 'कालाको जीत', रायनको स्वरमा सजिएको 'देशलाई बुझ्न खोज्छु भन्दा', मधु गुरूङ र आकाश थापाको स्वरमा सजिएको 'बोकेर हेर', अञ्जान शाक्यको स्वरमा सजिएको 'याद आउँछ ती मिठा', आकाश थापा, जितेन्द्र चौधरी, जङ्ग पहाडी, दिवस श्रेष्ठ, मानवीर माझी र रूपक चौधरीको स्वरमा सजिएको 'हाम्रो स्वरलहरी' र उदय श्रेष्ठको स्वरमा सजिएको 'क्षितिजपारिको बस्तीमा' जस्ता गीतहरूको शब्दरचना र सङ्गीतसिर्जना प्रमोद हमालले नै गरेका हुन् । 'कोसीको बगर', 'धानको बाला', 'प्रभातका किरणहरू' जस्ता गीतहरूको रचना र सङ्गीतसिर्जना पनि उनैले गरेका हुन् ।

गोकुल जोशीको 'कोही किन भोकभोकै', राजेन्द्र ऋषिको 'जनप्रेमी सबैलाई', बी. कौडिन्यको 'नयाँ समाजको निर्माण', लीलाराज कार्कीको 'नौलो युगका आशा भरोसा' लगायतका गीतहरूको सङ्गीतसिर्जना पनि प्रमोदले नै गरेका हुन् । मञ्जुलका 'नआइज तिहार' र 'बसेका छन् केटाकेटी' गीतहरूलाई भने प्रमोद र शशीले सङ्गीतबद्ध गरेका छन् । 'आऊ मिलाउँ हाम्रा हातहरू' गीतको अङ्ग्रेजी अनुवाद 'कम लेट अस शेक आवर ह्याण्डस्' र 'बिहानीको आभासमा' गीतको अङ्ग्रेजी अनुवाद 'इन्स्पिरेसन अफ मर्निङ' तथा 'अ बेबी', 'आर्ट', 'फिमेल', 'लिड फ्रम', 'स्ट्रगल' लगायत प्रमोद हमालका केही अङ्ग्रेजी गीत तथा सिर्जनाहरू समेत प्रकाशित छन् ।

प्रमोद हमालको सर्वाधिक लोकप्रिय गीतका रूपमा रहेको 'तिमी देऊ तिम्रा हातहरू' गीत २०३५-०३६ को विद्यार्थी आन्दोलनमै पनि धेरैले सुनेका थिए । २०४६-०४७ को जनआन्दोलनमा पनि जनवादी सांस्कृतिक कलाकर्मीहरूले यसलाई गाउँसहर पुऱ्याउने काम गरे । २०६२-६३ को जनआन्दोलनमा प्रस्तुत गीत आन्दोलनको गीत बन्यो (गुरागाईं, २०७०, पृ. ४७) । वस्तुतः प्रमोदको यो

गीत जनताको गीत हो, आन्दोलनकै गीत हो र राजनीतिक, सामाजिक एवम् सांस्कृतिक परिवर्तनको आह्वान हो । गीतका यी पङ्क्तिहरू हेरौंः

तिमी देऊ तिम्रा हातहरू
म दिन्छु मेरा हातहरू
आऊ मिलाऊँ हाम्रा हातहरू
न्याय र समानताका लागि
आऊ मिलाऊँ हाम्रा हातहरू...
तिमी देऊ तिम्रा स्वरहरू
म दिन्छु मेरा स्वरहरू
आऊ मिलाऊँ हाम्रा स्वरहरू
राष्ट्रियता र स्वतन्त्रताका लागि
आऊ मिलाऊँ हाम्रा स्वरहरू...
तिमी देऊ तिम्रा शक्तिहरू
म दिन्छु मेरा शक्तिहरू
आऊ मिलाऊँ हाम्रा शक्तिहरू
भ्रातृत्व र सत्यका लागि
आऊ मिलाऊँ हाम्रा शक्तिहरू (तमोट, श्रेष्ठ र पौडेल, २०७०, पृ. १२) ।

एउटै गीतमा धेरै कुरा अटाउने कसरतभन्दा पनि एउटा गीतमा एउटै मुख्य कुरालाई चुटुक्क पारेर भन्ने र गीतलाई टुङ्ग्याइहाल्ने शैली प्रमोद हमालको आफ्नो पहिचान हो । भाषाशैली सरल भएर पनि आलङ्कारिकताले सजाउन सक्नु, विभिन्न बिम्बहरूद्वारा भावलाई गम्भीर बनाउन सक्नु उनका शैलीगत विशेषता हुन् (गुरागाईं, २०७०, पृ. ४९) । क्रान्तिकारिताका नाममा कोरा नाराजुलुसभन्दा पनि सामाजिक वस्तुस्थिति र अवस्थितिको प्रतिबिम्बनद्वारा गीतिसिर्जना गर्नु हमालको सिर्जनात्मक विशेषता रहेको देखिन्छ । उहाँले गीतहरू बनाउँदा कोरा कल्पनामा भन्दा वास्तविकतामा आधारित रहेर, विशेष गरी कहींकतै जाँदा देखेका र भोगेका कुराहरूलाई समेटेर गीत बनाएको पाइन्छ (श्रेष्ठ, २०७०, पृ. ५३) ।

प्रमोदमा गीत लेख्ने, सङ्गीतसिर्जना गर्ने, गाउने र बजाउने भिन्नपन र मौलिकता रहेको उनका धेरैजसो सहकर्मी र अग्रजहरूले उल्लेख गरेको पाइन्छ । प्रमोदको लेखाइ आफ्नै विशेष खालको । अन्त्यानुप्रास मिल्नैपर्ने

जरूरत ठान्दैनथे । उनको आफ्नै सङ्गीत-शैली थियो । स्वरको उतारचढावमा आफ्नैपन । अघिल्लो अन्तराको लय र पछिल्लो अन्तराको लय भिन्न पनि रहन्थ्यो । तत्कालीन नेपाली सङ्गीत क्षेत्रमा केही सीमित गीतकार र सङ्गीतकारमा मात्र यस्तो नयाँपन थियो (तमोट, २०७०, पृ. १००) । उनी सांस्कृतिक क्षेत्रका सबैजसो विधामा उत्तिकै पाख्त थिए । सुस्पष्ट जनपक्षीय विचार र देशभक्तिपूर्ण भावले ओतप्रोत थिए । प्रमोदजीलाई एक कुशल गायक भनौं वा कुशल सङ्गीतकार वा गीतकार ? साँच्चै भनौं भने उहाँ यी तीनै क्षेत्रका योग्य कर्मी हुनुहुन्थ्यो । 'कालाको जीत विश्वको... समानताका लागि हो' गीतले संसारमै समानताको आवाज उठाउने प्रमोदजीको सोचको प्रतिनिधित्व गर्दछ । 'आमा म आउँदै छु तिम्रो न्यानो अँगालोमा... सम्मानका तक्माहरू मिल्काउँदै' गीतले उहाँको देशप्रतिको अगाध माया र नेपालीले विदेशमा प्राप्त गरेका तक्माप्रतिको वितृष्णालाई लक्षित गरेको देखिन्छ (श्रेष्ठ, २०७०-ख, पृ. ६३) ।

प्रमोद हमाल आफ्नो जीवनभन्दा देश र जनताको उन्नति र प्रगतिप्रति बढी चिन्ता गर्ने स्रष्टा थिए । यसकारण उनी वास्तविक अर्थका जनकलाकार थिए । प्रमोदको मिर्गौलाले काम गर्न छाडिसकेको थाहा पाएर भेट्न गएका सहकर्मीसँग उनले दिएका अभिव्यक्तिहरूबाट हमालको वास्तविक जनप्रेम झल्कन्छ । मिर्गौलाले कामै गर्न नसक्ने भएर अस्वस्थ हुनुभएको खबर सुन्नेबित्तिकै प्रमोदजीको घरमा भेट्न गएँ । उहाँले आत्मविश्वाससहित भन्नु भो- "माधवजी ! मलाई स्वास्थ्यबारे त्यति चिन्ता लाग्दैन, यो निको पार्न सकिन्छ । तर, नेपाली जनताले भोगिरहेको गरिबी, अशिक्षा, अन्याय, अत्याचार कहिले अन्त्य गर्न सकिएला ?" (प्रधान, २०७०, पृ. ८९) ।

अर्का अग्रज रामेशसँग पनि प्रमोदले उसैगरी आत्मविश्वास व्यक्त गर्दै आफ्नो अवस्थाभन्दा राष्ट्र र जनताको भलाइतर्फ ध्यान केन्द्रित गर्न आग्रह गरे । "दाजु ! कसैको सहयोग पाएर म निरोगी हुन चाहन्नँ । मलाई सहयोग गर्ने नेपाली जीवनहरू नै रोगी छन्, समस्याग्रस्त छन् । मेरा गीतहरूले उनीहरूलाई रोगमुक्त पार्न सक्नुपर्छ । हजारौं पीर, पीडा र समस्याहरूबाट छुटकारा दिन सक्नुपर्छ" (रामेश, २०७०, पृ. ९६) ।

लक्ष्मी गुरुङ (२०२३-२०७८)

असाध्यै सरल जीवनशैली भएकी वरिष्ठ जनगायिका लक्ष्मी गुरुङ असोज, २०२३ मा भदौरे, कास्कीमा जन्मिएकी हुन् । गरिबी र अभावको दुष्चक्र झेल्दै उनको बाल्यावस्था बित्यो । जन्मँदा नै शारीरिक दुर्बलतायुक्त जनगायिका लक्ष्मीले औपचारिक शिक्षाको डिग्री हासिल गर्ने अवसर पाइनन् । उनी बाल्यावस्थामै छँदा लक्ष्मीको परिवार बेलहिया, रुपन्देही बसाइँ सऱ्यो । रुपन्देहीबाटै साङ्गीतिक यात्रा सुरु गरेकी लक्ष्मीको २५ कात्तिक, २०७८ मा चाँदमारी, बुटवलमा निधन भयो ।

जनगायिका लक्ष्मीका विशेषतामाथि प्रकाश पार्दै शर्मा (२०७८) लेख्छन्– जीवनमा अभावै अभावको चाङ थियो तर प्रलोभनमा फसेर जनसङ्गीतको बाटो बदल्ने गल्ती उहाँले कहिल्यै गर्नु भएन । गीतका भावहरूलाई आफ्नो स्वरद्वारा सुनाउने मात्र होइन, त्यसलाई आफ्नै जीवनमा व्यावहारिक रूपले उतार्ने प्रयास गर्दै आउनु भयो । तडकभडकको जीवन उहाँलाई कहिल्यै प्रिय लागेन (पृ. ८) ।

बेलहियाकै स्थानीय 'खुकुरी क्लब' मा आबद्ध भएर २०४० सालदेखि नै गीत गाउन सुरू गरेकी लक्ष्मी गुरुङले स्थानीयस्तरमा आयोजना हुने विभिन्न प्रतियोगिताहरूमा सहभागी भएर लोक तथा आधुनिक गीतहरु हुँदै साङ्गीतिक यात्रा अघि बढाइन् । दर्शक–श्रोतालाई मन्त्रमुग्ध पार्न समर्थ उनको सुरिलो र सुमधुर आवाजले सुनेपछि अखिल (छैटौं) का तत्कालीन नेता प्रकाश शर्मा असाध्यै प्रभावित भएछन् । त्यसपछि प्रकाशले रक्तिमका पुराना कलाकार धनकाजी गुरुङसँग लक्ष्मीको सम्पर्क गराइदिए । यसरी २०४७ को अन्त्यतिर लक्ष्मी गुरुङ प्रगतिशील सांस्कृतिक आन्दोलनमा गाँसिन पुगेको कुरा शर्मा (२०७८) ले उल्लेख गरेका छन् ।

त्यसयता निरन्तर रक्तिम परिवारमै आबद्ध रहेर प्रगतिशील सांस्कृतिक आन्दोलनमै आजीवन क्रियाशील रहेकी लक्ष्मीले रक्तिमका दर्जनौं गीतमा स्वर दिएकी छन् । लक्ष्मी गुरुङले जीवन शर्मा, रेम राना, निलिमा पुन, खेम पुन, दीपक परियार, तुलबहादुर सलामी, लक्ष्मी पुन, सौगात शायर, विष्णु पुन, कृष्ण भण्डारी, थुमराज ढुङ्गाना, झलक सङ्गीतम, दिलमाया पुन, देवी सुनामी, हेमराज आश्रम लगायतका गायक–गायिकाहरूसँग रक्तिमका गीतहरु गाएकी छन् ।

२०४८ को अन्त्यतिर प्रकाशित रक्तिमको जनगीति यात्रा भाग– ४ मा समाविष्ट 'यो मेरो जीवन' बोलको गीत लक्ष्मीको एकल स्वरमा रेकर्डिङ भएको पहिलो गीत थियो । जनगायक जीवन शर्माको शब्द–सङ्गीतको उक्त गीतपछि रक्तिम गीतियात्रा भाग– ५ मा रेम रानाको शब्द–सङ्गीतको 'नेपाली माटो फुलेको फूल', दलबहादुर विश्वकर्मा (सौगात शायर) को शब्द–सङ्गीतको 'वर्गयुद्ध' एल्बममा समाविष्ट 'किन फुल्छ मखमली फूल', रेम रानाको शब्द–सङ्गीतको भाग– ७ (ख) मा समाविष्ट 'परदेशी सारा डाकेर भन्छ' र मणि थापाको शब्द र जीवन शर्माको सङ्गीत रहेको भाग– १० मा समाविष्ट 'उत्तरबाट बादल आउँदा' जस्ता गीतहरु लक्ष्मीको एकल स्वरमा रेकर्ड भए । 'एक नयाँ दिशामा', 'फेरि पनि हुकुमी शासन चल्दैछ', 'पूर्व झन रातो भो', 'सुक्दैन सालैको बोट,' 'उर्लियो भेल', 'सामन्तले नौजाल बुन्छ', 'ओ याङ्की गो होम', 'वर्गयुद्धको आँधी हो यो', 'सानो झोला', 'आउलान् हजार बाधाहरु', 'मार्क्सवाद जिन्दावाद', 'भोकै छौं हामी', 'के हेर्छौ युवा', 'सम्पूर्ण मुक्तियोद्धा', 'उस्तै छ हामीलाई पिरलो', 'मेचीकालीको आह्वान', 'त्यहाँ फुट्छ ज्वालामुखी', 'छियाछिया पारेर', 'झरझर झर्ने झरनाले', 'कालो निशा चिरेर', 'सखियै हो', 'छेकेर छेकिन्न', 'चाहे चुँडियोस् शीर हाम्रो' लगायत रक्तिमका दर्जनौं गीतहरुमा लक्ष्मीले अरू गायक–गायिकासँग संयुक्त स्वर दिएकी छन् ।

जनगायिका लक्ष्मी गुरूङको समग्र जीवनलाई संश्लेषित गर्दै शर्मा (२०७८) ले निष्कर्ष प्रस्तुत गरेका छन्– प्रगतिशील सांस्कृतिक आन्दोलनमा लामो समयसम्म टिकिराख्नु निकै कठिन काम हो । जनगायिका लक्ष्मी गुरूङले त्यही कठिन काम सफलतापूर्वक सम्पन्न गर्नु भएको छ ।

अध्याय- ४

साङ्गीतिककर्मसँगै वीरतापूर्ण सहादत

नेतृत्वसहितका साङ्गीतिक व्यक्तित्व

ऋषिराज देवकोटा 'आजाद' : ७ माघ, २००१ मा खुर्कोट, सिन्धुलीमा जन्मिएका ऋषिराज देवकोटा 'आजाद' को परिवार २०२९ मा भिमानमा बसाइँ सरेको थियो । मुख्यतः केन्द्रीयस्तरकै कम्युनिस्ट राजनीतिक व्यक्तित्वका रूपमा सुपरिचित आजादले साहित्य र जनसंस्कृतिको क्षेत्रमा समेत महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् । आजादले 'थोत्रा चलन बगाइदेऊ न', 'मुख्यमन्त्र', 'हिँडें म त', 'पञ्चलाई अर्ती', 'जनताको दुःख टार्ने जनवाद', 'वनपाखा उचाली', 'बिगुल बज्यो', 'सिन्धुलीको विपत्ति' लगायतका गीतहरू लेखेका छन् । उनलाई १० फागुन, २०३७ मा प्रहरीले नियन्त्रणमा लिई दुई दिनसम्म चरम यातना दिएर १२ फागुन, २०३७ मा भिमानकै बाँसखोला जङ्गलमा लगी गोली हानेर हत्या गऱ्यो (अधिकारी, २०७९, पृ. ३१-३२) ।

कृष्ण सेन 'इच्छुक' : ३ कात्तिक, २०१३ मा देहरादुन (भारत) मा जन्मेका कृष्ण सेन 'इच्छुक' का मातापिता भीमकुमारी र यमबहादुर सेनको पुर्ख्यौली थातथलो प्युठानको भिङ्ग्री हो । पछि अर्घाखाँचीको सातमारामा स्थायी बसोवास

गर्न थालेका यमबहादुर भारतीय सेनामा कार्यरत रहेका बेला कृष्ण सेन उतै जन्मेका हुन् । पछिल्लो समय दाङमा बसोवास गर्न थालेका सेन किशोरावस्थादेखि नै क्रान्तिकारी राजनीति, कला र साहित्यको क्षेत्रमा सक्रिय थिए । दर्जनौं पत्रपत्रिका र म्यागेजिनको सम्पादन र समाचार लेखन गरेका सेन प्रशिद्ध कवि र गीतकार समेत हुन् । पटक-पटक गरी सात वर्षजति जेलजीवन बिताएका सेनलाई अन्ततः राजधानीबाटै पक्राउ गरी महिनौ हिरासतमा राखियो र १३ जेठ, २०५९ मा महेन्द्र पुलिस क्लबभित्रै चरम यातना दिई निर्ममतापूर्वक हत्या गरियो (अधिकारी, २०७९, पृ. ३७-३८) ।

चुनु गुरूङ : दोभान, पाल्पामा २०२८ मा जन्मेकी चुनु गुरूङको मुख्य रूचि राजनीतिक एवम् साङ्गठनिक काममा नै थियो । कला-साहित्यमा पनि उत्तिकै अभिरूचि र विलक्षण गायनकला भएकी उनले २०४६-४७ देखि जनसांस्कृतिक फाँटमा काम गर्न थालेकी हुन् । 'सामना सांस्कृतिक परिवार' की केन्द्रीय सदस्य चुनुको विवाह पर्वतका कृष्ण तिवारीसँग भयो । विवाहको महिनादिन नबित्दै जीवनसाथी गुमाउनुपर्दाको अनुभूति सँगालेर 'कस्तो हुन्छ मुटु टुक्रिएको बेला समवेदनाको त्यो घडी' शीर्षकमा चुनुले लेखेको आलेख निकै चर्चित बन्यो । मुलुकमा सङ्कटकाल लगाइएका बेला फागुन, २०५८ मा चुनुलाई कास्की जिल्ला सदरमुकाम नजिकै भरतपोखरी, बागमाराबाट गिरफ्तार गरियो । पार्टी कामकै सिलसिलामा सेनाद्वारा पक्राउ परेकी उनलाई झन्डै तीन महिनासम्म फूलबारी ब्यारेकमा चरम यातना दिई १२ वैशाख, २०५८ को मध्यराति हत्या गरियो । आँखामा कालो पट्टी बाँधिएको अवस्थामा उनलाई जिउँदै खाल्डोमा हाली माटोले पुरेर हत्या गरिएको उनीसँगै सैन्य हिरासतमा रहेर चरम यानता भोगेका क्षेत्री (२०६४) ले उल्लेख गरेका छन् । 'सामना' को एल्बममा रेकर्ड भएका 'चेरनेटी काटेर जानु भो', 'प्यारो जलजला' लगायत चुनु गुरूङको आवाजका गीतहरु निकै लोकप्रिय छन् ।

भीमदत्त पन्त : १० मङ्सिर, १९८३ मा घटाला, कारीगाउँ, डडेल्धुरामा जन्मिएका भीमदत्त पन्त नेपालको परिवर्तनकारी आन्दोलनका शीर्ष तहका सहिद हुन् । 'कि त जोत हलो, कि त छोड थलो, यदि हैन भने, अब छैन भलो' भन्ने काव्यात्मक उद्घोषसहित किसानहरूलाई सङ्गठित गरेर विद्रोह उठान गरेका पन्त १७ साउन, २०१० मा पक्राउ परे । उनी राजनीतिक योद्धा

मात्र थिएनन, विद्रोही कवि र गायक समेत थिए । नेपाल र भारतका समेत सुरक्षाकर्मीको मिलेमतोमा भीमदत्तकै मित समेत रहेका प्रहरी हवल्दार खम्बा दियालमार्फत खुकुरीले घाँटी छिनाल्न लगाई उनको हत्या गरियो (अधिकारी, २०७९, पृ. ५९-६०) ।

यानप्रसाद गौतम 'आलोक' : चौरीदेउराली- ५, काभ्रेपलाञ्चोकमा १५ चैत, २०१९ मा जन्मिएका यानप्रसाद गौतम 'आलोक' प्रतिभाशाली कम्युनिस्ट नेता हुन् । माओवादी जनयुद्धको पहलकर्ता नेताहरूमध्येका एक यानप्रसाद गौतम गीतकार, वाद्यवादक, कुशल गायक र उद्घोषक समेत हुन् । काभ्रे, रामेछाप, राजधानीलगायतका विभिन्न कार्यक्रममा उनले थुप्रै गीत गाए । जनयुद्धरत माओवादी पार्टीको पूर्वी कमान्ड इन्चार्ज रहेकै बेला पार्टीको कारबाहीमा परेपछि २२ वैशाख, २०५९ मा रूकुम-रोल्पाको सीमा क्षेत्रमा भएको लिस्ने-गाम भिडन्तमा परी रोल्पाको वागाउँमा उनले वीरगति प्राप्त गरे । आलोकको सहादतबारे माओवादी नेतृत्वले स्पष्ट रूपमा नबताए तापनि पार्टी काममा क्रियाशील रहेकै अवस्थामा तत्कालीन शाही सेनाले गोली हानेर उनको हत्या गरेको कुरा सार्वजनिक जानकारीमा आएको छ ।

रामवृक्ष यादव 'मास्टर साहेब' : बरमझिया, धनुषामा २००३ मा जन्मिएका रामवृक्ष यादव 'मास्टर साहेब' तराई क्षेत्रको प्रतिनिधित्व गर्ने केन्द्रीयस्तरका कम्युनिस्ट नेता थिए । शिक्षण, राजनीति, साहित्य र कला क्षेत्रमा मत्त्वपूर्ण योगदान पुऱ्याएका उनले पटक-पटक गरी नौ वर्ष त जेलमै बिताए । मातृभाषा र नेपालीमा धेरै गीत, कविता र लेखरचना लेखेका उनले २ भदौ, २०५१ मा सहादत प्राप्त गरे । पछि जनयुद्धको सिलसिलामा उनका छोरा शेखर र ज्वाइँ डम्बर पनि सहिद बने (अधिकारी, २०७९, पृ. ६९) ।

सुरेश वाग्ले 'बासु' : राताडाँडा, आँपपीपल, गोरखामा २०१० मा जन्मिएका सुरश वाग्ले 'बासु' नेपाली जनयुद्धमा नेतृत्वको उपल्लो तहबाट वलिदान गरेका सहिद हुन् । भाषा, साहित्य र सङ्गीत-कलाप्रति पनि उत्तिकै समर्पित वाग्लेलाई २३ भदौ, २०५६ मा गाँखु, गोरखामा कमाण्डो फोर्सले घेरामा पारी कब्जामा लियो । वाग्ले बसेको घर घेरा हाल्ने क्रममै जनमुक्ति सेनाबाट वाग्लेको अङ्गरक्षक रहेका भीमसेन पोखरेललाई र पछि कब्जामा लिइएका वाग्ले समेतलाई गोली हानी हत्या गरियो (अधिकारी, २०७९, पृ. ८३) ।

भावाङ हत्याकाण्ड :

एकैसाथ गुमे एघार जनकलाकार

कुमारी घर्ती मगर : भावाङ, रोल्पामा १० असार, २०४० मा जन्मिएकी कुमारी घर्ती मगर जनकलाकार टोलीका साथसाथै महिला सङ्घमार्फत आन्दोलनमा सक्रिय थिइन् । ८ असार, २०५६ मा भावाङ, रोल्पामै उनले सहादत प्राप्त गरिन् (अधिकारी, २०७९, पृ. ९४) ।

गोविन्द घर्ती 'विशाल' : कोटगाउँ, रोल्पामा ८ जेठ, २०३६ मा जन्मिएका गोविन्द घर्ती 'विशाल' जनसांस्कृतिक योद्धा र जनमिलिसियाका रूपमा सुपरिचित थिए । ८ असार, २०५६ मा बाङ्मा, भावाङ, रोल्पामा तत्कालीन राज्यसत्ताले गराएको सामूहिक हत्याण्डमा उनले बीस वर्षकै उमेरमा सहादत प्राप्त गरे (अधिकारी, २०७९, पृ. ९६) ।

दिपेन्द्र घर्ती मगर 'सुजन' : भावाङ, रोल्पामा जन्मिएका दिपेन्द्र घर्ती मगर 'सुजन' जनकलाकार टोलीमा सक्रिय थिए । ८ असार, २०५६ मा भावाङ, रोल्पामै उनले सहादत प्राप्त गरे (अधिकारी, २०७९, पृ. १००–१०१) ।

दिलकुमार बुढा मगर 'माइन्ड' : ४ भदौ, २०३७ मा कोर्चावाङ, रोल्पामा जन्मिएका दिलकुमार बुढा मगर 'माइन्ड' जनकलाकारका रूपमा क्रियाशील थिए । ८ असार, २०५६ मा वाङ, भावाङ रोल्पामा उनले सहादत प्राप्त गरे (अधिकारी, २०७९, पृ. १०१) ।

दुर्गाबहादुर घर्ती मगर 'विकास' : ७ जेठ, २०३४ मा भावाङ, रोल्पामा जन्मिएका दुर्गाबहादुर घर्ती मगर 'विकास' जनमिलिसियाका साथसाथै जनसंस्कृतिकर्मी समेत थिए । ८ असार, २०५६ मा वाङ, भावाङ, रोल्पामा भएको सामूहिक हत्याकाण्डमा उनले सहादत प्राप्त गरे (अधिकारी, २०७९, पृ. १०२) ।

दुर्गी बाँठा 'धनु' : २८ मङ्सिर, २०२८ मा रोल्पामा जन्मिएका दुर्गी बाँठा 'धनु' ले जनसांस्कृतिक क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याए । उनले पनि वाङ, भावाङ, रोल्पामा ८ असार, २०५६ मा भएको सामूहिक हत्याकाण्डमा सहादत प्राप्त गरे (अधिकारी, २०७९, पृ. १०२) ।

देउमती विश्वकर्मा : घर्तीगाउँ, रोल्पामा जन्मिएकी देउमती विश्वकर्माले गायन, नृत्य र अभिनयकलामार्फत जनसांस्कृतिक आन्दोलनमा महत्त्वपूर्ण योगदान गरिन् । उनले पनि वाङ, भावाङ, रोल्पामा ८ असार, २०५६ मा भएको सामूहिक हत्याकाण्डमा सहादत प्राप्त गरेकी हुन् (अधिकारी, २०७९, पृ. १०२–१०३) ।

मङ्गल बुढा 'झारण' : १४ माघ, २०३७ मा ह्वामा, रोल्पामा जन्मिएका मङ्गल बुढा 'झारण' जनमिलिसियाको कमान्डरका साथसाथै नृत्य, गायन र अभिनयमा समेत अब्बल थिए । साङ्गठनिक काममा सक्रिय रहेकै बेला ८ असार, २०५६ मा वाङ, भावाङ, रोल्पामा उनले सहादत प्राप्त गरे (अधिकारी, २०७९, पृ. १०७–१०८) ।

लालबहादुर सार्की 'बलदेव' : कोर्चावाङ, रोल्पामा २०३२ मा जन्मिएका लालबहादुर सार्की 'बलदेव' गायन, नृत्य र अभिनयमा पोख्त थिए । जनमिलिसिया र कलाकार टोलीमा क्रियाशील उनले पनि वाङ, भावाङ, रोल्पामा ८ असार, २०५६ मा भएको सामूहिक हत्याकाण्डमा सहादत प्राप्त गरे (अधिकारी, २०७९, पृ. ११६) ।

सुकबहादुर घर्ती मगर 'झन्कार' : २४ माघ, २०३४ मा कोर्चावाङ, रोल्पामा जन्मिएका सुकबहादुर घर्ती मगर 'झन्कार' गायन, नृत्य र अभिनयकला प्रस्तुत गर्दै परिवर्तनको आन्दोलनमा होमिएका थिए । ८ असार, २०५६ मा वाङ, भावाङ, रोल्पामा भएको सामूहिक हत्याकाण्डमा उनीसहित एघार जना जनकलाकारहरूले सहादत प्राप्त गरे (अधिकारी, २०७९, पृ. १२१) ।

सुन्दर घर्ती 'कपिल' : १५ चैत, २०३५ मा ह्वामा, रोल्पामा जन्मिएका सुन्दर घर्ती 'कपिल' जनसांस्कृतिक कर्मद्वारा समाज परिवर्तनका निम्ति क्रियाशील थिए । ८ असार, २०५६ मा वाङ, भावाङ, रोल्पामा भएको सामूहिक हत्याकाण्डमा सुन्दर घर्ती 'कपिल' सहित एघार जना जनकलाकारहरूले सहादत प्राप्त गरे (अधिकारी, २०७९, पृ. १२१) ।

अनेकोट हत्याकाण्ड :
एकैसाथ गुमे सात जनकलाकार

जनसांस्कृतिक अभियान अघि बढाउने क्रममा ५ चैत, २०५५ मा स्थानीय सुराकीको इशाराअनुरूप प्रहरीको एक समूहले अखिल नेपाल जनसांस्कृतिक सङ्घ (हाल महासङ्घ) का केन्द्रीय सदस्य च्याङ्बा लामासहित सातजना जनकलाकारहरूलाई विश्राम लिइरहेको घरसहित जिउँदै जलाएर हत्या गरेको थियो । अनेकोट हत्याकाण्डमा च्याङ्बासहित गुम्बासिंह तामाङ, चिनीमाया लामा, डम्बर श्रेष्ठ, निर्मला देवकोटा, मञ्जु कुँवर र सुभद्रा सापकोटाले सहादत प्राप्त गरेका थिए ।

गुम्बासिंह तामाङ : मण्डन देउपुर नपा- ३ (साविक नयाँगाउँ देउपुर गाविस- ७), काभ्रेपलाञ्चोकमा २४ फागुन, २०२५ मा जन्मिएका हुन् अनेकोट हत्याकाण्डका महान् सांस्कृतिक सहिद गुम्बासिंह तामाङ । मोहनसिंह तामाङ र ठूलीमाया तामाङका सुपुत्र उनी अविवाहित नै थिए । जनसांस्कृतिक अभियानमा हिँडिरहेकै बेला ५ चैत, २०५५ मा दाहालगाउँ, अनेकोट, काभ्रेपलाञ्चोकमा सेल्टर लिएको घरैसहित जलाएर प्रहरीले गुम्बासिंहसहित सात जनकलाकारहरूको निर्ममतापूर्वक हत्या गरेको थियो ।

चिनीमाया लामा : होक्से, काभ्रेपलाञ्चोकमा २०३४ मा जन्मिएकी चिनिमाया लामा उदीयमान जनकलाकार थिइन् । रामशेर लामा-राम्ररी लामाकी सुपुत्री चिनिमायासहित जनकलाकारहरूको टोली पूर्वी नेपालमा सांस्कृतिक अभियान सञ्चालन गर्दै हिँडिरहेको थियो । जनसांस्कृतिक अभियानमा हिँडिरहेकै बेला ५ चैत, २०५५ मा अनेकोट, काभ्रेपलाञ्चोकमा सेल्टर लिएको घरैसहित जलाएर प्रहरीले उनीसहित सात जनकलाकारहरूको निर्ममतापूर्वक हत्या गरेको थियो ।

च्याङ्बा लामा 'पर्वत' : तेमाल क्षेत्रमा अवस्थित मुक्पा, मेच्छे, काभ्रेपलाञ्चोकमा जन्मिएका च्याङ्बा लामा 'पर्वत' सशक्त युवानेताका साथै महान् सांस्कृतिक योद्धा थिए । सुब्बासिंह र ठूलीमाया लामाको सुपुत्रका रूपमा २०३० मा जन्मिएका च्याङ्बाका धर्मसिंह, कर्मसिंह र पेम्बादोर्जे गरी तीन दाइहरू तथा बुद्धिमाया र लमिनडोल्मा गरी दुई दिदीबहिनी छन् । च्याङ्बाकी जीवनसाथी हसनी हुन् भने मसली र रामसली गरी दुई छोरी छन् । सुवदसिंह तामाङको नामबाट समेत चिनिने च्याङ्बा गीत तथा सङ्गीतसिर्जना, गायन, बादन, नृत्य र अभिनयमा समेत पोख्त थिए । उनीसहित सात जनकलाकारहरूलाई ५ चैत, २०५५ मा अनेकोट, काभ्रेपलाञ्चोकमा सेल्टर लिएको घरैसहित जलाएर प्रहरीले हत्या गरेको थियो ।

डम्बर श्रेष्ठ : अन्तनारायण श्रेष्ठ र धनकुमारी श्रेष्ठको सुपत्रका रूपमा १ कात्तिक, २०३४ मा चौतारा साँगाचोकगढी नगरपालिका- ९, (साविक कदमवास गाविस), सिन्धुपाल्चोकमा जन्मिएका हुन् महान् सहिद डम्बर श्रेष्ठ । पूर्वाञ्चल सांस्कृतिक टिमको सदस्य बनेर देशव्यापी सांस्कृतिक अभियानमा सहभागी भइरहेकै बेला उनीसहित सात जनकलाकारहरूलाई ५ चैत, २०५५ मा अनेकोट, काभ्रेपलाञ्चोकमा सेल्टर लिएको घरैसहित जलाएर प्रहरीले हत्या गरेको थियो ।

निर्मला देवकोटा 'प्रतिभा' : सिम्ले, अमले, सिन्धुलीमा २०३८ मा जन्मिएकी निर्मला देवकोटा 'प्रतिभा' जनयुद्धका सहिद कमलप्रसाद देवकोटा र सीता देवकोटाकी सुपुत्री हुन् । वाद्यवादन, नृत्य र गायनमा कुशल रहेकी उनी कात्तिक २०५५ मा पक्राउ परी चरम यातना भोगेर छुटेकी थिइन् । फागुन, २०५५ देखि उनी पूर्वाञ्चल सांस्कृतिक टिमको सदस्य बनेर देशव्यापी सांस्कृतिक अभियानमा सहभागी भएकी थिइन् । उनीसहित सात जनकलाकारहरूलाई ५ चैत, २०५५ मा अनेकोट, काभ्रेपलाञ्चोकमा सेल्टर लिएको घरैसहित जलाएर प्रहरीले हत्या गरेको थियो (अधिकारी, २०७९, पृ. १०४) ।

मञ्जु कुँवर 'समीक्षा' : २ पुस, २०३९ मा दमार, गढी, महादेवस्थान, सिन्धुलीमा जन्मिएकी मञ्जु कुँवर 'समीक्षा' सरल र स्पष्ट स्वभावकी मिलनसार एवम् प्रतिभासम्पन्न जनकलाकार थिइन् । युद्धसिंह-विन्दादेवीकी सुपुत्री मञ्जुले विभिन्न सांस्कृतिक परिवारमा आबद्ध भई जनवादी गीत गाइन् र नृत्य प्रस्तुत गरिन् । २०५५ देखि पूर्वाञ्चल क्षेत्रीय सांस्कृतिक परिवारको सदस्य रहेकी उनीसहित सात जनकलाकारहरूलाई ५ चैत, २०५५ मा अनेकोट, काभ्रेपलाञ्चोकमा सेल्टर लिएको घरैसहित जलाएर प्रहरीले हत्या गरेको थियो (अधिकारी, २०७९, पृ. १०८) ।

सुभद्रा सापकोटा : कुविन्डे, सिन्धुपाल्चोकमा २०३९ मा जन्मिएकी सुभद्रा सापकोटा गायन, वादन र नृत्यकला प्रस्तुत गर्दै आमूल रूपान्तरणको सङ्घर्षमा होमिएकी थिइन् । पूर्वी नेपालमा सांस्कृतिक अभियान सञ्चालन गर्दै हिँडिरहेका बेला उनीसहित सात जनकलाकारहरूलाई ५ चैत, २०५५ मा अनेकोट, काभ्रेपलाञ्चोकमा सेल्टर लिएको घरैसहित जलाएर प्रहरीले हत्या गरेको थियो (अधिकारी, २०७९, पृ. १२२) ।

दर्जनौं हत्याकाण्ड :
सयौं साङ्गीतिक सहिदहरू

अन्जान विरही : १७ असोज, २०३० मा बगुवा, गोरखामा जन्मिएका बुद्धिबहादुर श्रेष्ठको साहित्यिक नाम हो अन्जान विरही । जनयुद्धमा सहभागी उनी जनकलाकार र साहित्यकारका रूपमा समेत परिचित थिए । २० जेठ, २०५५ मा देउराली, गोरखाको ढोडेनी भन्ने स्थानमा प्रहरीले गिरफ्तार गरी उनको हत्या गरेका थियो (अधिकारी, २०७९, पृ. २६) ।

अमर पाख्रिन 'दोर्जे' : सुपरिचित जनकलाकार खुसीराम पाख्रिन र सुकमाया पाख्रिनका सुपुत्र अमर पाख्रिन 'दोर्जे' राजनीतिकर्मी, जनमुक्ति सेना र जनकलाकार थिए । १७ फागुन, २०३७ चितवनमा जन्मिएका अमरले ८ चैत, २०६० मा स्याङ्जामा सहादत प्राप्त गरे (अधिकारी, २०७९, पृ. ९१-९२) ।

अम्मलाल पाण्डे 'विवेक' : मान्मा- ८, कालीकोटस्थित खाडाचक्र, टाडी भन्ने स्थानमा २०२६ मा जन्मेका अम्मलाल पाण्डे 'विवेक' सांस्कृतिक सङ्गठनमा आबद्ध भई परिवर्तनको आन्दोलनमा सहभागी थिए । सुमधुर स्वरका धनी अम्मलाल देउडा गायनमा सीपालु थिए । ५ असार, २०६० मा उनले सल्यानमा सहादत प्राप्त गरे (अधिकारी, २०७९, पृ. २७) ।

ईन्द्रकला राई 'उषा' : बासीपोखरा, भोजपुरमा २०४४ मा जन्मिएकी ईन्द्रकला राई 'उषा' ले 'सगरमाथा सांस्कृतिक परिवार' मा आबद्ध भई पूर्वी नेपालको सांस्कृतिक आन्दोलनमा नेतृत्वदायी योगदान गरिन् । जनकलाकारको हैसियतले गायन, नृत्य र अभिनयकलामा महत्त्वपूर्ण योगदान गरेकी उनले २०६० मा सहादत प्राप्त गरिन् (अधिकारी, २०७९, पृ. ९२) ।

उतिचन राय यादव : रौतहटमा जन्मेका उतिचन राय यादव आफ्नो मातृभाषामा गीत र कविता लेख्दथे । रामवृक्ष सांस्कृतिक परिवारमा आबद्ध रही गीत, सङ्गीत र नृत्य प्रस्तुत गर्दै जनतालाई सङ्गठित गरिरहेकै अवस्थामा तत्कालीन शाही राज्यसत्ताले उनको हत्या गरेको थियो (अधिकारी, २०७९, पृ. २९) ।

एकबहादुर सुनार : लमजुङमा जन्मिएका एकबहादुर सुनुवार जनवादी गीतसिर्जना, गायन र नृत्यमा सक्रिय थिए । उनले २०५४ मा कुन्छामा सहादत प्राप्त गरे (अधिकारी, २०७९, पृ. ९२) ।

कञ्चन प्रियदर्शी : पीपलडाँडा, सिन्धुपाल्चोकमा २०२७ मा जन्मेका ईश्वरकृष्ण बुढाथोकीको साहित्यिक नाम थियो, कञ्चन प्रियदर्शी । पार्टीनाम 'चिन्तन' रहेका प्रियदर्शीले मुख्यतः पत्रकारिता गरे । स्थानीय जुगल सांस्कृतिक परिवारद्वारा प्रदर्शित 'मध्यरात परेपछि' (२०५०), 'बादल अझै फाटेको छैन' (२०५१) लगायतका नाटकहरु उनैले लेखेका हुन् । १६ वैशाख, २०५९ मा सुरक्षाकर्मीले गोली हानी उनको हत्या गरे (अधिकारी, २०७९, पृ. ३३) ।

कमल पुन 'पवन' : राङ्सी, रोल्पामा २०३५ मा जन्मेका कमल पुन 'पवन' २०५१ देखि नै 'सिज मितेरी सांस्कृतिक अभियान' मा आबद्ध भई राजनीति,

साहित्य र संस्कृतिमा क्रियाशील हुन थालेका थिए । उपचारका लागि हरियाणा, भारत पुगेका उनलाई २९ जेठ, २०५९ मा उतै गिरफ्तार गरी ४ असार, २०५९ मा नेपाल सुपुर्दगी गरियो । कपिलवस्तुको कृष्णनगर एसपी कार्यालयमार्फत ल्याइएका उनलाई चन्द्रौटा, भालुवाङ, समशेरगञ्ज हुँदै नेपालगञ्जको राँझा ब्यारेकमा केही दिन राखी निर्मम यातना दिएर हत्या गरियो (अधिकारी, २०७९, पृ. ३५-३६) ।

कमल भुजेल : नेपालपाखा, सिद्ध, कास्कीमा २५ असोज, २०३२ मा जन्मिएका कमल भुजेल जनवादी सांस्कृतिक गतिविधि र साहित्यलेखनमा सक्रिय थिए । तत्कालीन शाही नेपाली सेनाले कब्जामा लिएर उनको हत्या गऱ्यो (अधिकारी, २०७९, पृ. ९३) ।

कमलप्रसाद देवकोटा 'पीके शर्मा' : चैत, २०११ मा अमले, सिन्धुलीमा जन्मेका कमलप्रसाद देवकोटा पीके शर्माको नामबाट समेत परिचित थिए । उनी राजनीतिक र साहित्यिक व्यक्तित्वका रूपमा स्थापित थिए । देवकोटा मादल, हार्मोनियम, बाँसुरी, गीतारलगायतका वाद्ययन्त्र बजाउनुका साथ गायनमा समेत पोख्त थिए । २५ असोज, २०६० मा सोलुखुम्बुको सल्यानस्थित स्याम्पु भन्ने स्थानबाट शाही सेनाले उनलाई गिरफ्तार गरी निर्मम यातनापश्चात गोली हानी हत्या गरे (अधिकारी, २०७९, पृ. ३५) ।

कर्णबहादुर पुन 'पुनित' : १६ वैशाख, २०३६ मा वाफिकोट, डाँडागाउँ, रूकुममा जन्मेका कर्णबहादुर पुन 'पुनित' जनसांस्कृतिक सङ्गठनसँग सम्बद्ध थिए । उनले लेखेका थुप्रै गीतहरू रेकर्ड भएका छन् । ८ भदौ, २०५७ मा रूकुमकै आठबिसकोटमा उनको सहादत भयो (अधिकारी, २०७९, पृ. ३६) ।

कल्पना बन्जारा 'अपेक्षा' : १७ चैत, २०४२ मा काउले, तान्द्राङ, गोरखामा जन्मिएकी कल्पना बन्जारा 'अपेक्षा' 'योद्धा सांस्कृतिक परिवार' की सदस्य थिइन् । जनजागृतिको सांस्कृतिक अभियानमा खटिरहेकै बेला २० भदौ, २०६२ मा देउराली, पन्द्रुङ, गोरखामा तत्कालीन शाही सेनाले पत्राउ गरी चरम यातना दिएर उनको हत्या गऱ्यो (अधिकारी, २०७९, पृ. ९३) ।

कविता शाही 'अञ्जु' : माघ, २०४० मा खेतुबुअ, कालिका, जुम्लामा जन्मिएकी कविता शाही 'अञ्जु' सांस्कृतिक सङ्गठनमार्फत जनयुद्धमा सहभागी भएकी थिइन् । आफ्नो कलाकौशल प्रदर्शन गरेर जनजागृतिका गीति प्रस्तुत गर्दागर्दै ७ कात्तिक, २०६० मा उनले सहादत प्राप्त गरिन् (अधिकारी, २०७९, पृ. ९३-९४) ।

कृष्णप्रसाद पौडेल : २९ असार, २०१८ मा चितवनमा जन्मिएका कृष्णप्रसाद पौडेल नाटक र रङ्गमञ्चीय कलामा पोख्त थिए । शिक्षण पेशामा रही क्रान्तिकारी आन्दोलनमा योगदान पुऱ्याइरहेका उनले २० जेठ, २०५८ मा हिरासतभित्रै सहादत प्राप्त गरे (अधिकारी, २०७९, पृ. ९४-९५) ।

कोपिला कुमाल 'दीपा' : दसकिलो, गोरखामा २१ जेठ, २०४१ मा जन्मिएकी कोपिला कुमाल 'दीपा' पनि 'अभियान सांस्कृतिक परिवार' मै आबद्ध थिइन् । जनसांस्कृतिक अभियानमार्फत जनजागृतिको काममा लागिरहेकै बेला ५ पुस, २०५८ मा मिरकोट, गोरखामा उनले सहादत प्राप्त गरिन् (अधिकारी, २०७९, पृ. ९५) ।

कोपिला कुमाल 'सरला' : दसकिलो-कुन्दुर, गोरखामा २६ असोज, २०४१ मा जन्मिएकी कोपिला कुमाल 'सरला' 'अभियान सांस्कृतिक परिवार' मा आबद्ध थिइन् । नृत्य र गायनमा पोख्त उनले ५ पुस, २०५८ मा मिरकोट, गोरखामा सहादत प्राप्त गरिन् (अधिकारी, २०७९, पृ. ९५) ।

कौशिला तमु 'शिल्पा' : ३१ भदौ, २०३१ मा देउराली, पन्द्रुङ, गोरखामा जन्मिएकी कौशिला तमु 'शिल्पा' 'अभियान सांस्कृतिक परिवार' को संस्थापक सदस्यकै रूपमा आबद्ध थिइन् । २२ वैशाख, २०५९ मा तार्कुघाट, लमजुङमा राज्यको सुरक्षासंयन्त्रले गोली हानी उनको हत्या गऱ्यो (अधिकारी, २०७९, पृ. ९५-९६) ।

गङ्गालाल केसी : साविक पवाङ गाविस, महिपे, रूकुमका गङ्गालाल केसी आमूल पनि नेपाली परिवर्तनकारी आन्दोलनका एकजना जनसाङ्गीतिक सहिद हुन् । कालीबहादुर केसी उपनामले चिनिएका उनलाई २८ जेठ, २०५५ मा प्रहरीले घरैबाट गिरफ्तार गरेर चौकीमा समेत नपुऱ्याई बाटैमा गोली हानेर हत्या गऱ्यो ।

गणेश शर्मा 'सन्देश' : कोटमौला, सल्यानमा १६ फागुन, २०१९ मा जन्मिएका गणेश शर्मा 'सन्देश' सल्यान जिल्लाको सांस्कृतिक आन्दोलनका संस्थापक मानिन्छन् । गीत-सङ्गीत र साहित्य लेखनमा महत्त्वपूर्ण योगदान पुऱ्याएका उनले ९ कात्तिक, २०५५ मा चुनवाङ रूकुममा सहादत प्राप्त गरे (अधिकारी, २०७९, पृ. ९६) ।

चित्रबहादुर घर्ती मगर 'चिरण' : किकल्टा, अर्गल, बागलुङमा २०४१ मा जन्मिएका गीतकार एवम् नृत्यकार चित्रबहादुर घर्ती मगर 'चिरण' सांस्कृतिक

मोर्चामा आबद्ध भई क्रियाशील थिए । उनले २ चैत, २०६१ मा रूकुममा सहादत प्राप्त गरे (अधिकारी, २०७९, पृ. ९७) ।

छत्रबहादुर नेपाली 'सुन्दर' : १३ वैशाख, २०४३ मा तलिउम, जुम्लामा जन्मिएका छत्रबहादुर नेपाली 'सुन्दर' जनसंस्कृतिकर्मी थिए । २७ माघ, २०६२ मा वसन्तपुर, रुपन्देहीमा उनले जनसांस्कृतिक अभियानकै दौरानमा सहादत प्राप्त गरे (अधिकारी, २०७९, पृ. ९७-९८) ।

जनकबहादुर शाही 'रवीन्द्र' : ताम्तीमम, जुम्लामा जन्मिएका जनकबहादुर शाही 'रवीन्द्र' को स्थायी ठेगाना बारेकोट, जाजरकोट हो । उनले थुप्रै गीत, कविता र समसामयिक व्यङ्ग्य लेखेका छन् । ११ फागुन, २०५८ मा अछामको ढाकेरीबाट तत्कालीन शाही सेनाले पक्राउ गरी बर्बरतापूर्ण यातना दिएर उनको हत्या गरेको थियो (अधिकारी, २०७९, पृ. ४३) ।

जनम बराल 'सङ्ग्राम' : ६ चैत, २०३६ मा जन्मेका जनम बरालले देउडा गीतको सङ्कलन प्रकाशमा ल्याएका छन् । गीत, सङ्गीत र साहित्यलेखनमा सक्रिय उनी चर्चित 'कर्णाली जनहातेमालो अभियान' मा सक्रिय थिए । २३ मङ्सिर, २०५८ मा बेलादेवीपुर, कैलालीबाट शाही सेनाले उनलाई कब्जामा लिई चरम यातना दिएर निर्ममतापूर्वक हत्या गर्‍यो (अधिकारी, २०७९, पृ. ४४) ।

जयधन रोका : ह्वा, रोल्पामा जन्मेका जयधन रोका कुशल राजनीतिक एवम् साहित्यिक सांस्कृतिक व्यक्तित्व थिए । गीत, कविता, संस्मरण आदि विधामा कलम चलाएका उनलाई २०५३ मा सुरक्षाकर्मीले गिरफ्तार गरी निर्ममतापूर्वक हत्या गरे (अधिकारी, २०७९, पृ. ४४) ।

जयन्ता घर्ती मगर 'रमा' : पुन्मा, जाजरकोटमा २०३७ मा जन्मेकी जयन्ता घर्ती मगर 'रमा' जनकलाकार थिइन् । 'जुनी सांस्कृतिक परिवार' जाजरकोटकी अध्यक्ष समेत रहेकी उनको गायनकला अब्बल थियो । ७ भदौ, २०५९ मा माझफाल, डोल्पामा तत्कालीन राज्यपक्षले उनीसहित नौ जनाको सामूहिक हत्या गरेको थियो (अधिकारी, २०७९, पृ. ४५) ।

जया दाहाल 'सृष्टि' : नाङ्गेडाँडा, पुरानो झाँगाझोली, सिन्धुलीमा २०३८ मा जन्मिएकी जया दाहाल 'सृष्टि' क्रान्तिकारी सांस्कृतिक आन्दोलनमा क्रियाशील थिइन् । सांस्कृतिक अभियानकै सिलसिलामा २१ जेठ, २०५५ मा पुझा, सिरूबारीमा उनले सहादत प्राप्त गरिन् (अधिकारी, २०७९, पृ. ९८) ।

जीवन विश्वकर्मा : दमाली, बदलाकोट, कालीकोटमा २०४४ मा जन्मिएका जीवन विश्वकर्मा जनसांस्कृतिक सङ्गठनमा आबद्ध थिए । जनताका गीत गाउँदागाउँदै ४ साउन, २०६२ मा उनले सहादत प्राप्त गरे (अधिकारी, २०७९, पृ. ९८-९९) ।

ठूलकुमार श्रेष्ठ 'आकाश' : दोबेला, चिउरीडाँडा, खोटाङमा २६ मङ्सिर, २०२० मा जन्मिएका ठूलकुमार श्रेष्ठ 'आकाश' अखिल नेपाल जनसांस्कृतिक सङ्घ, खोटाङका अध्यक्ष थिए । उनी गीत र कविता लेख्नुका साथै अभिनयमा समेत पोख्त थिए । २७ पुस, २०५५ मा तावाश्री, उदयपुर पुगेका बेला सिन्धुलीका चतुरमान र वसन्त श्रेष्ठसहित जनकलाकार ठूलकुमार श्रेष्ठ 'आकाश' लाई प्रहरीले कब्जामा लिई हत्या गऱ्यो (अधिकारी, २०७९, पृ. ९९) ।

डीबी लामा : भीमखोरी, काभ्रेमा जन्मेका डी.बी. लामा लेखक, गायक र सङ्गीतकार थिए । उनले थुप्रै जनवादी गीतहरू रचना र सङ्गीतसिर्जना गरेका छन् । पोखरी, च्याखुटारबेंसी, सिन्धुलीमा २ कात्तिक, २०६१ मा उनले सहादत प्राप्त गरे (अधिकारी, २०७९, पृ. ४७) ।

तारा काफ्ले : १३ भदौ, २०२७ मा रापाकोट, स्याङ्जामा जन्मिएकी तारा क्रान्तिकारी साहित्य सिर्जनाका साथै सांस्कृतिक आन्दोलनमा समेत क्रियाशील थिइन् । उनलाई ५ असोज, २०५९ मा प्रहरीले अमृतनगर, शुक्रनगर, चितवनमा गिरफ्तार गरी निर्ममतापूर्वक हत्या गऱ्यो (अधिकारी, २०७९, पृ. १००) ।

दलबहादुर बोहरा 'विशाल यात्री' : राँचुली, रतडा, कालीकोटमा जन्मिएका दलबहादुर बोहराले दर्जनौं गीत, कविता र कथाहरू लेखेका छन् । भूमिगत रूपले जुम्लामा रही काम गरिरहेकै बेला १२ फागुन, २०६० मा उनलाई प्रहरीले गिरफ्तार गरी गोली हानेर हत्या गरेको थियो (अधिकारी, २०७९, पृ. ४८) ।

दिलमाया लामा (बम्जन) : १४ फागुन, २०३४ मा कामागाउँ (बम्जनटोल), लखनपुर, रामेछापमा जन्मिएकी दिलमाया बम्जन नेपाली जनयुद्धकै पहिलो सफल फौजी कारबाहीका रूपमा १९ पुस, २०५३ मा रामेछापको बेथानमा भएको प्रहरी चौकी 'रेड' की सहिद हुन् । स्थानीय क्षितिज सांस्कृतिक परिवारकी जनकलाकार समेत रहेकी छापामार दिलमाया बम्जनले बेथान 'रेड' को सिलसिलामा कमान्डर तिर्थबहादुर गौतम तथा छापामार फत्तबहादुर स्माली मगरसँगै युद्धमोर्चामै सहादत प्राप्त गरेकी हुन् ।

देवीप्रसाद दाहाल : नाङ्गेडाँडा, पुरानो झाँगाझोली, सिन्धुलीमा २०३० मा जन्मिएका देवीप्रसाद दाहाल जनसांस्कृतिक आन्दोलनसहित राजनीतिक चेनता

जगाउन होमिएका थिए । २६ वैशाख, २०५६ मा देवजोर, सिन्धुलीमा उनले सहादत प्राप्त गरे (अधिकारी, २०७९, पृ. १०३) ।

देवीबहादुर थापा मगर : २९ असार, २०३४ मा फिनाम, गोरखामा जन्मिएका देवीबहादुर थापा मगर राजनीति र कला–साहित्यमा उत्तिकै रूचि राख्दथे । गीत, कविता, संस्मरण र समसामयिक आलेखहरू लेखी प्रकाशन समेत गरिसकेका उनले ९ भदौ, २०५९ मा काठमाडौंको सितापाइलामा सहादत प्राप्त गरे (अधिकारी, २०७९, पृ. ४९) ।

धनकुमारी विश्वकर्मा 'समीक्षा' : ७ पुस, २०४६ मा पचभैया, लेखनाथ, कास्कीमा जन्मिएकी धनकुमारी विश्वकर्मा 'समीक्षा' अधिकारीडाँडा, ढिकुरपोखरीकी स्थायी वासिन्दा हुन् । जनसांस्कृतिक टोलीमा आबद्ध भएर सामाजिक परिवर्तनको पक्षमा क्रियाशील रहेकै बेला २४ माघ, २०६० मा कोलेनी, ल्वाङघलेल, कास्कीमा उनले सहादत प्राप्त गरिन् (अधिकारी, २०७९, पृ. १०३–१०४) ।

नवराज केसी 'अमृत' : कटुञ्जे, खनियापानी, रामेछापमा २०, भदौ, २०३० मा जन्मिएका नवराज केसी 'अमृत' को औपचारिक नाम नवराज खत्री हो । रामेछापको स्थानीय सांस्कृतिक टोली योद्धा सांस्कृतिक परिवारका एक अगुवा नवराज केसी मानबहादुर खत्री र शेरकुमारी खत्रीका एक मात्र सुपुत्र हुन् । नवराज केसीले ५ असोज, २०५५ मा पुरानागाउँ, रामेछापमा वीरतापूर्ण सहादत प्राप्त गरे । प्रहरीले पक्राउ गरी केही घन्टापछि गोली हानेर उनको हत्या गऱ्यो ।

नारायण घिमिरे 'आक्रोश बिहानी' : १० कात्तिक, २०३३ मा ढाँट पटौरी, अर्घाखाँचीमा जन्मिएका नारायण घिमिरे 'आक्रोश बिहानी' ले राजनीतिसँगै कला–साहित्यकर्म पनि अघि बढाएका थिए । गीत, संस्मरण र समसामयिक आलेखहरू लेखेका उनले १५ माघ, २०५९ मा अर्खा, प्युठानमा सहादत प्राप्त गरे (अधिकारी, २०७९, पृ. ५१) ।

नीलराज लामा : धारापानी, गुन्सीभदौरे, रामेछापमा १० साउन, २०२७ मा जन्मिएका नीलराज लामा किशोरावस्थादेखि नै क्रान्तिकारी आन्दोलन र जनसांस्कृतिक अभियानमा सङ्लग्न थिए । 'सानी अमर छिन्' शीर्षकको नाटकमा नीलराजले गरेको 'डेङजोङपा' पात्रको अभिनय त्यसताका निकै चर्चित बनेको थियो । सुरूआतमा क्षितिज सांस्कृतिक परिवारमा क्रियाशील उनी पछि पूर्णकालीन क्रान्तिकारीका रूपमा जनयुद्धमा होमिए । २ असार, २०६१ मा धोवी, नागदह, रामेछापमा उनले वीरतापूर्ण सहादत प्राप्त गरे ।

पुष्पराज चौधरी : सूर्यपटुवा, बर्दियामा पुस, २०३५ मा जन्मिएका पुष्पराज चौधरी 'भेरी–कर्णाली सांस्कृतिक सङ्गम' का अध्यक्ष थिए । उनले नेपाली र थारू भाषामा थुप्रै गीतहरु लेखे र गाए । ४ पुस, २०५९ मा जीवनसङ्गिनी सम्झनासहित उनलाई राज्यका सुरक्षाकर्मीले पक्राउ गरेर रजबाराको जङ्गलमा लगी निर्ममतापूर्वक हत्या गरे (अधिकारी, २०७९, पृ. ५६) ।

प्रगति राई 'शोभा' : १ भदौ, २०३९ मा कुइभीर, ओखलढुङ्गामा जन्मिएकी प्रगति राई 'शोभा' सांस्कृतिक तथा महिला सङ्गठनमा आबद्ध भएर सक्रिय थिइन् । १० वैशाख, २०६१ मा उनलाई तत्कालीन शाही सेनाले घेरा हालेर गिरफ्तार गरेपछि गोली हानी हत्या गरेको थियो (अधिकारी, २०७९, पृ. १०५) ।

प्रतिभा : पाछावाङ, रोल्पामा जन्मिएकी प्रतिभा जनगीत गायन, वादन र कवितारचनामा क्रियाशील थिइन् । सांस्कृतिक र राजनीतिक सङ्गठनमा आबद्ध उनले ३ फागुन, २०५४ मा सहादत प्राप्त गरिन् (अधिकारी, २०७९, पृ. ५४) ।

प्रीतकुमार मोक्तान 'हिम' : १५ भदौ, २०३८ मा चकरी, हाँडीखोला, मकवानपुरमा जन्मिएका प्रीतकुमार मोक्तान 'हिम' अनेरास्ववियुका केन्द्रीय सदस्य समेत थिए । सरकार–माओवादीबीचको दोस्रो वार्ताकालमा सांस्कृतिक गतिविधिमा सहभागी हुँदै जनचेतना जगाइरहेका बेला उनलाई तत्कालीन शाही सेनाले गिरफ्तार गरी टाउको गिँडेर हत्या गरेको थियो (अधिकारी, २०७९, पृ. १०५) ।

प्रेमप्रसाद सापकोटा 'सौरभ' : मङ्सिर, २०३३ मा कुविन्डे, सिन्धुपाल्चोकमा जन्मिएका प्रेमप्रसाद सापकोटा 'सौरभ' विद्यार्थी सङ्गठनका साथसाथै साहित्य र कलाकारितामा समेत क्रियाशील थिए । गीत, कविता, संस्मरण र निबन्धहरु लेखेका उनले १० मङ्सिर, २०५८ मा सोलुखुम्बु जिल्ला सदरमुकाममा सहादत प्राप्त गरे (अधिकारी, २०७९, पृ. ५५) ।

प्रेमबहादुर रोक्का : सारावाङ, कुरेली, रोल्पामा जन्मिएका प्रेमबहादुर रोक्का 'जनसङ्गम सांस्कृतिक परिवार' का सदस्य थिए । गाउँमा राज्यआतङ्क मच्चिएकाले घरनजिकैको ओडारमा बसिरहेका बेला २०५४ मा प्रहरीले घेरा हाली गिरफ्तार गरेर निर्मम यातना दिई उनको हत्या गरेको थियो (अधिकारी, २०७९, पृ. १०५–१०६) ।

बालीश्वर घर्ती मगर 'बालकृष्ण' : असारे, दर्लिङ, बागलुङमा २०४४ मा जन्मिएका बालीश्वर घर्ती मगर 'बालकृष्ण' 'सिर्जना सांस्कृतिक परिवार' र 'कालीगण्डकी सांस्कृतिक परिवार' मा आबद्ध भई जनसंस्कृतिकर्ममा तल्लिन थिए । गायन र नृत्यमा राम्रो दख्खल भएका उनलाई तत्कालीन शाही सेनाले

देवीस्थान, बागलुङमा १४ मङ्सिर, २०६० मा गोली हानी हत्या गरेको थियो (अधिकारी, २०७९, पृ. १०६) ।

बेनोज अधिकारी 'प्रशान्त' : चर्चित विद्यार्थी नेता बेनोज अधिकारी 'प्रशान्त' क्यामिन, तनहुँमा २० साउन, २०३० मा जन्मिएका हुन् । गीत, कविता, निबन्ध आदि समेत लेख्दै आएका बेनेजलाई २२ फागुन, २०५८ मा शाही सेनाले विराटनगरबाट गिरफ्तार गऱ्यो । २४ फागुनमा हिरासतमै गोली हानेर उनको हत्या गरिएको भनिए तापनि यसबारे अझैसम्म पनि पुष्टि हुन सकेको छैन (अधिकारी, २०७९, पृ. ५६) ।

भीमबहादुर घर्ती 'दारूण' : पुयाँ, अर्गल, बागलुङमा २०३१ मा जन्मिएका भीमबहादुर घर्ती 'दारूण' सांस्कृतिक मोर्चाका साथसाथै विद्यार्थी नेता थिए । अनेरास्ववियु (क्रान्तिकारी) को जिल्ला अध्यक्ष समेत रहेका उनलाई सेनाले ८ चैत, २०६० मा गिरफ्तार गरी हत्या गरेको थियो (अधिकारी, २०७९, पृ. १०७) ।

भीमनारायण श्रेष्ठ : ३० असार, १९९३ मा धनकुटामा जन्मिएका भीमनारायण श्रेष्ठ २०१५ देखि नै नेपाली काङ्ग्रेसको राजनीतिमा सङ्लग्न थिए । राजनीतिका साथसाथै कला–साहित्यमा समेत क्रियाशील उनी गीत र कविता लेख्न तथा चित्र कोर्न समेत सीपालु थिए । असार, २०३१ मा तत्कालीन राज्यले गोली हानेर उनको हत्या गऱ्यो (अधिकारी, २०७९, पृ. ६०) ।

भोगट राय भर : पर्सागढी नपा– ५, बौहर्वा, पर्सामा २०१६ मा जन्मिएका भोगट राय भर प्रतिभाशाली जनगायक हुन् । उनले ७ मङ्सिर, २०६१ मा सहादत प्राप्त गरे ।

भुवन बुढा : जेलवाङ, रोल्पामा २०३४ मा जन्मिएका भुवन बुढा 'जलजला सांस्कृतिक परिवार' मा आबद्ध थिए । पुस, २०५४ मा झङ्की, रोल्पामा प्रहरीले गोली हानी उनको हत्या गऱ्यो (अधिकारी, २०७९, पृ. १०७) ।

मनोज जोशी 'सर्मेन्द्र' : २३ असोज, २०३० मा दित्तेल बजार, खोटाङमा जन्मिएका मनोज जोशी 'सर्मेन्द्र' 'इन्द्रेणी सांस्कृतिक समाज (इसास) मा आबद्ध थिए । २०४८ को कर्मचारी आन्दोलनको समर्थनमा दित्तेल बहुमुखी क्याम्पसका विद्यार्थीहरूले निकालेको जुलुसमा सहभागी भएका बेला प्रहरीको गोली लागी उनले सहादत प्राप्त गरे (अधिकारी, २०७९, पृ. १०८-१०९) ।

मस्तबहादुर विष्ट 'संसार' : २५ वैशाख, २०३१ मा चुनवाङ, रूकुममा जन्मिएका मस्तबहादुर विष्ट 'संसार' किशोरावस्थादेखि नै जनकलाकारका

रूपमा क्रियाशील थिए । २०४६ देखि राजनीतिमा सक्रिय उनी २०४८ मा अखिल नेपाल जनसांस्कृतिक सङ्घको जिल्ला सचिव तथा 'सिस्ने परिवार' को अध्यक्ष बनेका थिए । २०५२-५३ मा त्यस भेगमा चलाइएका सिज, मितेरीलगायतका अभियानमा मस्तबहादुरले महत्त्वपूर्ण भूमिका निर्वाह गरे । ३ फागुन, २०५३ मा बुढागाउँ, चुनवाङ, रूकुममा प्रहरीले गोली हानी उनको हत्या गऱ्यो (अधिकारी, २०७९, पृ. ६१) ।

महेन्द्र मरहट्टा : २७ पुस, २०३७ मा हर्मी, गोरखामा जन्मिएका महेन्द्र मरहट्टा 'अभियान सांस्कृतिक परिवार' मा आबद्ध भएर राजनीतिक, साहित्यिक र सांस्कृतिक अभियानमा क्रियाशील थिए । कविता, गीत, संस्मरणलगायतका विधामा कलम चलाएका मरहट्टाले १५ पुस, २०५८ मा तारानगर, छेपेटार, गोरखामा सहादत प्राप्त गरे (अधिकारी, २०७९, पृ. ६१) ।

मातृका धिताल 'रश्मि' : अमरवस्ती, काउले, तान्द्राङ, गोरखामा १८ जेठ, २०४१ मा जन्मिएका मातृका धिताल 'रश्मि' 'योद्धा सांस्कृतिक परिवार' मा आबद्ध थिइन् । विद्यार्थी नेतृ समेत रहेकी उनलाई ११ पुस, २०५७ मा बिसाना, हर्रा, आश्राङ, गोरखामा राज्य पक्षले हत्या गऱ्यो (अधिकारी, २०७९, पृ. १०९) ।

माया नेपाली 'अनु' : कावरनेट, खनदह, अर्घाखाँचीमा २०४६ मा जन्मिएकी माया नेपाली 'अनु' जनवादी गीत गाउँदै र नृत्य प्रस्तुत गर्दै जनसांस्कृतिक आन्दोलनमा सक्रिय थिइन् । सांस्कृतिक कार्यक्रमकै सिलसिलामा रत्नमारे, हङ्शपुर पुगेका बेला तत्कालीन शाही सेनाले उनलाई कब्जामा लिई गोली हानेर सुरूमा घाइते बनाई केहीपछि हत्या गऱ्यो (अधिकारी, २०७९, पृ. १०९-११०) ।

मीना मरहट्टा 'ज्योति' : २९ साउन, २०३४ मा हर्मी, गोरखामा जन्मिएकी मीना मरहट्टा 'ज्योति' 'अभियान सांस्कृतिक परिवार' मा आबद्ध थिइन् । गायन र नृत्यमा पोख्त उनले जनसांस्कृतिक अभियानमै रहेका बेला १ माघ, २०५८ मा सहादत प्राप्त गरिन् (अधिकारी, २०७९, पृ. ११०) ।

मीना सापकोटा : कुविन्डे, सिन्धुपाल्चोकमा २०४२ मा जन्मेकी मीना सापकोटा किशोरावस्थादेखि नै सांस्कृतिक सङ्गठनमा आबद्ध थिइन् । गीत र कविता समेत लेखेकी सिर्जनशील प्रतिभाकी धनी मीनाले १५ साउन, २०५९ मा दोलखामा सहादत प्राप्त गरिन् (अधिकारी, २०७९, पृ. ६३) ।

मैती प्रजा 'सविता' : १८ साउन, २०३९ मा मकैसिङ, गोरखामा जन्मिएकी मैती प्रजा 'सविता' पनि 'अभियान सांस्कृतिक परिवार' मै आबद्ध थिइन् । गायन र नृत्यमार्फत सांस्कृतिक योगदान पुऱ्याइरहेकी उनलाई २२ वैशाख, २०५६ मा

तत्कालीन शाही सेनाले स्तुलखोला, आरूचनौटे गोरखामा कब्जामा लिई हत्या गऱ्यो (अधिकारी, २०७९, पृ. ११०) ।

रनदीप विश्वकर्मा : २७ असार, २०३७ मा भलायागाउँ, खिन, कालीकोटमा जन्मिएका रनदीप विश्वकर्मा हास्यव्यङ्ग्य, नाटक र नृत्यजस्ता विधामा पोख्त थिए । सांस्कृतिक सङ्गठनमा आबद्ध रही क्रियाशील उनले ९ भदौ, २०६० मा गोगनपानी, दार्चुलामा सहादत प्राप्त गरे (अधिकारी, २०७९, पृ. ११०) ।

राजविक्रम भुर्त्याल 'इन्द्रजित' : २ भदौ, २००७ मा पर्स्याङ, पोखरा, कास्कीमा जन्मिएका राजविक्रम भुर्त्याल 'इन्द्रजित' चुड्किला, गीत, कविता र अभिनयका साथै चित्र कोर्न र हस्तकलाका सामग्री निर्माणमा समेत पोख्त थिए । माओवादी पार्टीको जिल्ला सेक्रेटरी हुँदै क्षेत्रीय सदस्यसम्म बनेका उनले ३१ वैशाख, २०६१ मा जीवनसङ्गिनीसहित सहादत प्राप्त गरे (अधिकारी, २०७९, पृ. १११) ।

रामचन्द्र श्रेष्ठ 'गर्जन' : ८ असोज, २०३२ मा ठाँटी, आश्राङ, गोरखामा जन्मिएका रामचन्द्र श्रेष्ठ 'गर्जन' सांस्कृतिक फाँटमा रही जनकलाकारका रूपमा क्रियाशील थिए । ६ भदौ, २०५८ मा बामीटक्सार, गुल्मीमा उनले सहादत प्राप्त गरे (अधिकारी, २०७९, पृ. १११-११२) ।

रामनाथ दाहाल : इवा, भदौरे, तेह्रथुममा १९९५ मा जन्मिएका रामनाथ दाहाल ३४ वर्षे ऊर्जाशील वयमा सहादत प्राप्त गर्ने बौद्धिक नेता हुन् । कलाकार र लेखक समेत रहेका उनलाई २०२८ को बहुचर्चित झापा काण्डपछि पक्राउ गरिएको थियो । २१ फागुन २०२९ को राति जेल सरूवा गरी इलाम लाने बहानामा गाडीमा राखेर सुखानीको जङ्गलमा पुऱ्याई निर्ममतापूर्वक हत्या गरिएको थियो (अधिकारी, २०७९, पृ. ६७) ।

रामबहादुर विश्वकर्मा 'सागर' : २८ पुस, २०३७ मा उपल्लाघर, मैदान, गुल्मीमा जन्मिएका रामबहादुर विश्वकर्मा 'सागर' गायन र नृत्यमा पोख्त थिए । १३ चैत, २०५८ मा तत्कालीन शाही सेनाले गिरफ्तार गरी उनको निर्ममतापूर्वक हत्या गऱ्यो (अधिकारी, २०७९, पृ. ११२) ।

राममणि भट्टराई 'प्रकाश' : २७ चैत, २०१८ मा हङ्शपुर, कास्कीमा जन्मिएर २०३१ मा सपरिवार भोर्लेटार, लमजुङ बसाइँ सरेका राममणि भट्टराई 'प्रकाश' राजनीतिक भूमिकाका साथसाथै कला-साहित्यको क्षेत्रमा समेत क्रियाशील थिए । विभिन्न सांस्कृतिक परिवारमा आबद्ध भई जनसांस्कृतिक कर्म गरेका

उनलाई तत्कालीन प्रशासनले १४ पुस, २०५५ मा पक्राउ गरी टिमुरे, चक्रतीर्थ, लमजुङस्थित जङ्गलमा पुऱ्याएर हत्या गऱ्यो (अधिकारी, २०७९, पृ. ११२) ।

रामश्री तामाङ 'जुना' : खरिबोट, गोरखामा २०३८ मा जन्मिएका रामश्री तामाङ 'जुना' जनकलाकार मोर्चामा क्रियाशील थिए । जनसांस्कृतिक अभियानमा सङ्लग्न रहेकै बेला २४ पुस, २०५८ मा गिरफ्तार गरी उनलाई हालसम्म बेपत्ता बनाइएको छ (अधिकारी, २०७९, पृ. ११३) ।

रीता बन्जारा 'सुस्मिता'/'उषा' : २२ कात्तिक, २०३९ मा काउले, तान्द्राङ, गोरखामा जन्मिएकी रीता बन्जारा 'सुस्मिता'/'उषा' 'योद्धा सांस्कृतिक परिवार' मा आबद्ध भई जनकलाकारका रूपमा क्रियाशील थिइन् । थुप्रै गीतहरूमा स्वर दिएकी उनलाई तत्कालीन राज्यपक्षको सुरक्षा निकायले २ फागुन, २०५७ मा बगुवा, रिङ्गेपानी, गोरखामा कब्जामा लिई गोली हानेर हत्या गऱ्यो (अधिकारी, २०७९, पृ. ११३-११४) ।

रीता लामिछाने 'रूषा' : ४ पुस, २०४१ मा काउले, तान्द्राङ, गोरखामा जन्मिएकी रीता लामिछाने 'रूषा' कलिलै उमेरदेखि जनसांस्कृतिक आन्दोलनमा होमिएकी थिइन् । गायन र नृत्यमा राम्रो दख्खल भएकी उनलाई तत्कालीन शाही सेनाले २६ फागुन, २०६० मा कब्जामा लिई हत्या गऱ्यो (अधिकारी, २०७९, पृ. ११४) ।

रीता श्रेष्ठ 'विविषा' : १३ कात्तिक, २०४४ मा गोकुले, मायाङ्खु, उदयपुरमा जन्मिएकी रीता श्रेष्ठ 'विविषा' सांस्कृतिक क्षेत्रका साथै विद्यार्थी सङ्गठनमा क्रियाशील थिइन् । १ माघ, २०६० मा कटहरे, रूपाटार, उदयपुरमा सांस्कृतिक शिविर चलाइरहेकै बेला उनलाई तत्कालीन शाही सेनाले कब्जामा लिई निर्ममतापूर्वक हत्या गऱ्यो (अधिकारी, २०७९, पृ. ११४-११५) ।

रूपचन्द्र नेपाली 'साहस' : झाँक्री, रूकुममा २०३४ मा जन्मिएका रूपचन्द्र नेपाली 'साहस' गायन र नृत्यमा पोख्त थिए । एरियास्तरका सांस्कृतिक टोलीमा क्रियाशील रहेका उनले २९ वैशाख, २०६२ मा सहादत प्राप्त गरे (अधिकारी, २०७९, पृ. ११५) ।

रूपलाल बोहरा 'आकाश' : बडागाउँ, शेरागाउँ, सल्यानमा २०२८ मा जन्मिएका रूपलाल बोहरा 'आकाश' गीत, कविता, संस्मरण र समसामयिक लेखहरू लेख्दथे । १६ जेठ, २०५८ मा उनले सहादत प्राप्त गरे (अधिकारी, २०७९, पृ. ७१) ।

रोहित कोइराला : झुम्का, सुनसरीमा २०२८ मा जन्मिएका रोहित कोइराला कुशल जनकलाकार थिए । गीत, कविता र आलेखहरू लेख्ने कोइरालाले २४ फागुन, २०५८ मा सहादत प्राप्त गरे (अधिकारी, २०७९, पृ. ७१) ।

लालबहादुर बुढा 'अभियान' : ११ माघ, २०४२ मा तलिउम, जुम्लामा जन्मिएका लालबहादुर बुढा 'अभियान' कर्णाली क्षेत्रमा चलाइएको 'जनहातेमालो अभियान' का सक्रिय अभियन्ता थिए । ५ साउन, २०५६ मा उनले सहादत प्राप्त गरे (अधिकारी, २०७९, पृ. ११५) ।

लीला विश्वकर्मा 'ललिता' : मैदेचौर, खलङ्गा, जाजरकोटमा २०४४ मा जन्मिएकी लीला विश्वकर्मा 'ललिता' 'लालधुरा सांस्कृतिक परिवार' मा आबद्ध भई जनसांस्कृतिक अभियानमा क्रियाशील थिइन् । माजफाल, डोल्पामा २५ साउन, २०५९ मा तत्कालीन शाही सेनाले उनलाई कब्जामा लिई निर्ममतापूर्वक हत्या गऱ्यो (अधिकारी, २०७९, पृ. ११६) ।

लीलानाथ दाहाल : ३१ साउन, २००६ मा गैयाँडाँडा, वरूणेश्वर, ओखलढुङ्गामा जन्मिएका लीलानाथ दाहाल मूलतः राजनीतिक व्यक्तित्व भए तापनि उनले कविता र नाटकलेखनमा समेत कलम चलाए । बमकाण्डमा सङ्लग्नताको आरोपमा तत्कालीन शासकले उनलाई १३ असोज, २०३१ मा ललितपुरको नख्खु कारागार नजिकै हत्या गऱ्यो (अधिकारी, २०७९, पृ. ७२) ।

विकास अधिकारी 'गोकुल' : १ साउन, २०३२ मा सोतीपसल, तनहुँमा जन्मिएका विकास अधिकारी 'गोकुल' विद्यार्थी सङ्गठनमा क्रियाशील रहँदै गीत, कवितालगायतका साहित्यिक-सांस्कृतिक विधामा समेत काम गरिरहेका थिए । २५ मङ्सिर, २०६१ मा देवदह, रूपन्देहीमा तत्कालीन शाही सेनाले घरा हाली कब्जामा लिएर निर्ममतापूर्वक गोली हानी उनको हत्या गऱ्यो (अधिकारी, २०७९, पृ. ११६-११७) ।

विजय खनाल 'चट्टान' : दर्बुङटार, गण्डकी, गोरखामा जन्मिएका विजय खनाल 'चट्टान' गायन, नृत्य र अभिनयमा रूचि राख्दथे । भूमिगत अवस्थामै २०५९ मा भएको विद्रोही र राज्य पक्षका सुरक्षाकर्मीबीचको दोहोरो भिडन्तमा परी उनले सहादत प्राप्त गरे (अधिकारी, २०७९, पृ. ११७) ।

विना राई 'करूणा' : बासिखोरा, भोजपुरमा २०४५ मा जन्मिएकी विना राई 'करूणा' गायन, नृत्य र अभिनयमा रूचि राख्दथिन् । 'सगरमाथा सांस्कृतिक परिवार' मा आबद्ध उनले २०६० मा सहादत प्राप्त गरिन् (अधिकारी, २०७९, पृ. ११७) ।

विनोदलाल विश्वकर्मा : मैना, नायकवाडा, जाजरकोटमा २१ असोज, २०३५ मा जन्मिएका विनोदलाल विश्वकर्मा गीत र कविताका माध्यबाट सामाजिक भेदभाव, अन्याय र अत्याचारको विरोधमा आवाज उठाउँथे । ११ फागुन, २०५६ मा प्रहरीले उनलाई गोली हानी हत्या गऱ्यो (अधिकारी, २०७९, पृ. ७४८-७५) ।

विमला पोखरेल 'सविता' : काउले, तान्द्राङ, गोरखामा १७ असार, २०३७ मा जन्मिएकी विमला पोखरेल 'सविता' 'योद्धा सांस्कृतिक परिवार' मा आबद्ध थिइन् । २० जेठ, २०५५ मा फिनाम, ढोडेनी, गोरखामा उनीसहित धेरै सांस्कृतिक योद्धाहरूको हत्या गरियो । सोही सामूहिक हत्याकाण्डमा विमला पोखरेल 'सविता' ले सहादत प्राप्त गरिन् (अधिकारी, २०७९, पृ. ११७-११८) ।

विमला भट्ट 'सरू' : ३० चैत, २०३७ मा ताकुमाझ, लाँकुरीबोट, गोरखामा जन्मिएकी विमला भट्ट 'सरू' महिला सङ्गठनका साथसाथै सांस्कृतिक गतिविधिमा समेत सक्रिय थिइन् । १९ कात्तिक, २०६१ मा उनको आफ्नै गाउँमा तत्कालीन शाही सेनाले घेरा हाली कब्जामा लिएर उनको हत्या गऱ्यो (अधिकारी, २०७९, पृ. ११८) ।

शङ्कर तमु 'सिजन' : केराबारी, छोप्राक, गोरखामा १४ साउन, २०३६ मा जन्मिएका शङ्कर तमु 'सिजन' सांस्कृतिक सङ्गठनमार्फत राजनीतिमा आकर्षित भएका थिए । वैचारिक योद्धा र सांस्कृतिक अभियन्ताको परिचय बनाएका उनलाई कोइलीबास, छोप्राक, गोरखामा १ माघ, २०५८ मा तत्कालीन शाही सेनाले कब्जामा लिई चरम यातनासहित हत्या गऱ्यो (अधिकारी, २०७९, पृ. ७७) ।

शारदा श्रेष्ठ : फूलबारी, गीतानगर, चितवनमा १४ चैत, २०३२ मा जन्मिएकी शारदा श्रेष्ठ खुसीराम पाख्रिन नेतृत्वको सांस्कृतिक परिवारमा समाहित भएर गीत र नृत्य प्रस्तुत गर्दै देशका विभिन्न भागमा पुगिन् । २९ असार, २०६१ मा साभुङ भगवती, तनहुँमा तत्कालीन शाही सेनाले गिरफ्तार गरी खैरेनीटार पुऱ्याएर निर्ममतापूर्वक यातना दिएर गोली हानी उनको हत्या गऱ्यो (अधिकारी, २०७९, पृ. ७८) ।

शिव श्रेष्ठ 'रक्तिम' : २५ भदौ, २०२० मा रिड्डेपानी, बगुवा, गोरखामा जन्मिएका शिव श्रेष्ठले गीत, कविता र लेखहरू लेखेका छन् । मादल, हार्मोनियम, सारङ्गी, तबला, किबोर्डलगायतका वाद्ययन्त्र बजाउन पोख्त उनी नृत्यमा समेत त्यत्तिकै सिपालु थिए । 'अभियान सांस्कृतिक परिवार' मा आबद्ध

बहुआयामिक व्यक्तित्वका धनी शिवलाई ८ जेठ, २०५६ मा सुरक्षाकर्मीले कब्जामा लिई हत्या गऱ्यो (अधिकारी, २०७९, पृ. ७९) ।

शीला वली : तिमीले, खलङ्गा, जाजरकोटमा १५ मङ्सिर, २०३५ मा जन्मिएकी शीला वली गीत, कविता लेख्दै र गाउँदै जनमुक्ति एवम् महिलामुक्तिको यात्रामा होमिएकी थिइन् । १५ असोज, २०५५ मा उनलाई प्रहरीले कब्जामा लिई चरम यातनापछि निर्ममतापूर्वक हत्या गऱ्यो (अधिकारी, २०७९, पृ. ७९-८०) ।

श्रीराम खनाल 'सन्देश' : २ भदौ, २०३२ मा ताक्लुङ, सहिद लखनथापा, गोरखामा जन्मिएका श्रीराम खनाल 'सन्देश' गायन र नृत्यजस्ता विधामार्फत जनसांस्कृतिक आन्दोलन र जनयुद्धमा सक्रिय थिए । उनले २२ माघ, २०५८ मा साउनेपानी, म्याग्दे, तनहुँमा सहादत प्राप्त गरे (अधिकारी, २०७९, पृ. ११८-११९) ।

सनबहादुर घर्ती मगर 'मनोज' : अर्गल, बागलुङमा २०३३ मा जन्मिएका सनबहदुर घर्ती मगर 'मनोज' २०४६ देखि नै जनसांस्कृतिक गतिविधिमा सक्रिय थिए । कुशल जनसंस्कृतिकर्मीका रूपमा चिनिएका उनले ३ मङ्सिर, २०५७ मा झिवाखोलामा सहादत प्राप्त गरे (अधिकारी, २०७९, पृ. ११९) ।

सन्तबहादुर घर्ती 'क्रान्ति' : जङ्कोट, रोल्पामा १३ वैशाख, २०३५ मा जन्मिएका सन्तबहादुर घर्ती 'क्रान्ति' ले गीत, कविता र संस्मरणहरू लेखेका छन् । तकसेरा, रूकुममा २६ चैत, २०५६ मा उनले सहादत प्राप्त गरे (अधिकारी, २०७९, पृ. ८१) ।

सरोज कोइराला 'प्रज्वलित' : भातडी, राँचुली, कालीकोटमा जन्मिएका सत्यदेव शर्मा 'सञ्जीव' गीत र कवितामार्फत परिवर्तनको आन्दोलनमा होमिएका थिए । १४ मङ्सिर, २०६१ मा अम्गाड, जुम्लामा तत्कालीन शाही सेनाले घेरामा पारी गोली हानेर उनको हत्या गऱ्यो (अधिकारी, २०७९, पृ. ८२) ।

सीता आचार्य 'कविता' : ३० असोज, २०३८ मा लामिडाँडा, चिउरीडाँडा, खोटाङमा जन्मिएकी सीता आचार्य 'कविता' गीत गाउन र कवितावाचनमा सीपालु थिइन् । २८ वैशाख, २०५७ देखि पूर्णकालीन राजनीतिमा होमिएकी उनले १० असोज, २०६० मा स्यालगौंडे, चुइचुम्मा, दिप्रुङ, खोटाङमा सहादत प्राप्त गरिन् (अधिकारी, २०७९, पृ. १२०) ।

सीमा राई 'प्रगति' : १५ भदौ, २०४२ मा कुइभीर, ओखलढुङ्गामा जन्मिएकी सीमा राई 'प्रगति' जनसांस्कृतिक कार्यक्रमहरूका साथसाथै विद्यार्थी आन्दोलनमा समेत क्रियाशील थिइन् । १८ वैशाख, २०५८ देखि पूर्णकालीन राजनीतिमा

होमिएकी उनलाई १९ चैत, २०६० मा तत्कालीन शाही सेनाले गोली हानी निर्ममतापूर्वक हत्या गऱ्यो (अधिकारी, २०७९, पृ. १२०-१२१) ।

सूर्य नेपाली 'प्रभात' : १४ पुस, २०४३ मा अमलाचौर, बागलुङमा जन्मिएका सूर्य नेपाली 'प्रभात' 'कालीगण्डकी सांस्कृतिक परिवार' मा आबद्ध थिए । १४ मङ्सिर, २०६० मा तत्कालीन शाही सेनाले गोली हानी उनको हत्या गऱ्यो (अधिकारी, २०७९, पृ. १२२) ।

सूर्यप्रकाश पुन 'सुन्दर' : कुशल राजनीतिक एवम् साहित्यिक-सांस्कृतिक व्यक्तित्व भएका सूर्यप्रकाश पुन 'सुन्दर' चुनवाङ, रूकुममा जन्मिएका हुन् । थुप्रै गीत र कविता रचना गरेका सुन्दरले बझाङमा सहादत प्राप्त गरेका हुन् (अधिकारी, २०७९, पृ. ८३-८४) ।

सूर्यबहादुर भण्डारी 'उत्तम' : कुमरीगाउँ, देउपाल, जुम्लामा २०४२ मा जन्मिएका सूर्यबहादुर भण्डारी 'उत्तम' 'काञ्जिरोवा सांस्कृतिक परिवार' मा क्रियाशील थिए । २५ चैत, २०६१ मा खारा, रूकुममा उनले सहादत प्राप्त गरे (अधिकारी, २०७९, पृ. ८४) ।

हरिकला पौडेल 'भूमिका' : २९ मङ्सिर, २०३६ मा भोर्लेटार, मध्यनेपाल, लमजुङमा जन्मिएकी हरिकला पौडेल 'भूमिका' गायन, नृत्य र अभिनयमा क्रियाशील थिइन् । नाल्मा, लमजुङमा प्रहरीले गोली हानी उनको हत्या गऱ्यो (अधिकारी, २०७९, पृ. १२३) ।

हरिबहादुर सुर्खेती 'पृथ्वी' : माघ, २०३८ मा सिर्दा, गोरखामा जन्मिएका हरिबहादुर सुर्खेती 'पृथ्वी' 'अभियान सांस्कृतिक परिवार' मा आबद्ध भएर परिवर्तनको आन्दोलनमा होमिएका थिए । १ माघ, २०५८ मा तीनपिप्ले, लमजुङमा तत्कालीन शाही सेनाले गिरफ्तार गरी निर्ममतापूर्वक उनको हत्या गऱ्यो (अधिकारी, २०७९, पृ. १२३-१२४) ।

हर्कबहादुर थापा 'रोशन' : चैत, २०३९ मा बागलुङमा जन्मिएका हर्कबहादुर थापा 'रोशन' नृत्य र गायनको माध्यमबाट परिवर्तनको आन्दोलनमा क्रियाशील थिए । १७ चैत, २०६० मा मपेस, ताराखोला, बागलुङमा तत्कालीन शाही सेनाले गोली हानी उनको हत्या गऱ्यो (अधिकारी, २०७९, पृ. १२२-१२३) ।

हर्षबहादुर शाही 'प्रभात' : कोटिला, नानिकोट, कालीकोटमा २०२८ मा जन्मिएका हर्षबहादुर शाही 'प्रभात' किशोरावस्थादेखि नै कला-साहित्यमा रूचि राख्दथे । गीत-कविता लेख्नुका साथै हस्तकला, मूर्तिकला र चित्रकला समेत

भएका उनी 'चुली सांस्कृतिक परिवार' का संयोजक थिए । अलि पछि अखिल नेपाल जनसांस्कृतिक सङ्घको केन्द्रीय सदस्य हुँदै उनले विभिन्न सांस्कृतिक परिवारको नेतृत्व गरे । 'हेमन्त मल्ल' नामले समेत चिनिने उनलाई जेठ, २०६१ मा कान्छीबजार, लम्की, कैलालीमा तत्कालीन शाही सेनाले घेरा हाली हत्या गऱ्यो (अधिकारी, २०७९, पृ. ८४) ।

हिराराम राई 'सङ्कल्प' : बासीपोखरा, भोजपुरमा २०४६ मा जन्मिएका हिराराम राई 'सङ्कल्प' 'सगरमाथा सांस्कृतिक परिवार' मा आबद्ध भई गायन, नृत्य र अभिनयकलामा सक्रिय थिए । उनले भदौ, २०६० मा भोजपुरमै सहादत प्राप्त गरे (अधिकारी, २०७९, पृ. १२४) ।

हिरालाल विश्वकर्मा : बागलुङ नगरपालिकामा २०३२ मा जन्मिएका हिरालाल विश्वकर्मा सांस्कृतिक अभियन्ताको भूमिकासहित आमूल परिवर्तनको सङ्घर्षमा क्रियाशील थिए । २७ फागुन, २०५८ मा मोहरिया, पोखरामा तत्कालीन शाही सेनाले पक्राउ गरेका उनलाई दोहोरो मुठभेडका नाममा २९ फागुन, २०५८ मा मूलपानी, पर्वतमा हत्या गरियो (अधिकारी, २०७९, पृ. १२५) ।

हेमराज केसी : थारमारे, सल्यानमा जन्मिएका हेमराज केसी एमालेको गाउँ कमिटी अध्यक्ष थिए । मानवाधिकारवादी संस्था 'इन्सेक' को जिल्ला संयोजक समेत रहेका उनी साहित्य, कला र संस्कृतिको क्षेत्रमा पनि क्रियाशील थिए । प्रहरीले १४ फागुन, २०५४ मा गोली हानी बागचौरमा उनको हत्या गऱ्यो (अधिकारी, २०७९, पृ. १२५) ।

यीबाहेक नुवाकोटमा सहादत प्राप्त गरेकी **चञ्चला आले मगर,** जनसांस्कृतिक सहिद आक्रोश बिहानीकी बहिनी **सुमित्रा घिमिरे**, **विदुर भगत** (रौतहट) र जनसांस्कृतिक अभियानकै सिलसिलामा अर्घाखाँचीमा सहादत प्राप्त गरेकी दैलेखकी **देउरूपा सलामी 'चुनौती'** लगायतका थप सांस्कृतिक सहिदहरूको पनि नामावली प्राप्त भएको छ । यी सहिदहरूबारे थप विवरण प्राप्त हुन सकेन । *हालसम्म नाम तथा विवरण प्राप्त नभएका अरू पनि कयौं जनसाङ्गीतिक सहिदहरू हुन सक्दछन्; यी सबैबारे निरन्तर खोज जारी रहनेछ र प्राप्त भएसम्मको थप विवरण आगामी संस्करणहरूमा समावेश गरिने छ– ले.* ।

अध्याय- ५

प्रतिनिधिमूलक जनगीत र गीतकारहरू

इतिहासदेखि वर्तमानसम्म हजारौं प्रगतिशील, जनवादी एवम् क्रान्तिकारी गीतसङ्गीत सिर्जना गरिएका छन् । जनसाङ्गीतिक यात्रामा आजसम्म सयौं–हजारौं व्यक्ति–व्यक्तित्वले महत्त्वपूर्ण योगदान दिएका छन् । ती सवै स्मरणीय, स्तुत्य, सम्मानयोग्य र सार्थक छन् । ती सवै गीतसङ्गीत नेपाली शोषित–उत्पीडित वर्ग तथा अग्रगामी र मुक्तिकामी जनताका अमूल्य सम्पत्ति र निधि हुन् । अतः ती सवै स्रष्टा र सिर्जना यस कृतिका विषयवस्तु र क्षेत्र हुन् । यथार्थतः कस्ता गीतसङ्गीतहरु प्रगतिशील, जनवादी एवम् क्रान्तिकारी गीत हुन् त ? जनगीतहरूमा अन्तर्निहीत शब्दहरूका केही उदाहरण र तिनका स्रष्टा–सर्जकहरूको विवरणसहित प्रष्ट्याउने उद्देश्यका साथ यो अध्याय संरचित छ ।

मातृभाषा-राष्ट्रभाषामा जनवादी गीतसङ्गीत

नेपाली प्रगतिशील, क्रान्तिकारी एवम् जनवादी गीतसङ्गीत नेपाली भाषामा मात्र सीमित रहेका छैनन् । यी गीतहरु नेपालका सवै जातजाति–क्षेत्रमा बोलिने–लेखिने सबैजसो राष्ट्रभाषाहरूमा विस्तारित छन् । राजधानी उपत्यकासहित देशका विभिन्न भागमा बोलिने नेपालभाषा अर्थात् नेवारी, भोजपुरा क्षेत्रमा

अत्यधिक बोलिने भोजपुरी, मिथिला क्षेत्रमा अत्यधिक बोलिने मैथिली, लिम्बुवान र किरात क्षेत्रमा अत्यधिक बोलिने लिम्बू तथा राई जातिका विभिन्न भाषाहरू, ताम्सालिङ क्षेत्रमा अत्यधिक बोलिने तामाङ, थारूवान क्षेत्रमा अत्यधिक बोलिने थारू, तमुवान क्षेत्रमा अत्यधिक बोलिने तमुवान अर्थात् गुरूङ, अवध क्षेत्रमा बोलिने अवधी, मगरात क्षेत्रमा अत्यधिक बोलिने मगर/खामलगायत थामी, धिमाल, डोट्याल, बैतडेलीसहितका अनेकौं भाषामा जनवादी गीतसङ्गीत रचना भएका, गाइएका, रेकर्ड गरिएका र लोकप्रिय भएका पाइन्छन् । यस अध्यायमा **भोजपुरी, मैथिली, तामाङ, नेवारी, थारू**लगायतका मातृभाषाका जनगीतहरू समेतको उदाहरण प्रस्तुत गर्दै सङ्क्षिप्त समीक्षा गरिएको छ ।

मैथिलीमा रामवृक्ष यादव, मातृकाप्रसाद यादव, लक्ष्मी चौधरी तथा भोजपुरीमा सत्यनारायण भगत (रौतहट), गोपाल ठाकुर (बारा), सहिद भोगट राय भर (बारा) आदि प्रगतिशील गीतसङ्गीतको सन्दर्भमा छुटाउनै नमिल्ने नामहरू हुन् (जनकपुरी, २०८२, असार २) । भोजपुरीमा दिवङ्गत रामदेव द्विवेदी 'अलमस्त' र हरिहर यादव तथा विश्वम्भरकुमार शर्मा, उपेन्द्र सहनी र रामविवेक यादव अनि मैथिलीमा रोशन जनकपुरी, मृतकाप्रसाद यादव, सहिद भोगट राय भर, प्रभु साहलगायतका व्यक्तित्व प्रगतिशील गीतसङ्गीतको क्षेत्रका अविष्मरणीय सर्जकहरू हुन् (ठाकुर, २०८२, असार १) ।

केही प्रतिनिधिमूलक जनगीत र गीतकारहरू

व्यक्तिविशेष, सङ्गठनविशेष, कृतिविशेष र घटनाविशेषमा भन्दा वैचारिक प्रवृत्ति र सैद्धान्तिक आयामलाई केन्द्रमा राखेर यो अध्याय संरचित छ । यस क्रममा दिवङ्गत, प्रौढ, वयष्क र युवा गरी सवै पुस्ता तथा नयाँ र पुराना सवैखाले गीत एवम् यथासम्भव प्रतिनिधिमूलक ढङ्गले वैचारिक–साङ्गठनिक, लिङ्गीय, जातीय, क्षेत्रीय प्रतिनिधित्व सुनिश्चित गर्न प्रयास गरिएको छ ।

गीतिशब्दको समीक्षामा केन्द्रित यस अध्यायमा प्रायः रचनाकारहरूको मात्र नामोल्लेखित हुनु तर सङ्गीतकार, गायक र अभिनयसहित अन्य भूमिकाका कलाकारहरूबारे मौनता रहनु स्वाभाविक हुन गएको छ । यस अध्यायको तयारी, संयोजन एवम् लेखनकार्यलाई वस्तुतः निकै पेचिलो, कठिन, जटिल र चुनौतीपूर्ण कार्यका रूपमा आत्मसात् गरिएको छ । अतः विषय-सन्दर्भको समवेदनशीलताप्रति ध्यान दिँदै उच्च सतर्कता अपनाइए तापनि सवै स्रष्टा र सिर्जनालाई समेट्नु असम्भव भएकाले बहस र विवाद समेत सिर्जना हुन पुग्ने यथार्थतालाई हृदयङ्गम गरेर यो अध्याय संरचित छ ।

आशा नेपालीको 'काँडाहरूको बीचमा'

नेपाली क्रान्तिकारी जनसांस्कृतिक आन्दोलनको एउटा सुपरिति नाम हो- आशा नेपाली । रामेछाप जिल्लाको तत्कालीन हिलेदेवी गाविस- ३ मा २०३९ मा जन्मिएकी आशा अहिले मकवानपुरको गढी गाउँपालिकाकी उपाध्यक्ष हुन् । तीन दर्जनजति जनवादी गीत लेखिसकेकी आशाले जनयुद्धकालमा रेडियो जनगणतन्त्रमा 'पत्रसन्देश' नमक लोकप्रिय कार्यक्रम सञ्चालन गरेकी थिइन् । प्रगतिशील एवम् क्रान्तिकारी गीतका आधारभूत प्रवृत्तिहरूमध्येको एउटा मूल प्रवृत्ति भनेकै न्याय र समानताको पक्षपोषण अनि अँध्यारोमाथि उज्यालो विजयी भइछाड्छ भनिठान्नने क्रान्तिकारी आशावाद हो । वर्तमान सामाजिक प्रणालीमा जीवन असाध्यै कठिन छ, कयौं बाधा-बन्धनमा जेलिएको छ र अनेकौं हन्डर-ठक्करसँग जुधिरहनुपर्छ । काँडाहरूकै बीचमा पनि जसरी फूल हाँसेर फुल्दछ अनि सयौं डाँडापारि नै भए पनि घामलाई कसैले छेक्न-रोक्न सक्दैन; नदीले ठूलठूला बाँध तोडेर र नाघेर नै भए पनि सागर भेट्न पुगिछाड्छ; ठीक त्यसैगरी क्रान्तिकारीहरु आफ्नो लक्ष्यतर्फ निरन्तर अगाडि बढिरहन्छन् र लक्ष्य चुमिछाड्छन् भन्ने सन्देशका साथ आशा नेपालीले सिर्जना गरेको यस गीतका यी पङ्क्ति हेरौंः

काँडाहरूको बीचमा हाँसेर फूल फुल्छ
अँधेरी चिरेर जीवन आशा छरी उदाउँछ...
बाँधेर बाँध सयौं रोकिन्न खोला कहिल्यै
सागर भेट्ने इच्छा मर्दैन उसको कहिल्यै
ठक्कर खाएर हजार हार्दैन बाँच्न कहिल्यै
डाँडापारि छ घाम देखिरहन्छ जहिल्यै

उदय श्रेष्ठको 'के ढल्छ र ऊ गोलीले'

पारिवारिक माहोल नै गीतसङ्गीतको भएका कारण बाल्यकालदेखि नै बाजासँग खेल्दै हुर्केका हुन् प्रसिद्ध जनकलाकार उदय श्रेष्ठ । १५ पुस, २०१८ मा ओखलढुङ्गा बजार- ५, मा जन्मेका उदय २०३५ सालतिर स्थापित तत्कालीन माले निकट सांस्कृतिक-साङ्गीतिक टोली 'सङ्कल्प' परिवार स्थापनाकालदेखि नै क्रियाशील जनसंस्कृतिकर्मीहरूमध्येका एक हुन् । मुख्यतः सङ्गीतसिर्जना र बाद्यवादनमा दख्खल राख्ने उनी गीतिरचना र गायनमा समेत उत्तिकै क्रियाशील देखिन्छन् । २०४६ को जनआन्दोलनमा तत्कालीन

सरकारले चरम दमन गर्दा कीर्तिपुरमा सामूहिक सहादत प्राप्त गरेका सहिदहरूको स्मृतिमा उनले सिर्जना र सङ्गीतबद्ध गरेको उनको गीतले देशभरका सवै सहिदहरूको स्मृति र सम्मान गरेको छ । उदयकै रचना, सङ्गीत र स्वरमा सजिएको यस गीतका यी पङ्क्ति हेरौँः

के ढल्छ र ऊ त गोलीले, ऊ मरेको छैन
ऊ मरेको छैन, ऊ अमर हो अमर
अनमोल एउटा नाम भयो...
ऊ त आफैं बन्दुक थियो, ऊ त आफैं गोली थियो
स्वतन्त्रताको लागि लड्ने, वीर योद्धा थियो
म त भन्छु ऊ देश हो, म त भन्छु ऊ धर्ती हो
मरेर पनि नमर्ने ऊ अमर सहिद हो...

कर्ण विद्रोहीको 'टुटफुट खण्डित कुरा नगर'

गल्कोट नगरपालिका- ७, बाग्लुङमा ३ भदौ, २०३८ मा जन्मिएका कर्णबहादुर गौतम 'विद्रोही' युवापुस्ताका चर्चित जनसङ्गीतकर्मी हुन् । उनले रचना तथा सङ्गीतसिर्जना गरेको 'टुटफुट खण्डित कुरा नगर' निकै गाइएको चर्चित गीत हो । नेपाली कम्युनिस्ट आन्दोलन निकै लामो समयदेखि टुटफुट र विभाजनबाट गुज्रँदै आएको छ । नेपालका कम्युनिस्ट पार्टीहरु चिरा-चिरामा विभक्त छन् । पछिल्लो चरणमा माओवादी धारा पनि यो समस्याबाट अछुतो रहन सकेन । विद्राहीको गीतले टुटफुट खण्डित कुरा नगर, आत्मसमर्पणको कुरा नगर, एकढिक्का एकताको कुरा गर अनि वीरताको कुरा गर भनेर नेतृत्वलाई सतर्क गराएको छ; चेतावनी दिएको छ । माओवादी जनयुद्ध दुनियाँ बदल्नका लागि थियो । त्यसका निम्ति माओवादीले ठूलठूला र साहसिला काम गरे । साम्यवाद चुम्ने लक्ष्य लिएको प्रस्तुत गीतमा वर्गविहीन समाज स्थापनाको सपना सजाइएको छः

कहिल्यै नमर्ने विचार छ हाम्रो
झुक्दै नझुक्ने आस्था छ हाम्रो
हामी नै हौं अमर बन्न सक्ने, जनताको ढुकढुकी बनिरहने
व्यर्थ र सङ्कीर्ण कुरा नगर, चोट लाग्ने धारिलो कुरा नगर
बरू उत्साहित कुरा गर, विजयको कुरा गर...

कर्णबहादुर पुन 'पुनित' को 'मान्छे–मान्छे एउटै हो'

बाँफीकोट– ५, रूकुम पश्चिममा जन्मिएका जनयुद्धका महान् सहिद एवम् गीतकार कर्णबहादुर पुन 'पुनित' ले रचना गरेको 'मान्छे–मान्छे एउटै हो' शीर्षकको गीत जातव्यवस्थाको विरोध गरेर लेखिएको हो । नेपाली समाजमा जातव्यवस्थाको अवस्था चर्को छ । मान्छे–मान्छे एउटै भए पनि श्रम चल्ने, सीप चल्ने तर पानी नचल्ने अवस्था विद्यमान रहेको छ । यस्तो परम्पराले नेपाली समाजको विकास र प्रगतिमा ठूलो अवरोध सिर्जना गरेको छ । वास्तवमा 'दलित' शब्द मानसभ्यताकै घृणास्पद विषय हो । गीतकार पुनितले यही विषयमा गीतिचेतना भरेका छन् । गैंती र बेल्चा, हँसिया र कुटो बनाउने, कपडा सिलाउनेहरू वास्तवमा इन्जिनियर हुन् । यस्ता इन्जिनियरलाई दासताको बन्धन लगाउनु अत्यन्तै नराम्रो कुकर्म भएको कुरा उनको गीतले बोल्दछः

मान्छे मान्छे एउटै हो नि फरक किन भो
श्रम चल्छ सीप चल्छ, पानी नचल्ने भो
बनाउँछौं हामीले सुन्दर मूर्ति, सजिन्छन् मन्दिर–महलहरू
बजाउँछौं हामीले बाजागाजा, गुञ्जिन्छन् पाखा–पर्वतहरू
कुन्नि किन आज हामीलाई दलित भनी हेला गर्ने
कुकुर समेत भित्र पस्दा हामीलाई किन बाहिर रोक्ने...

कुलानन्द गिरीको 'आँखाबाट आँसु झरे'

कुलानन्द गिरीको 'आँखाबाट आँसु झरे' सामाजिक जीवनका कथामा उनिएको गीत हो । कुलानन्दका प्रायः गीत यस किसिमका छन् । जीवनका पाटापक्ष अनेक हुन्छन् । हामीकहाँ जीवनको महत्त्वलाई नजिकबाट हेर्ने पद्धति नै छैन । जीवनका अन्तर्वस्तु नकेलाइकन जीवन नै बुझिँदैन । कोही–कसैको पनि आँखाबाट आँसु त्यत्तिकै झर्दैन । देशको कहालीलाग्दो अवस्थासँगै जनताको पारिवारिक अवस्था फरक हुने कुरा भएन । देशका युवाहरू विदेशिइरहेका छन्, गाउँ सुनसान हुँदै छ; परिवारहरू छिन्नभिन्न भइरहेका छन् । गीतकार कुलानन्दले समस्त युवाहरूलाई आफ्नै देशमा बस्ने अनि क्षमता र कलाअनुसार देशको सेवा गर्ने वातावरण बनाउनुपर्ने कुरामा गीतबाट जोड दिंदै लेखेका छन्:

दिनुभयो बाबा किन माया मारेर नौडाँडा पारि
नजिक भए पानी खुवाउँथें, सक्दा–नसक्दा मौका पारी
उडूँ भने म पङ्क्षी होइन, मुटु चिरिन्छ सम्झेर मनै रून्छ
कहिले आउला सुनौलो दिन
आफ्नै भूमिमा हाँसेर बाँच्ने दिन...

कृष्ण सेन 'इच्छुक' को 'प्रतिबन्ध'

वरिष्ठ पत्रकार एवम् साहित्यकार महान् सहिद कृष्ण सेन 'इच्छुक' का केही कविताहरूलाई सङ्गीतकार–गायक–गायिकाहरूले उच्च कोटीको गीतकारूपमा सङ्गीतबद्ध गरेर गाएका छन् । तिनैमध्येको एउटा गीत हो 'प्रतिबन्ध' । नेपालको संसदीय फासीवादले पत्रकार, लेखक, कलाकारलगायत समाजका सवै खाले स्रष्टा–सर्जकहरूमाथि या त सत्ताको तावेदारी गर्नुपर्ने नत्र सिर्जनकर्म नै नगर्नुपर्ने बाध्यात्मक अवस्था सिर्जना गरिरहेका बेला त्यसको सशक्त प्रतिवाद गर्दै र सत्ताको धज्जी उडाउँदै इच्छुकले यी पङ्क्ति लेखेः

हाम्रा स्वरहरूमा प्रतिबन्ध लगाउँदै
हाम्रा ओठहरूमा ताल्चा झुन्ड्याउँदै
तिमी भन्छौ–
गाऊ न त गाऊ, तर यो गीत नगाऊ
हामी भने त्यही गीत गाइरहन्छौं
हाम्रा विचारमा प्रतिबन्ध लगाउँदै
हाम्रा हातहरूमा हतकडी पहिऱ्याउँदै
तिमी भन्छौ–
लेख न त लेख, तर यो गीत नलेख
हामी भने त्यही गीत लेखिरहन्छौं...

केशर कालीकोटेको 'बन्दुकको कलम'

उमाकुण्ड गापा– ७ (साविक भुजी गाविस– ६), रामेछापमा २६ माघ, २०४२ मा जन्मिएका केशरकुमार कालीकोटे नेपाली जनवादी सांस्कृतिक अभियानमा युवा पुस्ताका क्रियाशील जनकलाकार हुन् । बाल्यकालदेखि नै गीतसङ्गीतमा लागेका उनी २०५५–५६ देखि जनसाङ्गीतिक यात्रामा समर्पित

रहेर गीतिलेखन, सङ्गीतसिर्जना र गायनमा निरन्तर क्रियाशील छन् । उनका थुप्रै गीत रेकर्ड भएका छन् र कयौंको श्रब्यदृश्य सामग्री समेत उत्पादन भएका छन् । नेपाली समाजको रूपान्तरणकारी आन्दोलनको सिलसिलामा हजारौं योद्धाहरूले वीरतापूर्वक आफूलाई वलिदान गरेका छन् । सँगैका साथी लगातार गुमाइरहँदा पनि बाँचेकाहरूले मुक्तियात्रा निरन्तर जारी राखेका छन् । कालीकोटेले तिनै सहिदहरूको स्मृतिमा गीत रचेर सहिदका परिवारजन र अभिभावकलाई सान्त्वना र सम्मानभाव दर्शाएका छन् । 'स्वाभिमानको गाथा' एल्बममा सङ्ग्रहित दिनेश गौतमको स्वरमा सजिएको यस गीतमा उनी लेख्छन्:

हजारौं साथी सहिद भए, लाखौंले लड्दै छौं
सहिदहरूका अधुरा सपना पूरा गर्दै अघि बढ्दै छौं
अन्तिम लडाइँ जितेर आउँछु, पर्खेर बस्नू है
साहसी छोरा जन्मा'छु भनी गर्वले बाँच्नू है...
जल्दछ मुटु, चिरिन्छ छाती तिमीलाई सम्झँदा
वर्षिन्छ आँसु गोधुँली साँझमा तिमीलाई नदेख्दा...

खुसीराम पाख्रिनको 'रक्तक्रान्तिको बेला'

खुसीराम पाख्रिन नेपाली जनसाङ्गीतिक क्षेत्रका केन्द्रीय प्रतिभा हुन् । उनले थुप्रै गीत-सङ्गीतको सिर्जना गरेका छन् । जनयुद्धका महान् सहिदका पिता समेत रहेका पाख्रिनले नेपालको जनयुद्धलाई माथि उठाउन महत्त्वपूर्ण योगदान पुर्‍याएका छन् । जनयुद्ध रक्तक्रान्ति पनि थियो, जतिबेला परिवर्तन र मुक्तिका निम्ति सिङ्गो धर्ती छटपटाएको थियो । नयाँ युग जन्माउने इतिहासको त्यस घडीमा पहाड, पर्वत, भञ्ज्याङहरू युद्धमय बने; धर्ती रक्ताम्यै बन्यो; गाउँ-वस्तीहरू क्रान्तिमय बने । यस क्रममा कतिका न्याना काखहरू रित्तिए; कतिका अस्मिता लुटिए; कयौं लालजोडी विछोडिए र कतिका घरबार उजाडिए । हुन त हामी सबैलाई थाहा छ, क्रान्तिमा भर्भराउँदो आगोसित खेल्नु पर्दछ; अजङ्गको महाविपत्ति झेल्नु पर्दछ । ठीक त्यही समयको आवाज बोल्दै पाख्रिनले लेखे:

रक्तक्रान्तिको बेला हो यो
सिङ्गो धर्ती प्रसव पीडामा छटपटिएको
सबैभन्दा निर्मम घडी हो इतिहासको
नयाँ युग जन्माउने प्रक्रिया हो...

गोपाल ठाकुरको 'कसइन उँचा बा'

कचोर्वा, सिम्रौनगढ नपा- ८, बारामा २७ पुस, २०१८ मा जन्मिएका गोपाल ठाकुर नेपालका एक स्थापित स्रष्टा, सर्जक एवम् प्राज्ञिक व्यक्तित्व हुन् । भोजपुरी व्याकरण विषयमा विद्यावारिधि गरेका जनसंस्कृतिकर्मी ठाकुरले 'जनता के गीत गाव्त रहेम', 'भोजपुरी व्याकरण', 'सहज भोजपुरी बर्तनी' लगायत नौवटा तथा सहलेखन र अनुवाद गरी दर्जनौं कृतिहरु लेखेका छन् । भाषा आयोगका अध्यक्ष समेत रहेका ठाकुर भोजपुरी भाषाका प्रसिद्ध गीतकार एवम् सङ्गीतकार हुन् । गोपाल ठाकुरकै रचना, सङ्गीत र स्वरमा गाइएको एउटा लोकप्रिय भोजपुरी गीतका यी पङ्क्ति हेरौं:

कसइन उँचा बा हमनी के शान रे !
जन्मभूमि बा सुंदर नेपाल रे !!
उत्तर में शोभेला पर्वत जङ्गलवा ।
दक्खिन मधेश में उब्जेला अनवा ।।
हिमालय पर चानी के खनवा ।
सगरमाथा बा दुनिआ में शान रे ।। जन्मभूमि०...
वीर देश के वीर स्वाभिमानी ।
देश ला कइलें जान कुर्बानी ।।
स्वर्णाक्षर में लिखलें कहानी ।
धर्म-दशरथ-शुक्र-गंगालाल रे ।। जन्मभूमि०...
इहाँ बसेला पहाड़ी-मधेशी ।
हिन्दू-मुस्लिम-बौद्ध सब स्वदेशी ।।
शासक सामंत श्रमचोर छद्मभेषी ।
बाटे उनके लड़ावे के चाल रे ।। जन्मभूमि०...
मजहब-जात के झगड़ा मेटावऽ ।
एकजुट होके डेङ उठावऽ ।।
देशद्रोही के मशान में पुगाव ।
नेपाल मइआ के इहे आह्वान रेऽ ।। जन्मभूमि०...

चन्द्र भण्डारीको 'यो माटोभरि हाम्रै रगत-पसिना'

प्रगतिशील गीतका आधारभूत प्रवृत्तिहरूमध्येको मुख्य एउटा प्रवृत्ति हो– वर्गचेतसहितको वर्गसन्देश अर्थात् लुटिखाने वर्गका विरूद्ध गरिखाने वर्गको हितसाधना । धर्तीभरको माटोमा श्रमजीवी वर्गको रगत-पसिना बगेको छ, पृथ्वीभरकै बाटोमा उनकै आँसु लछप्प भिजेको छ तर यी सवैमा मोजमस्ती भने लुटाहा वर्गले गर्दै आएको छ । भारी बोकेर उकाली–ओराली र देउराली नाघ्ने श्रमजीवी भोकभोकै मर्न बाध्य छ, उसका निम्ति एक बित्तासम्म घडेरी त परकै कुरा भयो, मर्दा सद्‌गत गर्ने चिहानसम्म पनि छैन । 'भाग्य' र 'कर्म' का कारण यो अवस्था भइरहेको हो भनेर रूढीवादी तथा दुष्ट शोषक–शासकहरूले बकवास गरिरहे तापनि यथार्थता त्यो होइन; तिनै दुष्ट शासकहरु नै यसका कारक हुन् । त्यसैले मुक्तिका निम्ति एक भई उठ्नुपर्छ, जुट्नुपर्छ र लड्नुपर्छ भन्ने चेतनामूलक सन्देशसहित चन्द्र भण्डारीको रचना एवम् सङ्गीत तथा टीका भण्डारीको स्वरमा रेकर्ड भएको एउटा गीतका यी पङ्क्ति हेरौं:

यो माटोभरि हाम्रै रगत-पसिना बगेको छ
यो बाटोभरि हाम्रै आँसु लछप्पै भिजेको छ...
उकाली–ओराली, देउराली नाघ्छौं भारी नै बोकेर
पाउँदैनौं ज्याला पेट छ खाली, मर्छौं पहिरोमा परेर...
एक बित्तासम्म घडेरी छैन, मर्दा न चिहान छ
होटेलका कान्छा, भाडाका सीपाही, यही हाम्रो नाम छ...
यो हाम्रो पीडा कर्मले होइन, दुष्टको खेल हो
एक भई उठौं मुक्तिका लागि, किसानजन हो...

चन्द्रप्रकाश खनाल 'बलदेव' को 'यो शरीर ढल्यो साथी हो'

बलदेवको 'यो शरीर ढल्यो साथी हो' चर्चित अपेरा हो । यो गीत 'युद्धको मैदान' एल्बममा सङ्गृहीत छ । यसका गायक शम्भु राई हुन् । बैरीका किल्लामा लड्दा-लड्दै गोली लागेर छटपटाएको योद्धाको सन्देश हो यो । घाइतेको पीडा र सन्देश बोकेको यस गीतमा धेरै ठाउँमा अपेरा प्रस्तुत भइसकेका छन् । यसमा वीरताको इतिहास खोज्न, छोरीलाई क्रान्तिको बाटो

रोज्न, सुनौलो बिहान नआएसम्म निरन्तर लड्न तथा बैरीका किल्ला खरानी पार्दै अगाडि बढ्दै जान आह्वान गरिएको छ । हेरौं, यस गीतका केही शब्द:

यो शरीर ढल्यो साथी हो, लालझन्डा झुक्न नदिनू
क्रान्तिका लागि मरेर गयो, बाबालाई भन्दिनू
आमाले आँसु बगाउनुहोला, नरूनू भन्दिनू
पार्टीलाई मेरो यो कमिज दिनू, सहिद भो भन्दिनू
गद्दारले धोका जनतालाई देलान्, आन्दोलन नरोक्नू
गलामा लागोस् फाँसीको फन्दा, तैपनि नझुक्नू...

चिरन पुनको 'चमचम गर्ने खुकुरी'

तीसको दशकदेखि निरन्तर प्रगतिशील एवम् जनवादी गीतसङ्गीतको रचना, गायन र प्रस्तुतिमा समर्पित हुँदै आएका चर्चित योद्धा हुन् चिरन पुन 'मिलन' । रक्तिम सांस्कृतिक अभियानबाट जनसांस्कृतिक यात्रा अघि बढाएका चिरन अहिले विप्लव नेतृत्वको माओवादी धारमार्फत जनसङ्गीत अभियानमा क्रियाशील छन् । पछिल्लो समय उनीसहितका अग्रज जनसांस्कृतिककर्मीहरूको नेतृत्वमा शृङ्खलाबद्ध रूपले देशव्यापी रूपमा 'राष्ट्रका लागि सङ्गीत अभियात्रा' कार्यक्रम समेत सम्पन्न भयो । विभिन्न वामपन्थी धारामा विभक्त जनवादी सर्जक–कलाकारहरूले यस अभियात्रामा सहभागिता जनाए । सयौं जनवादी गीत–सङ्गीतको सिर्जना, गायन र रेकर्डिङ गरिसकेका पुनले 'सपनाका यात्री' (२०७९) नामक गीतिसङ्ग्रह, 'सङ्गीत अभियात्रा : सिंहावलोकन' (२०८१) लगायतका कृतिहरु समेत प्रकाशित गरेका छन् । दर्जनौं गीतिएल्बम र कयौं अडियो–भिज्युअल प्रकाशित गरिसकेका चिरन चर्चित जनवादी गीतकार, सङ्गीतकार र गायकका रूपमा स्थापित छन् । चिरनका सवै गीतले प्रतिक्रियावाद, यथास्थितिवाद र संसदवादका विरूद्ध विद्रोह बोलेका छन् अनि आमूल परिवर्तनको पक्षमा गोलबन्द हुन अपिल गरेका छन् । उनको एउटा गीतका यी पङ्क्ति हेरौं:

चमचम गर्ने खुकुरी शान लागने बेला भो
फेरि अर्को क्रान्ति उठ्छ जागै बस्ने बेला भो...
कायरहरू सङ्कटबाट घुँडा टेकी भाग्छन्
वीरहरु क्रान्ति गर्छन् र दुस्मनलाई जित्छन्
सडेगलेको यो सत्ता ढल्छ, पक्कै ढल्छ
क्रान्तिले आफ्नो बाटो आफैं खन्दै जान्छ...

चुनु गुरुङको 'तिम्रै निम्ति बरू यो ज्यान'

महान् सांस्कृतिक सहिद चुनु गुरुङको शब्द, सङ्गीत र स्वरमा सजिएको सुन्दर गीत हो 'तिम्रै निम्ति बरू यो ज्यान गए गैजाला' । आफ्नो गीतको बोलमा उल्लेख भए झैं उहाँले दुस्मनसँग नझुकी आत्मोत्सर्ग गरेर शब्द र कर्मका बीचको ऐक्यता प्रमाणित गर्नुभयो । क्रान्तिको तत्कालीन आधारभूमिलाई बिम्ब बनाएर क्रान्ति र आमूल परिवर्तनप्रतिको अटल आस्था एवम् समर्पणभाव प्रकट गरिएको यो गीत चुनुले दर्शाएको उच्चतम त्यागका कारण थप ऐतिहासिक र कालजयी बन्न पुगेको छ । हेरौं यस गीतका यी पङ्क्तिः

तिम्रै निम्ति बरू यो ज्यान गए गैजाला
तिमीसँग गहिरो माया बस्यो जलजला...
वर्गीय मायाले बाँधिराखौंला
दुस्मनको नजरबाट लुकाइराखौंला
लुकामारी गर्दै खत्तम गरी दुस्मनलाई
विजयको टीका लगाई आउँला बरिलै....

चेतनारायण राईको 'वैशाखी मुना'

चेतनारायण राईको लोकप्रिय गीत हो- 'वैशाखी मुना' । बिम्ब, प्रतीक र अलङ्कारले युक्त यस गीतले वर्गद्वन्द्व र वर्गसङ्घर्षको मार्मिक परिवेशलाई उजागर गरेको छ । निरङ्कुश राणा शासन, तानाशाही राजतन्त्र र अत्याचारी पञ्चायती व्यवस्थाका विरूद्धको सङ्घर्षमा सयौंझ-हजारौं कलिला मुनाहरु अनायाशै चुँडिए, लुछिए र लुटिए । पछिल्लो कालखण्डको एक दशकमा विकृत संसदवाद र राजतन्त्रको घालमेलयुक्त प्रतिक्रियावादी हुरीले यस्ता मुनाहरु झन् धेरै लुछ्यो, चुँड्यो र लुट्यो । तर, जतिसुकै आँधी, हुरी र बतास चले पनि; कालो बादल मडारिएर पर्वत नै थर्कने गरी आकास जतिसुकै गर्जिए पनि नेपाली धर्तीमा सुनौलो वसन्त भने फर्किछाड्छ भन्ने सन्देशसहितको यस गीतका यी पङ्क्ति हेरौंः

वैशाखी मुना हुरीले लग्यो अनायाश चुँडेर
गयौ नि कठै क्षितिजै पारि आमालाई छोडेर...
जानेको मुटु पत्थर बन्यो रूनेले रोइरहन्छ
आमाको आँसु सम्झेर ल्याउँदा यो छाती चिरिन्छ...
बादल घुम्छ डाँडा र पर्वत आकास गर्जिन्छ
आइहाले पनि हुरी र बतास वसन्त फर्किन्छ...

छविलाल कोपिलाको

'विद्रोहके जोंजा बोक्के उठेर परल'

लमही नगरपालिका- ३, उत्तर मजगाउँ, देउखुरी, दाङमा १७ जेठ, २०३२ मा जन्मिएका छविलाल चौधरी थारू भाषासाहित्य, गीतसङ्गीत र पत्रकारिताका चर्चित व्यक्तित्व हुन् । छविलाल कोपिला नामबाट चर्चित उनले 'मुक्तिक खोज' (उपन्यास, २०५९), 'भौगर' (गजलसङ्ग्रह, २०६१), 'कैले फुल्छ ऊ' (बालगजलसङ्ग्रह, २०६३), 'अनवरत हिँडाइका डोबहरू' (हाइकुसङ्ग्रह, २०६३), 'राप्तीको तिरैतिर' (संयुक्त कवितासङ्ग्रह, २०६७), 'लिरौसी हमार थारु किताब' (थारु भाषा पाठ्यक्रम कक्षा- २, २०६८), 'चुरेको डाँडाबाट' (संयुक्त कवितासङ्ग्रह, २०६८), 'चुरिनियाँ' (उपन्यास, २०६९), 'समयका डोबहरू' (संयुक्त मुक्तकसङ्ग्रह, २०७१), 'हमार संस्कृति' (लेखसङ्ग्रह, २०७१), 'कैलारी' (सचित्र बालकथा, २०७७), 'स्यालको बिहे' (सचित्र बालकथा, २०७७) 'थारु समुदायका प्रचलित चाडपर्वहरू' (पर्व आलेखसङ्ग्रह, २०८२) लगातका कृतिहरु प्रकाशित गरिसकेका छन् । सम्पादन प्रधान सम्पादक 'केरनी' (वार्षिक), 'लावा लौझी' (त्रैमासिक), 'लावा डग्गर' (त्रैमासिक), 'स्तम्भ' (वार्षिक), 'थारू लोकगीत', 'शुभारम्भ' (संयुक्त गजलसङ्ग्रह), 'पहिचान' (जर्नल), 'आदिवासी जनजाति' (जर्नल) लगायतका पत्रपत्रिका, कृति र जनलहरूमा प्रधान सम्पादकका रूपमा भूमिका निर्वाह गरेका कोपिलाले 'आदिवासी जर्नल', 'आदिवासी शब्दचित्र' 'देउखुरी जर्नल', 'संस्करण' (चौमासिक), 'इन्द्रेणी' (त्रैमासिक), 'आयाम' (अर्द्धवार्षिक) लगायतका पत्रपत्रिका, कृति र जनलहरूमा सम्पादकको भूमिका निर्वाह गरेका छन् । 'देउखुरी' (साप्ताहिक) र 'राप्ती खबर' (साप्ताहिक) मा उनले सहसम्पादको भूमिकामा काम गरेका छन् । थारु साहित्य-संस्कृति प्रतिष्ठान, देउखुरी, दाङको अध्यक्ष रहेका उनी राप्ती साहित्य परिषद्, दाङका केन्द्रीय सदस्य हुन् । नेपाल पत्रकार महासङ्घलगायत दर्जकभन्दा बढी सङ्घ-संस्थामा काम गरेका कोपिलाले ऐतिहासिक थारु चलचित्रहरु 'भुइँह्यार', 'लाज', 'लावाजुनी' र 'भुरभुरा रहर' लगायतमा उनले प्रमुख भूमिकामा अभिनय गरे । विभिन्न म्युजिक भिडियोमा समेत अभिनय गरेका उनले 'भुइँह्यार' चलचित्रको चर्चित गीत 'सोनके ठरियावामे' लगायतका गीतमा स्वर दिएका छन् । रेडियो कार्यक्रम प्रस्तोता एवम्

समाचारवाचक समेत रहेका उनी रेडियो देउखुरी एफएम, दाङमा क्रियाशील छन् । उनैले लेखेको एउटा चर्चित थारू भाषाको गीतका यी पङ्क्ति हेरौं:

विद्रोहके जोंजा बोक्के उठेर परल हम्रे
क्रूर-दमनसे लरटि आब जुटे परल हम्रे...
चट्टान फोरके मल्गर माटि बनैलि हम्रे
ढरटि-पुत्र कैह्के डुनियाँहे निल्हैलि हम्रे
बाघनसे लड्ली हम्रे औंलोसे लरलि
आँढिसे लरलि हम्रे आगिसे लरलि
कोइ आए हमार पँज्रे ठाके परल हम्रे...
भ्रष्टाचारी ओ देशद्रोही न्याय पैलाँ भर्खर
शासक जत्रा खुलेयाम डेस लुट्लाँ भर्खर
डेसके लग लरूइयन उँप्पर जन्मकैद काहे
यक्रे विरूद्ध विद्रोह करब, सम्झो टुहरे आझे
आब लुटुइयन घर फेन लुटे परल हम्रे...

जीवन शर्माको 'सिमली छायाँ'

नेपाली प्रगतिशील-क्रान्तिकारी गीत-सङ्गीतका क्षेत्रको एउटा प्रतीक नै बनेको गीत हो 'सिमली छायाँमा बसी' । नेपाली जनवादी गीत-सङ्गीतको क्षेत्रमा दशकौंदेखि मियो बनेर उभिएका जीवन शर्माको रचना, सङ्गीत र गायनमा सजिएको यो गीत नसुनेका नेपाली शायदै होलान् । प्रगतिशीलता, क्रान्तिकारिता र वामपन्थलाई मन नपराउनेहरूले समेत यस गीतलाई भने मन पराउने गरेको पाइन्छ । हालको जैमिनी नगरपालिका- १०, बागलुङमा २६ चैत, २०१६ मा जन्मेका जीवन शर्माको औपचारिक नाम भने रामकृष्ण उपाध्याय (आचार्य) हो । २०३२ देखि जनसङ्गीत यात्रामा क्रियाशील जीवनले २०३९ सालमा रचना गरी सोही समयदेखि यो गीत गाउन थालेका हुन् । सिमली छायाँको रेकर्ड भने २०४७ सालतिर मात्रै भएको हो । नेपाली समाजका एक प्रतिनिधि पात्र गाउँले वृद्धलाई बिम्बात्मक शैलीमा प्रस्तुत गरिएको यो गीतले नेपाली जनजीवनको यथार्थता बोलेको छ । स्वरूप, शैली र मात्रामा फरक भए तापनि जनगायक शर्माले बयालीस वर्षअघि चित्रण गरेको नेपाली नागरिकको अवस्थामा अझैसम्म पनि तात्त्विक अन्तर आउन सकेको देखिँदैन । हेरौं गीतका यी पङ्क्तिहरू:

सिमली छायाँमा बसी
भरिया लामो सास फेरेको
उमेर भइसक्यो असी
झन् ठूला दुःखले घेरेको
छोरा–छोरी पाले–ताले यही भारीको भरमा
जीवनभरि कहिल्यै पनि सुध्रिएन कर्म
वैशाखको धुपमा पनि सुख पाइनँ मैले
साउनको बाढी–पहिरो भन्न पाइनँ मैले
निमुखो यो सर्वहारा, सातुको कोसेली फुकायो
भिजेको जिउको सारा, डाँडामा पसिना सुकायो...

जेबी टुहुरेको 'बसाइँ हिँड्नेको ताँतीले'

लव प्रधानको शब्दमा जेबी टुहुरेको लय, सङ्गीत र स्वरले सजिएको एउटा कालजयी जनवादी या प्रगतिशील गीत हो 'बसाइँ हिँड्नेको ताँतीले' । वि.सं. २०२६ सालतिरै रचना गरिएको र त्यसै बेलादेखि निरन्तर गाइँदै आएको यस गीतले त्यसबेलाको पहाडी भूभागगमा व्याप्त गरिबी, अभाव र बेरोजगारीका कारण बसाइँ हिँड्नेको ताँतीले गाउँ नै उजाडेको सन्देश प्रवाहित गरेको छ । आधा शताब्दीभन्दा लामो समयअघि सिर्जित यस गीतका शब्द र मर्म नेपाली समाजका लागि अहिले पनि उत्तिकै सान्दर्भिक छन्ः

बसाइँ हिँड्नेको ताँतीले
बस्नेको मन रूवाउँदछ
लाखौंका लागि उजाड छ यो देश
मुट्ठीभरलाई त स्वर्ग छ !
हालत छ जुन तिम्रो स्वदेशमा
त्यही छ हालत विदेशमा
कति छन् यहाँ मागेर हिँड्ने
कति छन् यहाँ मस्तीमा...

झन्कार बुढा मगरको 'कहिले हामी पूर्व'

परिवर्तन गाउँपालिका– ५, रोल्पामा १ असोज, २०२९ मा जन्मिएका काशिराम बुढा मगर जनसाङ्गीतिक क्षेत्रमा झन्कार बुढा मगर नामले चर्चित

छन् । २०४९ देखि जनसांस्कृतिक आन्दोलनमा क्रियाशील उनी विशेषतः सारङ्गीवादनमा पोख्त छन् । जनयुद्धकाल यथार्थतः निकै कठोर, निर्मम र भयानक युद्धको अवधि थियो । युद्धमा होमिइसकेपछि आफैं मरिने वा विपक्षी–विरोधी मारिने तथा मोर्चामा जित हासिल हुने वा मुटु दह्रो पारेर हार पनि स्वीकार गर्नुपर्ने अवस्था जहाँसुकै र जहिलेसुकै पनि विद्यमान हुन्छ । यो यथार्थता नेपाली जनयुद्धको सन्दर्भमा पनि उत्तिकै सत्य सावित भयो । हारजितका अनेकौं शृङ्खला पार गर्दै अघि बढिरहँदा आँसु, रगत र पसिनाका अनेकौं चक्रहरूलाई पचाउँदै अन्ततः न्याय र सत्यको जित भएरै छाड्छ भन्ने सन्देशका साथ झन्कारकै रचना, सङ्गीत र स्वरसहित रेकर्ड भएको एउटा लोकप्रिय गीतका यी पङ्क्ति हेरौंः

कहिले हामी पूर्व, कहिले हामी पश्चिम
आइपुग्यौं जितेर, मुक्ति लडाइँ
लक्ष्यमा पुग्न बाँकी छ अझै
चुम्नु छ हामीले सगरमाथालाई...
कहिले लड्यौं पूर्व भोजपुर, कहिले सोलुतिर
कहिले जित्यौं पश्चिम पिली, कहिले कृष्णभीर...
जितभित्र हार हुन्छ, रूकुम खाराजस्तै
हारभित्र जित हुन्छ, म्याग्दी कब्जाजस्तै...

नेत्रविक्रम चन्द 'विप्लव' को 'कदममा कदम'

नेत्रविक्रम चन्द 'विप्लव' राजनीतिक नेता त हुन् नै, साथसाथै उनी एक सशक्त गीतकार समेत हुन् । उनका केही गीतहरू चर्चित रहेका छन् । विप्लवका गीतमा एकताको कुरा पाइन्छ; विद्रोहका युगमा क्रान्तिको गीत, विद्रोहको गीत गाउनुपर्दछ भन्ने आह्वान भेटिन्छ । जनयुद्धका कारण प्रत्येक दिनहरू विद्रोहका महान् दिनहरू बनिरहेका छन्; जनता जागेका छन्; युद्धमोर्चा तातेको छ; लाखौं जनताको साथ र समर्थन छ; उथलपुथलको त्यस घडीमा गीतकार नेत्रविक्रम चन्द 'विप्लव' ले गीतिभाका कोर्दै लेखेः

कदममा कदम जोडेर, आवाजमा आवाज उठाउँदै
आऊ साराले गाऊँ, क्रान्तिको गीत, विद्रोहको गीत...
यो युग विद्रहको युग हो, यी दिन विद्रोहका दिन हुन्
जगत् जाग्दै छ, विद्रोह फुट्दै छ, उथलपुथल छ सबैतिर,
जगमगाउँदैछ सारा धर्ती, आऊ साराले गाऊँ...

पवित्रा घर्ती मगरको 'उत्तरमा हिमाल-पहाड'

हालको कपुरकोट गाउँपालिका, सल्यानमा जन्मेर त्रिवेणी गाउँपालिका-३, रोल्पामा हुर्किएकी हुन् नेकपा (एकीकृत समाजवादी) सम्बद्ध राष्ट्रिय जनसांस्कृतिक महासङ्घ नेपाल समाजवादीकी सहइन्चार्ज पवित्रा घर्ती मगर । १५ मङ्सिर, २०३० मा जन्मेकी उनी विद्यालयमा अध्ययनरत छँदादेखि नै विभिन्न साङ्गीतिक प्रतिस्पर्धामा सहभागी हुँदै र प्रतिस्पर्धा गर्दै कला क्षेत्रमा उदाएकी हुन् । युवावस्थादेखि प्रगतिशील गायिका र रचनाकारका रूपमा सक्रिय भएकी उनी किशोरावस्थादेखि नै आफूले गाउने गीत प्रायः आफैं लेख्ने गर्थिन् । जनसांस्कृतिक आन्दोलनमा सक्रिय हुनुअघि नै उनले पोखरा, हेटौंडा, वीरगञ्ज र जिरीमा आयोजित राष्ट्रियस्तरका दोहोरी प्रतियोगिताहरूमा भिडेर प्रथम स्थान हासिल गरिसकेकी थिइन् । काठमाडौंमा आयोजित एउटा लोकगीत प्रतियोगितामा समेत उनले द्वितीय स्थान हासिल गरिन् । प्रायः देशभक्तिका गीत लेख्ने पवित्रा घर्ती मगरको एउटा गीतका यी पङ्क्ति हेरौंः

उत्तरमा हिमाल-पहाड दक्षिणमा तराई
मेचीदेखि महाकाली कोही छैन पराई
नेपालकी छोरी म त लाउँछु गुन्युँ-चोली
त्यसै राम्रो वेशभूषा झनै राम्रो बोली...

पूर्ण घर्तीको 'यात्रा हाम्रो लामो छ'

पूर्ण घर्ती नेपाली जनसाङ्गीतिक फाँटको एउटा स्थापित नाम हो । नेपालको जनसांस्कृतिक आन्दोलनमा उनको महत्त्वपूर्ण योगदान रहेको छ । उनले थुप्रै सशक्त गीतरचना गरेका छन् । क्रान्तिको यात्रा लामो हुन्छ र यो लामो यात्रामा हामी थाक्नुहुन्न; हामी झुक्नु पनि हुँदैन; हामी हिमालजस्तै उभिइरहनुपर्दछ; निरन्तर प्रयासले मात्र हामी लक्ष्यसम्म पुग्न सक्दछौं भन्ने भाव उनले गीतिलयमा प्रस्तुत गरेका छन् । आँधी र तुफानसित जुध्नु सामान्य कुरा होइन; क्रान्तिकारीहरूले त्यही गरिरहेका छन् । जब दरिला मुट्ठीहरू अन्त्यसम्म उठिरहन्छन्, तबसम्म हामीलाई कसैले पनि पराजित गर्न सक्दैन । पूर्ण घर्तीका गीतहरूमा यस्तै भाव पाउन सकिन्छः

यात्रा हाम्रो लामो छ है हिँडौं साथी नथाकेर
नझुक्ने ती हिमालजस्तै हिँडौं साथी नझुकेर
हाम्रा ती कोही साथीहरू खेलिरहेछन् आँधीसँग
हाम्रा ती कोही सङ्गीहरू जिस्किरहेछन् तुफानसँग...

प्रज्वल खड्काको

'सिस्नेको चुचुरोमा रातो झन्डा'

गीतकार प्रज्वल खड्काको 'सिस्नेको चुचुरोमा रातो झन्डा' जनयुद्धकालीन सशक्त एवम् भावोत्तेजक गीत हो । नेपाली जनयुद्धले निरन्तर उचाई लिइरहेको समयमा सिस्नेको चुचुरामा रातो झन्डा फरफराउँदै, पूर्वको क्षितिजमा बिहानी लाली छाउँदै, छातीभरि साहस बोकेर हातेमालो गर्दै अघि बढ्दै गरेका योद्धाहरूको यहाँ सम्मानपूर्ण स्मरण गरिएको छ । नेपाली समाजमा वर्षौंदेखि दबिएका आवाजहरूलाई जनयुद्धले गुञ्जायमान बनाएको विषयमा कुनै शङ्का छैन । विद्रोहका मुट्ठीहरूले जनयुद्धलाई अर्को नयाँ उचाइमा उठाएको जमिनी यथार्थ हो; हेरौं प्रज्वलका गीतिशब्दः

सिस्नेको चुचुरोमा रातो झन्डा फरफराउँदै छ
पूर्वको क्षितिजमा बिहानी लाली छाउँदै छ
ब्युँझी उठ शोषितहरू छातीभरि साहस बोकेर
हातेमालो गर्दै बढ्दै छन् होस्टेमा हैंसे गरेर...

बलराम तिमल्सिनाको

'झुपडीकी नारी भन्छे'

तीनपाटन– १०, सिन्धुलीमा १४ फागुन, २०२५ मा जन्मिएका बलराम तिमल्सिना 'विप्लव' नेपाली प्रगतिशील साहित्यिक–सांस्कृतिक आन्दोलनएको एउटा सुपरिचित नाम हो । सङ्गठक, लेखक, कवि एवम् गीतकार तिमल्सिनाले केही चर्चित गीतहरूको रचना गरेका छन् । नेपाली समाज चरम वर्गीय विभेदबाट गुज्रिरहेको छ । कुनै वर्गलाई नुनको पीर छ तर अर्को वर्गलाई सुनको पीर छ; एउटा वर्गलाई साडीको अभाव छ त अर्को वर्गलाई पुरानो हुँदाहुँदै नयाँ गाडीको 'अभाव' छ; एउटा वर्गलाई खानाको अभाव छ भने अर्को वर्गलाई 'नयाँ गाना' को खाँचो परेको छ । ती दुवै वर्गलाई मन बुझाउने किताबको कुनै पाना नभएकाले वर्गसङ्घर्ष अपरिहार्य छ । बलराम तिमल्सिनाको रचना तथा वरिष्ठ सङ्गीतकार एवम् गायक शम्भु राईको सङ्गीत तथा गायनमा रेकर्ड भएको गीतका यी पङ्क्ति हेरौंः

झुपडीकी नारी भन्छे, तरकारीलाई नुन छैन
महलकी नारी भन्छे सोचेजति सुन छैन
कसैलाई सुन छैन, कसैलाई नुन छैन
दुवैलाई निको हुने औषधिको गुण छैन...
झुपडीकी नारी रून्छे, लाज ढाक्ने साडी छैन
महलकी नारी भन्छे, घुम्न नयाँ गाडी छैन
कसैलाई गाडी छैन, कसैलाई साडी छैन
दुवैको पीर बगाउने साझा यहाँ बाढी छैन...
झुपडीकी नारी रून्छे ओत लाग्ने छाना छैन
महलकी नारी भन्छे, सुन्न नयाँ गाना छैन
कसैलाई गाना छैन, कसैलाई छाना छैन
दुवैको मन बुझाउने किताबको पाना छैन...

भीम कुमाखीको 'मैले लडेर हो'

कुमाख गापा- ५, सल्यानमा २६ माघ, २०३९ मा जन्मिएका भीम कुमाखी माओवादी सांस्कृतिक आन्दोलनका एक सिपाही हुन् । हाल एकीकृत अखिल नेपाल जनसांस्कृतिक महासङ्घको अध्यक्ष रहेका कुमाखी २०५३ देखि जनसांस्कृतिक आन्दोलनमा सक्रिय छन् । गीतसङ्गीत, कविता, संस्मरण आदि विधामा क्रियाशील कुमाखी इतिहासको गहिरो अध्ययनमा समेत रूचि राख्दछन् । अढाई सयभन्दा बढी गीतरचना गरिसकेका कुमाखीका दुई दर्जनभन्दा बढी गीत रेकर्ड भइसकेका छन् । रचनाका अतिरिक्त गायन र सङ्गीतसिर्जना समेतमा क्रियाशील भीम कुमाखीको एउटा गीतका यी पङ्क्ति हेरौंः

राजमुकुट त्यो झरिसक्यो मैले लडेर हो
झुपडीको दीयो बलेको छ, मैले लडेर हो
देशको नक्सा फेरिँदैछ जनताले जितेर हो...
आँधी चल्छ जब उडाउँछ कसिङ्गर सारा
आगो दन्किन्छ जब बनाउँछ खरानी सारा
नयाँ निर्माणको लागि पुरानो भत्काउनुपर्छ
नयाँ युग बनाउनलाई सपना सजाउनुपर्छ...

भूमिका सुब्बाको 'देश जल्दा'

भूमिका सुब्बा एमाले सम्बद्ध जनसांस्कृतिक संस्था राष्ट्रिय जनसांस्कृतिक महासङ्घ, नेपालकी वर्तमान अध्यक्ष हुन् । तेह्र वर्षको उमेरदेखि नै बालकलाकारका रूपमा जनसांस्कृतिक अभियानमा जोडिएकी सुब्बा सुरूमा नृत्य विधाबाट क्रियाशील भइन् । पछि गायिका हुँदै गीतकार समेतको परिचय बनाएकी उनी गीतार बादनमा समेत पोख्त छिन् । ४ वैशाख, २०२८ मा गौरादह- १, झापामा जन्मिएकी भूमिका दाजु धनराज सुब्बाको प्रेरणाले आफूलाई प्रगतिशील गीतसङ्गीतको क्षेत्रमा डोऱ्याएको बताउँछिन् । प्रायः राष्ट्रभक्तिका गीत सिर्जना गर्ने भूमिकाको एउटा गीतका यी पङ्क्ति हेरौं:

देश जल्दा हाम्रो पनि मुटु जल्नुपर्छ
देश बचाउने प्रण गरी अघि बढ्नुपर्छ...
तराई भन्छ रूँदै-रूँदै आऊ बचाऊ मलाई,
म पनि त तिम्रै सन्तान किन छाड्छौ ?
जल्दै गए डढेलोले पगाल्छ हिमाललाई,
पग्लिएर बगाउँछ आफ्नै सन्तानलाई...

मञ्जु बमको 'बिर्स्यौ कि त'

जनवादी गीतकार मञ्जु बमका गीतहरू सशक्त छन् । उनले आफ्नो ऐतिहासिक विरासत र वीरत्वलाई गीतका माध्यमबाट नेपाली जनतालाई स्मरण गराएकी छन् । नेपाली जनताले नालापानीमा लडेका थिए; अहिले कालापानीमा लड्नुपरेको छ । भारतीय साम्राज्यवादी सत्ताले निरन्तर नेपाली भूमि मिचिरहेको छ; देशभक्त तथा क्रान्तिकारी जनतालाई भारतको अन्याय असह्य भइसकेको छ । भारतीय साम्राज्यवादसित नेपाली जनताले निरन्तर सङ्घर्ष गर्दै आएका छन् । देशीय सत्ताले भने उसैको चाकरी गरेर आफ्नो सत्ता लम्ब्याउँदै आएको छ । सबैतिर जनबलको आधारमा उठ्दै र बल्दै गरेको जनसङ्घर्षको राँकोतिर सङ्केत गर्दै मञ्जु बम लेख्छिन्:

बिर्स्यौ कि त नेपाली हो
लडेको नालापानीमा
फेरि पनि लडौं अझै
सबै मिली कालापानीमा...

मञ्जुलको 'कार्यशील जिन्दगी'

राल्फा अभियानका मुख्य अभियन्ताहरूमध्येका एक मञ्जुलको औपचारिक नाम मेघराज शर्मा नेपाल हो । २४ फागुन, २००३ मा गोगने, भोजपुरमा जन्मिएका मञ्जुल कवि, गीतकार, गायक, सङ्गीतकार, निबन्धकार, उपन्यासकार र आख्यानकारका रूपमा प्रतिष्ठित छन् । सुरूसुरूमा साहित्यकलाकै क्षेत्रमा बढी क्रियाशील उनी अलि पछि राजनीतिक क्षेत्रमा बढी सक्रिय भए पनि पछिल्लोकालमा भने कलासाहित्यमै सीमित रहेका देखिन्छन् । रामेश र रायनसँगको सहकार्यमा निकै चर्चित रहेका प्रायः जनवादी गीतहरूमा मञ्जुलको पनि उत्तिकै सहभागिता र भूमिका देखिन्छ । रामेशले रचना गरेको 'गाई त बाँध्यो ढुङ्ग्रोमा मोही छैन', श्याम तमोट र गोविन्द विकलले रचना गरेको 'सङ्घर्ष हो जीवन' लगायतका लोकप्रिय जनवादी गीतहरूमा रामेशसँगै मञ्जुलले आवाज दिएका छन् । नेपालीमा स्नातकोत्तर मञ्जुलले अध्यापन र बैंकिङ् क्षेत्रमा समेत काम गरे । अटुट आशावाद, यथार्थबोध र आत्मविश्वासको जागृति उनका गीतिविशेषता हुन् । मञ्जुलको रचना, रामेशको सङ्गीत र मञ्जुलकै आवाजमा रेकर्ड भएको एउटा गीतका यी पङ्क्ति हेरौंः

कार्यशील जिन्दगी बगिरहने नदी हो
जुन नदीमा बग्दै जाँदा कहिले फोहोर भेटिन्छन्
जुन नदीमा बग्दै जाँदा कहिले फूल भेटिन्छन्...
जुन नदीमा बग्दै जाँदा कहिले भङ्गालो फाट्दछन्
जुन नदीमा बग्दै जाँदा कहिले दोभान भेटिन्छन्...
पूर्खाहरू भन्ने गर्छन् बग्छ यसैले यो नदी हो
बग्ने पानी स्वच्छ हुन्छ, बग्ने पानी सफा हुन्छ...
भन्ने कुरा सत्य हो, पूर्खाहरू भन्ने गर्छन्
कार्यशील जिन्दगी बगिरहने नदी हो...

मणि थापाको 'आऊ है साथी'

प्युठान नगरपालिका– ८ मा १५ भदौ, २०१८ मा जन्मिएका मणि थापा नेपाली जनसाङ्गीतिक फाँटमा चर्चित नाम हो । उनले सयौं गीतसङ्गीत सिर्जना गरेका छन् । 'फोकल्याण्डको टापुबाट', 'अरूण तरेर नाना तमोर तरेर', 'ओ गणतन्त्र' लगायत उनका दर्जनौ गीतहरू धेरै चर्चित छन् । १० पुस, २०७७

देखि ६ जेठ २०७८ सम्म नेपाल सरकारको खानेपानी मन्त्री समेत रहिसकेका थापाले जनयुद्धकालीन आफ्नो एउटा चर्चित गीतमार्फत गीतिलयमै जनकम्युन हेर्न जनसमुदायलाई आह्वान् गरेका थिए । महान् जनयुद्धको प्रक्रियामा सहिदहरूका रगतले जनकम्युन जन्मिएका हुन् । जनयुद्धले गाउँ-गाउँमा नयाँ संस्कृतिको विकास गरेको छ; झुप्राहरूमा आशाको नयाँ दियो जलाइरहेको छ; वीरताको इतिहासको गाथा कोरिरहेको छ; जनताका बीचमा एकता र सद्भावको वातावरण बनाइरहेको छ । त्यसैले गाउँका लागि जनयुद्ध प्यारो बनिरहेको छ, जनयुद्धका लागि गाउँ प्यारो बनिरहेको छ । यथार्थमा जनयुद्धका माध्यमबाट २१औं शताब्दीको जनवाद हुर्किरहेको छ भन्ने परिवेशलाई गीतिलयमा प्रकट गर्दै थापाले लेखे:

गाउँ-गाउँमा नयाँ रीति बसिरहेछ
झुप्राहरूमा नयाँ दियो बलिरहेछ
आकास पनि खुलिरहेछ,
गुराँस पनि फुलिरहेछ
आऊ है साथी,
वीरताको इतिहासको गाथा हामी गाऊँ...

मणिकुमार साम्पाङ 'विजय' को 'जितेर संसार'

षडानन्द नगरपालिका- १४ मा १७ कात्तिक, २०३९ मा जन्मिएका जनकलाकार विजय साम्पाङको औपचारिक नाम मणिकुमार साम्पाङ हो । तेह्रवर्षे किशारावस्थामै विद्यार्थी सङ्गठनमा आबद्ध भएर राजनीतिक यात्रा सुरू गरेका उनी २०५४ मा विद्यार्थी सङ्गठनको भोजपुर जिल्ला संयोजक बने । ९ फागुन, २०५७ देखि पूर्णकालीन राजनीतिमा होमिएका उनी मङ्सिर, २०५८ देखि तत्कालीन विद्रोही नेकपा (माओवादी) सम्बद्ध जनमुक्ति सेना नेपालमा आबद्ध भई सशस्त्र जनयुद्धमा समर्पित भए । जनयुद्धकै क्रममा १० मङ्सिर, २०५८ मा सोलुखुम्बुको सदरमुकाम सल्लेरीमा भएको लडाइँमा सख्त घाइते भएका उनी साउन, २०५९देखि सिलिचोङ सांस्कृतिक परिवारको संयोजक बने । २०६१ मा चोमोलुङमा सांस्कृतिक परिवारलाई नेतृत्व गर्ने पार्टी ब्युरोको सेक्रेटरी बनेका उनले २०६४-६५ मा सुखानी सांस्कृतिक परिवारको संयोजकका रूपमा भूमिका निर्वाह गरे । २०६६ देखि २०६८ सम्म केन्द्रीय सांस्कृतिक टोली सामना परिवारको संयोजक रहेका उनले दर्जन आसपास लोकप्रिय क्रान्तिकारी गीतहरूको सिर्जना गरेका छन् । सल्लेरीमा घाइते भएपछि उनै विजयले रचना र सङ्गीत गरी बिनी लामाको आवाजमा रेकर्ड भएको एउटा गीतका यी पङ्क्ति हेरौं:

जितेर संसार, लालझन्डा गाड्ने अठोट बोकेर
सपथ खाएँ, राइफलको मोजल छातीमा टाँसेर...
दुस्मनमाथि बोलेर धावा,
गर्जिएको बेला
छातीमा फ्युज जोडेर
जहाँ पड्किएको बेला
बारूदको कालो धुवाँभित्र हराइगएछु
बैरीको गोली लागेर
त्यहीँ बेहोस भएछु
आमा बेहोस भएछु...

मधु गुरूङको 'यो आकास, यो धर्ती'

शनिश्चरे, झापामा २४ जेठ, २०२४ मा जन्मिएकी चर्चित जनवादी गायिका मधु गुरूङको औपचारिक नाम रत्नदेवी गुरूङ हो । उनले संविधानसभा सदस्य (२०७०) का रूपमा समेत भूमिका निर्वाह गरिसकेकी छन् । मधु गुरूङका 'कर्णालीमा हाम्रो सांस्कृतिक पाइला' (यात्रा संस्मरण, २०५६) र 'बाटो रोजें' (गीतिपुस्तक, २०६४) कृति तथा 'पाइला चालिरहेछु' (गीतिएल्बम, २०५७) प्रकाशित छन् । आफ्नो आवाजमा दर्जनौं गीत रेकर्ड गराइसकेकी मधुकै शब्दरचनाका थुप्रै प्रगतिशील गीतहरू चर्चित रहेका छन् । सामाजिक न्याय, समानता र महिला अधिकारको पक्षमा कलम चलाएकी मधुकै शब्द रचना तथा सङ्गीत एवम् स्वरमा रेकर्ड भएको एउटा गीतका यी पङ्क्ति हेरौंः

यो धर्ती, यो आकास, आधा हिस्सा हाम्रै हो,
आफ्नो हक लिनलाई अघि बढ्ने हो...
घर-अफिस-अदालत प्रशासनमा पनि छौं
डाक्टर-पाइलट-नेतृ नारी तर पछि छौं
पाउजु लाउने हाम्रा खुट्टा परेड खेल्न सक्दछन्
भाँडा माझ्ने हात देशको नक्सा कोर्दछन्....
लोकतन्त्र ल्याउनलाई हामी अघि बढेका
आन्दोलनमा महिला पनि सहिद भएका
हरेक ठाउँमा महिला नभए'नि भा'छैन
अझै पनि हाम्लाई लोकतन्त्र आ'छैन...

महेश नेपाली 'आरोह' को 'ए साथीहरू हो'

तत्कालीन हिलेदेवी गाविस– ३, रामेछापमा ३ जेठ, २०४४ मा जन्मिएका महेश नेपाली 'आरोह' क्रान्तिकारी एवम् जनवादी गीतसङ्गीतको क्षेत्रमा युवापुस्ताका एक सक्रिय एवम् सशक्त प्रतिभा हुन् । रामेछापबाट मकवानपुर उमनपा– १७ मा बसाइँ सरेका उनले करिव डेढसय गीतरचना, सय हाराहारी गीतमा सङ्गीतसिर्जना र दुई दर्जनजति गीतको रेकर्डिङमा आवाज दिइसकेका छन् । जनसङ्घर्षको क्रममा घाइते भई २०७० मा दाहिने हात गुमाएका आरोहका 'क्रान्तिकारीको जीवन' (२०७०) र 'देशको माया' (२०७४) शीर्षकका गीतिएल्बमहरु तथा 'आउँछन् यादहरु' (२०८१) गीतिसङ्ग्रह प्रकाशित भइसकेका छन् । माओवादी आन्दोलनका सक्रिय योद्धा महेशले सोही परिवेश र सन्दर्भका गीतसङ्गीतमा काम गरेका छन् । महेश नेपाली 'आरोह' को रचना तथा सङ्गीतको एउटा गीतका यी पङ्क्ति हेरौं:

हाम्रो मुक्तिको यात्रा रोक्नु हुँदैन
हाम्रो आस्थाको शिखर झुक्नु हुँदैन
बगरमै छोडेर सहिदका सपना
खहरे झैं हामी सुक्नु हुँदैन...
समानताको सुन्दर फूल फुल्न नपाउँदै
मुक्ति बिहान झुपडीमा खुल्न नपाउँदै
सङ्घर्षको मैदानबाट भाग्नु हुँदैन...

माइला लामाको 'आँधीको बेगसरि'

नागार्जुन नगरपालिका– ८, काठमाडौंमा ७ फागुन, २०२९ मा जन्मिएका माइला लामा महान् जनयुद्धका घाइते योद्धा हुन् । नेपाली जनताको मुक्तिकामी तथा परिवर्तनकारी अभियानमा उनले महत्त्वपूर्ण योगदान दिएका छन् । माइलाका थुप्रै लोकप्रिय गीत–सङ्गीत छन् र ती सबै अजर–अमर समेत रहेका छन् । उनले योद्धाहरूको गति आँधीको बेगसरि हुने तथा हुनुपर्ने भाव व्यक्त गर्दै चट्याङ गर्जेझैं रातो झन्डा फरफराउँदै जनसेना अघि बढिरहेको महान् क्रान्तिको भावधारा गीतबाटै पक्रिएका छन् । राता मान्छेहरूको रातो यात्रालाई लामाले गीतमा राम्ररी उनेका छन् । हजारौं बाधाहरु आए पनि, जति पनि बमका धमकासित जुध्नुपरे तापनि बैरीका ट्रेन्चहरु ध्वस्त पार्ने उद्घोष उनले गीतकै माध्यमद्वारा व्यक्त गरेका छन् । छातीमा सङ्गीन

रोपिँदा र मुटु छियाछिया पारिँदा पनि वीरहरू नझुक्ने भावधारा लामाको गीतमा पाइन्छन् । आकासका तारा टिप्न आतुर योद्धाहरूहरूको सम्मानमा गीतिभाकामा माइलाले लेखेका छन्ः

आँधीको बेगसरि योद्धाहरू
चट्याङ गर्जेझैं सेनाहरू
रातो झन्डा फरफराउँदै,
तोप-गोला वर्षाउँदै
हेर अघि-अघि बढिरहेछन्,
राता मान्छेहरू..

माधव प्रधानको 'हामी कलाकार'

नेपाली प्रगतिशील एवम् जनवादी गीतसङ्गीतका क्षेत्रको एउटा सुपरिचित नाम हो- माधव प्रधान । कला-साहित्य, सङ्गठन र राजनीतिक क्षेत्रमा माधव प्रधान नामले स्थापित उनको औपचारिक नामचाहिँ माधवकुमार प्रधान हो । पूर्णकुमार-चञ्चलादेवीको जेठो छोराका रूपमा १८ मङ्सिर, २०१३ मा फुङलिङ बजार- ४, ताप्लेजुङमा जन्मेका माधवले ताप्लेजुङ बजारकै भानु स्कुलबाट प्रारम्भिक शिक्षा सुरू गरे । त्यसपछि काठमाडौंको बालाजुस्थित वनस्थली विद्याश्रम, पुतलीसडकस्थित पद्मोदय हाईस्कुल, बाराको कलैयास्थित तीनचन्द्र हाईस्कुलमा अध्ययन गरेका उनले अन्ततः ताप्लेजुङकै भानु हाईस्कुलबाट एसएलसी उत्तीर्ण गरे । कानुनमा स्नातक तथा ग्रामीण विकास र समाजशास्त्रमा स्नातकोत्तर उनी त्रिभुवन विश्वविद्यालयको इतिहास विभागमाबाट विद्यावारिधि (पीएचडी) का शोधार्थी हुन् ।

सोह्र वर्षकै उमेरमा लोकगायनका लागि ताप्लेजुङबाट रेडियो नेपालमा पुगेर उनले २०३० मा पाँचवटा गीत रेकर्ड गराए । सोही बेलादेखि गायकको परिचय बनाउन थालेका माधवले त्यतिबेलैदेखि औपचारिक रूपमै मादल, हार्मोनियम, तबला आदि बजाउने आधारभूत शिक्षा लिन थालेका थिए । गीतसङ्गीत क्षेत्रमै निरन्तर सक्रिय उनी गीतसङ्गीत विषयकै अध्ययन-अनुसन्धानमा सङ्लग्न छन् । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानमा प्राज्ञ परिषद् सदस्य (२०७२-२०७६) तथा नेपाल टेलिभिजनमा सञ्चालक सदस्य (२०६६-२०६८) रहिसकेका माधवले राष्ट्रिय जनसांस्कृतिक मञ्चको

महासचिव तथा उपाध्यक्ष र राष्ट्रिय जनसांस्कृतिक महासङ्घको प्राज्ञिक परामर्श परिषद् अध्यक्ष जस्ता भूमिका समेत निर्वाह गरिसकेका छन् । नेकपा (एमाले) को सांस्कृतिक विभागको सदस्यका रूपमा दुई कार्यकाल भूमिका निर्वाह गरेका उनले विदेश भ्रमण गर्ने नेपाली सांस्कृतिक टोलीको सदस्य भई उत्तर अमेरिका, जर्मनी, जापान, थाइल्याण्ड, मलेसिया, चीन, भूटान, भारतलगायतको भ्रमण गरेका छन् ।

पचास वटाजति गीत प्रकाशित गरेका माधवको रचनाका ३० वटाजति गीत रेकर्ड गरिएका छन् । 'कमरेड पुष्पलाल', 'अन्धकार युगका वीर सहिदहरू', 'सहिद चौतारा', 'जब बहिनी ब्युँझिन्छिन्', 'दिशाबोध', 'बुहारी' लगायतका नाटकहरू पनि उनको लेखन–निर्देशनमा मञ्चन भएका छन् । उनैको लेखन–निर्देशनको टेलिचलचित्र 'अस्मिता' नेपाल टेलिभिजनबाट प्रसारण भएको थियो । मूलतः प्रगतिशील गीतसङ्गीत रच्ने, सङ्गीतसिर्जना गर्ने र गाउने माधवलाई नेपाली गीतसङ्गीतको जनवादी धारामा उभ्याउने एउटा गीतका यी पङ्क्ति हेरौँः

जनताको गीत लेख्ने हामी गीतकार
जनतालाई साथ दिने हामी सङ्गीतकार
जनताबाट सिक्दै बढ्छौं हामी बारम्बार
जनतालाई श्रद्धा गर्ने हामी कलाकार... (प्रधान, २०४७, पृ. ३०) ।

मानबहादुर तामाङ दोङको 'चरीमैना'

सुनापति– ४, बेथान, डहु, रामेछापमा २४ फागुन, २०१४ मा जन्मेका मानबहादुर तामाङ दोङले २०३७ मा थाङ्काली सांस्कृतिक समाजको अध्यक्षका रूपमा जनसांस्कृतिक यात्रा अघि बढाएका हुन् । उनले २०४४ मा इन्द्रेणी सांस्कृतिक समाजको संस्थापक केन्द्रीय सदस्यका रूपमा समेत भूमिका निर्वाह गरे । मातृभाषाका दर्जनौं गीतसङ्गीत रचना गरेका र सबैखाले प्रगतिशील एवम् क्रान्तिकारी गीत गाएका दोङले नेपाली जनसांस्कृतिक आन्दोलनमा महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् । सामन्तवादी राज्यसत्ताले देशका विभिन्न क्षेत्र, भूगोल र जात–जातिका नागरिकमाथि चरम विभेद, अन्याय, अत्याचार र गर्ने क्रममा 'फुटाऊ र राज गर' को नीति अपनाउँदै आयो । जनतालाई विभिन्न वर्ग र समुदायमा विभाजित गरी शोषण–दोहन गऱ्यो । दिनरात काम गर्ने जनताको घरमा साँझपख खाने छाक छैन, आङ ढाक्ने लुगा छैन र बस्ने बास छैन ।

पाटीपौवामा बास बसेर रात गुजार्नु पर्नेसम्मको अवस्था छ । यो स्थितिमा शोषणमूलक राज्यव्यवस्था ध्वस्त पारेर जनताको राज्यसत्ता स्थापना नगरेसम्म ती समस्याको दीर्घकालीन समाधान भन्ने सन्देशसहित मानबहादुरले रचना र सङ्गीत गरेको तामाङमा भाषाको एउटा लोकप्रिय गीतका यी पङ्क्ति हेरौंः

चरीमैना दुःखला न्हङरीन सीनामु
चाबारी दीम्री कान आरे
क्वान्बारी गोरी क्वान आरे
खेन्बा खासाओ सेम्नासी
खाओगादे ब्रासे सेम्क्रासी...
ङा दुःखीला कर्मामी
यो ङ्यासे फोनाङ चाबारी
ल्हुओ गाप्वा गोनाङ क्वानबारी
गादेब्रासे फ्युक्वोला दोओयु...
तिरेम केन्वा केवारी
दीन म्हुन आवीना ब्रातोजी
पाटीपौवारी बास ताजी
पशुला केवा ह्राङ लासी...

मोदनाथ प्रश्रितको 'सुन कामी साइँला दाइ'

नेपाली प्रगतिशील साहित्यकलाका क्षेत्रको एउटा सुपरिचित एवम् विराट नाम हो- मोदनाथ प्रश्रित । ६ असार, १९९९ मा हर्राबोट, खिदिम अर्घाखाँचीमा जन्मिएका पूर्वशिक्षामन्त्री प्रश्रित राजनीतिकर्मीका रूपमा समेत स्थापित व्यक्तित्व हुन् । साहित्यकलाका सवैजसो विधामा कलम चलाएका प्रश्रितले प्रगतिशील गीतका क्षेत्रमा पनि उल्लेखनीय योगदान पुऱ्याएका छन् । जातीय एवम् लिङ्गीय असमानता तथा भेदभावका विरूद्ध आफ्ना गीतमार्फत मुखर देखिएका प्रश्रित सवैखाले अन्याय, असमानता, शोषण र उत्पीडनका विरूद्ध न्याय र समानताका पक्षमा रचनाहरूमार्फत सशक्त रूपले खडा भएका छन् । प्रश्रित रचित 'सुन कामी साइँला दाइ' शीर्षक गीतका यी पङ्क्ति हेरौंः

दिनभरि दन्किएको आरनामा डढी
रातो फलाम ठट्टाउँछ जसले मरीमरी
आवाद छ विश्व जसको फाली-कोदालीले
उसैलाई भन्छ अछुत मान्छे बेइमानीले (प्रश्रित, २०४९, पृ. ११) ।

मोहलाल चन्द 'आधार' को 'हिमालपारि क्षितिज'

मोहलाल चन्द 'आधार' नेपालका एक स्थापित जनसंस्कृतिकर्मी हुन् । उनले नेपाली जनसांस्कृतिक फाँटमा महत्त्वपूर्ण योगदान दिएका छन् । उनका महत्त्वपूर्ण गीतहरू लेखेका छन् । आधारका गीतहरूमा प्रकृतिको गज्जबले मानवीकरण गरिएको पाइन्छ छ । जनयुद्धको महान् प्रक्रियामा दुष्टको स्वर्ग गर्ल्याम्मै ढल्दै गएकामा गीतकार औधि खुसी देखिएका छन् । जनता चारैतिर जुर्मुराउँदा र क्रान्तिको ज्योति धपक्कै बल्दा गीतकारलाई सङ्गीत गुञ्जाउन मन लाग्छ । सहिदगाथालाई क्रान्तिको ऊर्जा मान्दै गीतकार मोहलालले लेखेका छन्:

जगत् नै सारा जुर्मुराउँदा
क्रान्तिको ज्योति धपक्कै बल्दा
सङ्गीतमा उसलाई गुञ्जाउन मन लाग्छ
हिमालपारि क्षितिज खुल्दा...

मोहित श्रेष्ठको 'तिम्रो एउटा औंला उठे'

जनयुद्धकालको उत्तरार्द्धमा निकै चर्चित एकजना जनकलाकारको नाम हो मोहित श्रेष्ठ । जङ्कोट- ८, रोल्पामा जेठ, २०३७ मा जन्मिएका मोहित युवापुस्ताका उदीयमान जनकलाकार हुन् । तत्कालीन माओवादीको बहुचर्चित चुनबाङ बैठकको समापनका बेला पार्टीका सवै शीर्ष र देशभरकै प्रतिनिधिमूलक नेताहरूसमक्ष रूकुमको चुनबाङमा प्रस्तुत वृहत् सांस्कृतिक प्रस्तुतिमा उनै मोहित र अर्का चर्चित जनकलाकार कर्ण विद्रोहीको युगत प्रस्तुति रहेको 'टुटफुट खण्डित कुरा नगर, आत्मसमर्पणको कुरा नगर..' बोलको गीतले त्यसबेलाको परिवेशमा सिङ्गै युगको आवाज बोलेको थियो । नेपालको जनसांस्कृतिक आन्दोलनमा उनले महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् । थुप्रै सशक्त क्रान्तिकारी एवम् प्रगतिशील गीतरचना, सङ्गीतसिर्जना र गायनमा क्रियाशील मोहितले पछिल्लो समय भने अरू विभिन्न भावका गीतसङ्गीतमा समेत हात हालेको देखिन्छ । वर्तमान समयमा विद्रोहको ज्वाला निभ्न सक्ने सम्भावना टड्कारो बन्दै गएको र युवाहरूको छातीमा साहसको दियो सल्काउने अभियानमा कमी आइरहेको अनुभूति गरेका जनकलाकार मोहित क्रान्तिकारी एवम् परिवर्तनकारी विचारद्वारा ओतप्रोत युवाले एउटा औंला मात्रै उठाइदिए

पनि देश सचेत हुने र त्यस्तो युवाले अर्को मुट्ठी उठाइदिँदा भ्रष्टाचारको जग हल्लने, भ्रष्ट अचेत भएर ढल्ने सन्देश गीतबाटै दिइरहेका छन् । शान्ति प्रक्रिया सफल भइसक्यो भनिएपछि मोहितको रचना, सङ्गीत र गायनमा प्रस्तुत यो गीतका शब्दहरु हेरौं:

तिम्रो एउटा औंला उठे देश सचेत हुन्छ
तिम्रो अर्को मुट्ठी उठे भ्रष्ट अचेत बन्छ
हे युवा ! विद्रोहको ज्वाला निभ्न नदेऊ
हे युवा ! छातीमा साहसको दियो सल्काइदेऊ...

राजन राईको 'शिरैमा मेरो'

२०४६ को राजनीतिक परिवर्तनसँगै केही जनवादी गीतसङ्गीत निकै चर्चामा आए । राजन राईको शब्द, सङ्गीत र स्वरमा प्रकाशित भएको गीतिएल्बम 'जनगीति यात्रा' (२०४७) निकै लोकप्रिय बन्यो । 'कान थापेर सुनिदेऊ बहिनी', 'खै साइँला', 'आउँदा र जाँदा', 'कोसी दोभान' लगायतका चर्चित एवम् लोकप्रिय गीतसङ्गीत उक्त एल्बममा समावेश छन् । यसै एल्बममा समाविष्ट राजन राईको एउटा गीतका यी पङ्क्ति हेरौं:

शिरैमा मेरो शिरैको टोपी, काँधैमा गलबन्दी
जीवन त्यसै ढल्कनै लाग्यो, केही गरौं सङ्गिनी,
आहै लौ भन सङ्गिनी...
ठूलालाई मात्र न्याय र निसाफ सानालाई कानुन
गरिब-दु:खीको वेदना-व्यथा सुन्दिने कोही भएन
यस्तैमा चाला अझैमा रहे सहेर बसिन्नँ....
धनीलाई मात्र चैन रै'छ यहाँ गरिबलाई ऐन छैन
कसैलाई बस्न दरबार यहाँ कसैलाई घर छैन
यस्तैमा चाला अझैमा रहे सहेर बसिन्नँ...

राजेन्द्र थापाको 'युद्धसङ्ग्राम चर्काउँदै'

राजेन्द्र थापा सशक्त गीतकार हुन् । उनका गीतहरु युद्धसङ्ग्रामबाट जन्मिएका हुन् । जनयुद्धले आधारइलाका निर्माण गरेको थियो; त्यसले गाउँबस्तीहरु जगाएको थियो; जलजला र सिस्ने हिमालमा लाली छाएको थियो; पूर्वका

शैलुङ र जुगललाई ब्युँझाएको थियो; पश्चिमका चुली पहाडहरू राता बन्दै थिए; पूर्वदेखि पश्चिमसम्म राँको बल्दै थियो; नेपाली जनयुद्ध विश्वभर फैलँदै थियो । ठीक त्यस्तो परिवेशमा राजेन्द्र थापाले गीतिभाकामा लेखेः

युद्ध-सङ्ग्राम चर्काउँदै, दुस्मनलाई थर्काउँदै
आयो आज माओवादी
आधारइलाका निर्माणको महान् झन्डा फहराउँदै
उठ गाउँ-बस्तीहरू, जाग भोका-नाङ्गाहरू
अब छिट्टै हाम्रो आधारक्षेत्र बन्दैछ...

रामकृष्ण दुवालको 'सिर्साया हेकु'

जनगायक तथा लोकगायक रामकृष्ण दुवाल १५ असार, २००७ मा राजधानीस्थित कीर्तिपुरको पाँगामा जन्मेका हुन् । नेपाली भाषाका जनवादी गीतसङ्गीत र लोकगीतहरूका अतिरिक्त नेपाल भाषामा समेत थुप्रै गीतसङ्गीत सिर्जना गरेका दुवालले २०३६ मा 'बाँबाँ लागु म्ये' शीर्षकको गीतिएल्बम प्रकाशित गरेका थिए । गोपालप्रसाद रिमालको शब्दरचनामा रामकृष्ण दुवाल, रायन, रामेश र ओम श्रेष्ठको आवाजमा रेकर्ड भएको चर्चित, लोकप्रिय एवम् ऐतिहासिक गीत 'एक जुगमा एक दिन एकचोटि आउँछ' लाई सङ्गीतबद्ध गर्ने उनै रामकृष्ण दुवाल हुन् । एउटा अन्तर्वार्तामा दुवालले आफू २००६ सालमा जन्मेको र रिमालले त्यो गीत पनि संयोगवश २००६ सालमै लेखेको अनि आफूले २०३६ तिर त्यसलाई सङ्गीतबद्ध गरी गीत बनाएको उल्लेख गरेका छन् । प्रमोद हमालको शब्दरचना र सङ्गीतमा रामेश, रायन, रामकृष्ण दुवाल र ओम श्रेष्ठले गाएको 'तिमी देऊ तिम्रा हातहरू' बोलको गीत पनि नेपाली प्रगतिशील गीतसङ्गीतको क्षेत्रमा निकै लोकप्रिय छ । प्रगतिशील एवम् जनवादी गीतसङ्गीतका साथसाथै सामाजिक मूल्य-मान्यता र श्रम र सीपको महत्त्वमाथि जोड दिँदै मातृभाषा र लोकलयका सिर्जनमा समेत निकै मेहनत गरेका दुवालले अभिलेखालयमा जम्मा दुई लाइन मात्रै फेला परेको करिव सवा चारसय वर्ष पुरानो नेपाल भाषाको एउटा गीतलाई शब्दहरू थपेर विस्तार गरी सङ्गीतबद्ध गरे अनि रेकर्ड गराए (सेतोपाटी, २०७६, फागुन १) । नेपाल भाषाका चर्चित एवम् लोकप्रिय गीतहरूमध्येको एउटा सोही गीतका यी पङ्क्ति हेरौंः

सिर्साया हेकु, जिमि दाइचां व्यूगु,
व हेकु कासांलिसें मन थातय् लात
उलिसांनिसें मन फर्के जुल...
त्यांका त्यांका तांगाचा हाँथा हाँथा हाँथाचा
जिमि दाइचां दयेका बिल हिसि दयेक लवचा
उलिसंनिसें मन फर्के जुल...
सिंखोलाचा रंगचा, चिनातइगु कापःचा
व लँन फिना दाइचा, पाजुपिन्थाय् वनसा
उलिसांनिसें मन फर्के जुल...

रामेश श्रेष्ठको 'गाई त बाँध्यो ढुङ्ग्रोमा मोही छैन'

वरिष्ठ प्रगतिशील एवम् जनवादी गीतकार, सङ्गीतकार एवम् गायक रामेशको औपचारिक नाम रामेश्वर श्रेष्ठ हो । ८ असार, २००१ मा तानसेन, पाल्पामा जन्मिएका उनले २०१९ मा रेडियो नेपालबाट साङ्गीतिक यात्रा थालेका हुन् । प्रगतिशील–जनवादी तथा बालगीत गरी रामेशका चौधवटा गीतिएल्बम प्रकाशित छन् । नेपाली जनवादी गीतसङ्गीतका क्षेत्रमा 'गाई त बाँध्यो ढुङ्ग्रोमा मोही छैन' बोलको रामेशको गीत असाध्यै लोकप्रिय छ । 'गाई त बाँध्यो ढुङ्ग्रोमा मोही छैन' गीतको रचनागर्भ खोतल्दै यसका सर्जक एवम् गायक रामेश (२०७३) ले उल्लेख गरेका छन्– "यो गीत हामी 'राल्फा' मा छँदै जन्मिएको हो । राल्फामा अलिकता झगडाजस्तो भएपछि मञ्जुल र म काठमाडौंबाट पूर्वी नेपालको यात्रामा निस्किएका थियौं । गाउँघरमा चेतनाका निम्ति गीति कार्यक्रम दिँदै जाऔं भनेर हामी बाटामा गीत पनि गाउँदै हिँड्यौं । यात्रा गर्ने क्रममा एक रात रामेछापको मुगीटारमा बास बसेका थियौं । त्यहाँ नानीहरूले हँसिया ट्वाक्–ट्वाक् पार्दै त्यसैको तालमा गीत गाए । शब्द प्रेमको भए पनि लयले निकै तान्यो । पछि हामीले त्यसमा जनजीवनका कुरा झल्काउने शब्दहरु राखेर गीत तयार पार्‍यौं ।" नेपालमा समाजवादको भाषण गरेर नथाक्नेहरूको जमात ठूलो छ । तर, तिनले अझैसम्म पनि समाजवादको मार्ग पहिल्याउन र दिशानिर्देश गर्न नसकिरहेको सन्दर्भसँग तुलना गरेर हेर्दा जम्मा तीन मिनेट लामो ऐतिहासिक र कालजयी यस गीतले नेपाली समाजको यथार्थ वर्गविश्लेषण गर्दै स्पष्ट रूपले समाजवादी खाका कोरिदिएको देखिन्छः

गाई त बाँध्यो ढुङ्ग्रोमा मोही छैन, मोही छैन
गरिबको चमेली बोल्दिने कोही छैन
गरिबको बोल्दिने कोही छैन, कोही छैन
गरिबको चमेली बोल्दिने कोही छैन...
रातो भाले धुरीमा करायो, करायो
गरिबको चमेली निसाफै हरायो
गरिबको निसाफै हरायो, हरायो
गरिबको चमेली निसाफै हरायो...
धनीलाई धनमाथि धनै छ, धनै छ
गरिबलाई चमेली ऋणमाथि ऋणै छ
गरिबलाई ऋणमाथि ऋणै छ
गरिबलाई चमेली ऋणमाथि ऋणै छ...
धन हुनेलाई छँदैछ चैन, चैन
गरिबलाई चमेली लाग्दछ ऐन
गरिबलाई लाग्दछ ऐन, ऐन
गरिबलाई चमेली लाग्दछ ऐन...
दूधैकुण्ड पानीको सराबर, सराबर
हुनुपर्छ चमेली सवैलाई बराबर
हुनुपर्छ सवैलाई बराबर, बराबर...

रायन श्रेष्ठको 'निलाकासमा कावा खाँदै'

सुरूमा राल्फा समूहमा सँगसँगै खटेर पछि आ–आफ्नै सांस्कृतिक समूहमा रही प्रभावशाली ढङ्गबाट जनवादी गीतसङ्गीतको सिर्जना एवम् प्रस्तुतिद्वारा जनतालाई सचेत तथा जागरूक गराउने अग्रज जनकलाकारद्वय रामेश्वर श्रेष्ठ र नारायणभक्त श्रेष्ठ २०१९ मा ओखलढुङ्गाबाट सँगसँगै काठमाडौं छिरेपछि रामेश र रायनमा रुपान्तरित भएका हुन् । १९ भदौ, २००० मा ओखलढुङ्गामा जन्मेका वरिष्ठ प्रगतिशील एवम् जनवादी गीतकार, सङ्गीतकार तथा गायक रायनको औपचारिक नाम नारायणभक्त श्रेष्ठ हो । लोकगायनबाट २०१९ देखि साङ्गीतिक यात्रा थालेका रायन प्रगतिशील एवम् जनवादी गीतसङ्गीतलाई नयाँ उचाइमा उठाएर नेपाली गीतसङ्गीतको इतिहासमा सशक्त एवम् नौलो

परिचय स्थापित गर्न सफल रहे । उनका गीत, सङ्गीत र आवाज नेपाली प्रगतिशील एवम् जनवादी सांस्कृतिक आन्दोलनका अमूल्य निधि हुन् । रायनको रचना तथा सङ्गीत एवम् रायन–रामेशको स्वरमा रेकर्ड भएको एउटा गीतका यी पङ्क्ति हेरौं:

निलाकासमा कावा खाँदै हाँस्दै रमाउँदै
मुक्त हुन्छन् जनता एक दिन जञ्जीर चुँडाउँदै...
शिक्षक साथी चेतनाको ज्योति छर्नुहोस्
इन्जिनियर देशको नयाँ नक्सा कोर्नुहोस्
डाक्टर साथी देशको घाउमा मलम लगाउनोस्
कलाकार हो देशको मिठो गीत सुनाउनोस्...
विद्यार्थी हो अन्यायको विरोध गर्नुहोस्
किसान–मजदूर देशको निम्ति श्रम गर्नुहोस्
दिदीबहिनी चुलाचौका नाघी आउनुहोस्
युवा साथी देशको नयाँ चोला बदल्नोस्...
लेखक–कवि देशभक्तिको कुरा लेख्नुहोस्
वकिल साथी न्यायनिम्ति बहस गर्नुहोस्
बुद्धिजीवी तपाईंहरू सत्य बोल्नुहोस्
जनताहरू तपाईं हाम्लाई बाटो देखाउनोस्...

रोशन जनकपुरीको
'जीतब त हम दुनियाँ साथी'

जनकपुरधाम– १०, धनुषामा १० मङ्सिर, २०१४ (२५ नोभेम्बर, १९५७) मा जन्मिएका स्थापित जनसंस्कृतिकर्मी रोशन जनकपुरीको औपचारिक नाम भने अरविन्दकुमार लाल हो । क्रान्तिकारी कम्युनिस्ट आन्दोलनका इमानदार एवम् प्रखर नेता जनकपुरीले जनपक्षीय साहित्यकलाको क्षेत्रमा पाँच दशकदेखि योगदान पुऱ्याउँदै आएका छन् । जनयुद्धकालमा नेकपा (माओवादी) सम्बद्ध नेपाल राष्ट्रिय बुद्धिजीवी सङ्गठनको केन्द्रीय सदस्य, पार्टीको क्षेत्रीय ब्युरो सदस्य दक्षिण क्षेत्रीय ब्युरोमा सांस्कृतिक विभाग इन्चार्ज, मध्य क्षेत्रीय रेडियो जनगणतन्त्र नेपालको इन्चार्ज, २०६० मा नेकपा (माओवादी) को रौतहट जिल्ला सङ्गठन समितिको इन्चार्ज, क्रान्तिकारी पत्रकार सङ्गठनको संस्थापक

केन्द्रीय सदस्यलगायतको भूमिकामा रहेर जनकपुरीले जनक्रान्तिको नेतृत्व गरे । लगभग पचास वटाजति क्रान्तिकारी गीत रचना गरिसकेका रोशनले रचना गरेको एउटा लोकप्रिय मैथिली गीतका यी पङ्क्ति हेरौंः

जीतब त हम दुनियाँ साथी, हारब त ई जान यौ,
जनताके मुक्ति के एक्केटा रस्ता, नव जनवाद महान यौ ।
कोह्यियठ सब के महल अटारी, मौज उडाबे काम चोर
दिन भइर मेहनत करैत श्रमिक के, भुख्खल पेट आ आँइख मे नोर
ध्वस्त करू ई लूट के शासन, मिलिजुली मजदूर किसान यौ ।
जनता के मुक्ति के...
पैसा के संसद, पैसा के प्रहरी, पैसा के एत्तह न्याय अइछ
धनीमानी के राज्य व्यवस्था गरीबक नइँ कोनो उपाय अइछ
लडही परत अधिकारक खातिर, बिनु लडने नइँ बाँचत परान यौ ।
जनता के मुक्ति के...
धनी-गरीब मे बाँइट देलक जे, एहन व्यवस्था विरूद्ध लडू
शोषित-पीडित सब एकजुट भ क शोषण शासन के अन्त्य करू
साम्यवाद के झन्डा गाबे, वर्गीय जनयुद्भ गान यौ ।
जनता के मुक्ति के...

रोहित कोइरालाको 'हजार माइलको लामो बाटो'

रोहित कोइराला जनसांस्कृतिक क्षेत्रको एउटा स्थापित नाम हो । उनले केही चर्चित गीतहरू सिर्जना गरेका छन् । यात्रा जतिसुकै लामो किन नहोस्, त्यो एक पाइलाबाटै सुरू हुने गर्दछ । जनतालाई माया गर्नेहरूले नै विजय हासिल गर्दै आएका छन् र जनतालाई दुःख दिनेहरू सधैं पराजित हुँदै आएका छन् भन्ने सार्वभौम सत्यलाई उनले गीतमा उनेका छन् । हाडछालाको मोह गर्नेहरूले संसार हाँक्न सक्दैनन्; मृत्युलाई जित्नेहरू र बलिदानी भावना भएकाहरूको जित सुनिश्चित छ । त्यसैकारण गोलीले भौतिक शरीर ढाले पनि विश्वास ढाल्न सक्दैन; हाडखोरहरू गल्न सक्छन् तर विचार कहिल्यै गल्दैन भन्ने भावसहित रोहित कोइरालाले सिर्जना गरेको गीतका यी पङ्क्ति हेरौंः

हजार माइलको लामो बाटो
एक पाइलाबाट सुरू हुन्छ…
जित उसकै हुन्छ,
यहाँ जो जनतालाई माया गर्छ
हार उसैको हुन्छ यहाँ,
जो जनतालाई लुट्ने गर्छ…

लेकाली खड्काको 'बहादुरहरूका निम्ति जेल'

गीतकार लेकाली खड्काको 'बहादुरहरूका निम्ति जेल' महत्त्वपूर्ण गीत हो । गीतकार खड्काले यहाँ प्रतिक्रियावादी राज्यसत्तासित कठोर सङ्घर्ष चलिरेहको बेला बहादुरहरूका निम्ति जेल युद्धका ट्रेन्च हुन्, हातमा हत्कडी खुट्टामा नेल क्रान्तिकारीहरूका निम्ति गहना हुन् भन्ने विचार सम्प्रेषण गरेका छन् । आज विमानवीकरणको चर्को अवस्था छ । जनता शोषणबाट मुक्त हुन चाहिरहेका छन् । संसार थर्काउने र बारूदको धुँवामा चट्याङझैं झिल्को बन्ने प्रक्रिया चलिरहेको छ । यस्तो बेला सबै जुरूक्क उठ्नु आवश्यक छ । पुरानो सत्ता धेरै दिन टिक्नेवाला छैन; नयाँ राज्यसत्ताको स्थापना अपरिहार्य रहेको छ भन्ने भावको गीतका केही बब्द हेरौंः

बहादुरहरूका निम्ति जेल
युद्धका ट्रेन्च हुन्
हातमा हत्कडी खुट्टामा नेल
क्रान्तिकारीहरूका निम्ति गहना हुन्…

विक्रम सुब्बाको 'धेरै नै टाढा छ'

आमूल परिवर्तनकारी अभियान धेरै लामो र कष्टसाध्य कर्म हो । अग्रगमनका निम्ति राजनीतिक परिवर्तन मुख्य मेरूदण्ड भए तापनि सामाजिक–सांस्कृतिक एवम् आर्थिक रूपान्तरण यसको मुख्य मेरूदण्ड हो । राजनीतिक परिवर्तन खास आन्दोलन वा अभियानमार्फत एकै झड्कामा पनि हुन सक्दछ तर आम मानिसको चेतना नै बदलिएर सामाजिक–सांस्कृतिक परिवर्तन आउन लामो समय लाग्दछ । हामी पुग्नुपर्ने ठाउँ निकै टाढा छ, हामी अघि बढ्ने बाटामा फूलहरु लत्रिएका छन्, बाढी आउने खहरेका पुलहरु भत्किएका

छन् त्यसकारण संयमित भएर, होसियारीपूर्वक र धैर्यताका साथ निरन्तर अघि बढ्दै जाँदा मात्र लक्ष्यमा पुग्न सकिन्छ । यही सन्देशका साथ विक्रम सुब्बाको रचना तथा माधव प्रधानको सङ्गीत र स्वरमा घन्कँदै आएको एउटा लोकप्रिय गीतका यी पङ्क्ति हेरौँः

धेरै नै टाढा छ हामी पुग्ने ठाउँ
लगातार अघि बढ्दै जाऊँ...
पहिरो जाने पखेरोमा लत्रिएका छन् फूलहरू
बाढी आउने खहरेमा भत्किएका छन् पुलहरू
कहिले जङ्गलमा, कहिले गुफाहरूमा
बास बस्दै-बस्दै जाऊँ...
धेरै नै टाढा छ हामी पुग्ने ठाउँ...

विजय सुब्बाको 'मेरै त हो महाकाली'

म्याङलुङ- १०, तेह्रथुममा ७ जेठ, २०१५ मा जन्मेर २०२६/२७ देखि राजनीति र लेखनयात्रामा पाइला अघि बढाएका विजय सुब्बा जनसांस्कृतिक आन्दोलनका साथै राजनीति र सामाजिक क्षेत्रका चर्चित व्यक्तित्व हुन् । मदन भण्डारी कला-साहित्य प्रतिष्ठानका अध्यक्ष रहेका उनले प्रगतिशील लेखक सङ्घको केन्द्रीय सल्लाहकार तथा साझा प्रकाशनको सञ्चालक र अध्यक्षका रूपमा भूमिका निर्वाह गरिसकेका छन् । २०४८, २०५६ र २०७४ मा प्रतिनिधिसभा सदस्य रहेका उनी २०६३ को अन्तरिम व्यवस्थापिका-संसद्का समेत सदस्य हुन् । त्रिभुवन विश्वविद्यालयबाट जनप्रशासनमा स्नातकोत्तर र राजनीतिशास्त्रमा विद्यावारिधि गरेका उनका 'विजय सुब्बाका गीत र गजलहरू' (२०५७), 'अराजक अक्षरहरू' (कवितासङ्ग्रह, २०५८), 'ज्ञानी' (बाल गजलसङ्ग्रह, २०६३), 'गजल समीक्षा' (२०६६), 'महादेशदेखि महादेशसम्म' (नियात्रासङ्ग्रह, २०६७), 'समाज परिवर्तनमा संस्कृतिकर्मीहरूको भूमिका' (२०७४), 'वस्तीका सङ्गम सुसेलीहरू' (गीतसङ्ग्रह, २०४१), 'व्यस्त रातहरू' (गजलसङ्ग्रह, २०७५) लगायतका कृति प्रकाशित छन् । राष्ट्रिय जनसांस्कृतिक महासङ्घ, नेपालको संस्थापक केन्द्रीय सदस्य, उपाध्यक्ष हुँदै अध्यक्षसम्मको भूमिका निर्वाह गरिसकेका उनी हिमवत्खण्ड कला-साहित्य-संस्कृति मञ्च, २०८१ का संयोजक पनि हुन् । २०५० देखि २०५७ सम्ममा तीनवटा गीतिएल्बम प्रकाशित गरिसकेका विजय चालीसदेखि पचासको दशकका चर्चित प्रगतिशील गीतकार एवम् सङ्गीतकर्मी हुन् । न्याय,

समानता, अग्रगमन र राष्ट्रप्रेमका पक्षमा दर्जनौं गीतिसिर्जना गरेका विजय सुब्बाको रचना तथा सङ्गीत अनि उदय श्रेष्ठ, जङ्ग पहाडी, भूमिका नेम्बाङ र सिर्जना सुब्बाको समूह-स्वरमा रेकर्ड भएको एउटा गीतका यी पङ्क्ति हेरौंः

मेरै त हो महाकाली, मेरै कालापानी
कसले भन्छ अर्काको, आफ्नो जानी-जानी...
पूर्खाको रगत हो मेची-महाकाली
सीमा ढल्दा उठाउने अब मेरो पाली
देश कतै ढल्नुहुन्न ढले छाती ढल्छ
देश जल्नुभन्दा निको जले छाती जल्छ...
मेरो देशको पानीबाट मलाई बग्न दिन्न
जाती तमसुक थिचाएर माटो लग्न दिन्नँ
शिर काट्नु परे काट्छु यही माटोको लागि
कहाँ हिँड्नु अरूसँग देश मागी-मागी...

श्याम तमोटको 'गाउँगाउँबाट उठ'

नेपाली प्रगतिशील, क्रान्तिकारी, जनवादी वा जनपक्षीय गीतसङ्गीतको जगत्मा एउटा प्रतिनिधिमूलक धरोहरका रूपमा स्थापित छ– 'गाउँगाउँबाट उठ, बस्तीबस्तीबाट उठ' । विक्रम सम्बत् २०३१ मा श्याम तमोटद्वारा रचित यस गीतलाई रामेश र रायनले संयुक्त रूपमा सङ्गीतबद्ध गरी गाएका हुन् । तीसको दशकयताका हरेक परिवर्तनकारी आन्दोलन, सङ्घर्ष, दिवस र अवसरहरू तथा प्रगतिशील-क्रान्तिकारी साङ्गीतिक अभियानहरूमा निरन्तर गाइँदै र बजाइँदै आएको यस गीतलाई अनेकौं गायकहरूले गाउँदै आए तापनि यस गीतको मूल गायक रामेश र रायन नै हुन् । यो गीत नेपाली भाषाका अतिरिक्त तामाङ, मैथिली, नेपालभाषालगायत नेपालका विभिन्न राष्ट्रभाषासहित हिन्दी, चिनियाँ, फ्रेन्चजस्ता दर्जनभन्दा बढी विदेशी भाषामा समेत अनुवाद भएको देखिन्छ । जसको क्षमता, प्रतिभा र सम्भाव्यता जे-जस्तो छ, त्यसैको सदुपयोग गरेर देशको मुहार फेर्नका लागि आ-आफ्नो ठाउँ र क्षेत्रबाट सबैले योगदान गर्नुपर्ने भावाभिव्यक्ति यस गीतले प्रकट गरेको छ । साक्ष्यार्थ निम्न पङ्क्ति हेरौंः

गाउँगाउँबाट उठ, बस्तीबस्तीबाट उठ
यो देशको मुहार फेर्नलाई उठ
हातमा कलम हुनेहरू कलम लिएर उठ
बाजा बजाउन जान्नेहरू बाजा लिएर उठ, गाउँगाउँबाट...
हातमा औजार हुनेहरू औजार लिएर उठ
साथमा केही नहुनेहरू आवाज लिएर उठ...

सत्या पहाडीको 'भेरी नदी सुसाउँदा'

सत्या पहाडी पनि सशक्त गीतकार हुन् । जनयुद्धको राप र तापको बीचबाट उनले अजर–अमर सिर्जना गरेकी छन् । उनले गीतहरूमा महान् सहिदहरूको बलिदानलाई स्थापित गरेकी छन् । दुस्मनका सङ्गीनहरूमा खिया लागेको र सहिदको रगतले सिँचिएका गाउँबस्तीहरू मुक्त हुँदै गएको यथार्थबोध उनको गीतमा पाइन्छ । सबैका समय सधैं उस्तै र उही रहिरहँदैन । जाडोपछि गर्मी आउँछ, गर्मीपछि जाडो आउँछ । दःखपछि सुख र सुखपछि दुःख आउँछ । परिवर्तन एक महान् प्रक्रिया हो । यसो हुनु अनिवार्य छ भन्दै गीतकार सत्या पहाडी लेख्छिन्ः

दुस्मनका सङ्गीन राइफल, खिया लागी थोत्रा भए
रगतले सिँचिएका, गाउँ-बस्ती मुक्त भए
अझै पनि एउटा आँधी, आउन त बाँकी नै छ
धक्कापूर्ण ज्वारभाटालाई पचाउन त बाँकी नै छ...
पहिरो जाने पखेरामा लत्रिएका छन् फूलहरू
बाढी आउने खहरेमा भत्किएका छन् पुलहरू
फूलहरूलाई उठाउँदै जाऊँ, पुलहरूलाई बनाउँदै जाऊँ
कहिले जङ्गलमा, कहिले गुफाहरूमा
बास बस्दै-बस्दै जाऊँ...

सिन्धु जलेसाको 'जनतामा अदम्य'

मणिकुवा, अर्घाखाँचीमा १ पुस, २०२६ मा जन्मेकी सिन्धु जलेसा बाल्यकालदेखि नै प्रगतिशील गीतसङ्गीतको क्षेत्रमा क्रियाशील रहँदै आएकी छन् । २०४२ मा रेडियो नेपालमा गीत रेकर्डिङ गराएर औपचारिक साङ्गीतिक यात्रामा उदाएकी उनले 'अर्घाखाँची जिल्लामा प्रचलित नेपाली लोकगीतमा रस'

शीर्षकमा नेपाल संस्कृत विश्वविद्यालयबाट विद्यावारिधि गरेकी छन् । विभिन्न सङ्घ–संस्थाको नेतृत्वदायी भूमिकामा काम गरेकी उनले 'रातो रूमाल', 'फूलबारी', 'डेरा पा'छैन', 'जलेसा' लगायतका गीतिएल्बममा आवाज दिएकी छन् । लैङ्गिक विभेदविरोधी श्रब्यदृश्य, 'हाम्री हजूरआमा', 'तीज आयो दिदी र बहिनी हो', 'एसियाको माझ विश्वको ताज सर्वोच्च हाम्रो हिमाल हो', 'लै लै तीज आयो' लगायतका श्रब्यदृश्य सामग्रीमा समेत उनले भूमिका निर्वाह गरेकी छन् । विभिन्न कृतिहरूको सम्पादन र पत्रपत्रिकामा लेखहरु समेत प्रकाशन गराउँदै आएकी उनले रचना गरेको एउटा गीतका यी पङ्क्ति हेरौंः

जनतामा अदम्य शक्ति छ,
छातीभित्र देशप्रेमको भक्ति छ...
मातृभूमि नेपालमा गिद्धे आँखा गाडे
पूर्खा हाम्रा वीरले लखेटेरै छाडे
मातृभूमि आमाका सपूत हौं वीर
हानेका'थ्यौं विस्तारवादलाई निसानाले तीर...

सीता आचार्यको 'कहिले हिउँचुलीको हिउँसँग'

रोल्पा नगरपालिका– ४, लिबाङ बजार, रोल्पामा ६ पुस, २०३२ मा जन्मिएकी सीता आचार्य माओवादी सम्बद्ध जनसाङ्गीतिक क्षेत्रकी एक अग्रणी जनकलाकार हुन् । १८ वैशाख, २०४७ मा रोल्पामा आयोजित तत्कालीन संयुक्त वाममोर्चाको कार्यक्रमदेखि जनगायिकाका रूपमा मञ्चमा उक्लिएकी आचार्यको जनसाङ्गीतिक यात्रा निरन्तर जारी छ । जनयुद्धको सुरूआतघि नै रेकर्ड भएका सामना परिवारका गीतिएल्बम 'जलजला' र 'अभिवादन' मा आवाज दिएकी सीताले जनयुद्धको थालनीपछि रेकर्ड भएको सामनाकै 'रातो घाम' र प्रतिरोध सांस्कृतिक परिवारद्वारा प्रकाशित 'अब छिट्टै हाम्रो आधारइलाका बन्दै छ', 'एकै रातमा धर्ती हल्लियो', खुसीराम पाखिनको एकल गीतिएल्बम 'रक्तक्रान्तिका गीत' लगायतमा समेत स्वर दिएकी छन् । २०५९ मा जनसांस्कृतिक सङ्घको केन्द्रीय सदस्य बनेकी उनले २०६३ मा समेत जनसांस्कृतिक सङ्घको केन्द्रीय सदस्यसहित सामना परिवारको सहसंयोजक तथा २०६६ मा जनसांस्कृतिक महासङ्घ नामकरण भएयता महासङ्घको केन्द्रीय उपाध्यक्षसहित निरन्तर दुई कार्यकाल जनकलाकार सङ्घको केन्द्रीय अध्यक्ष बनेर साङ्ठनिक जिम्मेवारी पूरा गरिन् । २०७१ तिर माओवादी पार्टीको ब्युरो सचिवालय सदस्य एवम् ललितपुर जिल्ला सहइन्चार्जका रूपमा काम गरेकी

आचार्यले त्यसपछि काठमाडौं जिल्ला कार्यालय सदस्य समेत रहिन् । अहिले उनी नेकपा (माओवादी केन्द्र) को केन्द्रीय सदस्य तथा रोल्पा जिल्ला समन्वय समितिकी जननिर्वाचित प्रमुखका रूपमा क्रियाशील छिन् । खुसीराम पाख्रिनको रचनामा आचार्यले गाएको 'सहिदहरू हाँसिरहेको, बोलिरहेको; गैरीगाउँको बजारैमा, सहिद गेटैमा' बोलको गीत शान्ति प्रक्रियायता निकै चर्चित रह्यो । गीतिरचना र सङ्गीतसिर्जनामा समेत क्रियाशील सीताकै शब्दरचना, कर्ण गौतम 'विद्रोही' को सङ्गीत तथा सीता आचार्य र मोहित श्रेष्ठको स्वरमा रेकर्ड भएको एउटा जनप्रिय गीतका यी पङ्क्ति हेरौँः

कहिले समुद्रको छालसँगै लहराउँदै
आए मालचरी, समुद्रको लहर उर्ले जसरी...
कोषौं टाढा उड्दा पनि त्यो ताँती नछोडी
खुनी बाजको झम्टाइमा पछाडि नहटी, आए मालचरी...
एकता–सद्भावको भावना बोकेर
बाधा–अड्चनहरू सबै विवेकले तोडेर, आए मालचरी...
सबै मिली युग फेर्ने सङ्कल्प गरेर
जीवनको लक्ष्य चुम्ने अठोट लिएर, आए मालचरी...

सुशीलसिंह ठकुरीको 'पिएर गोली सहिद हुने वीर'

गीतकार सुशील सिंहको 'पिएर गोली सहिद हुने वीर' चर्चित गीत हो । यस गीतमा महान् सहिदहरूको सहिदी मूल्यको गाथा गाइएको छ । शोषणको सत्ता ढाल्ने अठोटका साथ जनतालाई जनयुद्धको विचार दिँदै, एकजुट बनाउँदै हिँडेका ती महान् वीरहरू साँच्चिकै महान् हरेका छन् । शक्तिशाली तानाशाहलाई सत्ताबाट ओराल्ने लडाइँ चानचुने छैन । देश र जनताप्रतिको समर्पणमा मृत्युलाई रोज्नु असामान्य परिघटना हो । रगतको भेलमा पौडेर मृत्युलाई जित्नु सामान्य कुरा हुनै सक्तैन । जनयुद्धलाई डिलमा बसेर हेर्नेहरूको कुरा एउटा भयो, तर जनयुद्धीय रणमैदानमा लड्ने कुरा अर्कै हो । दुस्मनका विरूद्ध युद्धको मैदानबाटै बदला लिइन्छ, मात्र साहसको खाँचो न हो । हेरौं सुशीलका केही शब्दः

मुटु दुख्छ, नयन सुक्छ सम्झेर साथी
आक्रोश र घृणा आउँछ एकैचोटि
बदला लिन हतार छ उनको, युद्धको मैदानमा
साहस–बलिदानको खाँचो, आज महान् जनयुद्धमा...

हितमान शाक्यको 'उर्लियो गाउँगाउँमा'

हितमान शाक्यका केही गीतहरू अजम्बरी रहेका छन् । जब गाउँ-गाउँमा जनयुद्धका भेल उर्लिन्छन्, तब तोडिन्छन् दमन र दासताका नेलहरू । छापामारहरू खुकुरी भिरेर गाउँ-गाउँमा हिँडिरहेका छन् । छापामारहरू किसान र मजदुरहरूका साथी बनिरहेका छन् । छापामारहरू सबैतिर पुगेका छन् । जनयुद्धले गरिब-दुःखीका झुप्रा-झुप्रामा आशाको किरण छरिरहेको छ; भोका-नाङ्गाको हृदयमा क्रान्तिको बीऊ रोपिरहेको छ; जाली-फटाहाको किल्ला-किल्लामा आँधी बन्दै र सामान्ती सत्ताको महल भत्काउँदै नयाँ मानिसहरू मेची-कालीसम्म जनमुक्तिको गीत गाउँदै पुगिरहेका छन् भन्ने भावलाई हितमानले यसरी गीतिलयमा कोरेः

उर्लियो गाउँगाउँमा जनयुद्धको भेल
तोडिन्छ दमन-दासताको नेल
आइपुग्यो छापामार खुकुरी भिरेर...
जाली फटाहाको किल्ला-किल्लामा आँधी बनेर आउँदैछ
सामान्ती सत्ताको महल भत्काउँदै नयाँ घर बन्दैछ
मेची-महाकालीसम्म जनमुक्तिको गीत गाउँदै
युद्ध चर्काउँदै, आइपुग्यो छापामार खुकुरी भिरेर...

हिमशिखरको 'रगतका मसीहरू'

हिमशिखर गम्भीर प्रकृतिका गीतिसर्जक हुन् । जनयुद्धका गीतहरू सहिदका रगतकै मसीहरूले लेखिएका हुन् । त्यसमा रोदन र वेदना मात्र रहेका छैनन्, महान् बलिदानको जगमा उभिएर सर्वहारा क्रान्तिलाई शिरोधर गरेको कुरा पनि छ । अनेकोट, भावाङ, मुढभरा, माझफाललगायतका ठाउँमा जनताका कलाकारले बगाएको रगतको कुरा पनि छ । जनयुद्ध रगतको पोखरीमा जन्मेको फूल हो, आँसुको सागरबाट फुटेको बाँध हो; जुन कुरालाई नकार्नु भनेको हत्केलाले सूर्यलाई छेक्न खोज्नुजस्तै हो । जनयुद्धको अजेय वैचारिक हतियारले साम्यवादमा पुऱ्याइछाड्ने विश्वास हिमशिखरको गीतमा प्रखर रूपमा अभिव्यक्त भएको छ । यहाँ सहिदका अधुरा सपना पूरा गर्ने प्रण गरिएको छः

रगतको पोखरीमा जन्मेको फूल हो यो
आँसुको सागरबाट फुटेको बाँध हो यो
एक हातले सूर्य छेकिन्न, रोकेर कहिल्यै रोकिन्न
मस्त-इच्छुक-च्याङ्बा मार्दैमा सांस्कृतिक क्रान्ति रोकिन्न...

हिसन समालको 'जब यो धर्ती'

ठानागाउँ- ९, उदयपुरमा ७ असोज, २०२३ मा जन्मिएका हिसन समाल नेपाली प्रगतिशील साङ्गीतिक क्षेत्रका एक स्थापित व्यक्तित्व हुन् । विराट सांस्कृतिक परिवार, विराटनगरमार्फत २०४१ देखि सुरू भएको उनको जनसांस्कृतिक यात्रा हालसम्म निरन्तर छ । प्रगतिशील गीतसङ्गीत सिर्जनाका साथसाथै मुक्तक र कवितालेखन समेत उनका साहित्यिक-सांस्कृतिक विधा हुन् । उनका 'जनगाथा', 'रातो सलाम', 'राप', 'इन्कलाव जिन्दावाद', 'एक धक्का', 'आदिवासी जनजाति', 'पारिजात' आदि शीर्षकका गीतिएल्बम प्रकाशित छन् । समालले आहुतिसँगको सहलेखनमा 'अँध्यारोमा छटपटाएका मानिसहरू' शीर्षकको लघु गीतिनाटक समेत लेखेका छन् । विराट सांस्कृतिक परिवारको सदस्य, अनेरास्ववियूको महेन्द्र मोरङ क्याम्पस एकाईको अध्यक्ष, मोरङ जिल्ला अध्यक्ष, केन्द्रीय सदस्य तथा केन्द्रीय सचिवसम्मको जिम्मेवारी समालिसकेका उनले प्रगतिशील सांस्कृतिक सङ्घको केन्द्रीय सदस्य हुँदै सचिवालय सदस्यसम्मको भूमिका निर्वाह गरे । अखिल नेपाल जनवादी युवा लिगको संस्थापक केन्द्रीय सदस्य रहेका हिसनले इन्द्रेणी संस्कृतिक समाज (इसास) को केन्द्रीय सदस्य तथा इसास सम्पर्क मञ्चको सचिवका रूपमा समेत भूमिका निर्वाह गरे । इन्क्लाब परिवार केन्द्रीय डफ्फाको संस्थापक अध्यक्ष समेत रहेका उनी नेपाल आदिवासी जनजाति सांस्कृतिक समाजका समेत संस्थापक अध्यक्ष हुन् । हाल जनसांस्कृतिक महासंघको केन्द्रीय सचिव तथा मधेस प्रदेश इन्चार्ज रहेका समाल नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानका प्रज्ञा-परिषद सदस्य एवम् नाट्य विभाग प्रमुखको रूपमा कार्यरत छन् । सरल भाषाशैलीमा जनताको स्पन्दन छोएर गीतिसिर्जना गर्ने हिसनले रचना गरेको एउटा गीतका यी पङ्क्ति हेरौं:

जब यो धर्ती मैलिन्छ, हुरी चल्न थाल्छ
झिल्को टिपेर आगो, युग बदल्न जल्छ...
हेपिएकाको आगो, ऊर्जा युवा रगतको
रक्त-आहालमै बल्ने, कोइला भर्भराउँदो
रगतको भेल बगाई, निभ्छ नसोच आगो
एकछिनको धुवाँ-तुवाँलो, हटाई ल्याउँछ उज्यालो...
अति अत्याचारमा, चिसो मुढो सल्किन्छ
इन्क्लाबको हुरी, झिल्को बोकी फैलिन्छ
प्रसव-पीडा सहेरै, नयाँ जीवन जन्मिन्छ
नयाँ सपनासँगै, युग-काँचुली फेरिन्छ...

हेमराज आश्रमको 'हामी एक बनौं'

काठेखोला गापा- ४, तङ्ग्राम, बाग्लुङमा १ कात्तिक, २०४४ मा जन्मेका हेमराज आश्रम युवापुस्ताका प्रतिभाशाली जनकलाकार हुन् । नेकपा (मसाल) आबद्ध रहेर क्रियाशील रक्तिम सांस्कृतिक अभियानको महासचिव रहेका आश्रम कला र गलाका साथसाथै विभिन्न सङ्गठनात्मक जिम्मेवारीसहित २०५५ देखि रक्तिममा क्रियाशील रहँदै आएका छन् । औपचारिक नाम हेमराज पुन रहेका उनी बीचको केही समय हेमराज गन्धर्वको नामबाट पनि चिनिए । २०६८ मा 'ए युग तिमी' गीत रेकर्ड गराएर अघि बढेको आश्रमको जनसाङ्गीतिक यात्रा ललितकला क्याम्पसबाट सङ्गीत विषयमै स्नातकोत्तरसम्मको अध्ययन, गीतरचना, सङ्गीतसंयोजन, गायन, नृत्य, अभिनय, श्रब्य-दृश्य निर्देशन, दर्जनौं चलचित्रहरूमा पार्श्व-ध्वनिलगायत हुँदै निरन्तर जारी छ । २०१० मा प्युठानमा चलेको किसान आन्दोलनमा आधारित रहेर मोहनविक्रम सिंहद्वारा लिखित 'फागुन २४' चलचित्रको निर्देशन समेत आश्रमले नै गरेका हुन् । शास्त्रीय सङ्गीतमा समेत उत्तिकै दख्खल भएका उनी *आश्रम सङ्गीत पाठशाला* सञ्चालन गरेर प्रशिक्षणमा पनि सङ्लग्न छन् । क्रान्ति, परिवर्तन, राष्ट्रप्रेम र जनप्रेम उनको गीतसङ्गीतका मुख्य प्रवृत्ति हुन् । हेमराज आश्रमको शब्दरचना, सङ्गीतसंयोजन र निर्देशन तथा थुमराज ढुङ्गाना 'सरगम' र रीता पुनको आवाजमा रेकर्ड भएको एउटा लोकप्रिय जनगीतका यी पङ्क्ति हेरौं:

हामी एक बनौं, एक बनौं
क्रान्ति त्यसै बाँकी छ; आस्था हाम्रो अटल छ,
इतिहास हाम्रो साक्षी छ
साना-साना कुरामा नभिडौं; एक बनौं लौ, एक बनौं....
कसरी भुल्न सक्छौं हाम्रा पूर्खाको वलिदान
कसरी देख्न सक्छौं गरिब-निमुखाको अवसान
अवसरवादी भाग्लान्, केही साथी थाक्लान्
तर हामी सवै लौ एक बनौं...
हामी खरानी हौंला तर आस्था कहिल्यै मर्दैन
साम्राज्यवादसामु शीर कहिल्यै झुक्दैन
घर जलाउन खोज्लान्, मुहान सुकाउन खोज्लान्
तर हामी सवै लौ एक बनौं...

अध्याय- ६

समावलोकन र संश्लेषण

समावलोकन

प्रगतिशील नेपाली गीतसङ्गीत, यसको इतिहास, वर्तमान र भविष्यको अवलोकन तथा यस क्षेत्रमा योगदान पुऱ्याइसकेका र योगदानरत व्यक्ति–व्यक्तित्वका विषयमा सङ्क्षिप्त अध्ययन र विश्लेषण गर्दा यो क्षेत्र स्वभावतः निकै गौरवमय, समृद्ध इतिहास र विरासतयुक्त एवम् आशालाग्दो भविष्यसहितको क्षेत्रका रूपमा देखापऱ्यो । सुरुमा स्वतन्त्र पहलकदमी भए तापनि २०२७–२८ देखि सुस्पष्ट विश्वदृष्टिकोणका साथ सैद्धान्तिक–वैचारिक तथा राजनीतिक विचारसहित सङ्गठित र योजनाबद्ध ढङ्गबाट समग्र नेपाली जनसांस्कृतिक आन्दोलन एवम् प्रगतिशील गीति–साङ्गीतिक क्षेत्र निरन्तर अगाडि बढ्दै आएको देखिन्छ । अध्ययनको निष्कर्षस्वरूप निर्धक्कसाथ भन्न सकिन्छ कि यस क्षेत्रको इतिहास जति गौरवमय छ, यसको वर्तमान र भविष्य समेत उत्तिकै सुन्दर, आशाप्रद एवम् भरोसायोग्य देखिन्छ ।

प्रविधिगत, वाद्ययन्त्रगत र कलागत पक्षमा अपेक्षित उपलब्धि र प्रभावकारिता हासिल गर्न अझै निकै मेहनत र लगानी गर्नुपर्ने स्थिति देखिए तापनि प्रगतिशील गीतसङ्गीत र कला क्षेत्रले क्रमिक रूपमा फड्को मार्दै अघि बढिरहेको तथ्य स्पष्टै देखिन्छ । हाल प्रचलनमा रहेका सवै प्रकारका विद्युतीय

एवम् डिजिटल माध्यमसम्मको सहज पहुँच, गीत रेकर्डिङ, भिज्युअलाइजेसन, श्रब्यदृश्य सुटिङ र सम्पादन, अनलाइन प्रसारण आदि पक्षमा प्रगतिशील गीतसङ्गीत र यस क्षेत्रमा क्रियाशील स्रष्टा, सर्जक, कलाकार र प्राविधिकहरूको राम्रै सक्रियता र दक्षता देखिएको छ । राजधानीका ठूलठूला सहरहरूदेखि लिएर दूरदराजका गाउँवस्तीहरूसम्म क्रियाशील टोलीहरूको विवरण हेर्दा र विश्लेषण गर्दा सयौं सङ्ख्याका जनसांस्कृतिक परिवार वा टोलीहरू तथा हजारौं सङ्ख्याका जनसंस्कृतिकर्मी–जनकलाकारहरू क्रियाशील देखिनु अनि सयौं गीतिएल्बम रेकर्ड भएको पाइनुलाई जनसाङ्गीतिक क्षेत्रको निकै ठूलो उपलब्धि मान्न सकिन्छ ।

नेपाली कम्युनिस्ट आन्दोलनका माले र चौम गरी मुख्य दुई धारसम्बद्ध जनकलाकार र जनसाङ्गीतिक अवस्थाको तुलनात्मक अध्ययन गर्दा २०४६ को राजनीतिक परिवर्तन लगत्तैको माहेलमा दुवै धारको उत्तिकै सक्रियता र क्रियाशीलता देखिए तापनि माले–एमाले धारका जनकलाकार र सिर्जनाहरू अगाडि रहेजस्तो अवस्था देखा पर्दछ । पचासको दशकको सुरूआतयता भने जनपक्षीय एवम् प्रगतिशील गीतसङ्गीतको क्षेत्रमा चौम स्कुलिङबाट विकसित भएको माओवादी धार अगाडि रहँदै आएको देखिन्छ । दसवर्षे जनयुद्धको सिलसिलामा जति धेरै जनसांस्कृतिक कार्यक्रम भए, जति धेरै प्रगतिशील–क्रान्तिकारी गीतसङ्गीत सिर्जना गरिए, जति धेरै एल्बम र गीतिपुस्तिका प्रकाशित भए, जति धेरै कलाकारहरू क्रियाशील एवम् गतिवान् रहे, त्यसको तुलनामा भने शान्ति प्रक्रियायता सवै पक्षमा निकै ठूलो शिथिलता, निष्क्रियता र गिरावट आएको तथ्य समेत स्पष्टै देखिन्छ ।

असङ्गति, अपर्याप्तता र सीमा

सरकारी सञ्चार माध्यम (रेडियो–टेलिभिजन) समेतमा थोरै भए पनि प्रगतिशील र क्रान्तिकारी गीतसङ्गीतले दशकौं अघिदेखि नै स्थान पाउँदै आएको देखिन्छ । निजी क्षेत्रका रेडियो–टेलिभिजनले भने यदाकदा स्थान दिएको देखिए तापनि प्रगतिशील गीतसङ्गीतले सापेक्षित र अपेक्षित स्थान पाउन सकेको देखिँदैन । सरकारी तथा निजी क्षेत्र दुवैतिरका सञ्चार माध्यमले प्रगतिशील–क्रान्तिकारी गीतसङ्गीतलाई अपेक्षित स्थान र महत्त्व नदिनुका कारणहरूको खोजी गर्दै यथासम्भव निराकरण गरिनु अत्यावश्यक देखिन्छ ।

विशेषतः जनयुद्धकालमा सिर्जित गीतसङ्गीतहरूमध्ये धेरैजसो तत्कालीन अभियानका नाम, स्थान वा क्षेत्र र उद्देश्यमा केन्द्रित शब्द-भाव भएका देखिन्छन् । त्यस अवधिका कतिपय गीतहरू युद्ध र सशस्त्र सङ्घर्षलाई बिम्बित एवम् प्रोत्साहित गर्ने भाव र शब्दयुक्त देखिन्छन् । जनयुद्धकालका कतिपय गीतसङ्गीत तत्कालीन सन्दर्भ, त्यसबेलाका अभियान, कार्यक्रम र 'प्रचण्डपथ' जस्ता पछि समापन र स्थगन भएका शब्दावली मिसिएका पनि देखिन्छन् । यसकारण जनयुद्धकालमा सिर्जना र रेकर्ड भएका कयौं गीतहरू सर्वकालीक एवम् कालजयी छन् तर कतिपय गीतहरू भने असाध्यै सुन्दर शब्द-सङ्गीत-गायन र प्रस्तुति हुँदाहुँदै पनि शान्ति प्रक्रिया यताको सन्दर्भमा सार्वजनिक कार्यक्रम तथा सञ्चार माध्यमहरूमा प्रस्तुत/प्रसारणका निम्ति असान्दर्भिक हुन गएका छन् ।

जनयुद्ध सुरूआतअघिको कालखण्डमा वामपन्थी पार्टीहरू र नेतृत्वपङ्क्ति जनसांस्कृतिक संस्थाहरू, कलाकार टोलीहरू र जनकलाकारप्रति अलि बढी जिम्मेवार, जवाफदेही र सम्वेदनशील रहेका पाइन्छन् । जनयुद्धको अवधिभर त्यो क्रम र प्रक्रिया झन् उन्नत र व्यवस्थित भएको देखिन्छ । जनयुद्धको 'समापन' र शान्ति प्रक्रियायता भने जनसांस्कृतिक संस्था एवम् सङ्गठन, टोलीहरू तथा जनकलाकारहरू कम्युनिस्ट पार्टी र नेतृत्वबाट क्रमशः अलगाव र बेवास्तामा पर्दै गएको देखिन्छ । यसो हुँदा जनसंस्कृतिकर्मीहरू जनसांस्कृतिक यात्रामा निरन्तर टिकिरहन मुस्किल पर्ने स्थिति सिर्जना भई व्यक्तिगत तथा पारिवारिक जीविकाकै निम्ति अरू नै विषय, क्षेत्र र कामतर्फ धकेलिन बाध्य भएको अवस्था टड्कारो देखिन्छ । पछिल्लो समय जनसांस्कृतिक महासङ्घ र जनकलाकार सङ्गठन/संस्था/टोलीहरूका सम्मेलन, भेला र बैठकहरू खास योजना र उद्देश्यसहितका नभई औपचारिक 'कर्मकाण्ड' मा मात्रै सीमित हुने गरेका देखिन्छन् ।

प्रगतिशील-जनवादी गीतसङ्गीतको क्षेत्रमा लामो क्रियाशील रहँदै आएका जनकलाकारहरूमध्ये एकदमै कम मात्र व्यक्ति वा पात्रहरू मात्रै वैचारिक-साङ्गठनिक एवम् भावनात्मक रूपले टाढा पुगेका देखिए । सवैजसो जनकलाकारहरू विगतदेखिकै मान्यता, विचार र सिद्धान्तमा अहिले पनि उत्तिकै दृढ रहेका पाइए । तर, पार्टीको विभाजनसँगै सांस्कृतिक टोली र संस्थाहरूको विभाजन, जनसांस्कृतिक क्षेत्रका कतिपय नेतृत्वदायी पात्रहरूको राजनीतिक भूमिकामा बढोत्तरी र राजकीय जिम्मेवारीमा स्थानान्तरण हुँदा नेतृत्व र

व्यवस्थापनको समस्या सिर्जना भएको देखिन्छ । अझ समग्र पार्टी एवम् नेतृत्वपङ्क्तिले नै विगतको जिम्मेवारीबोध र न्यूनतम नै भए पनि व्यवस्थापनमा ध्यान दिने शैली त्यागेर अलपत्र छाडिदिएजस्तो अवस्था देखिँदा जनसांस्कृतिक टोलीहरु र जनकलाकारहरु एक किसिमले अलपत्र परेजस्तो अवस्था देखिन्छ । यसकारण प्रगतिशील–जनवादी गीतसङ्गीतको क्षेत्रमा अझै बढी योगदान गर्ने चाहना र प्रयास गर्दागर्दै पनि कतिपय जनकलाकारहरु जनसांस्कृतिक क्षेत्रबाट निष्क्रिय भई अन्यत्रै लाग्न वा 'पलायन' हुन बाध्य हुनुपरेको अवस्था देखिन्छ ।

जनसङ्गीतको क्षेत्रमा लामो समयदेखि क्रियाशील कयौं व्यक्तित्वहरूसँग कुराकानी गर्दा सबै 'वामपन्थी' घटकहरूमा जिम्मेवारी विन्यास तथा नेतृत्व चयनको सिलसिलामा अरू–अरू क्षेत्रमा झैं गीतसङ्गीतको क्षेत्रमा पनि निकै हदसम्म न्यायको अभाव रहने गरेको समेत बुझियो । आफूभन्दा कम सीप, क्षमता, क्रियाशीलता र योगदान भएकालाई 'नेता' मानेर बसिरहनु पर्ने अवस्था समेत यदाकदा देखापर्दा कतिपय जनकलाकारहरूमा सघन असन्तुष्टि रहेको पाइयो । त्यस्ता जनकलाकारहरूमध्ये धेरैजसो आन्तरिक 'अन्याय' सहेरै भए पनि कुनै दिन अवश्य 'न्याय' मिल्छ भन्ने आशावादका साथ अन्तर्सङ्घर्ष गर्दै जनसाङ्गीतिक यात्रामा निरन्तर क्रियाशील रहेका पाइए भने कतिपयले चाहिँ अपमानित महसुस गर्दै 'पलायन' को बाटो रोजेको समेत देखियो ।

अब अघि यसरी बढौं

प्रगतिशील–जनवादी गीतसङ्गीतको क्षेत्र नेपाल राष्ट्र र नेपाली जनताको उन्नति, प्रगति र मुक्तिको क्षेत्र हो । कहीं–कसैलाई र कहिल्यै हानि नगर्ने, केवल लाभ मात्रै पुऱ्याउने यस क्षेत्रको गौरवशाली इतिहासको संरक्षण गर्दै, समयानुकूल विकसित एवम् परिमार्जित रूपले फड्को मार्दै र सांस्कृतिक–जनसाङ्गीतिक आन्दोलनमा वीरतापूर्ण सहादत प्राप्त गरेका सहिदहरूको सपनालाई जीवित राख्दै आगामी दिनमा अझ व्यवस्थित, सुसङ्गठित र सुसज्जित भएर अघि बढ्नुको विकल्प छैन । यसका निम्ति निम्न पक्षहरूमा ध्यान दिनु जरूरी देखिन्छ–

- मूलतः कम्युनिस्ट घटकहरूसँग आबद्ध भएर र विशेषतः नेतृत्वदायी संस्थाका रूपमा जनसांस्कृतिक महासङ्घअन्तर्गत गोलबन्द भएर काम गर्ने जनसांस्कृतिक टोलीहरु वा जनकलाकारहरूलाई समसामयिक सन्दर्भ

र समयको मागअनुरूप क्रियाशील, सक्रिय, जीवन्त र परिणाममुखी तुल्याउन पार्टीहरु र नेताहरूले नै समुचित ध्यान पुऱ्याउनु पर्दछ ।

- जनकलाकारहरूको ठूलो त्याग, वलिदान र परिश्रमबाट स्थापित वर्तमान राज्य र राज्यका सरोकारवाला अङ्ग वा निकायहरूले पनि जनसांस्कृतिक क्षेत्रका संस्था, टोली र व्यक्तित्वहरूलाई सुसञ्चालन, व्यवस्थापन र काम गर्ने समुचित वातावरणको सिर्जनामा यथासम्भव योगदान गर्नु पर्दछ ।
- जनसांस्कृतिक क्षेत्रको अगुवाइ गरिरहेका र यस क्षेत्रमा क्रियाशील रहेका सदस्यहरु समेतले आफैं निष्कृय रहने वा पलायन हुने बाटो नरोजी पार्टी, नेतृत्व, महासङ्घ, सङ्गठन र राज्यका सरोकारवाला निकायहरूलाई दबाव दिएर गतिरोध तोड्दै अगाडि बढ्ने बाटो खोल्न फलदायी पहल गर्नु पर्दछ ।
- पार्टी र नेतृत्वको विभाजनसँगै छरपस्ट हुन पुगेका जनसाङ्गीतिक परिवार वा टोली तथा जनकलाकाररूहले आमूल परिवर्तनको उद्देश्यप्रति सहमत सवै घटकका जनकलाकारहरूलाई जनकलाकै कामका निम्ति सक्रिय तुल्याउँदै क्रमशः सङ्गठित, मोर्चाबद्ध र एकीकृत गर्ने दिशातर्फ जनसंस्कृतिकर्मीहरूबाटै स्वतन्त्र पहलकदमी लिइनु पर्दछ । नियमितरूपले साझा र संयुक्त तथा वृहत् सांस्कृतिक अभियान र कार्यक्रमहरु सञ्चालन गर्दै अघि बढ्न प्रयास गर्नु पर्दछ ।
- गीतसङ्गीत, कलासाहित्य, पत्रकारिता, विभन्नि प्रकारका बौद्धिक-प्राज्ञिक कर्महरु इत्यादि सामान्यतया सधैं सत्ताइतर हुन्छन् र हुनुपर्छ । तर, आफूले आस्था राख्ने दल सरकारमा सहभागी भएका बेला यीमध्येका कतिपयले भुइँमान्छेका कथा-व्यथा र यथार्थतालाई भुलेर समेत यदाकदा गतिविधि गरिदिँदा सिर्जनशीलता नै क्रमशः मर्ने गरेको पनि देखिन्छ ।
- विज्ञान प्रविधि तथा आर्थिक-सामाजिक र राजनीतिक घटनाक्रमहरु निरन्तर परिवर्तनशील एवम् विकासशील हुन्छन् । परिवर्तित एवम् विकसित परिवेशको सापेक्षतामा निरन्तर अद्यावधिक हुँदै गतिवान् बनिरहने सन्दर्भमा प्रगतिशील नेपाली गीतसङ्गीत क्षेत्रमा देखिएका समस्या र अपर्याप्तता समाधान गर्नेतर्फ यथोचित ध्यान दिइनु पर्दछ ।

समष्टिगत संश्लेषण

मार्क्सवादी-लेनिनवादी-माओवादी विचारधारा अर्थात् समाजवादी यथार्थवादमा आधारित क्रान्तिकारी एवम् रूपान्तरणकारी वैज्ञानिक विचारधाराविरूद्ध गम्भीर षड्यन्त्र र भयानक हमला बढ्दै गइरहेको छ । **एकातिर** जनविरोधी तथा प्रतिगामी शक्तिहरू पुँजीवादी सोच, उपभोक्तावादी संस्कृति र आत्मकेन्द्रित व्यक्तिवादबाट ग्रसित युवापुस्ताको एउटा हिस्सालाई प्रतिगमनकारी एवम् अराजकतापूर्ण क्रियाकलापमा दुरूपयोग गर्न केही हदसम्म सफल भएका छन् । प्रविधिको ज्ञानले सुसज्जित यो पुस्ताका कयौं युवाहरू जानेर वा नजानेर त्यसमा सहभागी हुन पुगेका छन् । मार्क्सवादी दर्शन र वैचारिक स्पष्टताको अभावका कारण केही त्यस्ता युवाहरू आफू त दर्शन, सिद्धान्त र जनपक्षीय एवम् रूपान्तरणकारी विचार तथा व्यवहारलाई बुझ्दैनन् र आत्मसात् गर्दैनन् नै; सिद्धान्तनिष्ठ, विचारनिष्ठ र कर्तव्यनिष्ठ अरू नागरिकहरूलाई समेत 'झोले', 'पुराना दलका मान्छे' 'अनपढ' इत्यादि सङ्ज्ञा दिएर अपमानित गर्दै छन्; अनेकौं प्रकारले तिनको हुर्मत लिन र चरित्रहत्या गर्न लागिपरेका छन् । यो तप्काले दर्शन एवम् सिद्धान्त, राष्ट्र, राष्ट्रियता, राष्ट्रिय निधिहरू र ऐतिहासिक योगदानकर्ताहरूका विरूद्ध आपत्तिजनक अफवाह फैलाउँदै चरम निराशा, कुण्ठा र आक्रोशको खेती गरिरहेको छ । यो झुन्डले अनेकौं रूप र आवरणका प्रतिक्रियावादी-प्रतिगमनकारी तत्त्व, यथास्थितिवादी शक्ति एवम् सामाजिक-राजनीतिक दृष्टिकोण र दिशा नै नभएका रङ्गीविरङ्गी चटकेहरूलाई प्रत्यक्ष-परोक्ष सहयोग पुऱ्याइरहेको छ ।

अर्कातिर 'संस्कार र संस्कृतिको रक्षा' गर्ने बहाना तथा 'परम्परा', 'मौलिकता' र 'धर्मकर्म' को आवरणमा जनविरोधी, प्रतिगामी तथा पुनरूत्थानवादी अर्को तप्काले प्रगतिशील एवम् क्रान्तिकारी सिद्धान्त र विचारधाराविरूद्ध भीषण हमला गरिरहेको छ । यो तप्काले जनपक्षीय, प्रगतिशील एवम् क्रान्तिकारी दर्शन, सिद्धान्त र विचारलाई 'विदेशी', 'आयातीत' र 'धर्म-संस्कार विरोधी' इत्यादि झुटा र आधारहीन आरोप लगाउँदै सोझासिधा जनता र समाजलाई दिग्भ्रमित तुल्याउने जमर्को गरिरहेको छ । मानव सभ्यता, संस्कार, संस्कृति र धार्मिकताजस्ता पक्षहरूको ठेक्का नै आफैंले पाएजस्तो स्वाङ पार्दै र भ्रम छर्दै धर्म-संस्कार-संस्कृतिलाई 'राजनीतिक साधन' र 'व्यापारको माल' बनाइरहेको यो तप्काले सर्वसाधारण नागरिकलाई मात्र होइन, राजनीतिक नेता-कार्यकर्ता

समेतलाई क्रान्तिकारी सिद्धान्त एवम् विचारबाट च्युत गराएर भुत्ते र निरस्त्र पार्न ठूलै कसरत गरिरहेको छ । असाध्यै विषालु एवम् ज्यादै हानिकारक घोर बुर्जवा यो तप्का ढाँटछल, भ्रमजाल र रूढीवादको खेतीबाट सामन्तवादको लास ब्युँताउने अर्थात् ुगको पाङ्ग्रालाई उल्टोतिर घुमाउँदै राजतन्त्र फर्काएर सामन्तवादको पुनरूत्थान गरी जनताका अधिकारहरु खोस्ने मूर्खतापूर्ण दिवासपना समेत देखिरहेको छ ।

फेरि अर्कातिर जतिबेला जुन सामाजिक प्रणाली र राज्य व्यवस्था विद्यमान छ, त्यतिबेला त्यही नै ठीक हो भनेर केवल सत्ता र शक्ति आफ्नो हातमा पार्न मात्रै सम्पूर्ण शक्ति लगाइरहने अर्को राजनीतिक प्रवृत्ति मुलुकमा लामो समयदेखि विद्यमान छ । समाज अग्रगमनमा चाहिँ जानै हुँदैन तर प्रतिगमन भइहाले पनि 'आकास खस्दैन' भनिठान्ने र हालसम्म हासिल जुनसुकै अग्रगामी उपलब्धिहरु गुमे तापनि खासै फरक पर्दैन; केवल आफूले चुनाव जित्नुपर्छ र सत्ता-शक्ति आफ्नो हातमा हुनुपर्छ; आफू शासक बन्नुपर्छ र रहिरहनुपर्छ भन्ने मान्यताका साथ क्रियाशील यथास्थितिवादी राजनीतिक प्रवृत्ति लामो समयदेखि विद्यमान छ । बेलाबखत सिद्धान्त र विचारको कुरा पनि गरिरहने तर कुन सिद्धान्त वा विचार हो भन्नेचाहिँ कहिल्यै ठेगान र स्पस्ट नभएको यो तत्त्वले आफूलाई 'सवैभन्दा लोकतान्त्रिक', 'मध्यमार्गी' र 'सन्तुलनकारी' शक्ति दावी गर्दै आएको छ ।

अझ अर्कातिर मार्क्सवाद-लेनिनवाद वा समाजवादको बर्को ओढेर यसैका आधारभूत प्रस्थापना, सिद्धान्त, उद्देश्य र मूल्य-मान्यता एवम् मूल मर्म विपरीत नागरिक र समाजलाई डोऱ्याउन दुष्प्रयत्न गर्ने तथा नागरिक, समाज र राजकीय शक्ति-अवसरको भयङ्कर दुरूपयोग गर्ने चरम अवसरवादी एवम् घोर संशोधनवादी प्रवत्तिले नागरिक र राष्ट्रलाई नराम्ररी ठगिरहेको छ । **झन् विडम्बनापूर्ण** कुरा त के छ भने राजनीतिक सङ्घर्ष र आमूल परिवर्तनकारी आन्दोलनहरूको निकै लामो र कठोर यात्रा पार गरेर गौरवमय इतिहास खडा गरिसकेका कयौं पात्र वा व्यक्तित्वहरूमा समेत भयङ्कर विचलन, विकृति र विसङ्गतिले नराम्ररी घरजम गरेको देखिँदै छ । आम जनता र सिङ्गै राष्ट्र तथा अन्तर्राष्ट्रिय मित्रवर्ग समेतले निकै ठूलो आशा र भरोसा गरेका पात्र र व्यक्तित्वहरूमा निरन्तर बढिरहेको सैद्धान्तिक-वैचारिक स्खलन एवम् विचलन र त्यसैको प्रतिबिम्बस्वरूप झाङ्गिँदै गएका व्यक्तिवाद, समूहवाद, गुटवाद, जातवाद,

क्षेत्रवाद, दलवाद र अन्धराष्ट्रवाद तथा भ्रष्टाचार, व्यभिचार एवम् सांस्कृतिक तथा नैतिक विकृति-विसङ्गति निकै विष्मयकारी छन्; असह्य छन् । वर्गदुस्मनले लडाइँमा ढाल्न नसकेका क्रान्तिकारीहरूलाई यी र यस्ता आफ्नै विचलन तथा दुष्प्रवृत्तिले ढाल्दै गइरहेका छन् । नैतिक एवम् सांस्कृतिक रूपले पतन र विचलन नभएकाहरूमध्येका पनि अधिकाङ्शले सत्ता र शक्तिको अवसर पाएका बेला जनअपेक्षा तथा सम्भाव्यता अनुरूपको योग्यता, क्षमता, कार्यकुशलता र इमान प्रदर्शन गर्न सकिरहेका छैनन् । यिनै स्खलन, विचलन, आत्मपतन तथा अक्षमता र यथास्थितिवादी-संशोधनवादी हर्कतहरूकै ओत र आडमा प्रतिक्रियावादी वर्गले प्रगतिशील एवम् परिवर्तनकारी तप्का र तीद्वारा विकसित गर्न प्रयास भइरहेको समाजवादी राजनीतिक यात्राका विरूद्ध भयानक व्यवधान मात्र खडा गरिरहेको छैन; वर्तमान यथास्थितिवादी व्यवस्था समेतलाई ध्वस्त पारेर प्रतिगमन लाद्नेसम्मको हर्कतमा खुट्टा उचालेको छ ।

जनसांस्कृतिक आन्दोलन; विशेषतः जनसाङ्गीतिक आन्दोलन भनेको मूलतः कलासहितको सैद्धान्तिक-वैचारिक आन्दोलन नै हो । समाजवादी यथार्थवादी विश्वदृष्टिकोण, मार्क्सवादी-लेनिनवादी-माओवादी दर्शन र सर्वहारावर्गीय कम्युनिस्ट सिद्धान्त नै जनसाङ्गीतिक आन्दोलनको मुटु हो । यही नै यसको मूल मर्म एवम् मुख्य अन्तर्वस्तु हो । वर्गसङ्घर्ष र निरन्तर क्रान्तिको सिद्धान्त नै जनवादी-समाजवादी जनसाङ्गीतिक आन्दोलनको वर्तमान कार्यनीति हो । समाजवाद हुँदै साम्यवादतर्फको निरन्तर यात्राको अभेद्य-अपराजेय साधन बन्न समर्थ हुनु नै यसको मुख्य रणनीति हो । उल्लेखित तीन प्रतिध्रुवीय प्रवृत्ति र दुई विचलनकारी अवस्थाका विरूद्ध निर्मम सङ्घर्ष गर्दै रूपान्तरण, अग्रगमन र क्रान्तिको वैचारिक-सांस्कृतिक नेतृत्व गर्न समर्थ हुनु जनसाङ्गीतिक आन्दोलनको मुख्य कार्यभार हो ।

सन्दर्भ सामग्री सूची

अधिकारी, तेजविलाश (२०७९) । *सहिद स्रष्टा परिचयकोश* । काठमाडौँः नेपाल प्रज्ञा-प्रतिष्ठान, कमलादी ।

अधिकारी, निर्मलमणि (**सन्** २०१४) । *थ्योरी एण्ड प्राक्टिस अफ कम्युनिकेसन : भरतमुनि* । भोपाल (भारत)ः माखनलाल चतुर्वेदी नेसनल युनिभर्सिटी अफ जर्नालिज्म एण्ड मास कम्युनिकेसन ।

आत्रेय, गोविन्द (२०८०) । *यायाबरीय अनुभूति* । काठमाडौँः दायित्व बाङ्मय प्रतिष्ठान, नेपाल ।

उपाध्याय, चन्द्रकुमार (२०४०) । *सङ्गीत शिक्षा* । सानोठिमी, भक्तपुरः जनक शिक्षा सामग्री केन्द्र लि. ।

गुरागाईं, लेखनाथ (२०७०) । प्रमोद हमालका गीतहरूको वैचारिक समीक्षा । *सङ्गीत यात्रामा प्रमोद हमाल* (सम्पा.), श्याम तमोट, उदय श्रेष्ठ र अनिल पौडेल (पृ. ३७-४९) । काठमाडौँः सार्थक जनसङ्गीत प्रतिष्ठान नेपाल

चैतन्य (२०६३) । जनकलाकारका क्षेत्रमा विद्यमान पाँच समस्याहरूबारे । *कलम* (वर्ष १५, अङ्क १, पूर्णाङ्क ४६-४७, चैत-भाद्र, २०६३-०६४; पृ. ८-१४) । काठमाडौँः झिल्को प्रकाशन प्रा.लि. ।

चैतन्य (२०६४) । नेपाली प्रगतिवादी कवितामा क्रान्ति र कलाको सङ्गति । *क्रान्ति र सौन्दर्य* । काठमाडौँः प्रगतिशील अध्ययन केन्द्र ।

चैतन्य (२०६४) । आँसुको भाकाभित्र साहसका झिल्काहरू । *मार्क्सवादी कलादृष्टि र समीक्षा* (दोस्रो सं.) । काठमाडौँः ऐरावती प्रकाशन प्रा.लि. ।

चैतन्य (२०६७) । सौन्दर्यका नियमहरू : एक छलफल । घनश्याम ढकाल (सम्पा.), *मार्क्सवादी साहित्य र जनयुद्धको सौन्दर्य* (पृ. ३५-५८) । काठमाडौँः अखिल नेपाल लेखक सङ्घ, केन्द्रीय समिति ।

जनसंस्कृति (२०८१) । जनसांस्कृतिक महासङ्घ नेपालको केन्द्रीय प्रकाशन, वर्ष- २४, पूर्णाङ्क- २, जेठ ।

ठाकुर, गोपाल (२०८२) । *भोजपुरी जनगीत-सङ्गीत र त्यसको सार्थकता* (अप्र. प्रतिवेदन) । काठमाडौँः नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठान ।

ढकाल, घनश्याम (२०६६) । *सौन्दर्यशास्त्रको आँखीझ्याल* । काठमाडौँः अखिल नेपाल लेखक सङ्घ, केन्द्रीय समिति ।

तमोट, श्याम (२०७०) । किन यति धेरै माया लाग्यो प्रमोदको... । *सङ्गीत यात्रामा प्रमोद हमाल* (सम्पा.), श्याम तमोट, उदय श्रेष्ठ र अनिल पौडेल (पृ. ९८-१०२) । काठमाडौँः सार्थक जनसङ्गीत प्रतिष्ठान नेपाल ।

तमोट, श्याम, श्रेष्ठ, उदय र पौडेल, अनिल (२०७०) । *सङ्गीत यात्रामा प्रमोद हमाल* (सम्पा.) । काठमाडौँः सार्थक जनसङ्गीत प्रतिष्ठान नेपाल ।

थपलिया, खेम (२०६७) । क्रान्तिकारी गीतसङ्गीत : सङ्क्षिप्त पर्यवेक्षण । घनश्याम ढकाल (सम्पा.), *मार्क्सवादी साहित्य र जनयुद्धको सौन्दर्य* (पृ. ८१८-८६५) । काठमाडौँः अखिल नेपाल लेखक सङ्घ, केन्द्रीय समिति ।

थापा, मणि (२०७९) । जनवादी गीतसङ्गीत र गायनको त्रिवेणी । चिरन पुन 'मिलन', *सपनाका यात्री* (शुभकामना पृ. ९-१०) । काठमाडौँः जनप्रचार तथा प्रकाशन प्रा.लि. ।

थापा, मणि (२०७१) । रक्तिमको नयाँ भूमिका : एक चर्चा । *रातो लालटिन* (वर्ष- १५, अङ्क- १) ।

दुःखी, हिरामणि (२०६७) । आधारइलाकाका स्रष्टा र सिर्जना : सङ्क्षिप्त रेखाङ्कन । घनश्याम ढकाल (सम्पा.), *मार्क्सवादी साहित्य र जनयुद्धको सौन्दर्य* (पृ. ९६९-९९५) । काठमाडौँः अखिल नेपाल लेखक सङ्घ, केन्द्रीय समिति ।

न्यौपाने, श्रीराम (२०६७) । *आधुनिक नेपाली कविता-काव्य* । काठमाडौँः पैरवी प्रकाशन ।

परिश्रमी, खेम (२०५७) । *जनकवि गोकुल जोशीको सङ्क्षिप्त जीवनी* (दोस्रो संस्करण) । काठमाडौँः अक्षलोक प्रकाशन ।

पाख्रिन, खुसीराम (२०६३) । मेरो भनाइ । *रक्तक्रान्तिका गीतहरू* । काठमाडौँः अखिल नेपाल जनसांस्कृतिक महासङ्घ, केन्द्रीय समिति ।

पाख्रिन, खुसीराम (२०६३) । सङ्गीतको अन्तर्वस्तु कहाँबाट प्रभावित हुन्छ ? *कलम* (वर्ष १५, अङ्क १, पूर्णाङ्क ४६-४७, चैत्र-भाद्र, २०६३-०६४), पृ. ५३-५६ । काठमाडौँः झिल्को प्रकाशन प्रा.लि. ।

पाण्डेय, ताराकान्त (२०५३) । *कलासाहित्य : भूमिका र मूल्याङ्कन* । काठमाडौँः चिन्तन प्रकाशन प्रा.लि. ।

पारिजात (२०५७) । केही कुरा । *जनकवि गोकुल जोशीको सङ्क्षिप्त जीवनी* (दोस्रो संस्करण) । काठमाडौँः अक्षलोक प्रकाशन ।

पोखरेल, मातृका (२०७६) । साँच्चैका जनकवि केवलपुरे किसान । *कम्युनिस्ट अनलाइन* (२४ जेठ) । https://www.communistonline.com/2019/06/12984/

प्रधान, माधव (२०४७) । *जनताका गीतहरू* (भाग- २) । काठमाडौँः पैरवी प्रकाशन ।

प्रधान, माधव (२०७०) । सांस्कृतिक अभियान अनि प्रमोद र म । *सङ्गीत यात्रामा प्रमोद हमाल* (सम्पा.), श्याम तमोट, उदय श्रेष्ठ र अनिल पौडेल (पृ. ८४-९०) । काठमाडौँः सार्थक जनसङ्गीत प्रतिष्ठान नेपाल ।

प्रश्रित, मोदनाथ (२०४९) । *जब चल्छ हुरी : प्रश्रितका गीतहरू* । प्रसिना प्रकाशन नेपाल ।

बराल, ऋषिराज (२०६३) । *सङ्गीत र सौन्दर्य* । काठमाडौँः प्रगतिशील साहित्य अध्ययन मञ्च ।

बानियाँ, राजकुमार (२०७५) । रामेशका राल्फा यादहरू । *नेपाल* (बुधबार, २३ माघ) । https://nepalmag.com.np/profile/2019/02/06/20190206184127

भट्टराई, गोविन्दप्रसाद (२०७७) । *भरतमुनिको नाट्यशास्त्र* (दोस्रो संस्करण, अनु./सम्पा.) । नेपाल प्रज्ञा-प्रतिष्ठान, काठमाडौँ ।

भट्टराई, युवराज (२०७५, **पुस** १३) । रसिकको सम्झनामा राल्फा र लेकाली । *फरक धार* । https://www.farakdhar.com/story/8172/

मानवी, शान्ता (२०६७) । जनवादी संस्कृति र मेरा केही अनुभूतिहरू । *संस्कृति,* अङ्क- ७ । काठमाडौंः राष्ट्रिय जनसांस्कृतिक महासङ्घ नेपाल ।

राई, खगेन्द्र (२०६९) । जनसांस्कृतिक महासङ्घ नेपालः विगतदेखि वर्तमानसम्म । *संस्कृति,* अङ्क- ९ । काठमाडौंः राष्ट्रिय जनसांस्कृतिक महासङ्घ नेपाल ।

राना, रेम (२०७८, **साउन** २८) । रक्तिमको साङ्गीतिक यात्रामा हाम्रो भूमिका र चुनौती । *नेपाली एकता* । https://nepaliekta.com/archives/11966

रामेश (२०७०) । कोइलाखानीभित्रका हीराका टुक्रा । *सङ्गीत यात्रामा प्रमोद हमाल* (सम्पा.), श्याम तमोट, उदय श्रेष्ठ र अनिल पौडेल (पृ. ९१-९७) । काठमाडौंः सार्थक जनसङ्गीत प्रतिष्ठान नेपाल ।

रामेश (२०७३, **माघ** १४) । गाई त बाँध्यो ढुङ्ग्रोमा मोही छैन' : 'बलिदान' फिल्मका जोशिला गीत यसरी जन्मिए । *अनलाइनखबर* । https://www.onlinekhabar.com/2017/01/534435/

शर्मा, नारायण (२०७८, **मङ्सिर** २२) । सानो थियो शरीर तर ठूलो थियो मन : सम्झना जनसङ्गीतकी 'पारिजात' लक्ष्मी गुरूङको । *हाँक साप्ताहिक* (३९-३) ।

शर्मा, नारायण (२०७८-**क**) । रक्तिम सांस्कृतिक अभियानका तर्फबाट २६ चैतमा जारी विज्ञप्ति ।

शर्मा, श्यामप्रसाद (२०३८) । *थुनुवाको डायरी* । काठमाडौंः लालिमा प्रकाशन ।

श्रेष्ठ, उदय (२०७०) । प्रमोद, म र गीतहरू । *सङ्गीत यात्रामा प्रमोद हमाल* (सम्पा.), श्याम तमोट, उदय श्रेष्ठ र अनिल पौडेल (पृ. ५१-६१) । काठमाडौंः सार्थक जनसङ्गीत प्रतिष्ठान नेपाल ।

श्रेष्ठ, ओम (२०७०-**ख**) । प्रमोदसँगको रिडी यात्रा । *सङ्गीत यात्रामा प्रमोद हमाल* (सम्पा.), श्याम तमोट, उदय श्रेष्ठ र अनिल पौडेल (पृ. ६२-६४) । काठमाडौंः सार्थक जनसङ्गीत प्रतिष्ठान नेपाल ।

सेतोपाटी (२०७६, **फागुन** १) । सुपरहिट भएको ४०० वर्ष पुरानो नेवार गीतले के भन्छ ? https://www.setopati.com/social/199589

सौर्य अनलाइन (२०६९, **मङ्सिर** ३०) । शब्दचित्रमा केवलपुर किसान । https://www.souryaonline.com/2012/12/48942.html

क्षेत्री, राजु (२०६४) । *मुक्तिका लागि सङ्घर्ष : सन्दर्भ गजुरी ब्यारेक ब्रेक* । काठमाडौंः ब्रदर्स न्युज एजेन्सी ।

ज्ञवाली, ईश्वरचन्द्र (२०७९) । *सौन्दर्य र संस्कृति चिन्तन* । काठमाडौंः भुँडीपुराण प्रकाशन ।

सूचक-वार्ता विवरण

अधिकारी, तेजविलाश (२०८२, **जेठ** ९) । अधिकारी लेखक, साहित्यकार एवम् कवि हुन् ।

कुमाखी, भीम (२०८२, **जेठ** १९) । कुमाखी जनसंस्कृतिकर्मी एवम् माओवादी सम्बद्ध अखिल नेपाल जनसांस्कृतिक महासङ्घका अध्यक्ष हुन् ।

खड्का, रमेश (२०८२, **जेठ** ८) । जनसंस्कृतिकर्मी खड्का नेसपा (नयाँ शक्ति) का नेता एवम् सो पार्टीसम्बद्ध सांस्कृतिक महासङ्का अध्यक्ष हुन् ।

गुरुङ, मधु (२०८२, **जेठ** १६) । गुरूङ जनसंस्कृतिकर्मी एवम् संविधानसभा सदस्य हुन् ।

गुरुङ, लक्ष्मी (२०८१, **जेठ** ८) । हाल एमालेसम्बद्ध गुरूङ जनयुद्धकालीन माओवादी नेतृ एवम् जनकलाकार हुन् ।

घर्ती मगर, पवित्रा (२०८२, **जेठ** ९) । घर्तीमगर नेकपा (एस) सम्बद्ध जनसंस्कृतिकर्मी एवम् महासङ्घकी सहइन्चार्ज हुन् ।

घर्ती, पूर्णबहादुर (२०८२ **असार**, २८) । माओवादी नेता एवम् वरिष्ठ जनकलाकार घर्ती नेपाल टेलिभिजनका पूर्वअध्यक्ष, सामना परिवारका पूर्वसंयोजक, लुम्बिनी प्रदेशसभाका पूर्वसभामुख एवम् प्रतिनिधिसभाका सदस्य हुन् ।

जनकपुरी, रोशन (२०८२, **असार** २) । जनकपुरी वरिष्ठ जनसंस्कृतिकर्मी एवम् पुराना माओवादी नेता हुन् ।

ठाकुर, गोपाल (२०८२, **असार** १) । वरिष्ठ जनसंस्कृतिकर्मी ठाकुर भाषा आयोगका अध्यक्ष हुन् ।

तिमल्सिना, बलराम (**तिमल्सिना**, २०८२, **जेठ** ३१) । तिमल्सिना जनसंस्कृतिकर्मी एवम् क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका नेता हुन् ।

थापा, बलराम (२०८१–८२) । थापा पत्रकार एवम् माओवादी नेता हुन् ।

थापा, मणि (२०८१; २०८२, **जेठ** २१) । जनयुद्धकालीन माओवादी नेता एवम् हाल स्वतन्त्र वामपन्थी नेता थापा वरिष्ठ जनसंस्कृतिकर्मी हुन् ।

दुःखी, हिरामणि (२०८१, **असार** ४) । इच्छुक प्रतिष्ठानका अध्यक्ष दुःखी जनसंस्कृतिकर्मी, साहित्यकार, पत्रकार एवम् क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका नेता हुन् ।

पुन, चिरन (२०८१–८२) । पुन नेकपाका नेता एवम् जनसंस्कृतिकर्मी हुन् ।

पोखरेल, मातृका (२०८१, **असार** ४) । जनसंस्कृतिकर्मी एवम् साहित्यकार पोखरेल भाषा आयोगका सदस्य हुन् ।

प्रधान, माधव (२०८१, **पुस** १६; २०८२, **जेठ** २३) । एमालेसम्बद्ध महासङ्का निवर्तमान अध्यक्ष प्रधान वरिष्ठ जनसंस्कृतिकर्मी एवम् प्राज्ञ हुन् ।

भन्सारी, वीरप्रसाद (२०८१, **पुस** २) । भन्सारी इन्द्रेणी सांस्कृतिक समाज, कीर्तिपुरका अध्यक्ष एवम् वरिष्ठ जनसंस्कृतिकर्मी हुन् ।

शर्मा, नारायण (२०८१, **वैशाख** १५) । शर्मा जनसंस्कृतिकर्मी एवम् जनकलाकार तथा क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका नेता हुन् ।

श्रेष्ठ, उदय (२०८१, **पुस** १८) । गीतकार, सङ्गीतकार एवम् गायक श्रेष्ठ मालेकालदेखि नै चर्चित वरिष्ठ जनसंस्कृतिकर्मी हुन् ।

श्रेष्ठ, मोहित (२०८१, **जेठ** ८) । गीतकार, सङ्गीतकार एवम् गायक श्रेष्ठ चर्चित जनकलाकार एवम् माओवादी युवानेता हुन् ।

सुब्बा, भूमिका (२०८२, **जेठ** १) । सुब्बा जनसंस्कृतिकर्मी एवम् एमाले सम्बद्ध महासङ्घकी अध्यक्ष हुन् ।

हमाल, बखतबहादुर (२०८२, **असार** २२) । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानका प्रज्ञा-परिषद सदस्य हमाल सामना परिवारका नेतृत्वदायी कलाकार हुन् ।

ज्ञवाली, ईश्वरचन्द्र (२०८१, **असार** ४) । ज्ञवाली कवि, साहित्यकार, लेखक, समालोचक एवम् माओवादी नेता हुन् ।

•

लेखक परिचय

नाम : **केदारनाथ गौतम**

जन्म : २९ कात्तिक, २०३०
सुनापति- १, गुन्सीभदौरे, रामेछाप

माताः खोमादेवी गौतम (चौलागाईं)

पिताः चेतप्रसाद गौतम

इमेलः kedarnath.gautam30@gmail.com

शिक्षा : विद्यावारिधि शोधार्थी (सञ्चार), काठमाडौं विश्वविद्यालय
स्नातकोत्तर (पत्रकारिता), त्रिभुवन विश्वविद्यालय
स्नातक (पत्रकारिता र नेपाली), त्रिभुवन विश्वविद्यालय

सम्पादन : नयाँ ज्योति (त्रैमासिक, २०५२)
जनजिब्रो (मासिक, त्रैमासिक हुँदै साप्ताहिक, २०५२-७७)
अग्रनिकास (साप्ताहिक, २०६१-६२)
ऐक्यबद्धता (मासिक, कार्यकारी, २०६२-६४)
जनपुष्प (साप्ताहिक, २०६४-६६)
लालरक्षक (मासिक, २०६५-६६)
खबरडबली (अनलाइन, २०७१-७२)
न्युजकोसेली (अनलाइन, २०७३-निरन्तर)
होलिस्टिक (मासिक/अनलाइन, २०७७-८०)
विभिन्न विधा/विषयका चार दर्जनभन्दा बढी पुस्तकहरु

कृतिहरू : जनसमरका झिल्काहरु (सङ्कलित जनगीतिसङ्ग्रह, २०५४)
जनसङ्गीत र जनकलाकार (अनुसन्धान कृति, २०८२)
नेपालमा सङ्घीयता : तर्क, वितर्क र यथार्थ (प्रकाशोन्मुख)

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठान
Nepal Academy of Music and Drama
नक्साल, काठमाडौं, पो.ब.नं.: ११७३०, फोन नं.: ९७७-१-४५२८४०४/५, फ्याक्सः ४५२८४०७
Email: namuda2067@gmail.com, Web: namuda.gov.np

ISBN 9789937-9607-6-2
9 789937 960762